# महाप्रज्ञाको आत्मकथा

(दोस्रो खण्ड)



बौद्धर्षि महाप्रज्ञा

Downloaded from http://dhamma.digital/

साहित्यसुता, कर्मस्थानाचार्य एवं बौद्धर्षि

# महाप्रज्ञाको आत्मकथा

(दोस्रो खण्ड)

लेखक

महाप्रज्ञा

अनुवादक

सन सायमी

सहयोगी

चुनु थापा

फोन : ०१-४४२६३९४

थापामार्ग, कमलपोखरी

प्रकाशक

उपासक, उपासिका

बौद्ध ऋषि महाप्रज्ञा आश्रम

घट्टेकुलो, काठमाडौं, नेपाल

फोन : ०१४७७०९२६

Dhamma Digital

Downloaded from http://dhamma.digital/

पुस्तकको नाम : बौद्धर्षि महाप्रज्ञाको आत्मकथा
Title of Book : An Auto-biography of Baudharishi Mahapragya
लेखक : बौद्धर्षि महाप्रज्ञा
लेखन समय : वि.सं. २०२१
विधा : जीवनी
अनुवादक : सन सायमी
भाषाशुद्धिकरण : रमेश खकुरेल
प्रकाशक : उपासक, उपासिका
बौद्ध ऋषि महाप्रज्ञा आश्रम
घट्टेकुलो, काठमाडौं, नेपाल
मुद्रक रु. २००/- : SHAKYA PRINTING PRESS
कुलेश्वर, काठमाडौं
सर्वाधिकार : प्रकाशक
संस्करण : प्रथम
प्रकाशन : २०६९
कोष सहयोगार्थ :

Downloaded from http://dhamma.digital/

# विषयसुची

दुई शब्द ........................................................ क
आभार ........................................................ ग
दुई शब्द ........................................................ घ
दोस्रो भागको लागि प्राप्त सहयोग ........................................................ च

कुशीनगरमा हिँसा बर्जित भएको ........................................................ १
पहिलो पल्ट नेपाल फर्कंदा ........................................................ २
फेरि कुशीनगरमा ........................................................ ६
बर्माको यात्रा ........................................................ ८
उपसम्पदा र भिक्षाटन ........................................................ ९
बर्माको रीति ........................................................ १२
व्यक्ति, चर्या र शील-समाधि -प्रज्ञा ........................................................ १३
आभिष विरोधको फल ........................................................ १५
चैथियो दर्शन ........................................................ १९
चन्द्रमणि गुरुको आदेश ........................................................ २३
अर्कन भ्रमण ........................................................ २४
कर्मस्थान भावना ........................................................ २४
राम्रो र नराम्रो कर्म केलाई भन्दछ ? ........................................................ २६
मार ........................................................ २९
पाउतोमा ........................................................ ३२
म्याउंब्वेमा ........................................................ ३४
रिसै रिसले प्रचार भएको ........................................................ ३७
संघलाई नसुहाउने बस्त्र ........................................................ ४४
चरिकाको भ्रमण ........................................................ ४५
नेपाली माग्नेको धर्म देशना ........................................................ ४७
फेरी म्योहाउं वनमा ........................................................ ५०
एक उपासकको सेवा ........................................................ ५४
चीवर मात्र लगाउने वन्दना अयोग्य ........................................................ ५५
श्रामणेर बुद्धरत्नको खबर ........................................................ ५७

Downloaded from http://dhamma.digital/

भगवान दर्शन ....................................................... ५७
फेरी चैत्वे शहरमा ................................................... ५८
निर्वाणको अर्थ ....................................................... ६०
ग्रन्थधुर र विपस्सनाधुरको भिन्नता ................................. ६१
विवाह गर्न लागेकाहरूको त्याग ........................................ ६५
एक ख्रिस्तानको मन बदलियो ........................................... ६८
क्याउतो जङ्गलमा नाङ्गाहरूसँग ...................................... ७२
एकाग्र चित्तको लाभ .................................................. ८०
गुरुको इच्छा .......................................................... ८१
चटगाउँ (बंगलादेश) भ्रमण ............................................ ८३
चटगाउँको ज्येष्ठ भन्ते ................................................ ८८
अस्वीकार गरेको निमन्त्रण ............................................ ८९
भिक्षु शासनज्योतिको आत्म समर्पण .................................. ९२
नवंग शील उपदेश ...................................................... ९४
उपासिका सुचारुको ध्यान भावना ...................................... ९५
अर्कनमा कर्मशीलको उपसमादा ..................................... १०१
लंकाका मैतथ्य भिक्षु भएको ........................................ १०२
उतिखिन्द्रिय सँग ज्ञानको छलफल .................................. १०२
ओदात कसिना ........................................................ १०८
अर्कनमा चन्द्रमणि गुरुसँग ......................................... १०९
बुद्ध शासनको स्थिरता ............................................... ११०
कसिना भावना र विदर्शन ज्ञान ..................................... १११
पुनः चटगाउँमै ........................................................ ११२
चटगाउँबाट कलकत्ता कालिम्पोङ .................................... ११४
कालिमपोंङमा उपदेशको फल ........................................ ११७
प्रज्ञा चैत्य महाविहारको स्थापना ................................... १२२
भावना ................................................................. १२४
श्रामणेर प्रज्ञासारसँग ................................................. १२६
माङपोको शिष्यलाई स्मृति साधनको उपदेश ...................... १२९
दार्जिलिङतिर .......................................................... १३१
ललित विस्तर प्रकाशन गर्ने योजना ................................. १३२
भोजपुरतिर ............................................................ १३४

Downloaded from http://dhamma.digital/

नित्यकर्म गर्ने बेलामा मन स्थिर भएन रे ! ................................ १३६
षडक्षरी मन्त्रको व्याख्या ................................ १३७
भोजपुरका गुरुज्यूसँग ................................ १३८
टक्सारको पहिलो गुरू ................................ १३९
कुरै कुरामा चोर समाते ................................ १४०
तत्व ज्ञान बर्णन ................................ १४१
अटोमेटिक व्रम्हचर्य ................................ १४३
स्थविरवादको पहिलो विहार स्थापन । ................................ १४४
विहार स्थापना गरेकोमा आरोप ................................ १४५
अड्डाका मानिसहरूसँग ................................ १४८
बिगुल बजाउने पनि चलन रहेछ ................................ १४९
नौ दिन थुनेर, तारिखमा राख्दा
रु. २४००।- जरिवाना गर्ने योजना ................................ १५०
देववहादुरको उजूर ................................ १५२
जेलमा यस्तै हुन्छ ! ................................ १५३
जेलमा "ओममणि पद्मे हुँ" ................................ १५६
कैदीहरू पनि पल्टेर आए ................................ १५७
कैदीहरूको दु:ख हरण ................................ १५८
कैदीहरूको विलाप ................................ १५९
बिर्सन नसकिने बिदा लिएर बाहिर निस्कें ................................ १६०
धनकुटा जेलमा ................................ १६३
जेलमा गण नायक ................................ १६४
नेपालको टक नेपालमा चल्दैन ................................ १६५
कालिम्पोङ फर्किन लागें ................................ १६७
प्रज्ञाचैत्य महाविहारमा पनि बुद्ध मूर्ति ................................ १६८
ललित विस्तर पूरा गर्न ................................ १६९
धर्म गर्दा आएको मार ................................ १७०
राम्रो कामको फल ................................ १७२
बस्त्र जस्तै मन हुनुपर्छ ................................ १७४
धर्मको नाममा कचिङ्गल (झगडा) ................................ १७६
धर्म स्वतन्त्र हो ................................ १७९

Downloaded from http://dhamma.digital/

# दुई शब्द

आधुनिक नेपालको प्रथम थेरवाद भिक्षुको रूपमा नेपालमा बुद्ध धर्मको पुर्नजागरणमा ठूलो योगदान पुर्‍याउने मेरो श्रद्धेय गुरु महाप्रज्ञाको जीवनी (दोश्रो भाग) प्रकाशित भएकोमा निकै खुसी लागेको छ। स्वं महाप्रज्ञाको जीवनी (दोश्रो भाग) प्रकाशित भएकोमा निकै खुसी लागेको छ। स्वं महाप्रज्ञाको जीवन पर्यन्त विभिन्न संघर्ष तथा बौद्ध ऋषिको अवस्थामा समेत निकै संघर्षमय जीवन जिउनु भएका गुरुवरको नेपालभाषामा प्रकाशित जीवनी तीन पुस्तक (चार भाग)मा पटक पटक गरी प्रकाशित भएको पनि दशकौं वितिसक्यो। समयको माग भनौ वा गुरुवरप्रतिको आकर्षण भनौ वा गुरुको ऋण तिर्न अवसरको रूप भनौ यसको नेपाली भाषामा अनुवाद गरी प्रकसन गर्न अवसर पाएकोमा निकै प्रीति महशुस भएको छ।

राणा कालीन शासनमा अरू धर्म अवलम्वन गरेको आरोपमा देश निस्काषन पछि गुरु महाप्रज्ञाको तिव्वत, बर्मा, भारत आदि ठाउँमा ध्यान, बौद्ध शिक्षा ग्रहण आदिको चित्रण पहिलो भागमा पढ्न सकिन्छ भने यो दोश्रो भागमा कुशीनगरमा हिंसा वर्जित गराएको,बर्मामा ध्यान गर्ने देखि विभिन्न ध्यानको विभिन्न तहको ज्ञान प्राप्त, धुंतगधारीको रूपका परीचित, नेपालको गरीव भिक्षुको रूपमा परिचित, क्रिश्चियनसंगको छलफल आदि विष्यहरूबाट जीवन तथा बौद्ध गतिविधिको एकसाथ अध्ययन गर्ने अवसर प्राप्त गर्न सकिन्छ। वहां गुरु भिक्षुँको रूपमा नेपालबाट निश्कासन भएको बखतमा स्व. अमृतानन्द भन्ते संगै भोजपुरमा प्रथम बौद्ध विहार शाक्यमुनि विहारको स्थापनाले पनि नेपालको आधुनिक बौद्ध धर्ममा ठूलो जगको रूपमा लिन सकिन्छ।

स्व. गुरु महाप्रज्ञाले कालान्तरमा बौद्ध भिक्षुत्व परित्याग गरी रोगको कारणले गृहस्थी जीवन बिताउनु भएको र पुनः गेहत्याग गरी ऋषिको रूपमा नेपाल प्रवेश पश्चात् वि.स. २०१८ सालमा सुंमगल विहारमा प्रवचन र पछि २०२४ साल देखि गण महाविहारमा बस्नु हुंदाको संगत, धर्म श्रवणको अवसर प्राप्त भयो। गण महाविहारमा रहदा वहाँको प्रभावले तत्कालीन समाजमा बुद्ध धर्मको निकै प्रचार प्रसार



Downloaded from http://dhamma.digital/

भएको झल्झल्ती अझै ताजा छ। गुरुको भजन, प्रवचन सुन्न उपाशक उपाशिकाहरूको तांति लाग्ने देखि, गुरुको मार्मिक भावयुक्त प्रवचन, भजन सुनेर श्रोताहरू रुने अनि गुरु पनि रुनु हुने समेत अहिले पनि सम्भिन्छु ।

गुरुको सम्प्रदायिक धर्म भन्दा ज्ञानमय धर्म प्रवचनले गर्दा विभिन्न धर्मावलम्वीहरू समेतले धर्म सम्बन्धि छलफल गर्न आउने आदि समेत अझै तरोताजा छ। धर्मले व्यक्ति समाजको परीक्षा लिने झै गुरुको आकर्षण, लोक प्रियता आदिबाट वा अन्य कुनै कारण भए पनि गण महाविहार बाट निस्कनु, उपाशक उपाशिकाहरूले वागवजारमा आश्रम बनाई गुरुलाई राख्नु र त्यहाँबाट पनि निस्कनु पर्ने अवस्था श्रृजना भई अनामनगर स्थित हालको बौद्ध ऋषी आश्रम बनाइ अन्तिम बासस्थानको रूपमा रहेको यस आश्रम मिति२०३५ चैत्र ९ गते नवमी को दिन वहाको योगदान पुर्‍याउनु भएका वहाको गुण सदस्मरण गर्नबाट बंचित हुन नपरोस भनि कामना गर्दा भने अनुरूप आफुले पनि गरुको सेवा गर्न पाएकोमा आनन्दको अनुभुति हुन्छ। आमा बुवाको सेवाबाट बंचित भइकन गुरुको सेवा गर्न पाएकोमा आनन्दको अनुभुति हुन्छ। आमा बुवाको सेवाबाट बंचित भइकन गुरूको सेवा गर्न पाउनु आफ्नो अहोभाग्य ठान्छु अन्तमा नेपाल भाषामा प्रकाशित हाल अप्राप्य भैसकेको गुरुको जीवनीलाई नेपाली भाषामा अनुवाद गरी आम नेपालीहरूले समेत पढ्न सक्ने अवस्था श्रृजना भएकोमा अनुवादक श्री सन सायमी, सहयोगी चुनु थापा, समयमै प्रकाशन गर्न सहयोग गर्ने प्रेस तथा स्व. गुरुको जीवनकालमा सधैं सहयोग गर्ने उपाशक उपाशिकाहरू लयागत यस अश्रममका उपाशक उपाशिकाहरूको समेत मंगलमय जीवनको लागि साधुवाद व्यक्त गर्दछु।

**एतेन सच्चवजेन, सोन्थि ते होतु सब्बदा !**
**एतेन सच्चवजेन, सब्ब रोगो विनस्सतु !!**
**एतेन सच्चवजेन, होतु ते जयमङ्गलम् !!!**

**प्रज्ञावती**
**बौद्ध ऋषि महाप्रज्ञा आश्रम**
*अनामनगर, काठमाडौं*



Downloaded from http://dhamma.digital/

# आभार

जब ज्ञानबाट बोधतर्फ उत्सुक्ता बढ्छ, तब विगतका बासी र उधारो ज्ञानसँग सरोकार रहँदैन, तथाकथित पण्डित, दार्शनिक, बुद्धिजीविसँग तालमेल मिल्दैन । मिल्छ त केवल विशुद्ध चेतनासँग- आफ्नो अनुभव र अनुभूतिसँग ।

प्रश्नहरू र खोज दुईवटा फरक फरक हुन् । प्रश्न त मात्रै जिज्ञासा हुन् । खोज एउटा खतरा मोल्ने कार्य हो, तीर्थयात्रा हो, एउटा अन्वेषण हो । प्रश्नलाई तार्किक तर्कले हल गर्न सकिन्छ । तर खोजलाई तर्कले सन्तुष्ट र तृप्त गर्न सक्दैन, यो त अपार तिर्खा नै हो । तिर्खाएका व्यक्तिलाई, पानी पिएपछि तिर्खा मेट्छ र पानी $H_2O$ हो भनेर सम्झाउँदैमा उसको तिर्खा कदापी मेटिँदैन । साँच्चिकै पानी पिएर मात्र आत्मसन्तुष्टि मिल्छ । यस्तै सच्चा अन्वेषक हुनुहुन्थ्यो 'महाप्रज्ञा गुरु' जसले बोधको माध्यमबाट आफ्ना तिर्खाहरू मेट्न सफल हुनुभयो । एक विशुद्ध साधकको प्यास र अभिस्साले सँगालेको यो पुस्तक नेपाली भाषामा अनुवाद भई उहाँको ३४ औं निर्वाण दिवसमा तपाईंहरू सामु प्रस्तुत गर्न पाउँदा आफूलाई आत्मसन्तुष्टिको अनुभव भइराखेको छ ।

अनुवादक श्री सन सायमी, सहयोगी श्री रमेश राजकर्णिकार र मुद्रणतर्फ शाक्य प्रिन्टिङ्ग प्रेसलाई हार्दिक धन्यवाद छ ।

**चुनु थापा**
कमलपोखरी, काठमाडौं
२०६९ चैत ।



Downloaded from http://dhamma.digital/

**बुद्धम् शरणम् गच्छामि !**
**संघम् शरणम् गच्छामि !!**
**धम्मम् शरणम् गच्छामि !!!**

भगवान् गौतम बुद्धको यो त्रिरत्न मन्त्र पाठको महिमा बारे जति गहिराइमा बुझ्न प्रयास गरियो त्यति नै त्यसको अर्थ व्यापक हुँदै जान्छ। यही कारणले सदगुरु ओशो (भगवान श्री रजनीश) ले आफ्नो आश्रमहरूमा यो दैनिक बिहान र साँझ आफ्नो लाखौं शिष्यहरूलाई दोहऱ्याउन लगाउनु भयो।

यो मन्त्रहरू मलाई कुनै नौलो थिएन, म बालककाल देखि जब बुद्ध बिहार जान्थें यी मन्त्रहरूको पाठ गर्दथे । तर जब यो पाठ सदगुरु ओशोले यस्को महिमा बुझाई आफ्नो शिष्यहरूलाई सामुहिक उच्चारण गर्न लगाउनु भयो । यी मन्त्रले मेरो हृदयमा तीरको रूपले गहिराइको अनुभव गराउथे । पुणे आश्रममा देश-विदेशका १० सौं हजार आफ्ना शिष्यहरूलाई बज्र आसनमा बसाली यो मन्त्रहरू उच्चारण पछि मात्र आफ्नो अमृतमय प्रवचन सुरुवात गर्नु हन्थ्यो । १० सौं हजारले एकै स्वरमा गुन्जन र यस काया शरीरको माथिल्लो भागले धर्ती मातालाई प्रेम पूर्वक स्पर्स गर्दा लाग्थ्यो आफू भित्रको सारा तनाव र अहंकारलाई आफ्नो शिर मार्फत उँडेली रहेछु जस्तो अनुभवमात्रले पनि चित्त शान्त तनाव मुक्त हुन्थ्यो र म भित्रको कृतज्ञताको भावले आँखाहरू रसाउँथे । साक्षात् भगवान् गौतम बुद्ध नै बिराजमान भै आफ्ना भिक्षुहरूको सामुन्ने प्रवचनमाला आरंभ भएको अनुभूतिले ध्यानको रसास्वादन हुन्थ्यो ।

यसरी तीन पटक बुदम्, संघम्, धम्मम्को पाठपछि ओशो कुन जगतबाट फर्कनु हुनु हुन्थ्यो, विस्तारै आफ्ना नयनहरू खुल्थे र अब साक्षात् सरस्वतीको बासबाट आफ्नो अमृतमय प्रवचनको माध्यमबाट हामी शिष्यहरूको अन्धकार जगतलाई प्रकाशित गर्ने प्रवचन माला आरम्भ गर्नु हुन्थ्यो। उहाँका हरेक शब्द शब्दले मन्त्रको रूपमा हामी भित्रका अन्धकारलाई अथक प्रहार भै नै रहन्थे ।

सदगुरु ओशोले यी त्रिरत्न मन्त्रको अर्थ यसरी बुझाउनु हुन्थ्यो।

**बुद्धम् शरणम् गच्छामि !**

म सम्पूर्ण बुद्धत्व प्राप्त गरेका चेतनाहरूको शरणमा जान्छु । चाहे



Downloaded from http://dhamma.digital/

त्यो चेतना गौतम बुद्ध स्वयंम् या अरू सबै बुद्धहरू जो गौतम बुद्ध भन्दा पहिला बुद्ध पुरुष हुनु भयो, त्यति मात्र हैन त्यो कृष्ण चेतना,महावीर, रमण, रामकृष्ण, जीसस, मोहम्मद, सम्पूर्ण ती चेतनाहरूको शरणमा जान्छु जसले आफ्नो अहंकार रूपी चेतनालाई ब्रम्हाण्डरूपी महासागरमा विलीन हुन पुगे । मानवताको अन्तिम लक्ष प्राप्ति प्रति मेरो शरण १

**संघम् शरणम् गच्छामि** !!

ऊर्जावान क्षेत्रहरू बौद्धहरूको बिहार गुम्बा हिन्दुहरूका मठ मन्दिर मुसलमानहरूको मस्जीद,क्रिश्चियनहरूको चर्च ती सबै पूजनीय ठाँउहरू जहाँ चेतनाको रूपान्तरणमा सहयोग पुऱ्याउँछ त्यस्ता उर्जावान क्षेत्रको शरणमा जान्छु । जहाँ वस्दा आफ्नो चेतनमनको विकास होस त्यस्ता ठाँउहरूको शरणमा जानु नै आफूलाई ऊर्जावान बनाउनु र सत्यको बाटोमा अगाडी बढ्न ऊर्जा प्राप्त भैराखोस् ।

**धम्मम् शरणम् गच्छामि** !!!

यस अस्तित्वको परम नियमलाई धम्म भनी सम्बोधन गरिएको हो । यसको शरणमा जानु भन्नु नै आफुलाई अस्तित्वमा बिसर्जन गर्नु हो, यही मोक्ष हो ।

बैद्धपुरुषको चेतना संकीर्ण हुन सक्दैन, उहाँहरूको चेतना विराट भएर फैलिन्छ, विराटतामा सबै निहित हुन्छ । आफ्नो चेतनालाई यस बिराटतामा फैलाउनु सक्नु नै धम्म हो ।

**नमोः तस्स भगवतो अर्हतो सम्मा सम्बुद्धस्सः**

**स्वामी आनन्द रमेश**
**रमेश राजकर्णिकार**
*अध्यक्ष*
**ओशो तपोवन**
*काठमाडौं*



Downloaded from http://dhamma.digital/

# दोस्रो भागको लागि प्राप्त सहयोग

| | | |
|---|---|---|
| १) | भिक्षु बिप्पसी | रु. १,०००/- |
| २) | रत्न बज्र लामा, बौद्ध, काठमाडौं-६ | रु. ५,५५५/- |
| ३) | मोहनमाया तुलाधर, टेकु | रु. २,०००/- |
| ४) | चिनीकाजी ताम्राकार | रु. १,०००/- |
| ५) | ज्ञानेन्द्र मानन्धर र शान्ता मानन्धर | रु. १,०००/- |
| ६) | त्रिकायरत्न बज्राचार्य, चाकुपाट | रु. ९००/- |
| ७) | दधिराम घिमिरे, विराटनगर | रु. ५००/- |
| ८) | सीता घिमिरे, विराटनगर | रु. ५००/- |
| ९) | कालिङ्गपोङ्गबाट | रु. ५००/- |
| १०) | पूर्ण बहादुर बज्राचार्य, पुल्चोक | रु. १००/- |
| ११) | इरोजमान शाक्य, शाक्य प्रिन्टिङ्ग प्रेस | रु. ५,५५५/- |

धन्यवाद !



Downloaded from http://dhamma.digital/

# महाप्रज्ञा (भाग -२)

## कुशीनगरमा हिंसा बर्जित भएको

कुशीनगर निर्वाण मूर्तिको पाइतला भाँचिएको जोड्दै गर्दा त्यहाँबाट दक्षिणतर्फ भगवान् बुद्धको शरीर अग्नि संस्कार गरेको श्मशान मुकुट बन्धन चैत्य भन्ने ठाउँमा "राम नवमीको मेला" हेर्न जाऔं भनी त्यहाँका मधेशीहरू बोलाउन आए। आफनो काम सकी मेला हेर्न गएँ। मधेशीहरूको भीड रहेछ। चैत्यको बीचमा इनार जस्तो खाल्डो रहेछ। त्यहा कुनै पनि मूर्ति छैन, तैपनि रामनवमीको रामा मारे राम मेला भन्दै त्यो खाल्डोमा प्राणिको बलि दिइरहे। एक ठूलो रुखको फेदमा त्यहाँको एका चौधरी पलङ्गमा बसी गुडगुडे हुक्कामा तमाखु खाइरहे। चारैतर्फ मधेसीहरूले घेरा दिइरहे। दुईजना चपरासी अह्राएको काम गर्न दगुरीरहे। म यहीं रूखको जरामा बसी उनीहरूको चरित्र हेरिरहें। चौधरीले मेरो हातमा "सीताराम, राधेश्याम" लेखिराखेको देखेर मसँग सोधे - "भिक्षुजी ! तपाईहरू पनि सीताराम मान्नुहुन्छ ?"

म एक श्रेष्ठको कुलमा जन्मेको हुनाले सानै छँदा धरानमा लेखाएको थिएँ। अब म भिक्षु भैरहेको हुँदा चौधरीले गरेको प्रश्नको उत्तर मैले यसरी दिए- "किन सीताराम मान्ने हक हिन्दूहरूलाई मात्र छ बुद्धिष्टहरूलाई छैन?"

"हक छैन भनेको होइन भिक्षुजी ! बुद्धिष्टहरूले सीतारामलाई मानेको देखेको छैन, त्यसैले सोधेको।"

चौधरी- "भिक्षुजी ! तपाइँले त कहिल्यै नसुनेको कुरा गर्नुभयो। बुद्धिष्टहरूको सीताराम कस्तो हो त ?"

"तिमीहरूले मान्ने राम अयोध्यावासी दशरथको छोरा हो, हामीले मान्ने राम घट-घट व्यपित राम हो। हनुमानसँग सोद्धा हनुमानले अयौध्यामा लगी देखाएको छैन, आफनो छाती चिरेर देखाएको छ। त्यही हृदयबासी रामलाई हामीले मानेका हौं। भन त तिमीहरूले घट-घट व्यपित राम" भन्दछौं ? आज मैले यहाँ देखें कि रामाभार राम नवमीका दिन प्राणीको जीव हत्या गर्ने रामले यहाँ वास गरिरहेको। यसरी हैन



Downloaded from http://dhamma.digital/

तिमीहरूले सीतारामलाई मानेको ?"

चौधरी- "गरेका छैनौं हामीले प्राणी हिँसा, खोइ कहाँ गरे प्राणी हिंसा ?"

म- "मैले आफनै आँखाले देखिसकें, तिमीले होइन भन्दैमा म पत्याउँछु ?"

चपरासीलाई बोलाई चौधरीले भने - "चपरासी, यदि कसैले यहाँ बलि दियो भनें रोक्नु।"

म- "चौधरी जी ! आजका लागि मात्र बन्द कि सधैंका लागि बन्द ?"

चौधरी- "होइन, सधैंका लागि बन्द हो।"

म- "यदि फेरि बलि दिने काम गर्‍यो भने - लंका, बर्मा तिव्वत र नेपालका बौद्ध जाति उठी यहाँ गंजागोल गर्नेछ। बुद्धिष्टहरूको तीर्थस्थानमा मनपरी गर्न पाउने छैनौ" त्यति भनी म उठेर आएँ। आजसम्म त्यहाँ हिँसागर्ने काम बन्द छ।

## पहिलो पल्ट नेपाल फर्कंदा

वि.सं. १९८६ को दिन शिवरात्रीको भीडमा म नेपाल गँए। रक्सौलदेखि सबैले मलाई महिला भन्दथे। चन्द्रागिरि डांडा ओर्ली पानीघाट पुग्दा ठूलो बर्षा भयो। नेपाल सरकारले त्यहाँ ठाँउ ठाउँमा बनाइराखेको सदावर्त दिने धर्मशाला सबै मधेसीहरूले भरिएको थियो। आईमाइहरूले दयागरी मलाई बोलाउँथे - "माइजी -यहाँ आउनुस !" म के गरुँ -के गरुँ हुन्थे। पुरुषको भीडमा जाऔं भने मलाई महिला ठानीरहेका छन। आईमाइको भीडमा जाऔ भने आफू महिला होइन। के गरुँ - के गरुँ भएर पानीले भिज्दै म यता उती भौतारिरहें। त्यस्तो बेला ढोकाटोलको न्हूच्छे नारायण मानन्धर संग भेट भयो। उनले मलाई देखेर नमस्कार गरे। अरूको अगाडी मसंग नेपाल भाषामा कुरा नगर मलाई धेरै जाडो भयो, कुनै एक ठाउँमा बास मिलाई देऊ भनें।

न्हूच्छे उपासकले आफनो परिचित एउटा भट्टीमा लगी मलाई राखे, त्यहाँका दुई महिला सासु - बुहारी लामा धर्ममा गएकाहरू रहेछन्। माथिल्लो तल्लामा लगी ठूलो मकलमा दाउरा बाली मेरो सामु राखिदिए। सासुचाहिले एउटा ठूलो कचौरामा दही - चिउरा, सख्खर राखी मेरो सामु ल्याए मैले यो स्वीकार गरिन। न्हूच्छे उपासकले भने -



Downloaded from http://dhamma.digital/

"बज्यै, मध्यान्ह पछि खान नहुने नियम छ उहाँहरूको । त्यसैले नलिनु भएको ।" बुढिले आश्चर्य मान्दै भनिन् - "अहो ! आज मेरो घरमा कस्तो परमेश्वर भित्रिनु भएको । अरू बाबाजीहरू हामीले नदिए पनि आफै मागेर खान्थे, उहाँ भने दिंदा पनि लिनु हुन्न । कस्तो परमेश्वरको दर्शनं पायौं आज, धन्य मेरो भाग्य । उहाँलाई -न्हूच्छेले कहाँबाट चिनेको ?"

न्हूच्छेले भने - "म कलकत्तामा जाँदा चिनेको, अहिले शिवरात्रीको बेला पशुपतिको दर्शन गर्न आउनु भएको । बाहिर पानीले भिज्दै यता -उती गरिरहेकोले मैले यहाँ ल्याएको ।"

बुढि- "धन्य, धन्य बाबु ! तिमीले म माथि करुणा राखी यहाँ ल्याएको हुनाले मैले पनि दर्शन गर्न पाएँ । उहाँ हाम्रो भाषा जान्नु हुन्न ?"

न्हूच्छेले भने - "बाबाजीहरू हाम्रो भाषा जान्नु हुन्न ।" बुढि - "अब के गँरु ? हामीले उहाँको के सेवा गरुँ ? केही खानु भएन ।"

न्हूच्छे - "आजलाई भयो बज्यै । भोलि बिहान सबेरै खानेकुरा दिनुहोला, खानु हुनेछ । म पनि जाऊँ, अबेर भयो । उहाँलाई आज एक रात यहीं बस्न दिनुस् । ल बस्नुस् है" भनी बिदा लिएर न्हूच्छे फर्के ।

भोलिपल्ट त्यहाँ भोजन गरी शहरतर्फ गएँ । शहरमा पुगें । कालिमाटीदेखि पुरानो ठाउँ हेर्दै गए । टंकेश्वर पुगें । त्यहाबाट भीमसेन स्थान पुगें । त्यहाँ पुराना साथीहरू भेटें । साथीहरूले मलाई चिन्न सकेनन् । त्यहाँबाट बढ्दै गै गणेशदास सुब्बाको दैलो अगाडि पुगें । मेरो मनमा अन्तर्द्वन्द भयो - "अब यहाँबाट म कता जाऊ ?" मधेसीहरूसंगै जाउँ भने पुशपति पुगिनेछ, त्यहाँ गएर के गर्ने ? म हिन्दू होइन । "यस्तो सोची त्यहाँबाट छ्वासपाः गल्ली तर्फ लागें । त्यो गल्लीमा एक नेवार भेटियो । त्योसंग सोधें - "बाबुजी ! यहाँबाट गंगाजी भेटिन्छ ?"

त्यो नेवारले भने - "भेटिनेछ, यहाँबाट सिधा बाटो जानुस्, गंगाजी पुगिनेछ ।"

मेरो मन-मनमा "तिमीले भन्नपर्छ, गुन्दै सरासर गएँ । बिष्णुमती नदी तरें, नदी किनारमा कसाहिनीहरू लुगा धोइरहे । लुगा नाघ्दै गएँ ।"

कसाहिनीहरू- "कस्तो बाबाजी रहेछ, अर्काको लुगा नाघ्दै गएको हेर न ।"



Downloaded from http://dhamma.digital/

परिचित कसाहिनीहरू भएको हुनाले केही नबोली गएँ। छाउनी पुग्नै लाग्दा फेरि अर्को एक नेवारसंग भेट भयो। "त्यो बाबाजी पशुपति नगई यहाँ किन आएको" भन्ला भनी सोचेर मैले सोधें - "बाबुजी ! कागेश्वर जाने बाटो यही हो ?" त्यो पथिकले "हो, हो जानुस्" भने।

मैले सोचें, अब म कता जाउँ ? अँध्यारो हुनै लागेकोले म फेरि भीमसेन स्थानमा पुगें। त्यहाँबाट क्वहिटी हुँदै न्हूघः (जैशी देवल) छिचोल्दा रामचन्द्रको मन्दिर देख्दा "हामी बसेको घर त्यही हो" भन्ने संझना भयो। त्यहाँबाट ह्युमत तर्फ लागी छाता बनाउने बलरामको घरमा सरासर उक्लें। त्यो मेरो पुरानो साथी हो। दुई भर्‍याङ्ग चढी मटानमा पुग्दा बलरामको भाई तुलसीले "ल भगवान पाल्नुभयो भनी उठेर आई मेरो खुट्टा ढोगे। बस्ने ठाउँ मिलाईदिएकोले म बसें। धर्मको चर्चा भयो। रात त्यहीँ बिताएँ। भोलिपल्ट बिहान जलपान गराउन बुँइगलमा लगे। जलपान गर्दागर्दै मैले चारैतिर आँखा घुमाई हेरें। पूजा कोठमा मेरो तस्वीर राखी पूजा गरिराखेको देखें। मेरो मनमा यिनीहरूले मलाई चिनीसकेको रहेनछ, अब म यहाँ बस्नु भएन, मलाई चिने भने हल्ला फैलिनेछ। सरकारले थाहा पायो भने फेरि फसाद हुनेछ सोच्दैजलपान सकी बिदा माग्दा "भोजन न सकी कहाँ हुन्छ" भनी रोके। भोजन सकी "छिंगेला जाँन्छु" भनी बिदा लिइ निस्कें। छाउनीको लक्ष्मीनानी बज्यैको घरमा पुगी ढोका धकधक्याएँ। पंच कुमारीले झयालबाट हेर्दा मलाई देखेर ढोका खोल्न आए। मलाई माथि जानुस् भनी आफु बाहिर गए। म एक्लो माथि गै बसिरहें। एक -दुई घण्टा पछि एकजना तरुनो केटा आए, नमस्कार गरेर केही नबोली एकातर्फ बसे। केही समय पछि पंच कुमारी पनि आए।

पंचकुमारीले केटालाई भने- "माइला दाई ! तपाईले सधैं महाप्रज्ञानको कुरा गर्नुहुन्छ, उहाँ नै हुनुहुन्छ महाप्रज्ञा, ल के कुरा सोध्नु छ, सोध्नोस्।"

महिला - "म त महाप्रज्ञा भन्ने कस्तो हो, सुनको हो कि चाँदीको हो कि, कस्तो हो भनी ठानेको त हामी जस्तै मानिस पो रहेछ" भने। केही पछि कर्मशील भिक्षु पनि आइपुगे। साँझ कर्मशील भिक्षुले मलाई अर्कै ठाउँमा लगे। यहाँ त्यहाँ भन्नै सकेन। एउटा घरको चार तल्ला माथि लगे। त्यस घरको मालिक चन्द्रमाया, इन्द्रचोकको लक्ष्मी, किलागलको पुण्यतारा, र छाउनीमा भेटेको माइला समेत चारजना हामीसंगै त्यागी



Downloaded from http://dhamma.digital/

हुने सल्लाह भयो। भोलिपल्ट बिहानैदेखि दुई-चारजना मानिस भेट्न आए। आएकाहरूले मेरो खुट्टामा पैसा चढाई ढोग गरे। मेरो जन्मदाता ढोकामा उभिएर हेरिरहे। मेरो खुट्टामा पैसा चढाई ढोग गरेको देखेर आश्चर्य मान्दै त्यही उभिएर मलाई नमस्कार गरे।

कर्मशील- "गुरु ! यो चढाएको दक्षिणाको दाम के गरूँ" भनी सोधें।

मैले भने - "तिमीले हेरेर के गर्नुपर्छ गर्नु।"

कर्मशील - "तपाईको आमालाई दिउँ ?"

मैले हुन्छ, तिमीले हेरेर गर्नु, भनें।

कर्मशीलले सबै रुपियाँ बटुली मेरो जन्मदातालाई दिए।

दिनभर त्यहाँ बसी साँझ ह्यूमतको बलरामको घरमा सुत्न जान्छु भनी गएँ। उनीहरू चारैजना मसंगै आउने भए। मैले भनें- "आज गई वलरामकहाँ बस्छु। भोलि थानकोट बसुँला, त्यहाँबाट गई पर्सि रक्सौलमा तिमीहरूलाई पर्खिबस्छु। यस्तो सल्लाह गरी बिदा लिएर त्यहाँबाट निस्कें। चन्द्रमायाले ढोकैमा मेरो दुबै खुट्टा समाती ढोगिन्। व्रम्ह्चारीहरूलाई महिलाले छुन नहुने हो, तर के गरू ? एक्कासि खुट्टा समातेर ढोगे। मेरो चित्तमा मार पनि आयो तर उपेक्षा गरी त्यहाँबाट सरासर निस्कें। त्यो रात बलरामको घरमा बसें भोलिपल्ट बिहान त्यहाँबाट निस्की थानकोट पुगी पहिले बास बसेको भट्टीमै बास बसें। त्यो घरकी बुहारीले म नेवार भनी थाहा पाएको रहेछ। केही नभएको बेला नेपाल भाषामा मलाई भनिन् - "गुरु ! मलाई एउटा आशिका लेखिदिनु होला !" म के गरुँ के गरुँ भएँ। मुखले केही न बोली नेवारीमा एउटा आशिका लेखेर त्यो दिंदै भने - "म नेवार भनी अरूलाई थाहा न दिनू, तिम्रो घरका जहानहरूका सामु मसंग नेवारीमा कुरा नगर्नू।" त्यसले मेरो राम्रो सेवा गरिन्। भोलिपल्ट सबेरै उठें। बाटोमा खान दिएको फुरन्दाना र सख्खर झोलामा राखी बिदा लिई चन्द्रागिरि डांडा उक्लें। मार्खु नदीमा अघाउन्जेल पानी खाएँ। त्यहाँबाट कुलेखानीको उकालो चढी चिसापानी गढी पुगें। गढीका कर्मचारीले पास जाँच गरे। शिवरात्रीको भीडमा भएको हुनाले राहदानी चाहिएको हौइन। मेरो पासमा महिला लेखेको रहेछ। मलाई राम्ररी नियालेर हेरी "पुरुष जस्तो छ" भनी छोडेको होइन। भित्र बस्ने हाकिमले भने- "न चाहिंदो कुरा नगर, छोड्दे। लोग्ने मान्छे भए आईमाई भनी लेख्छ ?"

बाहिरकाले भने - "होइन हजूर ! जुंघा खौरिएको प्रष्टै छ। आइमाइ



Downloaded from http://dhamma.digital/

भनी किन लेखे ?"

भित्रबाट भने - "जे होस् बाबाजीहरूको धेरै खोजनीति गर्नु पर्ने के छ ? आएको बेला रक्सौलमा आइमाइलेखे होला, शिवरात्रीमा आएकाहरू जसरी आए त्यसरी नै जानेछन् । हुलमा अलमल नगर, छोडी देऊ ।"

"ल जा" भनी मेरो पास फालिदिए । पास लिई म हिंडें । तल भीमफेदी पुगें । मोटरमा बसी भिक्षाखोरी (बर्तमान अमलेखगंज) पुगें । त्यहाँबाट रेलमा चढी रक्सौल पुगें । रक्सौल पुगी इश्वरलाल कहाँ पाँच दिन बसें । छैठौं दिन कर्मशील भिक्षु म माहिला, लक्ष्मी, चन्द्रमाया, पुण्यतारा समेत पाँचै जना आइपुगे । त्यो दिन त्यहीं बसें । भोलिपल्ट रेलमा चढी कुशीनगर तर्फ लाग्यौं । कुशीनगरमा चन्द्रमणि गुरुको दर्शन गरी उनीहरू चारैजना प्रब्रजितमा । माईलालाई "श्रामणेर शासन ज्याति" नामामकरण गरीदिए । लक्ष्मीलाई "धर्मपाली", चन्द्रमायालाई "संघपाली", पुण्यतारालाई "रत्नापाली" नामाकरण गरीदिए ।

## फेरि कुशीनगरमा

एक दिन उनीहरूलाई गाँउमा लगी भिक्षा गराएँ । मधेसीहरूको गाऊँ, उनीहरूले आफ्नो क्षमता अनुसार दान गरे । कसैले चामल दिए, कसैले गहुँ । कसैले चना दिएभने कसैले केराऊ दिए । अनेकले अनेकौ प्रकारको दान गरे । विहारमा फर्केर मैले भनें - "जसरी भिक्षा पाएको हो त्यही अनुसार पकाई खाने बानी बसाल्नु पर्दछ ।" उनीहरूले पनि त्यसरी नै गरे । न मसला छ, न त बेसार नै छ । नून खोर्सानी राखी पकाएको भाग राखिदिएको हेर्दैमा घिनलाग्दो भएर निल्न अप्ठ्यारो मानी किच् किच् गरी उनीहरू खाइरहे । म आफू भने खाने बानी भैसकेको हुनाले आफनो भाग खाइ सकाएँ । मिठो खाने बानी भएका अनागरिकहरू नमिठो खान सकेनन् । मैले भनें - यसरी नखाने हो भने शरीरको रक्षा हुने छैन । अब उप्रान्त जसरी तिमीहरूलाई मनपर्छ त्यसरी नै पकाएर खानु तर मनमा यस्तो बिचार राख्नु कि "जस्तो प्राप्त भएको हो यस्तै खानुपर्ने हो" त्यस्तो कोशीश पनि गर्नू ।

शासन ज्योति एकजना प्रब्रजित भएको बेलादेखि नै कर्मस्थान ध्यान तर्फ झुकाब भएकोले भावना अभ्यास गर्दै लगे ।

कुशीनगरमा बस्दैको बेला एकदिन चन्द्रमणि गुरुले मलाई बोलाउनु भयो । म गुरु सामु उपस्थित हुन गएँ । गुरुले बर्माबाट निस्कने अखवार



Downloaded from http://dhamma.digital/

देखाउनु भई त्यसमा भएको तस्वीर देखाई सोध्नु भयो - "यो को हो"

मैले भनें - "मेरो तस्वीर हो, भन्ते !"

गुरु - "यो तस्वीर कहाँ छ ?"

म- "भन्ते ! तस्वीर कहाँ छ, थाहा छैन। यो तस्वीर किन्तिमा भन्तेले खिच्नु भएको हो ।"

गुरु - "हुन सक्छ बर्मेलीहरूले तीर्थ घुम्न आउँदा देखे होला। उनीहरूले किन्तिमा भन्तेसंग "यो को हो" भनी सोधे होला । किन्तिमाले तिम्रो विषयमा भने होला। उनीहरूले तस्वीर मागेर लगे होला। यो अखवारले "तिमी कहाँ छ" भनी खोजी गरेको छ। उनीहरूले तिमीलाई बर्मा झिकाई उसम्पदा गर्ने इच्छा गर्दैछ। यदि तिमी बर्मा जान इच्छुक छौ भने खर्चको कुरा भनी पठाउँछु, तिमी के भन्छौ ?"

मैले भनें- "गुरु ! म बर्मा गएर के गर्ने ? भाषा जानेको होइन। उनीहरू मेरो भाषा जान्दैन, म उनीहरूको भाषा जान्दिन। भाषा नमिलेको देशमा सुख हुँदैन भन्ते, मलाई जाने इच्छा छैन ।"

गुरु - "तिमी बर्मा जानु अत्यन्तै राम्रो हुनेछ। बर्मा देश बुद्ध धर्मको विकास भएको देश हो। त्यहाँको चाल चलन हेर्नु पर्दछ, त्यसैले तिमी बर्मा जाँदा राम्रो हुनेछ।

मैले भनें - "भन्ते ! मलाई चाहिने ज्ञान तपाईले दिनु भएकै छ, फेरि भाषा नजानेको देशमा जानुपर्ने किन ?"

गुरु - "महाप्रज्ञा, लामो कुरा गर्नु छैन। जाने भए जाने भन, नजाने भए नजाने भनी सीधा भन ।"

मैले भने - "भन्ते ! मलाई जाने इच्छा छैन ।"

गुरु - "त्यसो हो भने, मलाई गुरु नभन्नू। गुरु मान्ने हो भने गुरुले भनेको कुरा मान्नु पर्दछ। कुरा नमान्ने हो भने गुरु भन्नुको अर्थ मिल्दैन ।"

मेरो मनमा "गुरु रिसाउनु भयो", उहाँले भनेको कुरा नमानी भएन" यस्तो सोची मैले भनें - "भन्ते ! तपाईंले मलाई नराम्रो बाटोमा पठाउन लाग्नु भएको होइन होला, मेरो गल्ती भयो क्षमा गर्नु होला। गुरुको आज्ञा पालना गर्नेछु ।"

गुरु- "म चिठ्ठी पठाउँ त त्यसो भए ?"

मैले भनें - "गुरुको बिचारमा जे गर्नु उचित छ त्यसै गर्नु होला ।"

शासन ज्योतिले भने - "गुरु ! म पनि संगै आउँछु गुरुको शरणमा



Downloaded from http://dhamma.digital/

भनी घर छाडी प्रव्रजित भएँ । गुरुबाट टाढा म बस्न सक्दिन ।"

तब चन्द्रमणि गुरुले भन्नुभयो- "जाने भए तिमीहरू दुबैलाई संगै पठाई दिन्छु, चिन्ता लिनु पर्दैन । त्यसपछि चन्द्रमणि गुरुले बर्मामा खबर पठाउनु भयो- "नेपाली श्रामणेर महाप्रज्ञा यहाँ कुशीनगरमा मकहाँ छ । यदि त्यहा पठाउने हो भने, खर्च पठाउनू ।" बर्माको सिनेमा कम्पनी "उतासि" का उपासकले इच्छा गरी अखवार मार्फत खोजी गरेको रहेछ । जब पत्ता लागे "उतासि" का दाजुपर्ने "उ एमाउँ" नामको उपासकले "उतासि" संग मागी आफूले खर्च पठाए । म एकजनाको लागि तीस रुपियाँ पठाइयो । शासन ज्योतिका लागि चाहिने खर्चका लागि चन्दा प्राप्त भयो । त्यो बेला जहाजको भाडा चौध रुपियाँ मात्र हो । कुशीनगरबाट हामी दुबै कलकत्ता गयौं । त्यहाँको हास्पिटल रोडमा बर्माका उपासकहरू छन्, उनीहरूले पानी जहाजको टिकट लिइदिए । बर्मामा तार मार्फत खबर पठाइदिए "नेपाली श्रामणेर महाप्रज्ञा र श्रामणेर शासन ज्योति आजको जहाजबाट आएका छन् ।" हामी जहाजमा चढेको तीन रात चार दिनको बिहान दश बजे रंगुनमा पुग्यौं ।

## बर्माको यात्रा

कहिल्यै जहाजमा बसेको अनुभव थिएन । महा समुद्रमा पुग्दा कहीं कतै केही देखेको होइन । न कतै पहाड देखेको छ, न त कतै एउटा रूख नै देखिन्छ । आँखाले देख्न भ्याएसम्मको, ठाउँमा पानी नै पानी मात्र । सूर्य उदय भएको पानीबाटै, अस्ताएको पनि पानीमै जस्तो लाग्छ । त्यो महासमुद्र हाम्रो आँखाले हेर्दा बाटुलो जस्तो देखिन्छ, तर त्यो बाटुलो होइन । हाम्रो आँखाको हेर्ने क्षमताले गर्दा जता हेरे पनि त्यत्तिकै टाढा जस्तो लागेको हो । फेरि आफु बसेको जहाजलाई पानीले हल्लाउँदा त्यो बाटुलो समुद्र कहिले अगाडि उठेको जस्तो लागी पछाडि ओरालो लागे जस्तो हुन्थ्यो । कहिले दायाँ उठेझैं भै बायाँ ओरालो लाग्थ्यो। त्यस्तो बेला नाङलोमा चामल निफने झैं हल्लाउँदा रिंगटा लाग्थ्यो । समुद्रको मध्य भाग कालापानीमा पुग्दा जहाजको यात्री सबैले बमन गरे । बमन गर्दा पेट रित्तिइ सके पनि वाक वाक लागि नै रह्यो । तीन रात चार दिन हुंदा बल्ल-बल्ल रंगुन पुगें ।

त्यहाकाँ दायकाहरू हामीलाई लिन मोटरमा पर्खी बसेका थिए । जहाज रोकिएपछि हामी ओर्ल्यौं । जहाज स्टेशन बाहिर हामी पुग्दा



Downloaded from http://dhamma.digital/

हामीलाई लिन आएका उपासकहरूले हामीसँग भएको पोको लिई "आउनुस्" भनी संग लगे। उनीहरूलाई चिनेको होइन। मेरो लागि उनीहरू देवता हो कि, भूत हो कि, प्रेत हो कि जस्तो भए। उनीहरूले हामीलाई जता लगे त्यतै गयौं। मोटरमा बस्न भन्दा हामी दुबै मोटरमा बस्यौं। उनीहरू पनि बसे, मोटर चलाइयो। कता लगे लगे। लिन आएकाहरू कोहो, को हो ? चिनेको होइन। हामीलाई स्वर्गलोकमा लगेको हो कि नर्क लोकमा लगेको हो केही थाहा भएन। जता लगे त्यतै गैरहें। परदेशमा आइसक्यौं जे होला होला "ठान्दै आत्मसमर्पण गरी हिंड्यौं। मोटरबाट भण्डै एक-डेढ घण्टा गैसकेपछि, एउटा हेर्दैमा राम्रो ढोका सिंगारिएको ठाउँमा मोटर रोके। हामीलाई मोटरबाट ओराली राम्ररी सजाइएको दलानमा बसाले। थुप्रै दर्शकहरू भेला भए। हामी पसिनाले निथ्रुक्क भयौं। उनीहरूको मनमा "भगवान् बुद्ध जन्मेको देशका भिक्षुहरू भगवान्को संप्पबाट आई हामीलाई दर्शन दिन आउनु भएको" सोच्दै श्रद्धा चित्तले दर्शन गर्न आएका रहेछन्।

दुईसय फुट स्क्वायरको दुई तल्ले ढोका। चारै तर्फ ढोका, भित्रको चारैतिर दलान। माथिल्लो भागमा पनि चारैतिर कोठा। बाहिर बरन्दा। तलदेखि माथिसम्म भित्र-बाहिर रंगीचंगी तालचितको फुल सजाई श्रृंगार गरी बनाइएको रहेछ। हामी नौलो, भाषा नजान्ने भएर छक्क परिरहचौं। उनीहरूले हामीलाई देवता झैं ठानिरहे।

त्यो ठाउंको नाँउ र दाताको नाउँ यस्तो रहेछ

दाता- "ऊ एमाउँ" पो -तान्ने

टोल - "दंगु सिरी लां." देश -रंगुन

एक-दुई घण्टा हामीलाई त्यहाँ राखी पछि बिहार लगे। विहारमा हामीलाई बस्ने बन्दोबस्त मिलाई राखेको थिए।

## उपसम्पदा र भिक्षाटन

बैशाख पूर्णिमाका दिन हामीलाई उपसम्पदा र उनीहरूका दाजुभाइका छोराहरूलाई प्रव्रजित गर्ने भएको हुनाले धूमधामका साथ उत्सव मनाउन बन्दोबस्त गरे।

बैशाख पूर्णिमाका दिन हामी दुबै उपसम्पन्न भयौं। हाम्रो उपाध्याय त्यही विहारका नायक महास्थविर "ऊ केशरा" हुनु भयो। त्यसपछि त्यहाँ ठूलो ढोका सामु हामीलाई बसाली उत्सव गरे। भोलिपल्ट हामी र



Downloaded from http://dhamma.digital/

प्रव्रजित भएका श्रामणेरहरू सिंगारिएको मोटरमा राखी बाजा-गाजाका साथ शहर परिक्रमा गराउने कार्यक्रम रहेछ। शहर परिक्रमा गर्ने दिन दुईजना भिक्षु आई हामीलाई बोलाए, हामी उठेर गयौं। हामीलाई बसाली उनीहरू पनि बसे। हामीलाई अर्कै ठाउँमा भएको उत्सव देखाउन लगे।

उता शहर परिक्रमा गराउन हामीलाई लिन आउँदा त्यहाँ हामी थिएनौं। कता गए भनी भिक्षुहरूसंग सोधे। भिक्षुहरूले हामीलाई थाहा छैन भने।

उत्सव मनाउन दायकले गरेको त्यत्रो परिश्रम खेर गयो। बेलुका हामीलाई त्यही विहारमा पुर्‍याउन ल्याए। दायक एमाउं रिसले मुर्मुरिए। भोलिपल्ट अन्य दायकहरू आई हामीलाई मण्डपमा बसाली गर्नुपर्ने कार्य गरे, दायक ए माउँले अनुहार समेतै हेरेको होइन। उहाँका भाइहरूले अलि-अलि हिन्दी भाषा बुझ्ने दोभाषे मार्फत सोधे - "हिजो कता जानु भएको ?"

मैले भनें - "दुईजना भन्तेहरू आउनु भै हामीलाई मोटरमा राखी देवताको जात्रा देखाउन लगे।"

उनीहरू - "कुन भन्तेहरूले लगेको ?।"

हामी - "थाहा छैन, को को हुन्।"

उनीहरू विहारमा गई सोधे।

"कुरो फया ! हिजो यी नेपाली भिक्षुहरूलाई कसले बाहिर लगेको ?"

भिक्षुहरू- "यो विहारका भिक्षुहरूले होइन होला, कुन भिक्षुले लगे हामीलाई थाहा छैन" भने।

एकजना भिक्षुले -यहाँका त्यत्रा-त्यत्रा ठूला भिक्षुहरूका लागि तिमीहरूले कहिल्यै त्यस्तो योजना गरेनौ। एकजना बिदेशीलाई त्यो योजना गर्‍यौ, त्यसैले सहन नसकी तिमीहरूको योजना बिगारी दिएको हो, थाहा छ ?" भने।

उपासकहरू फर्की एमाउंलाई त्यो कुरा सुनाए। त्यसपछि हामीलाई भेट्नु पर्दा मानिस पठाई बोलाएर लग्थे, उनीहरू विहारमा आउन छाडे।

शासन ज्योति कुरा गर्न नरुचाउने भएर बर्मा भाषा सिक्न गाह्रो भयो। म एकजना भने भन्तेहरूको खेलौना जस्तो भएकोले साधारण कुराकानी गर्न सक्ने भएँ। भगवान् बुद्ध जन्मेको देशको भिक्षु भनी गाउँ-गाउँबाट निमन्त्रणा आउन थाले। गाउँ-गाउँमा काम चलाउ धर्म उपदेश गर्नुपर्ने भयो। नजानेको शव्दहरू उनीहरूसंगै सोधेर भन्न सक्ने भएँ।



Downloaded from http://dhamma.digital/

एकदिन हामी दुईका बीच सल्लाह भयो । "शासन ज्योति अब के गर्ने ? हामीले मासु नखाएको हुनाले यहाँको भन्तेहरूको मनले हामीलाई प्रशंसा गर्ने गरेको छैन, रिसाएको व्यबहार गर्दछ । मासु नमिसाइएको नुनिलो परिकार केही नभएकोले विहारका अम्पिहारहरूसंग अलिकति नून माग्दा पनि दिंदैनन् । भएको परिकार नखाई बडो ठूलो बन्नु पर्ने भनी रिसाई ठुला-ठुला आँखाले हेर्छ अब के गर्ने ? मासु नखाने भनी उपासकहरू प्रशंसा गर्छन्, भिक्षुहरूको भने चित्त बुझेको देखिंदैन । बरु अब हामीले भिक्षाचरण गर्नु उत्तम होला । जस्तो प्राप्त हुन्छ, त्यस्तै खाऔं । मासु भने नखाउँ । म लामा धर्ममा छंदा मासु खान्थें, मासु खाँदा चित्त शुद्ध गर्न गाह्रो छ । मासु खाँदा तृष्णा बढ्दछ । प्राणीहरू प्रति करुणा राख्न गाह्रो छ । क्रोध र उत्तेजना बढ्ने यी चार दोष स्वयं आफैले अनुभव गरिसकेको हुनाले धार्मिकहरूले मासु सेवन गर्नु उत्तम होइन । जाऔं ! आमिष बाहेक अन्य जे जस्तो प्राप्त हुन्छ त्यसमा सन्तोष हुने नियम पालना गरौं ।"

भोलिपल्टको विहानैदेखि भिक्षाचारको नियम प्रारम्भ गर्‍यौं । भिक्षा जांदा एकजना उपासकले हाम्रो पिण्डपात्र लिई "माथि आउनुहोस्" भने । हामी उसको पछि-पछि लाग्यौं । हामी दुबैका लागि आसन ओछ्याइ दिए । हामी बस्यौं । उपासकले उत्तम खालको जलपान गराए । जलपान सकाई आशीर्वाद दिएर फर्क्यौं । भिक्षाचरण पछि क्याउं म्याउं क्याउं नाउंको विहारमा गई मासु मिसिएको सबै अलग्ग राखी मासु खानेहरूलाई दिएँ । मासु नमिसिएका अन्य खानेकुरा जीवनार्थ सेवन गरें ।

साँझको बेला हुंदा भोक लाग्न थाल्यो । मनमा कुरा खेले - "मोलि भिक्षा जान्छु, फलानो उपासकले जलपान गराउनेछ ।"भोलिपल्ट भिक्षा जाँदा जलपान गराउने उपासकको घर नदेखेसम्म घरै पिच्छे आशीर्वाद दिंदै गयौं । जब उपासकको घर देखापर्‍यो जलपानको आशले ठूल-ठूलो पाइला चालें । त्यहाँ चाँडै पुग्ने इच्छा भयो, घर -घर आशीर्वाद दिने बिर्सें । त्यो घरको अगाडि उभिन पुग्दा उपासकले पिण्डपात्र लिई "माथि आउनुहोस्" भने । हामी उसको पछि लाग्यौं । माथि पुग्दा ओछ्याइ दिएको आसनमा बस्यौं । दिएको जलपान गरी आशीर्वाद दिएर पिण्डपात्र लिई फर्क्यौं । यसै गरी दश दिन बिते । एकदिन शासन ज्योतिसंग सल्लाह गरे - "आयुष्मान् हामीलाई केही नहुने भयो के गरुँ ।

शासनज्योति ले भनें - के भयो भन्ते



Downloaded from http://dhamma.digital/

मैले भनें हामी भिक्षा जाँदा जलपान गरेको ले हाम्रो चित्त बिग्र्यो। बेलुकै देखि कल्पना भै रहने फेरि भिक्षा जाँदा पनी त्यो घर देखापरे देखिनै पाइला लामो हुने तिमीलाई कस्तो हुन्छ।! मेरो चित्त त बिग्र्यो।"

शासन ज्योति- "हो भन्ते! मलाई पनि त्यस्तै हुन्छ।"

मैले भनें - "त्यस्तो भएको हुन्छ कि हुँदैन ?"

शासन ज्योति- "हुन्छ-हुँदैन भन्ने कुरा भन्तेले मलाई भन्नुपर्दछ। मलाई के थाहा।"

मैले भनें- "यदि हामी भिक्षाचरण जाँदा केही भावना गरी जानुपर्नेमा अरू कुनै तृष्णाले बहकाइयो भने त्यो भावनाले एकचित्त हुन सक्ला ?"

शासनज्योति - "सकिंदैन भन्ते।"

मैले भनें - "हाम्रो चित्त तृष्णाको अधीनमा पर्‍यो भने न त हामी पार तर्ने बाटोमा हुनेछौं न त दान दिने दाताहरूलाई नै महापुण्य प्राप्त हुनेछ। तसर्थ तृष्णा बलियो हुने बाटो त्याग गरी आर्य मार्गमा जाऔं! भोलिपल्ट देखि गृहस्थीहरूको घर भित्र न जाने नियम बसालौं! शासन ज्योतिले "हवस्, भन्ते" भने।

भोलिपल्ट देखि गृहस्थीहरूको घर भित्र नगई ढोकाको अगाडि उभिइ रहें।

## बर्माको रीति

बर्मामा यस्तो चलन रहेछ - "भिक्षाको निमित्त आउने भिक्षुहरू घरको भित्र वा माथि सरासर जान्थे। टेवुल माथि पिण्डपात्र राखी मेचमा बस्थे। उपासकहरू, आइ बन्दना गरेर पानको बट्टा दिई फेरि बन्दना गर्थे। पिण्डपात्र लिएर गई भोजन, सूप, तिहुन-तरकारी राखी भिक्षुको हातमा चढाई बन्दना गरेपछि त्यहाँबाट उठेर गई अर्को घरमा जान्थे। पाँच छ घरको परिक्रमा पछि आफूलाई पुग्दो भएपछि विहार फर्कन्थे। हामीले पनि सोही अनुरूप गरेका थियौं। तर हामीलाई त्यो मनपर्दो भएन। उपासिकाहरूको जिउमा न त पटुका छ, न त खास्टोले शरीर ढाकेका हुन्थे। आफनो शरीरको स्त्री अंग देखाई अगाडि आई कुरा गरिरहन्थे। त्यहाँ भिक्षुहरूलाई ठूलै सम्मान गर्दथे। तर करकापका दस्तूर अथवा नियम मानेको जस्तो मात्र लाग्दथ्यो। गुण सम्झेर मान्नेहरू कमै मात्र देखिन्थे। किनभने त्यहाँका महिलाहरूले भिक्षुहरूलाई बन्दना वा दान गर्नु परम्परागत बानि नै भैसकेका थिए। त्यो बाहेक भिक्षुहरूसँग



Downloaded from http://dhamma.digital/

वार्तालाप गर्नु गृहस्थ युवकहरूसंग मनोरंजनका कुरा गरेझै मात्र थिए। त्यो चालापनि हामीलाई निको लागेन। गृहस्थहरूको घर भित्र प्रवेश नगर्नुको कारण जलपानले गर्दा हो।

## व्यक्ति, चर्या र शील-समाधि -प्रज्ञा

भोलिपल्ट भिक्षा गएको समय त्यस घरको दैलोमा भिक्षाको लागि हामी उभिइरहयौं। सदा झैं दायक आई भिक्षापात्र लिएर "माथि पाल्नु होला" भने, हामी त्यहीं उभिइरहयौं, माथि गएनौं। "माथि पाल्नुहोला" भनी उनीहरूले अनुरोध गरिरहे। भिक्षा जांदा बोल्न न हुने नियमले गर्दा केही नबोली चुप लागी उभिइरहंयौं। पछि पिण्डपात्रमा भोजन राखी दिन ल्याए। पिण्डपात्र लिएर हामी फर्क्यौं। दिउँसो त्यही दायकले हामीलाई बोलाउन मानिस पठाए, हामी दुबै गयौं। हामीले जलपान नगरेकोमा दायकहरूले दुःख व्यक्त गरे। उनीहरूले भने - "उपजें! आज किन जलपान गर्न माथि न आउनु भएको ? कसैले केही भने कि, हामीसंग रिस उठ्यो कि, जलपान मन माफिकको भएन कि, के भयो ?"भनी सोधे।


मैले - "होइन दायकज्यू ! कसैले केही भनेको छैन् मन माफिकको जलपान नभएर पनि होइन, हामीले आफनो मनलाई सम्हाल्न नसक्ने भयौं। दायकहरूले आफनो कर्तव्य पुरा गरेकै छ, हामीले आफनो कर्तव्य पुरा गर्न सकेनौं, हाम्रो चित्तमा तृष्णा बलवान् बन्दै आयो। गुलियो खाएपछि पेटको किरा चल्मलाएझैं तृष्णा चल्मलाउन थाल्यो, त्यसैले हामीले जलपान गर्न नै छाडिदियौं। त्यति मात्र होइन, भिक्षाटनमा जांदा गृहस्थीहरूको घरभित्र नजाने नियम बनायौं। त्यसका लागि दायकहरूले हामीलाई क्षमा गर्नु होला।

दायक- "उपजें ! तपाईहरूले त्यस्तो विचार गर्नुभयो भने के हामीले पुण्य गर्नु परेन ?"

मैले भनें- "दागाजी ! त्यसो होइन, अलि विचार गर्ने पनि गर्नुहोला,"दायकहरूले भिक्षु शासनलाई सहायता गर्न पनि जान्नुपर्दछ।" भिक्षुहरू जस्तोसुकै होउन्, हामीलाई पुण्य प्राप्त भए पुग्छ भनी सोचेमा भगवान्को शासन चाँडै नै बिग्रनेछ। किनभने, दान गर्ने दातालाई अवश्य नै पुण्य प्राप्त हुनेछ। त्यो पुण्य निर्वाण दायक हुनेछैन। केबल स्वर्ग सुखका लागि मात्र हुनेछ।

दायका- "उपजें ! हामीले कसरी दान गर्नुपर्‍यो ? कस्तो खालको पुण्यले निर्वाण पुर्‍याउनेछ ?"

मैले भने - "दागाजी ! भगबानले चार प्रकारको परिषद् बताउनु भएको साह्रै उपयुक्त छ। कलको पुर्जा बनाउने झैं एउटा दृष्टान्त -



तीनवटा धनको एउटा चक्का बनाइ त्यसलाई धुरामा जडान गर्नु, त्यसमा सदैव दुइटा धनको बल धेरै हुनेछ। तीनवटा धन मध्ये पालैपालो दुई धनमा बल केन्द्रित भै घुम्ने शक्तिको प्रभाव हुनेछ। त्यसरी नै, भिक्षु शासन पनि व्यक्ति, सहायक चश्थी तीन तत्व मिलेको चक्र घुमेझैं घुमिरहेको हुनेछ। व्यक्ति भनेको चर्या गर्ने, सहायक भनेको दायक, चर्या भनेको शील, समाधि, प्रज्ञा हो, यी तीन सबै बराबरको हुनुपर्नेछ। भार बराबर भएन भने गह्रौं भागले थिचेर घुम्न नसकिने हुनेछ। त्यस्तै नै दायकहरूले विचार पुर्‍याउन सकेन भने शासन पनि चल्न सक्तैन।

चर्या गर्ने भएन भने भिक्षु र दायका मात्र भएर पनि हुँदैन। भिक्षु भएन भने चर्याको ग्रन्थ र दायका मात्र भए पनि हुंदैन। दायका र चर्या गर्नेहरू भए तापनि उपदेश दिनेहरू नभएमा शासन चल्न सकिंदैन। यति कुरा भिक्षुहरू र दायकाहरूले बझ्नुपर्नेछ। हामीले आफूलाई तृष्णा बलवान् हुंदै आएको बुझेर त्योसंग संघर्ष गर्दैगर्दा तपाइहरू पुण्य गर्न नपाएकोमा दुखेसो गर्दै हुनुहन्छ। चर्या गर्नेहरूलाई दान दिनु र चर्या नगर्नेहरूलाई दान दिनु मध्ये कुनचाहिं उत्तम छ ? त्यसमा पनि विचार गरी हेर्नुहोला। तपाईको कुरा बुझ्दा चर्या गरे पनि नगरेपनि हामीलाई थाहा छैन, भिक्षुहरूलाई दान दिन पाए पुग्यो भनेझैं लाग्छ। त्यसो भएमा "खेतमा रोपे एउटाको अनेक फल्छ, चुल्होमा रोपे डढेर जान्छ" भनेझैं दाताहरूको दान अधिक हुन गए चर्या गर्नेहरू ह्रास हुंदै दाताहरूको दानले डढ्नेछ। आवश्यक अनुसारको चतु-प्रत्यय दान गरी शासनलाई चिरायु बनाउने तर्फ विचार गर्नुपर्दछ।



Downloaded from http://dhamma.digital/

दायका- "उपजें ! हामीले त्यसरी विचार गर्न जानेनौं । तपाईहरूले आफनो शुद्धाशुद्धि आफैले थाहा पाउनु पर्नेछ, हामी त दान गर्न मात्र जान्दछौं ।"

मैले भनें - "त्यसकै लागि हामीले जलपान गरेन भनी दुःख नमान्नु । आफ्नो मनमा भएका कुरा भन्न नहुने हो, तैपनि भनें । नत्र तिमीहरू नाना प्रकारका शंसयगरी दुःखित हुनेछौ । त्यसैले त्यो कुरा भन्नु आवश्यक भयो, भन्न नहुने भएतापनि । किनभने आफ्नो शुद्धा-शुद्धिको बर्णन गर्नु "मपाइँ हुने भ्रैं" हो ।

दायक- "हवस् ! तपाईहरूको विचारले ठीक लागेको गर्नुहोला ।

त्यसपछि हामी विहार फर्क्यौं ।

## आभिष विरोधको फल

भिक्षाटनमा जाँदा कसैले मासु दान गरेमा हामी त्यो स्वीकार गर्दैनथ्यौं । त्यो कुरा त्यहांका भिक्षुहरूले थाहा पाई मलाई भने - "आयुष्मान् महापन्चो ! के तिमीहरू भिक्षाटन जाँदा आमिष दान स्वीकार गर्ने गर्दैनौ ?"

हो भन्ते ! स्वीकार गर्दिन ।

त्यसरी हुँदैन, विनयमा छ भिक्षा गर्न जांदा जसले जे दिएपनि "हुन्न" भन्नु हुँदैन, स्वीकार गर्नुपर्दछ ।

त्यहां मैले केही नबोली विचार गरी हेरें - "भिक्षु भएपछि विनय मान्नै पर्दछ । तर भगवान् बुद्धले शासन स्थापना गर्नु भएकै लोक हितका लागि हो भने चित्त बिग्रने हेतु थाहा पाउँदा पाउँदै करकापमा पार्ने छैन होला" यसरी सोचेर उनीहरूले भने तापनि मुखले केही नबोली आफुले बुझे अनुसारको नियम पालना गर्दै रहें ।

एक दिन हाम्रो चतु पच्चय दायकाले आफनो घरमा निमन्त्रणा गरे, हामी दुबै गयौं । ओछ्याइएको आसनमा बस्यौं । उपासक-उपासिका क्रमैसित आई बन्दना गरे । एउटा सानो बालक खेल्दै आयो । त्यसलाई बोलाई "बन्दना गर" भनी उसका आमा बुबाले भने । हामीलाई नचिनेर त्यो बालकले वन्दना गरेन । आमा-बुबाले जति भने पनि बालकले बन्दना गर्दै गरेन । बाबु चाहिंले सानो लठ्ठी देखाई तर्साउन थाले । तर्साइए पनि बालकले वन्दना गरेको होइन । बाबु चाहिंले लठ्ठीले हिर्काए, बालक रोयो । बालक रोएको देखेर मेरो मनमा चसक्क बिझ्यो । मैले भनें-



Downloaded from http://dhamma.digital/

"भो, भो न पिट्नु होस् । हामीलाई नचिनेर बन्दना नगरेको होला ।"

दायक- "कहाँ हुन्छ उपजें ! यीनीहरूलाई तर्साइएन भने बानि बिग्रिनेछ ।"

बालकलाई बन्दना गर भने, बालक रोइरहे, वन्दना गरेको होइन । फेरि एकपल्ट पिटे, बालक झन् ठूलो स्वरले रोयो । फेरि एकपल्ट पिटे, रुँदै बालकले वन्दना गऱ्यो । मेरो मनमा असन्तोष भयो । यो मुलुकमा श्रद्धाले भन्दा पनि करबलले मान दिने प्रथा रहेछ भनी बिचार गरें ।

दायकहरूसँग बार्तालापको क्रममा उनीहरूले सोधे- "उपजे ! तपाईहरू उपसम्पन्न भैसक्नु भयो, अझै पनि आमिष सेवन नगर्नु भएको किन ?"

मैले भनें - "दगाजी ! आमिष(मासु) सेवन गर्दा चित्तको सन्तुलन बिग्रने भएर त्यो सेवन नगरेको हो ।"

दायका- "उपजें ! बुद्ध शासनमा उपसम्पन्न भैसके पछि पनि त्यसरी चित्तको सन्तुलन बिगार्नु हुन्छ ? बुद्ध धर्ममा केही भेदभाव गर्नु हुँदैन, सबैमा समान भाव राख्नु पर्दछ । यथोपलब्ध सन्तुष्टि प्राप्त गरी सेवन गर्नु पर्दछ । भेदभाव गर्नु हुँदैन ।

मैले भनें- "यथोपलब्ध सन्तुष्टिको अर्थ प्राप्त भएका सबै खानै पर्दछ भनेको होइन, प्राप्त भएकोमा सन्तुष्ट हुनुपर्दछ भनेको हो ।" भेदभाव गर्नु हँदैन भन्नुको अर्थ खानामा होइन, पक्षपाती व्यबहार नगर्नुका लागि हो । यदि खानेकुरामा भेदभाव गर्न नहुने भएमा सबै प्रकारका माास‌ु भेदभाव नगरी खानुपर्ने हुन्छ । आहार अनुरूपको बुद्धि, बुद्धि अनुरूपको कार्य, कार्य अनुसारको फल, फल अनुरूप सुख-दुःख हुने हो । तसर्थ मनलाई सुधार गर्नकै निम्ति धर्म-विनय हो । चित्त बिग्रने धर्मलाई भगवान्ले अकुशल भन्नु भएको छ । यसरी विचार गरिहेर्दा भगवान्ले पनि "आमिष सेवन गर्नु हुन्छ ।" भन्नु संभव छैन ।

दायका- "भगवान् बुद्धले आफनो चित्तलाई मुक्त गरिसक्नु भएकोछ, उहाँको चित्त बिग्रने अवस्थावाट पार भै सकेकोछ ।"

मैले -भनें- "भगवान् बुद्ध आफु एकैका निम्त्त बुद्ध हुनभएको होइन, सारा संसारको कल्याणका लागि कैयौं जन्म दुःख कष्ट सहेर दश पारमी, दश उप-पारमी, दश परमत्थ पारमी पूर्ण गर्नुभै बुद्धत्व पद प्राप्त गर्नुभएको हो । तसर्थ उहाँले संसारको सुधार गर्ने भावना भएका व्यक्तिको चित्त बिग्रने, प्राणीहरू प्रति करुणा नहुने, उत्तेजनामा ल्याउने



Downloaded from http://dhamma.digital/

अमिष सेवन गुर्न हुन्छ भन्ने कुरामा मेरो विश्वास छैन।"

दायकाहरू-यसरी आफनै कुरामा हठ गर्नु हुन्छ भने तपाई यहाँ बस्न सक्नुहुने छैन।

बर्षवास त्यहीं भयो। नित्य रूपमा भिक्षाटन जाँदैगरें। क्रमैसित बजारका दायकहरूले "निरामिष भिक्षा लिने भिक्षुहरू भनी चिन्न थाले। निरामिष भिक्षुहरू भनी बजारका दायकाहरूले धेरै श्रद्धाभाव देखाउन थाले। जुन जुन स्थानमा गएँ त्यहीं त्यहीं स्थानका उपासकहरू घरबाट निस्केर "सेसालु कुरो च्वालपि" अर्थात निरामिष भिक्षुहरू आउनु भयो भनी घोषणा गर्न थाल्थे।

त्यो शव्द सुनेर त्यहाँका दायकाहरू आमिष बाहेक अन्य फल आदि खाद्यान्न दान गर्न आउँथे। कुनै कुनै दायकाहरू आफनो घरमा निरामिष खानेकुरा" नहुनाले हत्पत् पसल मै फल आदि किनेर दगुर्दै आई भिक्षा दिने गर्न थाले। निरामिष भोजन गर्नेहरू भनी दायकाहरूमा जति श्रद्धा थियो भिक्षुहरूमा भने त्यत्तिकै रिस थियो।

वर्षावास सकिए पछि पवारणको दिन त्यहांका महास्थविरले भोजन निमन्त्रणा गर्नु भै "आइतबारका दिन तिमीहरू सबै मकहाँ भोजन गर्न आउनु, सबै आउनु है" भन्नुभयो।

अरू भिक्षुहरूले महास्थविरलाई भने - "सयादोजी! ती पछाडि छेऊका दुई नेपाली भिक्षुहरू निरामिष भोजन गर्नेहरू हुन्।

महास्थविर- "हो, ए काला?"

हामी केही नबोली चुप लागिरह्यौं।

अन्य भिक्षुहरू "हो भन्ते! उनीहरू आमिष भोजन गर्दैनन्।"

महास्थविर- "हिन्दूस्थानका हिन्दूहरू भिक्षु भएर आए, आफनो जातीय स्वभाव छाडेका होइनन्, तिमीहरू दुबै नआउनू, म कहाँ निरामिष छैन" रिसाउँदै भने। त्यो कुरा सबैतिर फैलियो। अन्य एक विहारका नायक महास्थविरले त्यो कुरा सुनी रिसले चूर भै "यहाँ बोलाएर ल्याऊ झापड ख्वाउँछु" भनी बोलाउन पठाए। म आफू एक्लै गएर महास्थविरलाई वन्दना गरें। महास्थविर चुरोट खाँदै थिए, रिसाएर धुँवा फालेको मैले देखें। महास्थविर आराम कुर्सीमा बसिरहेका थिए। म उहाँको खुट्टाको छेऊमा बसी खुट्टा सुम्सुम्याइरहें। महास्थविर रिसाउँदै आफनो खुट्टा तानेर भने - "ए कालो, के तिमी मासु खाँदैन भनेको साँचो हो?"



Downloaded from http://dhamma.digital/

मैले भने- "हो भन्ते ! म आमिष सेवन गर्दिन । सेवन गर्न हुन्छ- हुँदैन भनेको कुनै सिद्धान्त होइन । ममा ज्ञान भएको छैन, म अज्ञानी नै छुँ त्यसैले आमिष सेवन गर्दा मेरो मन विग्रियो । त्यसकै लागि मैले आमिष सेवन नगरेको हुँ ।

ठूलाठूला आँखाले हेर्दै, रिसाएर मुठ्ठिकस्दै महास्थविरले भने- "के रे, के रे ? चित्त बिग्रियो रे ! हाम्रो चित्त बिग्रिएको छैन, तिम्रो मात्र कसरी बिग्रियो ? मिथ्या दृष्टिले गर्दा तिम्रो चित्त बिग्रिएको हो । मिथ्यादृष्टि छाडी आजैदेखि खानुपर्छ, खाऊ" भन्नु भयो ।

मैले भनें- "भन्ते ! अहिले म सम्यकदृष्टि भएको मुलुकमा आइनै सकें, बिस्तार -बिस्तारै तपाईहरूको उपदेश सुन्दै -विचार गर्दै जांदा मिथ्यादृष्टि हराउँदै जानेछ, त्यतिबेला खाए पनि चित्त बिग्रिने छैन । तपाईहरूमा सम्यकदृष्टिको ज्ञान भएकोले आमिष सेवन गरेपनि चित्त विग्रिएको छैन । म पनि तपाईंहरूबाट सम्यक् दृष्टिको ज्ञान प्राप्त गरेपछि सेवन गरूँला, अहिले सकिरहेको छैन । अहिले आमिष सेवन गर्दा त्यही खाने इच्छा उत्पन्न भै प्राणीहरूप्रति करुणा राख्न नसकिने हुन्छ । आमिष नभएको भोजनमा स्वादै नहुने, आमिष प्राप्त नहुँदा मनमा कस्तो असन्तोष हुने । आमिष सेवनको क्रोध शान्त पार्न नसकिएको, उत्तेजना बढ्ने यस्तो प्रकारले चित्त बिग्रने गर्छ । म लामा धर्ममा छँदा आफू स्वयंले आमिष खाइ अनुभव गरेको हुनाले अहिलेका लागि आमिष सेवन गर्ने आँट ममा छैन, भन्ते । मेरो अपराधलाई क्षमा गर्नु होला । एति भनी बन्दना गरे । मेरो आफनो कुरा सुनाउँदै गर्दा वहाँले आफ्नो मन विग्रिएको अनुभव गर्न थाल्नुभयो । हातको चुरोट हातैमा राखी छक्क परिरहनु भयो । मलाई केही भन्नु भएन । म बिदा लिई वन्दना गरेर फर्के । उहाँ आफनो पलंगमा पल्टनु भयो ।

एक महिना पछि मेरो नाउँमा एउटा कडि आयो, त्यो हेरें, मिटिङ्गमा बोलाएको रहेछ । मिटिङ्गमा गएँ । "जीवदया मण्डल" नामको संस्था स्थापना गरेको रहेछ । त्यस संस्थाले प्राणीहरू प्रति दया राख्ने मासिक पत्रिका निकाल्दो रहेछ । पत्रिका मलाई पनि प्राप्त भयो । त्यस मासिक पत्रिकामा प्राणीहरूले लोकजनमा प्राण दानको भिक्षा मागिरहेको चित्र समेत रहेछ । त्यो संस्था बनाउने महाकरुणावन्तलाई बारम्बार धन्यबाद गरें । त्यो संस्था पहिले मलाई रिसाउँदै आमिष खानुपर्छ भन्ने महास्थविरले नै स्थापना गरेको थाहा पाएँ । त्यो संस्था स्थापना भएको



Downloaded from http://dhamma.digital/

कति भयो भनी सोधी हेर्दा पहिलो मासिक पत्रिका नै त्यही हो भने। त्यो पत्रिकामा पशुपंक्षीहरू आ-आफना बालबच्चा सहित आंखाबाट आँशु झार्दै संसारका मनुष्य जातिमा दया करुणा नभएकोमा रुँदै गरेको चित्र छापिएको रहेछ। मैले आफ्नो मन-मनै उहाँ महास्थविरलाई सयौं पल्ट धन्यवाद दिएं। किनभने, आमिष सेवन नगर्ने भनी मलाई गाली गर्ने उहाँले मलाई भएको घटनाको कुरालाई राम्रैसित बुझ्नु भयो। त्यसैले जीव दया मण्डल नाउँको संस्था बनाई प्राणिहरू प्रति करुणा राख्ने सन्देश दिने मासिक पत्रिका निकाल्नु भयो। त्यसैकारण उहाँ महास्थविरलाई बार-बार नमस्कार गरें।

## चैथियो दर्शन

बर्मा भाषा अलि-अलि बोल्न जाँनेदेखि नै ठाऊँ ठाऊँमा कथा भन्नुपर्दा भाषाको अभ्यास चाँडै भयो।


म गएको बर्षमै बर्मा देशको स्वेदगुं चैत्य जिर्णोद्धार गरी तयार भएको हो।

"चैथियो" को मेलामा एकपल्ट गएँ। रंगुनदेखि रेलमा गएँ। पर्वतको फेदमा पुगेपछि सबै रेलबाट ओर्लिए, पर्वतको फेदैमा सबैले आ-आफना गर्नुपर्ने कार्य सबै गरे। सन्ध्या समय पर्वतको आरोहण थाले। ढुंगै ढुंगाको पर्वत चढ्न सजिलो थिएन। अंग्रेजहरू पनि दुःख कष्ट झेल्दै आइरहेका थिए। हामी राती सबेरै पुग्यौं। रातभरी नै पर्वतमा बत्तिको झकिझकाऊ रह्यो। बाटोमा नागाहरू बेतबाट बनाइएका सामान बेच्न आइरहेका थिए। त्यस पर्वतमा पानी भने छैन। नागाहरू पानी पनि बेच्दै थिए। एक टीन भरिको पानीको मूल्य बीस पैसा।

पर्वतको टुप्पामा एउटा दर्शनीय चैत्य रहेछ। त्यो चैत्य ठूलो ढुंगामाथि खोपेर बनाइएको रहेछ। त्यो ढुंगा अर्को एउटा ढुंगामाथि थियो। पहाडको टुप्पोमा, त्यो पनि पुछारमा रहेको चैत्य सहितको त्यो ढुंगा टुप्पाबाट खस्ला झैं लाग्दोछ। आधा मात्र हावामा झुण्डिएको हुनाले दर्शनार्थीहरू भेला हुने ठाउँबाट त्यो चैत्य सहितको ढुंगा केही टाढा भएकोले त्यहाँ एउटा पुल राखिएको छ। दर्शनार्थीहरूले ल्याउने सुनको तपक चैत्यमा टाँस्न एकजना स्वर्ण लेपन गर्न बसिरहेका थिए। त्यो चैत्यको ढाँचा तल दिइएको चित्र अनुरूपको छ।



Downloaded from http://dhamma.digital/



"चै थियो" नाउँ दिएर बर्षमा एक महिना त्यहाँ मेला लाग्ने रहेछ। पानीको अभावले गर्दा मेलाभरी नागाहरू पानी बेच्न आउँदथे। म जाँदा एक टिनभरी पानीको बीस पैसा। त्यहीं नागाहरू बेत ले बनेका विभिन्न किसिमका सुटकेश, बास्केट, बेच्न आइरहेका थिए। माथि मन्दिरमा धातुको तेलिया ईंटा बनाई छाउनेहरू पनि बसीरहेका थिए। यात्रीहरू आफ्नो क्षमता अनुसार ईंटा किनेर दान गर्दै थिए। ईंटा छाउनेहरू छाउँदै थिए अंग्रेजहरू पनि कष्ट सहेर हेर्न आईरहेका थिए। एकजना चैत्य भएको ढुंगाको काममा गई हल्लाउँदा त्यो ठूलो ढुंगा हल्लिन थाल्यो। अघिपछि पनि खस्लाभैं रहने त्यो ढुंगा त्यत्रो बेगले हल्लाउँदा पनि नखस्दो रहेछ। त्यहाँका मानिसको विश्वास रहेछ -त्यो ढुंगामुनि धागो छिर्दछ।" अंग्रेजहरूले धागो छिराइ हेर्दा छिरेको पाए। पहिले त्यो ढुंगा माथि आकाशमा थियो, पछि एउटा कुनै कारणले तल झरेको" भनाई त्यहाँका मानिसको रहेछ।

एकपल्ट त्यही चैथियो दर्शन गर्न जाँदाको समय त्यहीं एउटा रूख मुनि आनन्द लिइरहेको बेला भर्खरकी युवती अनागारिका आई मेरो अगाडि घुँडा टेकेर वन्दना गरिन्।

मैले सोधें- "धर्मीनी ! तपाईंलाई मैले चिन्न सकिन, के तपाईं मलाई चिन्नुहुन्छ।"

अनागारिका -भन्ते ! मैले पनि तपाईंलाई पहिले भेटेको छैन, आजै



Downloaded from http://dhamma.digital/

प्रथमपल्ट दर्शन पाएको हुँ ।"

म- "आजै मात्र देखेको भए कसरी चिन्नु भयो ?"

अनागारिका- "तपाईको बर्णनका साथै तपाईको चित्र मेरो गुरुले दिनुभएको छ । यही हो त्यो चित्र" भनी मेरो चित्र देखाइन् ।

म- "तिम्रो गुरु को हो ?"

अनागारिका -मेरो गुरु तपाई कहां बसी ध्यान समाधिको शिक्षा प्राप्त गर्नुहुने भिक्षु मेन्तिथ्य हुनुहुन्छ ।

मैले चिनें । तपाईंको साथमा को को छ ?

अनागारिका- "म एक्लो छुँ भन्ते ! कोही पनि साथमा छैन ।

म-तिमी स्त्री जाति एक्लै कसरी भ्रमणमा निस्केको ?

अनागारिका-मेरो गुरुले तपाईंको वर्णन गर्दा "परमार्थ कर्मस्थानाचार्य" भनी बताउनु भएको थियो । अहिले यहाँ तपाईंले भने परमार्थमा मेल नहुने आज्ञा गर्नुहुँदैछ । परमार्थको भावना गर्नेहरूको के स्त्री-पुरुषको भेद बाँकी रहन्छ र भन्ते ?

मैले भने - "शीलवती ! तपाईं दायाँ -बायाँ नहेरी सिधा कुरा गर्दै हुनुहुन्छ । कुनै व्यक्तिसित भेट भएकै समय परमार्थको कुरा गर्‍यो भने "बहुला" भन्नेछ । पहिले व्याबहारिक दृष्टिका कुरा नै हुनेछ । ज्ञानले परिपक्व भैसकेसम्म स्त्री-पुरुषको भावना नगरी समान भावले व्यबहार गरेमा विध्न मात्र हुनेछ, राम्रो हुनेछैन । यदि भेट भएका दुई स्त्री-पुरुष रहेछ भने पनि परमार्थको दृष्टिले कुरा न निस्कँदासम्म परमार्थीले पनि परमार्थको कुरा गर्नेछैन । अब तिमी परमार्थको बिषयमा केही सोध्नुछ भने सोध, मेरो अभ्यासले भेटेसम्म मैले थाहा पाएसम्म बताउनेछु । थाहा नपाएकोलाई थाहा छैन नै भन्नेछु ।

अनागारिका -क्षमा गर्नुहोला, मेरो गल्ती भएछ ।

भन्ते ! धर्म भनी भन्ने गर्दछ, साँच्चै भन्नुपर्दा धर्म भनी केलाई भन्ने गर्दछ । म यसमा प्रष्ट भैसकेको छैन । संयोगले आज यस तीर्थ स्थानमा तपाईंसित भेट भयो । अनुकम्पा राख्नु भै धर्मको कुरा प्रष्ट हुनेगरी बताई दिनुहोस् !

मैले भनें - "शीलवती ! पण्डित बर्गले धर्मको अर्थ कसरी बताउने हुन् त्यो थाहा छैन । भगवान् बुद्धको धर्मोपदेश भिक्षुहरूले बताउने उपदेशमा "कुशल धर्म, अकुशल धर्म अव्याकृत धर्म" भनी तीन प्रकारका छन् भनी सुनेको छु । त्यसलाई हेर्दा जे भइरहेछ त्यो धर्म, जे गरिरहेछ



Downloaded from http://dhamma.digital/

त्यो पनि धर्म हो। गरिरहेका कर्मलाई दुई भागमा गरी हेर्दा -राम्रो पक्ष सबै "कुशलधर्म", नराम्रो पक्ष सबै अ-कुशल धर्म, राम्रो पनि होइन-नराम्रो पनि नभएको सबै अव्याकृत धर्म।"

अनागारिका- "भन्ते ! के गरेमा राम्रो हुनेछ, के गरेमा नराम्रो हुनेछ। फेरि के गर्दा अव्याकृत हुने हो ?"

उत्तर- प्राणी मात्रको उद्धार गर्नु राम्रो हो, हानि हुने काम नराम्रो। आफ्नो मन आफ्नै अधीनमा राखी निरोध मार्गगामी हुनु राम्रो।

प्रश्न -निरोध मार्गलाई अव्याकृत धर्म किन भनेको ? भगवान् बुद्धसंग कसैले असान्दर्भिक-निरर्थक प्रश्न गरेमा उहाँले त्यसलाई अव्याकृत भन्नुहुन्छ होइन ? उपरोक्त रूपमा हेर्दा निरोध मार्ग पनि निरर्थक-असान्दर्भिक छ भन्नु पर्दछ होइन, भन्ते ?"

उत्तर-तपाईं छलफल गर्न सिपालु हुनुहुन्छ। यसलाई यसरी बुझ्नुपर्दछ - "निरोध मार्ग निरर्थक-असान्दर्भिक भएर अव्याकृत भन्नुभएको होइन। निरोध मार्ग भनेको बर्णनीय नभै करणीय भएको हो।"

भक्तिमार्ग अज्ञानीहरूका लागि विश्वसनीय छ। ज्ञानमार्ग बुद्धिवन्तहरूका लागि विचारणीय छ। निरोध माार्ग प्रजावन्तहरूका लागि करणीय छ। त्यो बर्णनीय होइन, त्यसैले अव्याकृत धर्म भनेको हो

फेरि "सब्बेधम्मा अनत्ता" भन्नु भएकोमा पनि धर्म शव्द छ। त्यो धर्म भनको अरूप नाम स्कन्ध अर्थात् वेदना, संज्ञा, संस्कार र विज्ञान हो। त्यो पनि व्याख्या गर्ने धर्म होइन। भाविता गरी आत्मा हो कि अनात्मा आफू स्वयंले बोध गर्नुपर्ने भएकोले त्यो धर्म पनि अव्याकृत नै हो।

अनागारिका- "साधु, साधु, साधु भन्ते ! कुशल धर्मको विपाक सुख अकुशल धर्मको विपाक दुःख अव्याकृत धर्मको विपाक निर्वाण भनी बुझें। मेरो गुरुले तपाईंको गुण वर्णन गरेकोलाई आज म आफैले अनुभव गरें। साधु ! अव्याकृत धर्मको भावार्थ पहिले यति प्रष्टसित बुझ्ने गरी सुनेको थिएन, आज सुन्न पाएँ। मनमा सन्तोष भयो। यो स्थानमा तपाईंसंग भेट हुने कल्पनै गरेको थिइन तर भेट भयो। यो कुरा मेरो गुरु मेन्तेथ्यलाई पनि सुनाउनेछु। भन्ते ! क्षमा र साथै बिदा पनि माग्छुँ भनी वन्दना गरी बिदा भइन्। म पनि चैथियो दर्शन गरी रंगुनमै फर्कें।



Downloaded from http://dhamma.digital/

## चन्द्रमणि गुरुको आदेश

एकदिन चन्द्रमणि गुरुको पत्र प्राप्त भयो । चिठ्ठी खोली हेर्दा गुरुले मलाई "अर्कन"मा जान भनेको रहेछ । दायकाहरूलाई त्यो खबर सुनाएँ उनीहरू मलाई त्यहाँ पठाउन अनिच्छुक पाएँ । एक महिना पछि फेरि एउटा रजिष्ट्रि पत्र पाएँ । खोली हेर्दा गुरु रिसाएर - महाप्रज्ञा, तिमीलाई मैले अर्कनमा जान भनेको होइन, किन नगएको ? नजाने भए जान्न भन, म पनि वास्ता गर्न छाडिदिन्छु । तिमीलाई त्यहाँ पठाउने बचन दिइसकेको छु । तिमी गएनौ भने मैले के जवाफ दिने ? मलाई तुरुन्त जवाफ दिनु" लेखिएको रहेछ । त्यो पत्र दायकाहरूलाई देखाएँ । दायकाले भने - "त्यसरी कहिले कहाँ-कहिले कता गर्दै रहेमा सिक्ने कहिले ? भिक्षु भैसकेपछि बौद्ध धर्म अध्ययन नगरी यताउता घुमफिर मात्र गरी सिकिने कहिले ?

उत्तर - "अब म के गरूँ दायकाजी ! गुरुको वचन उल्लंघन गर्नु हुँदैन, म त आजै जानेछु ।" भनी पिण्डपात्र र प्रतीत्य समुत्पादको किताव बोकेर निस्कें । दायकाहरूले भने - "खर्च नबोकी कसरी जानुहुन्छ ?" "मैले भने- "खर्च नभए पनि अब म रोकिन्न । म त जसरी पनि जान्छु भनि निस्कें ।" त्यहाँबाट निस्केर जहाजको घाटमा गई बसिरहें । दायकाहरू त्यहाँ आइपुगे । आएर मलाई भने - "उपजें ! भोलि जानुहोला, तपाँईलाई चाहिने सबै प्रबन्ध हामी गरिदिनेछौं ।

होइन दायका, नरिसाउनु होला । अगाडि बढिसकेको पाइला अब फर्कने छैन ।

तब उपासकहरूले टिकट लिइदिए । अर्केनमा जाने एक यात्रीलाई च्युरा र रोटी दिए । भने - "महाशय ! दया गरी यो खाद्य पदार्थ उहाँ भिक्षुलाई दिउँसो एघार बजे दिनु होला । यो खाद्य बस्तु उहाँलाई दिनुहुन्न, दिएमा एकपल्ट खाइ बाँकी अरूलाई दिई सकाउनेछ । भोलिको लागि राखिने छैन । तीन दिन नभैकन अर्कनमा पुगिने छैन । तवसम्मका लागि यति कष्ट गरिदिनु होला । तपाईंलाई पनि पुण्य हुनेछ ।"

यात्रीले भने - "हुन्छ, हुन्छ म गरिदिनेछु । धर्मको काम हो, त्यति साह्रो कठिन पनि छैन । त्यस्ता शीलवान्हरूको सेवागर्न पाउनु मेरो पनि भाग्य नै हो ।

त्यसपछि वन्दना गरी दायकाले भने- "उपजें ! तपाईं जहाँ कतै भए



Downloaded from http://dhamma.digital/

पनि चिठ्ठी लेख्नु होला। केही कुरा चाहिएमा पनि भन्नु होला। हामी सक्दो सेवा गर्नेछौं। यति भनी फर्के।

## अर्कन भ्रमण

जहाजमा चढेको तेस्रो दिन अर्कन पुगें। जहाजबाट ओर्लंदा मलाई लिन आएका दायकहरूले पिण्डपात्र समाई मोटरमा राखी शहरतर्फ लगे। "चैत्वे म्यो" भन्ने शहरको "परियन्ति छयाउं" नाउँको विहारमा लगे। विहारमा भेला भैरहेका उपासक-उपासिकाहरूले स्वागत गरे। कसैलाई न राखी मेरो निम्ति विहार खालि गरेको रहेछ। त्यस विहारको मूल दायक संग कुशीनगरमा परिचय भएको थियो। उहाँ पनि एक साधक हो। उहाँको माता अनागारिका मैरहेको रहेछ। धर्म-सम्बाद प्रतियोगिता चारपटक प्रथम भैसकेको उहाँ "माधम्माचारी" नाउँबाट प्रख्यात छ। उहाँको सुपुत्र कर्मस्थानाचार्यले मलाई कर्मस्थान भावनाको आवश्यक शिक्षा दिनु भएको थियो। उहाँको निधारमा एउटा लक्षणको रातो रौं थियो। उहाँले मलाई कर्मस्थान भावनाको शिक्षा त्यहीं दिनुभएको थियो।

## कर्मस्थान भावना

कर्मस्थान भावना गर्नका लागि काय, वाक् चित्त त्रिकाय परिशुद्ध गर्नुपर्दछ। शील विशुद्धि, दिट्ठि विशुद्धि, चित्त विशुद्धि जस्ता त्रिपरिशुद्धि हुनुपर्दछ। त्यसो नभएमा भावनाको मूल रस प्राप्त गर्न सकिंदैन। नाम मात्रको भावना हुनेछ भनी उहाँले भन्नु भएको थियो।

शील पालनाको विधि, शील पालना गर्नुपर्नाको कारण र शील पालना गर्नुबाट प्राप्त हुने प्रतिफल बुझ्नु। चित्तलाई बुझ्नु, चित्तलाई बझनुपर्नाको कारण र चित्तलाई बुझ्नुबाट प्राप्त हुने प्रतिफल थाहापाउनु।

दिदि भनेको के हो? दिदृलाई बुझनुपर्नाको कारण, दिदृलाई बुझ्दा प्राप्त हुने प्रतिफललाई यथार्थ बुझ्नु पर्नेछ।

यस विशुद्धिमा आफूले श्रद्धा गर्नुपर्दछ, श्रद्धा राखी प्रतिज्ञा गर्नुपर्दछ। परिशुद्ध भै पूर्ण गर्ने विचारले अभ्यास गर्नु पर्दछ। त्रिपरिशुद्ध भएपछि एक प्रकारको अलौकिक आनन्दको रसानुभव हुनेछ।

परिशुद्ध जीवनले त्रिलक्षणलाई अभ्यन्तरको चक्षुद्वारा यथार्थ बोध गर्नेछ। अन्यथा त्रि-लक्षण स्वभावलाई स्पष्ट बुझ्न सकिने छैन।



Downloaded from http://dhamma.digital/

त्रिलक्षण स्वभावलाई विदर्शना भिनिन्छ, विपस्सना भनिन्छ साथै प्रज्ञा भावना पनि भन्दछन् ।

त्रि-लक्षण स्वभाव-संसारमा आइरहेको, भैरहेको, वा जन्म भएको केही पनि नित्य हुँदैन । पूर्वबाट सूर्य उदय हुनेछ, पश्चिमबाट अस्त भएर गए झैं आमाको गर्भबाट जन्म भएर कालको ग्रास बन्नेछ । जलको सहायताले धर्तीमा तृण आदि बृक्ष उत्पन्न हुनेछ, सूर्यको तापले सुक्दै जानेछ । कलाकारले नौलो आविष्कार गर्दछ क्रमशः त्यो पुरानो हुँदै जीर्ण भएर नाश हुनेछ ।

अनित्य दुइ प्रकारको हुन्छ - "मूलोच्छिन्न" एक हो भने "क्रमच्छिन्न" अर्को । मूलोच्छिन्न भनेको प्राणीको जन्म भएपछि एकदिन अवश्य मृत्यु हुनेछ, त्यो मूलोच्छिन्न हो । जन्म हुँदादेखि क्रमशः दिन-रात सँगसँगै आयु घट्दै जानु "क्रमच्छिन्न" हो । त्यस्तै नै हरेक पदार्थ साकार रूपमा आएको जतिसुकै बलवान् किन नहोस त्यो क्रमशः क्षय हुँदै गएको मंस चक्षुले देख्न सकिंदैन । विचार चक्षुले मात्र ठम्याउन सकिनेछ ।

**परीक्षार्थ** - प्राणी वा कुनै पदार्थ, प्रथम उत्पन्न भएको समयमै एउटा तस्वीर खिचौं । फेरि केही समय पछि पनि एउटा तस्वीर खिचौं । यस्तै, समय-समयमा तस्वीर खिच्दै गरौं । प्रथम खिचेको तस्वीर र पछि खिचेको तस्वीरमा केही फरक देखिनेछ । त्यसबाट अनुमान हुन्छ कि प्रत्येक घडी परिवर्तन भै क्रमच्छिन्न हुँदै गरेको परीक्षण हुनेछ । यस प्रकार परिवर्तन हुँदै गएको स्वभावलाई अनित्य भन्दछ ।

**दुःख** - प्राणी वा बस्तुप्रति भएको लगाव स्वार्थार्थ हो । त्यस प्रिय पदार्थमा आधारित भैरहेको अवस्मात् मूलोच्छिन्न भै बिलाएर जाँदा आधार विहीन भएर दुःख हुनेछ । तसर्थ दुःखको एउटा कारण अनित्य पनि हो अनित्य पदार्थलाई अनित्य भनी बुझेर प्रेम नगरेको भए नाशवान् पदार्थ नाश भएर गएपनि दुःख हुनेछैन ।

**अनात्मा** - दुःखलाई प्रेम गर्ने कोही हुँदैन । तर दुःख हुने पदार्थलाई नै प्रेम गरिरहेको हुनेछ । यदि प्रेम नै गर्ने हो भने, त्यस प्रिय पदार्थलाई अनित्य नहुने उपाय गर्न सक्नुपर्दछ । त्यसको उपाय संभव छैन । संसारमा उत्पन्न भएका सबै प्राणी-अप्राणी अनित्य नभै छाड्दैन । उत्पन्न पदार्थलाई अनित्य हुनबाट जोगाउन न देवता, न दैत्य, न मनुष्य वा अरू कसैले पनि सकिने छैन । तसर्थ त्यो पदार्थ नाशवान् हो, कसैको अधीनमा छैन । कसैको हक चल्दैन । जुन पदार्थ आफ्नो अधीनमा छैन



Downloaded from http://dhamma.digital/

आफूले भनेजस्तो नभएको हुनाले त्यसले रुवाउनेछ। त्यसैले अध्यात्म-वाहयात्म सबैमा एउटै पनि आत्मा भनी भरोसा गर्न योग्य वा विश्वास गर्न योग्य केही पनि छैन। तसर्थ अनात्मा भनेको हो।

यो त्रिलक्षण बिदर्शना ज्ञान प्राप्त गर्न प्रथमतः श्रद्धा आवश्यक छ। धर्म श्रवण श्रद्धा र धर्म श्रवण यी दुई धर्मको द्वार खोल्ने पहिलो उपाय हो, यी दुई सत्संगबाट उत्पन्न हुनेछ। श्रद्धा -आँखाले देखेर श्रद्धा उत्पन्न हुनेछ, धर्म श्रवण वा हाल खवरद्वारा र यस्तै आफ्नो पूर्व संस्कारले पनि श्रद्धा उत्पन्न हुनेछ। यी तीनद्वारा बाट श्रद्धा उत्पन्न हुनेछ। श्रद्धा नै धर्मको बीज हो।

आफुले गरेको कर्मको विपाक आफैले भोग गर्नु पर्दछ भन्ने कुराको ज्ञान भयो भने श्रद्धा बलवान् हुनेछ। आफ्नो कर्मको सुधार आफैले गर्नु पर्दछ भन्ने श्रद्धा उत्पन्न हुनेछ।

लोकमा प्रचलित भनाई छ - "पुत्रले श्राद्ध गरेमा पिता तर्नेछ, कसैले पुण्य दान गर्‍यो भने पापी तर्नेछ" यो विश्वसनीय कुरा होइन। यदि अरूको माध्यमबाट मृतक तर्ने हो भने मनुष्यले दान, शील भावना, जप-तप गर्नुपर्ने आवश्यक नै हुँदैन। भगवान् बुद्धको भनाई हो - "आफुले गरे जतिमात्र आफुलाई हुनेछ।" तसर्थ अरूको आश नगरी आफैले आफुलाई चहिने कर्म गर्नु पर्दछ भन्ने थाहा पाउनेले आफनो कर्म आफैले नै शुद्ध गर्ने श्रद्धा उत्पन्न गर्नेछ।

## राम्रो र नराम्रो कर्म केलाई भन्दछ ?

काय, वाक् र चित्तले प्राणीप्रति करुणा नराखी आफ्नो स्वार्थका लागि पर-प्राणीको सुख-दुःखको बिचारै नगरी दुःख-कष्ट दिएर प्राणै समेत हरण गर्दछ। त्यस्तो कर्मलाई नराम्रो वा अकुशल कर्म-पाप कर्म भन्दछन्।

राम्रो कर्म -आफनो र अरूको सुख-दुःख समान हो भनी बुझेर मैत्री भाव गर्नु, दुःखीहरूलाई करुणा राख्नु। धनी, ज्ञानी, धर्मी, सुरूप, निरोगी, बिद्धान, सुखी, तपस्वी देखेर हर्षित हुनु। प्राणीहरू प्रति करुणा राखी व्यवहार गर्नु राम्रो कर्म हो।

आफूले राम्रो वा नराम्रो जुनसुकै कर्म गरेपनि त्यसको विपाक आफैले भोग गर्नुपर्दछ भनी बुझेको ज्ञान पनि राम्रो हो।

कसैले गरेर कसैको उपकार हुने भए अर्थात् पापीको पाप मुक्त हुने



Downloaded from http://dhamma.digital/

भए संसाारमा धार्मिक सबैले प्राणीहरूकै कारण धर्म गरिरहेको छ र ख्वै पापबाट भुक्त भएको देखिएको छैन । प्राणीहरू सुखी होऊन् भनेर नै धर्म गर्नेहरूले आफनो कर्म शुद्धि, मनसा वाचा शुद्धि गर्ने विधि मात्र हो । अन्यथा पापबाट मुक्त हुने होइन । आफूले आफैलाई भलो गर्नु पापबाट बच्ने कर्तव्य पालना गर्नुपर्दछ । तसर्थ आफूले आफैलाई शुद्ध नपार्दासम्म कर्मस्थान भावनाको अमृत रस प्राप्त हुनेछैन ।

**उपमा** - शान्ति रत्नको अभिलाषा भएका व्यक्तिले अँध्यारो अवस्थामा त्यो रत्न भेट्टाउन सकिने छैन । तसर्थ त्यस अन्धकारलाई पहिले हटाउनु पर्दछ । अन्धकार हटाउन प्रदीपको आवश्यक हुन्छ । प्रदीपको ज्योतिले अन्धकार हटेपछि मात्र रत्नको दर्शन हुनेछ ।

अकुशल अज्ञानले केही थाहा नपाउनु, कुशल धर्म नगर्नु नै अन्धकार हो । कुशलकार्य, शुद्धधर्म र यथार्थ ज्ञान बुझ्नु नै प्रदीप-ज्योतिको उज्यालो हो । त्यसबेला मात्र बादल हटेर चन्द्रको दर्शन भएझैं शान्ति-रत्नको दर्शन प्राप्त हुनेछ ।

अन्धकारललाई कसैले बनाउनु पर्दैन, आफै उत्पन्न हुनेछ । उज्यालो बनाउन प्रयत्न गर्नु पर्दछ । अज्ञानी हुन कसैको शिक्षा आवश्यक हुँदैन, प्रयत्न गर्नु पनि पर्दैन । ज्ञान बनाउन सत्संग गर्नु पर्दछ । विचार गर्नु पर्दछ । चर्चा र कोशिश गर्नु पर्दछ ।

दु:खको लागि उपाय, प्रयत्न, शिक्षा, ज्ञान केही आवश्यक हुँदैन । सुखको लागि शीप, अभ्यास, कोशिश, प्रयत्न, ज्ञान, बुद्धि आवश्यक हुन्छ ।

संसारिक जन्म-मरण चक्रमा घुमिरहन कसैले कोशिश गर्नु पर्दैन । मानिसले जे जस्तो गरेपनि, अनित्य यो संसारमा घुमिरहन केही वास्ता नगरेपनि आफ् से आफ क्षय हुंदै जानेछ, आफै घुमिरहनेछ ।

अनित्यबाट मुक्त हुन निर्वाण पद प्राप्त गर्न सक्नु पर्दछ। संसारचक्रबाट बच्न, निरोध-निर्वाण प्राप्त गर्न प्रज्ञालाई मीत्र बनाई आफूसंग भएको क्षमता छाडी आफुमा उत्पन्न क्लेश इत्यादिलाई निर्मूल पारिसकेपछि मात्र हेर्नु निरोध हुनेछ । तब मात्र निर्वाण पद प्राप्त हुनेछ ।

निर्वाण पद प्राप्त गर्ने इच्छा भएमा निम्न वर्णित शील, समाधि र प्रज्ञाको चर्या पूर्ण गर्नुपर्दछ । अन्यथा लौकिक धर्मले स्वर्ग सुख र व्रम्हलोकगामी मात्र हुनेछ । शील, समाधि प्रज्ञा मध्ये सबभन्दा पहिले शीलको पूर्ण अंगको ज्ञान हुनुपर्दछ ।



Downloaded from http://dhamma.digital/

**शील** - शीलको चर्य्या-प्रथमतः दानको क्रमानुसार दान दिनु जान्नुपर्दछ -मुठ्दिान, भोजनदान, विहार दान, आवश्यकदान, विद्या दान, सर्वस्व दान इत्यादि दान चर्य्या भएकोले मात्र शील पालना गर्न सकिनेछ। उपरोक्त दान मध्ये आफू सक्दो दान दिनु। बर्णेन गरेमा सबै पूर्ण गर्नै पर्दछ भन्ने छैन। सक्नेले आफनो क्षमता अनुसार दान दिई आफनो चर्चा पूर्ण गर्न प्रयत्न गर्नुपर्दछ।

पूर्वोक्त वर्णन गरेका दान मध्ये उत्तमदान-आवश्यक दान, परमार्थ ग्रन्थदान र संघ दान उत्तम हो।

बुद्धको शासनमा बुद्धका श्रावकहरूलाई गरिने दानमा व्यक्तिदान र संघ दान भनी दुई प्रकारका दान छन्। ती दुई मध्ये संघ दान भनी केलाई भन्दछ ? संघ दान भनी दिएको बस्तु बाँडेर लिने गर्दैन, संस्थाको भण्डारमा जम्मा हुनेछ। त्यस विहारमा आउने भन्तेहरूलाइ आवश्यक अष्ट-परिष्कार अपूर्ण रहेमा त्यो पूर्ण गरिदिनेछ। संघ दान भनी दिएका सबै वस्तु संघमा सम्मिलित भिक्षुहरू सबैको हक हुनेछ। व्यक्तिगत गर्ने छैन। यस प्रकारको दान संघदानलाई अत्युत्तम दान भन्दछन्। संघ रहँदासम्म शासन पनि रहनेछ। शासन रहेसम्म निर्वाण पुर्‍याउने यथार्थ ज्ञानको प्रभा रहनेछ। प्रभा प्रज्वलित रहेसम्म अविद्याको अन्धकारमा आलोक प्रकाशित भई मिथ्या दृष्टि रूपी अन्धकारले छोप्न सकिने छैन। भगवान् बुद्धको सद्धर्म-अमृत पान गर्न तत्पर भएकाहरूको समूह हो संघ। अन्य नाम मात्रको संघ भएकाहरूले भगवान् बुद्धको शासनलाई धमिल्याउनेछन्। त्यस प्रकारका व्यक्तिहरूलाई भगवान् बुद्धले "शासन बाहिर परेका भिक्षुहरू" भनेका छन्।

समय समयमा गुरुले भिक्षु भैरहने उपदेश पनि गर्नु हुन्थ्यो। मूल उपदेशमा कर्मस्थान भावना तर्फ प्रेरित गर्नु हुन्थ्यो।

कर्मस्थान भावना भनेको के हो ? भावना गर्नु परेको किन ? भावना गर्नुको फाइदा के छ ? यस प्रकारको शिक्षा दिनुहुन्थ्यो।

कशिन भावना, अशुभ भावना, विदर्शना भावना, स्वभाव धर्म ज्ञान हुने प्रज्ञा भावना। लौकिक र लोकोत्तर मार्गहरूको विशुद्धि ज्ञान इत्यादि भावनाको शिक्षा दिनुभई मलाई भावनाको अभ्यास गराउनु भयो।

भावना गर्दै जांदा भावनाको विषयमा केही बुझ्न छलफल गर्नु परेमा स्नान गरी शुद्ध बस्त्र धारण गरी गुरुको सम्मुख उपस्थित भएर



Downloaded from http://dhamma.digital/

आवश्यक कुराको छलफल गरी पुनः आफनो ठाउँमा फर्की साधनालाई बढाउनु पर्‍यो ।

साधना गर्नुभन्दा पहिले आफ्नो काय-बाक्-चित्त शुद्ध पार्नुपर्दछ । नत्र भावना सफल हुन गाह्रो छ । त्यसैले समिचि पतिपन्न भएर शुद्ध हुने कामनाले शुद्धार्थ चर्चा गरी जांदा आफनो गन्तव्य मार्गको दर्शन आफनो चर्चाले नै देखायो । खान, पान, मान, स्थान यी चारैको मात्रा मिलाई योग्य-अयोग्य विचार गरी शुद्धि हुनुपर्ने बुझ्दै गएँ । आहारमा सात्विक हुनु राम्रो । जुन आहारले चित्त चंचल बनाउँछ त्यसलाई बुझेर त्याग गर्नुपर्ने आहार त्याग गर्न सक्नुपर्दछ । त्यस्तै बस्त्र पनि । कस्तो बस्त्र लगाउँदा चित्तमा क्लेश उत्पन्न हुन्छ त्यस्तो वस्त्र त्याग गर्नुपर्दछ । मानापमानमा, निवास स्थानमा पनि त्यसरी नै विचार गरी योग्य-अयोग्य बुझेर अयोग्य त्याग गरी परिशुद्ध भई गरेको साधना वा अभ्यासले शिध्र सफल भएँ ।

मैले दुःख कष्ट सहेर कोशिश गरिरहेको देखेर गुरुको हृदयमा करुणा उत्पन्न भई उहाँले आँखा चिम्लेर भगवान् बुद्धको आरम्मण गरी प्रार्थना गर्नुभयो- "भो भगवान् तपाईंको ज्ञान ततत्व दर्शनार्थ यो बालकले दुःख कष्ट भेगिरहेको मेरो हृदयले थाम्न सकेन, चाँडैनै यसको साधना सफल होस् ।"

## मार

१) एक सयम म राति मैदानमा एक रूखको फेदमा बसी ध्यान गरिरहेको थिएँ । मेरो पछाडिको देब्रे तर्फबाट टाढैदेखि एक बथान जंगली हात्ती ठूला-ठूला पाइला चाल्दै मेरो तर्फ आइरहे । जसरी आकाशबाट असिना झर्न कालो बादल देखापर्दथे । त्यसरी नै एक बथान हात्ती टाउको हल्लाई, कान फड्फडाएर आफनो सुँड नचाउँदै मेरो तर्फ कुदेर आइरहे । ती हात्तीहरू मेरो छेऊ पुगी लात्तिले खुट्टाले हान्न थाले, कतिले सुँडले हान्दै मलाई उठाउन खोजे । तिनीहरूले जतिसुकै कोशिश गरेपनि मलाई उठाउन सकेनन् । मेरो मनमा "भगवान्लाई हजारौं भयंकर मार सैनिकहरूले हल्लाउन नसकेजस्तै मलाई पनि यी हात्तीहरूले हल्लाउन सकेनन्"कल्पना भयो । फेरि मेरो मनमा - "यो मेरो कल्पना मात्र हो, यदि ती हात्तीहरू साँच्चिकै हुँदो हो त मलाई हल्लाउन नसकिने हुनै सक्दैन ।" मनमा यति आउना साथै ती हात्ती



Downloaded from http://dhamma.digital/

सबै बिलाए । अब हामीले बुझ्नु पर्दछ कि, मार भन्ने कुरा आफ्नै मन रहेछ । जब यो सबै कल्पना मात्र हो भनी बुझ्न थालें तब मार बिलाएर गए अर्थात् भागे ।

२) एक पटक फेरि के भयो भने- "म निसी धुतांग पालना गरिरहेको थिएँ । एक साँझ विहारका भगवान् बुद्धको प्रतिमा अगाडि बसी मनमा स्मृति राखी मनको विचार गरिरहेको थिएँ । बिस्तारै निद्रा आउन थाल्या, ढाड दुखेझैं लाल्यो, खुट्टा पनि दुख्न थाले । कसो गरौं के गरौं हुन थाल्यो । उता फर्क्यो हुन्न, यता पर्क्यो हुन्छ । जसो गरे पनि नहुने भयो । पछाडि फर्की बुद्ध प्रतिमाको आसनमा ढाडले अडेस लिएर खुट्टा तन्काइ बसें । मेरो खुट्टा भन्दा चार हात टाढा एउटा भूत बाँया खुट्टा समाएर सेतो आँखाले मलाई हेर्दै रह्यो । मैले आफनो मनलाई धैर्य गर्न सकिन । बिस्तारै उठेर कोठा भित्र गई आफनो आसनमा बसें । चारजना भयंकर भूतहरू ढोकाबाट छिर्न थाले ठूला-ठूला आँखा तर्दै रिस देखाइ दाह्रा किटेर मुठ्ठीकस्दै मलाई तर्साउन खोजे । त्यसबेला मेरो निम्ति कुनै आधार रहेन । मैले आँखा चिम्लेर मनमनै उनीहरूलाई भनें - "पूर्व जन्ममा तिमीहरू अतिनै क्रोधी भै अरूमाथि व्देठभाव राखी डराउने काम गरेको विपाकले अहिले त्यस्तो रूप लिनुपर्‍यो । अझ पनि यहाँ आई मलाई तर्साउन खोज्दैछौ । म त धर्म चित्त राखी सकल प्राणीलाई पुण्य वितरण गरिरहेको व्यक्ति, मलाई तर्साएर तिमीहरूलाई के फाइदा हुन्छ । म त तिमीहरूलाई पनि मैत्री चित्त राखी पुण्य वितरण गर्ने मान्छे हुँ । बरु तिमीहरू मबाट पंचशील ग्रहण गरी आफनो कर्म सुधार गर्ने गर ।"

चौरै भूत हात जोडेर आँखाले भुँइमा हेरी बिस्तारै बस्न थाले । उनीहरूलाई मैले पंचशील दिएँ । शील ग्रहण गरी उनीहरू त्यहीं बिलाए ।

३) एक दिन फेरि म बाहिरबाट विहार फर्कदा विहारको ढोकामै दुई बाघ दाँया -बायाँ बसिरहे । म झस्किएँ । मैले मन मनमा "मैत्री भावना गरिरहेको छु, यीनीहरूले मलाई केही गर्ने छैनन्" भनी मनलाई बलियो बनाई विहारको ढोकाबाट छिरें । म भित्र पसेपछि ती दुबै बाघ मभन्दा पहिल्यै मेरो आसनको खाटमुनि गई बसें ।

मेरो मनमा- "यिनीहरूले मलाई के गर्न खोज्दैछन् ? गरेको त केही होइन, मन मात्र डराएको हो" भनी उनीहरूलाई हेरी मैत्री भावना गरें ।



Downloaded from http://dhamma.digital/

मैत्री भावना गर्दैगर्दा नै ती दुबै बाघ विलाए । त्यसपछि मैले थाहा पाएँ "मार" भनी ।

४) निद्रादेवी पनि सानोतिनो मार होइन । निद्रालाई जित्न पनि ठूलै क्रान्ति गर्नुपर्‍यो । आलस्यलाई आहारलाई, बस्त्रलाई जित्न पनि ठूलै संघर्ष गर्नुपरेको थियो । बस्त्र मारले दुःख दिंदा "चीवर एउटा रंगको अन्तरवासक अर्को रंगका हुँदा पनि नसुहाएको ठान्दथें । चीवर नयाँ अन्तरवासक पुरानो हुँदा पनि नसुहाएको हुन्थ्यो । दुबै पुरानो हुँदा "यस्तो चीवर लगाएर कसरी बाहिर जाउँ" हुन्थ्यो । अनेक प्रहारका मार आइरहन्थ्यो । एकदिन आफ्नो मनको मारबाट विरक्त भई "म पाँसुकूल बस्त्र बाहेक अन्य बस्त्र-चीवर लगाउने छैन" भनी अधिष्ठान गरें । आफूसंग भएका चीवर मध्ये सबभन्दा नराम्रो, पुरानो एकजोर छानी अरू सबै त्याग गरें ।

पुरानो चीवरमा प्वाल परेको, फाटेको ठाउँमा टालें । चीवर टाल्दा टाल्दै मनमा विचार उठ्यो । मानिस जन्मंदाको रूप त्यही भैरहँदैन, बदलिंदै जान्छ । आमाले जन्म दिंदाको मासु रगत, हाड सबै बदलिदै रूप-आकार समेत अर्कै भएर चिन्नै नसकिने अवस्थामा पुगिसकेको हुनेछ । त्यस्तो भएतापनि "फलानोको छोरा फलाना"भनिरहन्छ । त्यस्तै यो चीवर फलानो दायकाले दिएको हो भन्दछ । तर त्यस चीवरमा त्यस दायकाले दान दिएको समयको एउटा धागोपनि बाँकी रहेको हुनेछैन । सबै बदलीसकेको हुनेछ । तापनि "फलाना दायकाले दिएको" भन्ने संज्ञा बाँकी रहन्छ । यसै प्रकार जीन्दगीमा एउटै नाम परिवर्तन भएर गएझैं यो चीवर पनि फाटेको ठाउँमा टाल्दै, तलको काटेर फालें भने एउटै तह भै जीन्दगीभर एउटै चीवरले पुग्नेछ । अरू चीवरको समस्या हुनेछैन । त्यही चीवर(=चीर +वर) उत्तम प्रकारको (चीर=वस्त्र, वर=उत्तम) वस्त्र हुनेछ ।

त्यस्तो बस्त्रलाई "उत्तम बस्त्र" भनेको किन ? जुन बस्त्र चोरले चोरेर लग्नेछैन । जुन वस्त्रमा धूलो-मैलो लागेमा, मुसाले काटेमा, आगोले पोलेमा चित्त दुख्ने छैन । जुन बस्त्र धारण गर्दा "म राम्रो छुँ" भन्ने अभिमान हुँदैन । जुन वस्त्र धारण गर्दा मोह चित्त, राग चित्त आदि क्लेश उत्पन्न हुनेछैन । जुन वस्त्र धारण गरी निर्वाण मार्गमा प्रतिष्ठित हुनेछ त्यस्तो वस्त्रलाई उत्तम वस्त्र =चीवर भन्नेछ ।

त्यस्तो वस्त्र लगाई हिंड्दा बर्माका जनताले मलाई "आफः तयाः"



Downloaded from http://dhamma.digital/

मगन्ते भन्न थाले । अर्थात् सयौं ठाउँमा टालेको लुगा लगाउने भिक्षु । राम्रो चीवर लगाउनेहरूका माझ नराम्रो चीवर लगाउने म टालै-टालोको पोका झैं लाग्न थालें । उनीहरूका माझ म नसुहाउँदो हुन थाले । त्यत्रो समूहमा कनिष्टहरूले वन्दना गर्नुपर्दा झुत्रो लुगा लगाउने मलाई वन्दना गर्न अप्ठ्यारो मान्न थाले । त्यसो भए तापनि वन्दना गर्ने पर्ने भएर उनीहरूले मलाई निमन्त्रणा गर्न अप्ठ्यारो माने ।

## पाउतोमा

एक समय सन् १९३२ तिर अर्कनको छेउछाउ पाउतो भन्ने ठाउँमा भिक्षुहरूको विनय अनुसार "परिवास" विनय कर्म भैरहँदा मलाई पनि निमन्त्रणा भएर जहाजबाट त्यहाँ गएँ । विहान भर जहाजबाट गई त्यहाँ पुगें । पाउतो गाउँको जंगल छेऊमा एउटा विहार रहेछ । त्यो विहारमा एक भिक्षु वस्दोरहेछ । परिवासमा आएका भिक्षुहरूलाई एउटा एउटा निवास स्थान झुपडी बनाइएको रहेछ । माझमा ठूलो सभा मण्डप पनि बनाएएको रहेछ । धर्मोपदेश गराउन एउटा धर्मासन पनि निर्माण गरेका थिए । अति नै राम्रो त्यो धर्मासनमा बसी भिक्षुहरूले धर्मोपदेश गर्दा भगवान् बुद्ध स्वयंबाटै धर्मोपदेश गरेझैं श्रोताहरूको मनमा श्रद्धा चित्त उत्पन्न हुन्थ्यो ।

नौ दिन-नौ रात सम्म परिवासको काम भैरहँदा दायकाहरूले सहयोग गरेका थिए । अत्यन्त भव्यताका साथ नौ दिनसम्मै मेला लागेझैं भयो ।

जलपानको समय जलपान दान गर्नेहरूको घुईचो लाग्थ्यो । जलपान सकाई भिक्षुहरू सबै सिमा घरमा गई परिवासको विनय कर्म गर्थे । दिउँसो भोजनको समय हुँदा दायकाहरू विभिन्न प्रकारका खाद्य पदार्थ बोकी समूह-समूहमा आउँथे । भोजन समाप्त गरी भिक्षुहरू नि:शव्द भै आराम गर्दथे । कोही आँखा चिम्लेर भावना गर्दथे, कोही निद्रादेबीको शरणमा जान्थे । दिनको २ बज्दा देखि धर्मोपदेश सुन्न आउनेहरू आइपुग्थे । तीन बज्दा धर्मोपदेश शुरु गरी ५ बजे टुग्याउँदथे । साँझपख भिक्षुहरूलाई चतु मधु र सख्खर, ध्यू, मह र तेल दान गर्दथे । मनोरंजन दिन नाटक मण्डलीहरू नाच-गान गरी मनोरंजन दिने गर्दथे । त्यस प्रकार नौ दिन -नौ रात बिताएँ ।

एकदिन उपासकहरूले धर्मोपदेश गर्ने पालो मलाई पनि दिए । उता भिक्षुहरूको चित्त बुझेको रहेनछ । परस्पर कानेखुसी गर्न थाले ।



Downloaded from http://dhamma.digital/

"यी उपासकहरूले नहुने काम गरे। त्यत्रो भव्य धर्मासनमा त्यो झुत्रो लगाउनेलाई बसाउनु उचित छ ? नहुने काम गरे भन्नथाले।

त्यो कुरा मेरो कानमा परेपछि मैले उपासकहरूलाई भनें- "दायकाहरू, मलाई धर्मोपदेशना गर्ने भार नदिनु होला। म सिक्न-बुझ्न भनी आएको, धर्मदेशना गर्न पनि जान्दिन। त्यसैले यो भार मलाई नदिनु होला।

उपासकहरू- "उपजें ! तपाईं जान्नु हुन्छ, जान्नु हुन्न त्यो ठूलो कुरा होइन। तपाईं भगवान् बुद्धको जन्मभूमिबाट आउनु भएको भिक्षु हुनुहुन्छ। तपाईं धर्मासनमा बसी आफूले जानेको एउटा शव्दमात्र भएपनि बोल्नु होला, त्यत्ति भए पुग्छ।

ती सपासकहरूलाई बोलाई अन्य भिक्षुहरूले भन्दा पनि भएन, मैले त्यहाँ कथा भन्नैपर्ने भयो।

भिक्षुहरूले हतारमा सेतो कपडा ल्याइ त्यो भव्य आसनलाई छोपी दिए। ठीकै गरेका थिए, म नराम्रो बस्त्र लगाउनेलाई त्यत्तिका भव्य आसन सुहाएको पनि थिएन। त्यहाँ आफूले जानेको कथा भनें।

श्रोतागणहरू गइसकेपछि भिक्षुहरूले मलाई बोलाए, म पनि हाजिर हुन गएँ। भिक्षुहरूले मलाई घेरा भित्र माझमा पारे। घेराभित्र मलाई राखी रिसाउँदै "ए काला, तिमीले के व्याकरण पढेका छौ ?" भनी सोधे।

म- "अहँ।" अभिधर्म सम्म सँग पढेका छौ "अहँ।

"अनि केही नपढेको तिमीले त्यत्रो भव्य धर्मासनमा बसी धर्मकठिक हुनु उचित छ त ?

म- "अब म के गरौं ? म आफूखुसी बसेको होइन। उपासकहरूले कर गरेकाले आफूले जे जानेको हो त्यही उपदेश गरेको हुँ"

भिक्षु- "उनीहरूले कर गऱ्यो भन्दैमा धर्मासनमा बस्नु हुन्छ ?

म- "भन्ते ! मबाट भूल हुन गयो, मलाई क्षमा गर्नुहोला।"

भिक्षु- "तिमीहरूलाई कसरी क्षमा गर्ने ? तिमी केही नजान्ने मानिस त्यत्रो आसनमा बस्नु हुन्छ ?"

क्षमा माग्दा क्षमा दिएको होइन, दण्ड माग्दा दण्ड पनि दिएको होइन। कच्कच् गर्न पनि छाडेको होइन। म के गरौं -कसो गरौं भएँ। उनीहरूलाई सक्दो आदर गरी आफू नरम भै क्षमा माग्दै गरें। जे गर्दा पनि नभएपछि म पनि चुप लागेर नबस्ने भएँ। मैल भनें "भन्ते ! तपाईंले अभिधम्म पढिसक्नु भएकोछ, मैले नबुझेको एउटा कुरा सोधौं ?"



Downloaded from http://dhamma.digital/

भिक्षु- "मैले अभिधममा पढेको मात्र होइन, जाँचमा नौ पटक सम्म पहिलो भै सकेकोछु, थाहा छ तिमीलाई ?"

म- "भन्ते ! क्षमा गर्नुहोला। मैले नबुझेको एउटा कुरा सोधुँ- "अभिधममा - सोमनस्स सहगतं दिट्ठिगत सम्पयुत्त असंखारिक मेक ससेखाारिक मेकँ" भनिएको छ, त्यो के भनेको ? दया गरी त्यसको अर्थ आज्ञा हुनु होला।"

भिक्षु - "अभिधर्मको सम्बन्धमा त्यसरी प्रश्न गर्ने हो ? बडो अभिधर्मको प्रश्न गर्ने भएको तिमी।"

म- "कसरी प्रश्न गर्ने हो मैले जानिन, क्षमा गर्नु होला।

भिक्षु - "अभिधर्मको सम्बन्धमा प्रश्न गर्नेले "कुशल चित्त कतिवटा छ, अकुशल चित्त कतिवटा छ इत्यादि प्रकारले सोध्नेछ। तिमीले सोधेझैं हैन, बुझयौं ?"

म- "भन्ते ! मेरो विचारमा अभिधर्म भनेको आफूसंग भएको क्लेश चिन्नु, क्लेशको हेतु त्याग गर्नु उपाय गर्नसक्नु र क्लेशबाट मुक्त भएपछि के हुनेछ ?" यी कुराहरू बुझनुलाई नै "अभिधम्म"भन्ने छ।

भिक्षु- "ए" होशगरी कुरा गर्नु, धेरै बाठो नहुनु। हाम्रो अगाडि बडो जान्ने भई अभिधर्मको कुरा गर्ने तिमी" भनी रिसाए। त्यहाका सबै भिक्षुहरूलाई वन्दना गरी म पनि फर्के। त्यहाँ उपस्थित भएका भिक्षुहरू मैले गरेको प्रश्नले गर्दा अत्यन्तै रिसाएका रहेछन्। उनीहरूले त्यस घटनालाई ठाऊँ-ठाऊँमा फैलाइए। त्यहाँको कार्यक्रम सकाई म पनि आफ्नो निवास फर्के।

## म्याउंब्वेमा

एक समय म समुद्र किनारै किनार घुम्दै गर्दा "म्याँउब्वे" भन्ने ठाउँमा पुगें। त्यहाँ एउटा स्कूलमा बास बसें। स्कुलका माष्टरसंग सत्संगत भयो। माष्टरका जेष्ठ पुत्रलाई प्रव्रजित गर्ने योजना रहेछ। माष्टरले मलाई त्यस कार्यक्रममा आउन निमन्त्रणा दिए। मैले भनें- "दायका, क्षमा गर्नुहोला। म घुमन्ते, तपाईको पुत्रको कार्य हुन एक महिना बाँकी छ भन्नु भयो। एक महिनामा म कहाँ पुग्नेछ भन्न सकिन्न। तसर्थ तपाईंको निमन्त्रणा स्वीकार गरेन भनी नरिसाउनु होला। मलाई क्षमा गर्नुहोला।"

माष्टर- "त्यसो भए भन्ते ! तपाई एक महिना यहि बस्नु होला।



Downloaded from http://dhamma.digital/

यहाँको कार्यक्रम सकाई तपाईं आफनो इच्छा अनुसार भ्रमणमा जानु होला।" भनी निमन्त्रणा गरे। त्यस पछि म त्यही स्कूलमा एक महिना बसें। एक बंगाली डाक्टर सत्संग गर्न त्यहाँ आए। त्यस डाक्टरले यस प्रकारको प्रश्न गरे - "कर्मफल र चिकित्सा मध्ये कुन चाहिंलाई विश्वास गर्ने ?"

म- "डाक्टर बाबु ! म त दुबैमा विश्वास गर्छु।"

डा.- "भन्ते ! कर्मफल भोग गर्नै पर्ने हो भने चिकित्सा बेकार हुनपर्ने हो। यदि चिकित्सा गर्दा हुने भने कर्मफल भन्नु बेकार कुरा हुनेछ।"

म- "डाक्टर बाबु ! भगवान् बुद्धको उपदेशमा भनिएको छ "मनुष्य वा प्राणीहरूको सुख-दुःखको कारण चारवटा छन् १. कर्म, २.चित्त, ३.ऋतु, ४. आहार। कर्मफल भोग गर्नै पर्ने रहेछ भने त्यसको उपाय हुँदैन। चित्तको रोग शंका निवारण भएपछि हुनेछ। ऋतुको हेतुबाट उत्पन्न भएको रोग र आहारको हेतुबाट उत्पन्न भएको रोगलाई चिकित्साबाट निरोगी तुल्याउन सकिन्छ।

डा.- "भन्ते ! कुनै यस्तो रोग पनि छ, जुन रोगलाई डाक्टरले अप्रेशन गरेन भने त्यो रोगीको मृत्यु हुनेछ। अप्रेशन गर्‍यो भने बच्नेछ यसलाई के भन्ने ?"

म- "डाक्टर बाबु : धन्यबाद ! त्यस्तो रोग भएकाहरू डाक्टरले उपचार गर्दा एकजनाको पनि मृत्यु भएको छैन होला, होइन ?"

डा. "भन्ते ! कसै कसैको मृत्यु भएको पनि छ, किन हुदैन ?"

म- "त्यो कसरी त डाक्टर बाबु ?"

डा.- "कसै कसैको अप्रेशन गर्दा गर्दै नै मृत्यु भएको छ। कसैको अप्रेशन गर्न ढीला भएर पनि मृत्यु भएको छ। कोही डाक्टर नपाएर मृत्यु भएका छन्। त्यसमा डाक्टरको के दोष ?"

म- "डाक्टर बाबु ! जुन रोग डाक्टरले अप्रेशन गर्दा निको हुने हो संसारमा डाक्टर हुँदा हुदै पनि त्यो रोगीको मृत्यु किन भएको ? डाक्टरले अप्रेशन गर्दा-गर्दै पनि रोगीको मृत्यु किन भएको ?"

डा.- "आयु नै सकिसकेको रोगीलाई केही उपाय लाग्दैन, भन्ते।"

म- "तपाईंले भन्नु भाको थियो, डाक्टरले अप्रेशन गरेका मृत्युको नजिक पुगेको रोगी पनि बच्दछ भनी। यदि आयु सकिन्छ पछि उपाय हुँदैन भने डाक्टरको महत्व के भयो ?"



Downloaded from http://dhamma.digital/

डा.- "त्यो रोगलाई अप्रेशन नगरेमा बच्नु संभव हुँदैन ८। डाक्टर नै भेटिएन भने त्यो रोगी बच्न सक्छ ? डाक्टर भेटी तापनि यदि धेरै पछि परिसकेको रहेछ भने त्यो रोगी बच्न सक्दछ ? यदि आयु नै सकिएको रहेछ भने पनि त्यो रोगी बच्न सकिन्छ ? ।"

डा.- "डाक्टर नै भेटिएको रहेनछ भने तब डाक्टरको के दोष ?"

म- "डाक्टरलाई दोषी भन्न खोजेको होइन मैले, त्यो रोगीले डाक्टर भेट्टाउन नसकिएको किन?

डा.- "त्यो त त्यसको कर्ममा नभएको भन्नुपर्ने छ।"

म- "रोगीले डाक्टर भेट्टाउन नसकिएको पनि कर्म, अप्रेशन गर्नु पछि परेको पनि कर्म, अप्रेशन गर्दागर्दै मृत्यु भएको पनि, कर्म नै हो भने डाक्टरले अप्रेशन गरी बचाएको पनि कर्म होइन र ! यदि डाक्टर नै बिधाता हो भने, डाक्टरलाई त्यस्तो रोग नलाग्नु पर्ने। डाक्टरलाई पनि अप्रेशन गर्नुपर्ने रोग लाग्नु पर्ने किन ?

डा.- "रोग जो कसैलाई पनि लाग्न सक्छ। डाक्टर हुँदैमा रोग नै लाग्दैन भन्ने हुँदैन।

म- "डाक्टर भए तापनि उपाय फेला नपरेको पनि छ, त्यो कसरी होला ?"

डा.- "त्यसको कर्ममै नभएकोले होला।"

म- "तपाईंले पनि आखिरमा कर्मलाई नै सकार्नु भयो। संसारमा ज्ञानीजनले अनेक प्रकारका उपाय फेला पारेका छन्। त्यसो भएतापनि आफूले परोपकार गरेको छ भने आफूलाई पनि उपकार गर्ने भेट्टिइन्छ। आफूले परोपकार गरेको रहेनछ भने आफूलाई उपकार गर्ने भेट्टिने छैन। उपाय गर्दा पनि उपाय न लाग्नु, आफूले अरूलाई दु:ख दिएको कर्मको विपाकले गर्दा हो। त्यसो भन्नुको तात्पर्य डाक्टरको कुनै महत्व छैन भनी म भन्दिन। पुण्यवान्ले डाक्टर पनि भेटिनेछ, उपाय पनि सफल हुनेछ। पापीलाई डाक्टर प्राप्त न हुन पनि सकिन्छ। प्राप्त भएतापनि उपाय नलाग्न सकिनेछ। तसर्थ कर्म नै प्रधान भनी विश्वास गरी आफुले सक्दो पर उपकार गर्नु नै आफ्नो लागि सुख शान्ति बनाउने कारण हो।

डा.- "मुसुमुसु हाँस्दै केही जवाफ नदिई चुप लागिरहे। त्यसपछि डाक्टरले मन मनमा कर्म नै प्रधान रहेछ भनी स्वीकारगरी नमस्कार गरी फर्के।



Downloaded from http://dhamma.digital/

# रिसै रिसले प्रचार भएको

एक दिन मध्यरातमा म आफनो निसीदासने आँखा चिम्लेर आफनो आफनो कर्तव्य पालना गरी रहें। आफ्नो र्काय समाप्त गरेर आँखा उघारी हेर्दा लाल्टिन बत्ती सानो पारेर अगाडि राखेर मलाई टुलुटुलु हेरेर बस्यो। मैले "यो को हँ ?" भन्दा उसले "म डाक्टर" भन्यो।

मैले "ओहो डाक्टर बाबु ! यस्तो अर्धरात्रीमा किन पाल्नु भएको, किन उज्यालो हुन पनि भ्याएन र।"

डा. "भन्ते ! हजूरको उपदेशले 'मेरो दृष्टि बदलियो, कर्मफलको कुरा अति विश्वास भयो।" यहाँ पहिले म रोगीहरूको विधाता नै ठानेर बसें। म पनि आखिरमा प्राणीहरू त्यही मध्ये एक हूँ। तिनीहरूलाई जस्तै मलाई पनि हुँदैन भन्न सक्दिनँ। डाक्टर भन्नेहरूत केवल कर्मानुसार फल दिने हेतु मात्रै हुन्, अब मैले बुझें भन्ते ! अब मैले के गर्नु पर्‍यो ? भन्ते ! मलाई मार्ग दर्शन गराउनुहोस्।

मैले "डाक्टर बाबु ! तपाईंको प्रार्थनामा श्रद्धाको संकेत देखा पर्‍यो। बताउनेले बताउने कुरालाई बुझेर लिने विचारलाई धन्यवाद ! अब म बताउँछु, मैले भनेका सम्पूर्ण कुरा "पूर्ण गर्न सकून्" हिम्मत गर्ने, तर पूर्ण गर्न गाह्रो भयो भनेर नछोडनू, सके सम्म पूरा गर्नू। जस्तो कि-डाक्टरको काम, बैद्यको काम, झार फुकेको काम यो काम सानो काम होइन, महत्वपूर्ण कामहरू हुन्छ। त्यस्ता दिव्य शक्ति कामलाई लोकजनहरूले पेशाको रूपमा लिएका छन्। लोकमा जीवन यापन आवश्यक छ। जीवन यापन गर्नको लागि निर्दोषी कुनै एक इलम गरी जीवन यापन गर्ने, रोगीलाई निःशुल्क सेवा गर्ने ! निःशुल्क सेवा गरेमा दिव्य शक्तिले बास गर्छ। एक दृष्टान्त विचार गर्नुहोस् - मध्यदेशमा कतै कसैलाई सर्पले डंस्दा मर्‍यो भने त्यसलाई उपाय गर्ने बैद्यले केही पनि ग्रहण गर्दैन। कुनै पदार्थ वा दान दक्षिणा लियो भने त्यो बैद्यको मन्त्रसिद्धि नष्ट हुन्छ। त्यसरी नै भगवान् बुद्धको श्रावक भिक्षु संघहरूले पनि परित्राण गर्नु हुँदा पनि त्यसरी नै ब्रम्हचर्य, शाकाहारी, अपरिग्राही यी तीनवटा नियम पालना गरी रहेको भिक्षुले परित्राण पाठ गर्नुभयो भने मृत्यु हुनु पर्ने मृत्यु हुन्छन् तर कष्ट नभइकन निदाएको जस्तो गरी मृत्यु हुन्छन्। कर्मफल एउटा काटिंदैन। अरू भूत, प्रेत, पिशाच, बोक्सी, डांकिनी आदि अशुभ तत्वहरू भित्रीएको भए सबै शान्त भएर जान्छन्।



Downloaded from http://dhamma.digital/

अंगुलीमाल सुत्र पनि यसरी नै प्रसुतिहरूको अवस्थालाई अति नै उपकार हुन्छ। यसको लागि डाक्टर बाबु! उपकारको काम सबै पेशाअनुसार गर्‍यो भने त्यो उपकारी होइन, अनुपकारी हुन गयो भने त्यसले आफनो कर्म शुभ हुन्छ भन्न सकिनँ। यदि उपकारी नै हुने हो भने निःशुल्क अनुसार गर्ने यस दिव्य शक्ति युक्त परोपकार गरेको पुण्यले आफू पनि जन्मजन्मान्तरसम्म निरोगी हुन सक्छ। यदि भूलचूकले भएको पापको फलले रोग कष्ट हुन गयो भने तुरुन्त उपकार गरी दिने कल्याण मित्र प्राप्त हुन्छ। डाक्टर बाबु! आफूलाई सुखी हुन मनपर्छ भने, निरोगी बन्न मनपर्छ भने, उपकार प्राप्त गर्न मनपर्छ भने प्राणीहरूलाई करुणा राखेर, परोपकार गरी हिड्नु नै हो भन्नें पेशा अनुसार नगरीकन परोपकारी भएर धार्मिक भयो भने जन्मजन्मान्तरसम्म उत्तरोत्तर बृद्धि भएर अन्तिममा जन्म मरणको चक्रबाट मुक्त हुन चाहन्छ भने मुक्त पनि हुन्छ। यदि मुक्तिको आशा नगरी परोपकारको ध्येय लिएर पुण्य गर्दै गयौं भने लोकमा मान्यवर भएर स्वर्गका देवेन्द्र तुल्य हुन सक्छ।

डा. "भन्ते! मैले यो नियम पालना गर्ने भएँ, मलाई आजदेखिनै हजूरको अन्तेवासी(शिष्य) सम्झिनुहोस्। अब मलाई भगवान् बुद्धको शिक्षा पनि प्रदान गर्नुहोस्। म आजदेखि बौद्धोपासक भएर भगवान् बुद्धको धर्म र संघको शरणमा गएँ।"

त्यहाँ त्यो डाक्टरलाई पञ्चशील सहित आनापान भावनाको दीक्षा दिएर त्यही डाक्टरबाट त्यहाँ धर्म प्रचार गरें। भगवान् बुद्धको धर्म प्रचार हुँदै गएपछि त्यहाँ बजारका बंगालीहरूले भने कि "फलाना डाक्टर बुद्ध धर्ममा लाग्यो तसर्थ त्यो डाक्टरका शाखा सन्तानहरूलाई कोही कसैले चलाउन पाउँदैन। बुद्धिष्टहरूले जातपातको वास्ता गर्दैनन्, गाई र सुंगुरको मासु खाने अत्याचारीहरूको धर्म मानेको हुनाले।"

त्यहाँ डाक्टरका छोराहरू बाबुकहाँ रुन गए "पिताज्यू! याो हामीलाई तपाईंले के गर्नु भएको? लोकजनहरूले तपाईंलाई अनेक प्रकारले निन्दा गरी हामीलाई कोही पनि बंगालीले समाजमा स्थान दिएन, अब हामीले यो लोकमा कुन प्रकारले व्यवहार गरी बस्ने हो? कि तपाईं त्यो धर्म छोडेर समाजमा प्रायश्चित्त गरी आफनो सनातन धर्म मान्नु पर्‍यो, कि सबै शाखा सन्तानलाई मार्नु पर्‍यो, लौ के गर्ने विचार छ?

डाक्टर जुरूक्क उठेर मकहाँ आएर छोराहरूले भनेको सबै कुरा बतायो। मैले भनें "डाक्टर बाबु! तपाईं फसादमा पर्नु भयो, अब



Downloaded from http://dhamma.digital/

तपाईंको के विचार छ ? धर्म त्याग गर्ने कि व्यवहार ?"

डा. "भन्ते ! म व्यवहार त्याग गर्छु बरू धर्म त्याग गर्ने इच्छा छैन । तर यी केटाकेटीहरूलाई के गर्ने ? त्यतिकै कराउन आउँछन्, रुन आउँछन मैले तिनीहरूलाई के भनूँ ।

मैले "डाक्टर बाबु ! बौद्धहरूले गाई र सुँगुरको मासु खान्छन् भनेर तपाईका छोराहरूले जातले बाहेक गर्छ भने तपाईंलाई नै म सोध्छु कि तपाईंको गुरुले त्यस्तो खाएको तपाईंले देख्नु भएको छ ?"

डा. "मेरा गुरुले त त्यस्ता मांसाहारीको कुरा छोडौं अन्न समेत खानु हुन्न, सिर्फ ध्यूमा भुटेको आलु एउटाको भरमा दिनभर नै उपदेश दिइ रहनु हुन्छ ।"

मैले "त्यसो भए छोराहरूलाई जातबाट बाहेक गर्नेहरूलाई यही नै भन्न जाऊ ।"

डाक्टर त्यहाँबाट एक महाजनकहाँ गयो । ती महाजन त्यस बजारभर मध्येमा एक श्रेष्ठ महाजन थिए । सबै व्यापारीहरूका अर्थ सहायक पनि त्यही महाजन थिए । फेरि धर्म, अनेक प्रकारको मतमतान्तरका महात्माहरूसँग सत्संग गरी सकेका रहेछन् । त्यस महाजनकहाँ गएर भन्यो "महाजन साहेब, मेरो एउटा निवेदन सुन्ने फुर्सद लिनु हुन्छ भने साह्रै उपकार हुन्थ्यो ।"

महाजनले "अहो डाक्टर बाबु ! मकहाँ त व्यापारीहरू मात्र सम्बन्ध राख्न आउँछन्, तपाईं व्यापारी हुनुहुन्न, किन के भन्न चाहनु हुन्छ भन्नुहोस् भन्दै पूजाकोठीबाट निस्केर कुशको सुकुल ओछ्याएर बसे । डाक्टरले आफनो सम्पूर्ण वृतान्त बताए, यसमा मलाई आपद् आइपरेको छ महाजन ! यसमा तपाईंले सहायता गर्नुहुन्छ कि भन्ने आशाले तपाईंको शरणमा आएँ ।"

महाजनले "ओहो धन्य, धन्य डाक्टर बाबु ! तपाईंको गुरुको कुरा सुनेर मलाई पनि एकपल्ट भेट्ने इच्छा भयो, उहाँ कहाँ हुनुहुन्छ ?"

डा. "स्कूलमा बसी रहनु भएको छ ।"

महाजनले "लौ, तिमीहरू दुई जना गएर स्कूलमा बसी रहनु भएका भन्ते भन्ने महात्मालाई एकपल्ट बोलाएर ल्याऊ, म पनि एकपल्ट दर्शन गर्छु ।" भन्दै दुईजना मान्छेलाई बोलाउन पठाए । ती दुईजना स्कूलमा पुगेर सोधे "यहाँ भन्ते भन्ने महात्मा कहाँ बस्नुहुन्छ ?"

उपासकहरूले भने "माथि हुनुहुन्छ, आऊ भनेर माथि लिएर गयो"



Downloaded from http://dhamma.digital/

उहाँ नै भन्ते भन्ने महात्मा" भनी देखाइदियो। तिनीहरूले हेरे झुत्रे कपडाको पोका जस्तो देखिने महात्मा यस्ता पनि महात्मा हुन्छ र ?" सोचेर अनुहारको रंग उडाई, आदर मान केही नराखी "महात्माजी ! हजूरलाई हाम्रा महाजनले एक पल्ट पाल्नुहोस्" भन्नु भएको छ।

त्यहाँ बसी रहेकाहरूले भने "को महाजन हो त्यो हाम्रो भन्तेलाई आदर गौरब केही नराखी डाक्न पठाउने ? के पुरानो कपडा लाउँदैमा हेप्ने हो ? त्यही महाजन आएर निमन्त्रणा गर्न आउनुपर्छ, यसरी आदर गर्न नसक्नेलाई पठाउँदा हामीले भन्तेजीलाई पठाउँदैनौं, जाऊ त्यही महाजन आएर निमन्त्रणा गर्छन्।

फर्केर गएर महाजनलाई कुरा सुनायो "हजूर ! त्यस्तो पनि महात्मा हुन्छ र ? हेर्न नै नहुने झुत्रे झाम्रे, फेरि त्यहाँ बस्ने मानिसहरू घमण्डी, हामीलाई यस्तो यस्तो भन्यो भनेर वृतान्त सुनाए। महाजनले विचार गरी हेर्‌यो "डाक्टरले यति विध्न ज्यान थापेर हिंड्यो, त्यो झुत्रे झाम्रे भन्यो, यो कसरी ? त्यसो होइन एकपल्ट भेटेर हेर्छु, कस्तो महात्मा होला यो ?" भन्दै ती मानिसहरूलाई बिदा दिएर पठाए।

महाजनले बजारको बीचमा सफा सुधर गराई आसन बनाई झिलिमिली बत्ती बाली ठीक पारी दुईजनालाई मेन्टोल बोकाएर स्कूलमा आएर सोधे "यहाँ भन्ते भन्ने महात्मा कहाँ पाल्नुभयो, खोइ ?"

उपासक "माथि हुनुहुन्छ, आउनुहोस् भन्दै लिएर गयो। मोटे महाजन स्यां स्यां गर्दै सकी नसकी माथि पुग्यो र भन्यो "लौ, महाशयहरू म आइ पुगें, महात्मालाई एकपल्ट दर्शन गरौं भनेर, हामीले तपाईंहरूलाई कस्तो आदर राख्नु पर्ने हो केही पनि थाहा छैन" भन्यो।

उपासकहरूले आफनो शासनलाई गौख गर्दै बताए "हेर्नुस, महाजन ! हाम्रा भन्तेलाई निमन्त्रण गर्न राजाले जस्तै सिपाही'पठाएर ल्याउनुहुन्न, मालिक नै आएर भन्तेलाई घुँडाले टेकी वन्दना गरेर मात्र आवश्यक कुराको बिन्ती गर्नुपर्छ" भन्यो। महाजनले सकी नसकी वन्दना गर्दै उपासकहरू संग सोध्यो "अच्छा महाशय ! उहाँले त्यस्तो झुत्रो बस्त्र लाउनु भएको किन ? नभएर हो कि, नियम नै त्यस्तो ?

उपासक "उहाँले त्यस्तो पुरानो थोत्रो कपडा लगाउनु भएको नभएर होइन, कसैले असल, राम्रो दिए लगाउनु हुन्न, यो कुरा पनि उँहालाई सोध्नु भएमा उहाँले बताउनु हुनेछ। विचार गरेर गर्न जान्ने रहेछन्, त्यसैले संक्षिप्त भए पुग्छ। कुरा बुझी हाल्यो।



Downloaded from http://dhamma.digital/

महाजनले अति मत्मतान्तर को कुरा थाहा पायेको ले जे कुरा पनि बिचार गरेर गर्न जान्ने रहेछन् त्यसैले संक्षिप्त भए पुग्छ। महाजनले भन्यो "भन्ते महात्माजी! हजूरलाई यदि तकलिफ नभएमा हाम्रो बजारमा एकपल्ट सम्पूर्ण नागरिकहरूलाई दर्शन दिनु भयो भने मेरो इच्छा पूर्ण हुन्छ।"

मैले उपासकतिर हेरें उपासकहरू पनि जान तयार भए। उपासकहरू साथमा महाजन सँगै बाजरमा गएँ। बजारमा ओछयाइ राखेको आसनमा बसे। कतिले सोडा पानी खुवायो, कतिले पंखा हम्काएर नर नारीहरू बस्न मिल्ने ठाउमा बसेर हेरी रहे सजायेर राखेको आसनमा थोत्रे कपडा राखेको जस्तै म मात्रै बसी रहें। महाजनले मसँग प्रार्थना गर्‍यो "महात्माजी! केही उपदेश दिनुहोस् न।"

मैले भनें "मलाई उपदेश गर्न आउँदैन, तपाईंलाई केही सोध्नु छ भने सोध्नुहोस्, मैले जानेको जस्तो जवाफ दिन्छु।"

महाजनको मनमा अति नै दुविधा भइरहेको थियो, त्यही प्रश्न सोधे।

महात्माजी! म कुनै धार्मिक विषयमा प्रश्न गर्दिन, मेरो मनमा एउटा यस्तो दुविधा उठी रहेको छ कि त्यो मेरो उब्जिरहेको दुविधा कसैले पनि सुविधा गरी दिएनन्, त्यही दुविधा भइरहेको सोध्न लागें, त्यो यही हो "अन्डज प्राणीहरू फुलबाट जन्म भयो, त्यही प्राणी निस्केको फुलमा कति गुम्सिएर बस्यो होला, त्यति नै गुम्सेको ठाउँमा त्यो प्राणीलाई राखेर बन्द गरी दिएमा त्यो प्राणी बच्ला?

"बच्दैन।"

"किन नबच्ने हो भने फुलबाट कसरी बचेर निस्क्यो?"

मैले "महाजन बाबु! यो तपाईंले अत्यन्त जटिल प्रश्न गर्नु भयो, संसारमा यस्तो प्रश्न गर्ने कोही पनि छैन। अब म यो प्रश्नको जवाफ दिन्छु, यसको जवाफ स्पष्ट रूपले कसैले बुझ्दैनन्, तपाईं एक्लैले मात्र बुझ्नु हुन्छ कि?"

महाजन "महात्माजी! मलाई चाहेर नै तपाईंलाई दुःख दिएको हुँ, मैले बुझे पुग्छ, अरूले बुझे बुझोस् नबुझे नबुझोस्।"

"त्यसो भए सुन्नुहोस,मनमा राम्ररी विचार पनि गर्नुहोस।" ठूलो कारखानामा घडी बनायो। त्यो घडी बनाउनेले पुर्जा बनाउन ढाले, फलामको त्वकलमा राखेर पिटे, टकमा राखेर छापे, करौंतीले ताछे,



Downloaded from http://dhamma.digital/

अनेक प्रकारले गर्नु पर्ने काम गरेर पुर्जा जोडयो, कहाँ, के राख्नु पर्ने हो राखेर दम दिंदा घडी चल्यो। त्यो चली रकेको घडीलाई फेरी पिटेर, पोलेर, ताछ्र्यो भने फेरि त्यो घडी चल्छ त ?"

"चल्दैन"

मैले सोधें "किन चल्दैन ? जुन काम गरेर त्यो घडी बनाएपछि, त्यही काम फेरि गर्दा किन विग्रिन्छ।"

महाजनले भन्यो "अब बुझें महात्माजी ! घडी जस्तै तयारी नभएसम्म गुम्सेको ठाउँमा बसेर तयारी हुनासाथ जस्तै बच्चा ओथारो बसेको फुलको बोका फुट्यो, त्यो फुलको बोक्रा फुटेको ठाउँबाट हावा पस्यो, बच्चाले श्वास फेर्‍यो, श्वासले बच्चा फुल्यो, फुलेकोले फुलको बोक्रा फुटेर बच्चा पैदा भयो। तयारी भइ सकेको प्राणी फेरि त्यस्तै ठाउँमा बस्न सक्दैन बुझें, सफासँग बुझें, स्पष्ट हुनेगरी बुंझे, म कृतार्थ भएँ, धन्य, धन्य ! यो कुरा मैले कतिलाई सोधी सकें, कसैले पनि यति प्रष्ट हुने गरी जवाफ दिएनन्। तिनीहरूले भनें यति नै हो" त्यो कुरा कुनै पनि ग्रन्थमा छैन, त्यस कुराको जवाफ पनि हुँदैन भन्थ्यो, आज म सन्तोष भएँ धन्य !

त्यहाँ महाजनसँगै बसी रहेको एकजनाले महााजनलाई घरिघरि "अर्को पनि सोध्नुहोस्" भन्न थाल्यो। महाजनले भन्यो "तिमीहरूलाई चाहिने कुरा तिमीहरूले नै सोध, म त उहाँलाई दुःख दिन्न। मलाई चाहिने कुरा मैले सोधी हालें, मलाई पुग्यो, तिमीहरूलाई चाहिने तिमीहरू नै सोध। धर्मको कुरा सुन्नु पर्ने जति सुनी सकें, भन्न मात्र नसकेको हो। मेरो दुविधालाई सुविधा भयो, अब म उहाँलाई दुःख दिन्न।

त्यही जोशमा महाजन जुरुक्क उठेर दुइटै हात माथि उठाएर जनताहरूलाई सुनायो" भो बजारबासी दाजुभाई, दिदी बहिनी एकपल्ट शान्ति पूर्वक मेरो कुरा सुन्नुहोस्" जुन महात्माको शिष्य भयो भनेर हामीले त्यो डाक्टरका सन्तानहरूलाई समेत जातबाट वाहेक गरेको त्यो हाम्रो भूल हो। किनभने हामीले सम्झ्यौ बुद्धिष्टले गाई र सुँगुरको मासु खान्छ भनी निन्दा गरी डाक्टरका सन्तानहरूलाई समेत जातबाट बाहेक गर्‍यौं। त्यो डाक्टरको गुरु उहाँ झुत्रे झाम्रे हुन्। जुन महात्माले अन्न नै खाँदैन केवल आलु आहारले बाँची रहेका, राम्रा वस्त्र त्यागेर झुत्रे कपडा ओढी रहेका उहाँलाई मैले एउटा प्रश्न गर्दैमा मैले चिनें, डाक्टरको सन्तानलाई हामीले हेला गर्नु उहाँलाई हेला गर्नु सरह हुन्छ,



Downloaded from http://dhamma.digital/

महाजनले अति मतमतान्तर को कुरा थाहा पायेको ले जे कुरा पनि बिचार गरेर गर्न जान्ने रहेछन् त्यसैले संक्षिप्त भए पुग्छ। महाजनले भन्यो "भन्ते महात्माजी ! हजूरलाई यदि तकलिफ नभएमा हाम्रो बजारमा एकपल्ट सम्पूर्ण नागरिकहरूलाई दर्शन दिनु भयो भने मेरो इच्छा पूर्ण हुन्छ।"

मैले उपासकतिर हेरें उपासकहरू पनि जान तयार भए। उपासकहरू साथमा महाजन सँगै बाजरमा गएँ। बजारमा ओछ्याइ राखेको आसनमा बसे। कतिले सोडा पानी खुवायो, कतिले पंखा हम्काएर नर नारीहरू बस्न मिल्ने ठाउमा बसेर हेरी रहे सजायेर राखेको आसनमा थोत्रे कपडा राखेको जस्तै म मात्रै बसी रहें। महाजनले मसँग प्रार्थना गर्‍यो "महात्माजी ! केही उपदेश दिनुहोस् न।"

मैले भनें "मलाई उपदेश गर्न आउँदैन, तपाईंलाई केही सोध्नु छ भने सोध्नुहोस्, मैले जानेको जस्तो जवाफ दिन्छु।"

महाजनको मनमा अति नै दुविधा भइरहेको थियो, त्यही प्रश्न सोधे।

महात्माजी ! म कुनै धार्मिक विषयमा प्रश्न गर्दिन, मेरो मनमा एउटा यस्तो दुविधा उठी रहेको छ कि त्यो मेरो उब्जिरहेको दुविधा कसैले पनि सुविधा गरी दिएनन्, त्यही दुविधा भइरहेको सोध्न लागें, त्यो यही हो "अन्डज प्राणीहरू फुलबाट जन्म भयो, त्यही प्राणी निस्केको फुलमा कति गुम्सिएर बस्यो होला, त्यति नै गुम्सेको ठाउँमा त्यो प्राणीलाई राखेर बन्द गरी दिएमा त्यो प्राणी बच्ला ?

"बच्दैन।"

"किन नबच्ने हो भने फुलबाट कसरी बचेर निस्क्यो ?"

मैले "महाजन बाबु ! यो तपाईंले अत्यन्त जटिल प्रश्न गर्नु भयो, संसारमा यस्तो प्रश्न गर्ने कोही पनि छैन। अब म यो प्रश्नको जवाफ दिन्छु, यसको जवाफ स्पष्ट रूपले कसैले बुझ्दैनन्, तपाईं एक्लैले मात्र बुझ्नु हुन्छ कि ?"

महाजन "महात्माजी ! मलाई चाहेर नै तपाईंलाई दुःख दिएको हुँ, मैले बुझे पुग्छ, अरूले बुझे बुझोस् नबुझे नबुझोस्।"

"त्यसो भए सुन्नुहोस,मनमा राम्ररी विचार पनि गर्नुहोस।" ठूलो कारखानामा घडी बनायो। त्यो घडी बनाउनेले पुर्जा बनाउन ढाले, फलामको त्वकलमा राखेर पिटे, टकमा राखेर छापे, करौंतीले ताछे,



Downloaded from http://dhamma.digital/

अनेक प्रकारले गर्नु पर्ने काम गरेर पुर्जा जोडयो, कहाँ, के राख्नु पर्ने हो राखेर दम दिंदा घडी चल्यो। त्यो चली रकेको घडीलाई फेरी पिटेर, पोलेर, ताछ्‌यो भने फेरि त्यो घडी चल्छ त ?"

"चल्दैन"

मैले सोधें "किन चल्दैन ? जुन काम गरेर त्यो घडी बनाएपछि, त्यही काम फेरि गर्दा किन विग्रिन्छ।"

महाजनले भन्यो "अब बुझें महात्माजी ! घडी जस्तै तयारी नभएसम्म गुम्सेको ठाउँमा बसेर तयारी हुनासाथ जस्तै बच्चा ओथारो बसेको फुलको बोक्रा फुट्यो, त्यो फुलको बोक्रा फुटेको ठाउँबाट हावा पस्यो, बच्चाले श्वास फेर्‍यो, श्वासले बच्चा फुल्यो, फुलेकोले फुलको बोक्रा फुटेर बच्चा पैदा भयो। तयारी भइ सकेको प्राणी फेरि त्यस्तै ठाउँमा बस्न सक्दैन बुझें, सफासँग बुझें, स्पष्ट हुनेगरी बुझे, म कृतार्थ भएँ, धन्य, धन्य ! यो कुरा मैले कतिलाई सोधी सकें, कसैले पनि यति प्रष्ट हुने गरी जवाफ दिएनन्। तिनीहरूले भनें यति नै हो" त्यो कुरा कुनै पनि ग्रन्थमा छैन, त्यस कुराको जवाफ पनि हुँदैन भन्थ्यो, आज म सन्तोष भएँ धन्य !

त्यहाँ महाजनसँगै बसी रहेको एकजनाले महााजनलाई घरिघरि "अर्को पनि सोध्नुहोस्" भन्न थाल्यो। महाजनले भन्यो "तिमीहरूलाई चाहिने कुरा तिमीहरूले नै सोध, म त उहाँलाई दुःख दिन्न। मलाई चाहिने कुरा मैले सोधी हालें, मलाई पुग्यो, तिमीहरूलाई चाहिने तिमीहरू नै सोध। धर्मको कुरा सुन्नु पर्ने जति सुनी सकें, भन्न मात्र नसकेको हो। मेरो दुविधालाई सुविधा भयो, अब म उहाँलाई दुःख दिन्न।

त्यही जोशमा महाजन जुरुक्क उठेर दुइटै हात माथि उठाएर जनताहरूलाई सुनायो" भो बजारबासी दाजुभाई, दिदी बहिनी एकपल्ट शान्ति पूर्वक मेरो कुरा सुन्नुहोस्" जुन महात्माको शिष्य भयो भनेर हामीले त्यो डाक्टरका सन्तानहरूलाई समेत जातबाट वाहेक गरेको त्यो हाम्रो भूल हो। किनभने हामीले सम्झ्यौ बुद्धिष्टले गाई र सुँगुरको मासु खान्छ भनी निन्दा गरी डाक्टरका सन्तानहरूलाई समेत जातबाट बाहेक गर्‍यौं। त्यो डाक्टरको गुरु उहाँ झुत्रे झाम्रे हुन्। जुन महात्माले अन्न नै खाँदैन केवल आलु आहारले बाँची रहेका, राम्रा वस्त्र त्यागेर झुत्रे कपडा ओढी रहेका उहाँलाई मैले एउटा प्रश्न गर्दैमा मैले चिनें, डाक्टरको सन्तानलाई हामीले हेला गर्नु उहाँलाई हेला गर्नु सरह हुन्छ,



Downloaded from http://dhamma.digital/

थाहै नपाइकन हेला गरेको दोषलाई क्षमा गरी दिनु होस् गुरु भन्दै बन्दना गर्दै क्षमा माग्यो । डाक्टरका सन्तानहरूले पनि अनुहार उज्यालो पारेर तिनीहरूले पनि त्यही नतमष्तक भएर वन्दना गरे । मेन्टोल दुईटा बालेर मलाई स्कूलमा पुर्‍याउन आायो । स्कूलमा पुर्‍याएर वन्दना गरेर तिनीहरू सबै फर्के ।

तत्पश्चात् हेर्न आउने, कुरा सोध्न आउने, छलफल गर्न आउनेहरू निरन्तर आउन थाले । हिन्दु, साधु, सन्यासी, जटाधारी फकिरी, व्राम्हणादि अनेक प्रकारका आइ रहे, गइरहे । बिहान प्रातकालदेखि बेलुका प्रथम प्रहरको अन्तरसम्मद दर्शकहरू आई नै रहे । त्यही स्थानीय स्कूलको आसपासमा बस्ने बौद्धहरू आश्चर्य मानी रहे "त्यहाँ स्कूलमा के छ ? धेरै मानिसहरू हेर्न आइरहेका छन् भनी सोधिरहे । स्कूलबाट बाहिर निस्कनेहरूले "स्कूलमा एकजना भन्ते पाल्नु भएको छ, उहाँ नै हेर्न आएको, भगवान् बुद्धको धर्म उपदेश गर्ने, हिन्दूमार्गीलाई दिन्दू धर्मको कुरा पनि बताउने, कुरा बताउने राम्रो छ त्यसैले धेरै मानिसहरू आएको" भने ।

ती बौद्धहरूमा परस्पर कुरा भयो "हामीकहाँ एक भगवान् बुद्धका श्रावक संघ पाल्नु भएको छ, अरू कहाँकहाँ देखिनका दर्शकहरू आएर दर्शन गरेर गए, हामीहरू खास बौद्ध भएर पनि हामीहरू नजाने ? यो त अन्याय नै भयो । कसैले भोजन लिएर आएको भने देख्दिन, के खाएर बस्यो ? जाऊँ हामी पनि एकपल्ट हेर्न जाऔं ।"

अरूले भन्ने "हुन्छ, जस जसलाई जान मन छ जाऊँ । भन्तेले भन्नु हुन्थ्यो भन्ते जस्तो छैन हामीहरू, भन्तेहरूले जस्तो भोजन गर्ने पनि होइन, सिर्फ ध्यूमा भुटेको आलु एक छाक खान्छन्, अरू केही खाँदैनन्, त्यस्तो पनि भन्ते हुन्छ र ?

प्रथम उपासकले भन्यो "जसले जे भने पनि आफ्नो घरका परिवारलाई भन्यो "ए बच्चाहरू ! लौ म अफिस जान लागें, तिमीहरू त्यहाँ स्कूलमा पाल्नु भएका भन्तेलाई अलि कति फलफुल लगी देऊ अर्को माछा मासु केही पनि खाँदैन रे फलफुल अलि गतिलो लगी देऊ है" भनेर उहाँ आफनो काममा जानुभयो ।

घरका केटीहरू "भन्तेकहाँ जाने" भन्दै खुशी हुँदै राम्राराम्रा वस्त्र लगाएर लाली पाउडर, लिपिष्टिक आदि श्रृगार गरी नोकरहरूलाई राम्राराम्रा ढकीमा असल खालका फलफुल राखेर बोक्न लगाई विहारमा



Downloaded from http://dhamma.digital/

आए। विहारमा आउँदा उनीहरूको श्रृंगारले विहार नै मगमगाउँदो भयो। विहार भित्र ढोकामा उभिएर मलाई हेर्दै सोधे "खोइ, यहाँ एकजना भन्ते पाल्नु भएके छ भनेको?"

"ऊ त्यही हो। अगाडि नै वसी रहने भनेर देखायो।

म झुत्रे झाम्रे देखेर मुख अमिलो पार्दै "यो फलफुल अलिकति उहाँलाई चढाइ दिनु है।" भनेर भित्रै नआइकन त्यहींबाट फर्के। पहिले मैले राम्ररी चीवर लगाउँदा बडा बडा उपासकउपासिकाहरूले सुन्दर बस्त्र पहिरेर दर्शन गर्न आउँथे, अगाडि बसेर धर्मको वारेमा छलफल गर्थे। अहिले साँच्चैको चीवर शुद्ध बस्त्र धारण गरेर बस्दा अगाडिसम्म परेनन्। लोकजनहरू सँग सम्बन्ध नभइकन एक्लै अलग्ग बसेर लोकोत्तर भावना गर्ने इच्छा भएकोलाई एक्लै बसाउने उपाय यही हो" भन्ने विचार उठ्यो। नत्र स्वाङ पार्ने कोही पनि आएर केही अलिकति चढाएर साथीहरूको अगाडि ठूलो मान्छे जस्तो बनी स्वाङ पारी कुरागरी रहन्छन्। अहिले पासंकूल वस्त्र धारण गरेपछि त्यस्तो सबै हावाले उडाएर लग्यो। साँच्चै नै ज्ञान खोजी रहने झुत्रो त किन नाङ्गो लंगौटी नलगाइ वसी रहे पनि ज्ञानका प्यासीहरू आइ नै रहन्छन्" भन्ने कल्पना भइरहयो।

## संघलाई नसुहाउने बस्त्र

क्रमशः एक महिना बित्यो, स्कूल माष्टरका ज्येष्ठ पुत्रको प्रवज्या कार्यक्रम प्रारम्भ भयो। विभिन्न ठाउँवाट बडा विद्वान् भन्तेहरूलाई निमन्त्रणा गरेर स्कूलमा विहार जस्तै भन्तेहरू शोभायमान् भएर बस्नु भएका थिए। भन्तेहरू एक एक दामीदामी चम्किने चीवर वस्त्र लगाएर क्रमबद्ध रूपमा वसी रहेका थिए। म भने झुत्रेझाम्रे भएकोले अति नै सुहाएन। सम्पूर्ण भन्तेहरूको आँखा ममाथि पडिरहेको थियो। झुत्रेझाम्रे भिक्षुले गर्दा चीवरले सजिसजाउ भएर आएकाहरू सबै मलिन बन्न पुगेकोले ती भन्तेहरूलाई साह्रै नै नमज्जा भयो। ज्येष्ठहरूलाई मैले वन्दना गर्न नमिल्ने होइन कनिष्ठ भिक्षुहरू सज्जिएर आएका हुनाले साह्रै अपठ्यारो भयो। कतिले त नदेखेको जस्तो गरी बसे, कतिले त मन नलगाई नलगाई वन्दना गरे, कोही अनुहार हेरेर वन्दना नगरी त्यत्तिकै बसे।

उहाँहरूलाई थाहा थियो "पसंकुलि भिक्षु यति उत्तम हुन्छ" भन्ने,



Downloaded from http://dhamma.digital/

थाहा भए पनि मनमा अभिमान गरी अभिवादन गर्नु पर्नेलाई अभिवादन नगरी टुलुटुलु हेरेर मात्र बसे ।

गृहस्थीहरूको भीड हुन्जेल गमक्क परेर बस्यो, गृहस्थीहरू सबै गइ सकेपछि एकजना भन्ते मेरो नजिकै आएर "आयुष्मान् ! धन्य धन्य हजूरको धूतंशील, संसारमा जो सुकै होस्, राम्रो हुँदाहुँदै नराम्रो बस्त्र कसैले पनि लाउने इच्छ्या गर्दैनन्, हजूरले यस्तो थोत्रो कपडा लगाउनु भएर आफूले आफैलाई विजय हासिल गर्नुभयो धन्य ! हजूरको शील देखेर मलाई अति नै श्रद्धा उत्पन्न भयो, हजूरलाई दिएको दान पूण्यले म पनि यसरी नै पासंस्कूल धारण गर्न सकूँ । यहाँ यस कार्यक्रम भरी यो चीवर धारण गर्नुहोस् "भन्दै राम्रो एकजोर चीवर मलाई दान दियो । मैले पनि नाईं नभनीकन हात थापेर लिएँ । उहाँ उठेर जानु भएपछि त्यो चीवा प्रवजित हुनेलाई दान दिएँ, अरू भन्तेहरू जिल्ल पर्दै हेरी रहेका थिए । कार्यक्रम समाप्त भएपछि सबै भन्तेहरू आ-आफ्नो स्थानमा फर्किनु भयो । म पनि त्यहाँबाट बिदा लिएर चरिका यात्रामा गएँ ।

## चरिकाको भ्रमण

समुद्रको किनारै किनार भ्रमण गर्दै जाँदा 'छान्दो फया' भन्ने ठाउँमा पुगे । यो पनि एक तीर्थ स्थान हो । भगवान् बुद्धको केश धातु लिएर आएका वर्माका त्रपुसभद्रिका भन्ने व्यापारी वास बसेको ठाउँ हो । त्यस ठाउँमा बास बस्दा नागराजले भगवान्को केश धातु चोर्‍यो । पछि त्रपुसभद्रिका साह्रै नै चित्त दुखाई रुँदा नागराजालाई करुणा उठेर आफूलाई एउटा राखी दुईटा फिर्ता गर्‍यो भन्ने उक्ति छ । त्यहीं नै यताउती डुलेर हेर्दा समुद्रको किनारमा विशाल ढंगाहरू थुप्रै थिए, कहीं कतै साना जङ्गल पनि छन्, बीच बीचमा बालुवा चोक जस्तै देखिने, अत्यन्त नै आनन्दको स्थान, न कोही मनुष्य नै आउँछन्, न जन्तु नै छ, किसिम किसिमको बुट्टा भएका राम्राराम्रा पुतलीहरू उडी रहेकोले मन नै आनन्द भइरहेथ्यो । बालुवामा किसिम किसिमका बुट्टादार ढुङ्गाहरू छर्पष्ट थिए, फेरि अति नै राम्रा, अनेक प्रकार र आकारका चित्र विचित्र बर्णको बुट्टा भएको शंख, जुन आफनै तालले अघिबढी रहेको कति राम्रो, बयान गरेर साध्य नै छैन । त्यहाँ पनि शंखका शत्रु छन् । कस्ता भने जल भँमरा जस्तै कीरा, त्यसले शंखलाई टोकेर मार्छन, शंखभित्रको प्राणी खाएर, शंखको खोल घर बनाएर बस्ने गर्छन् । कीरा बाँकी भएको



Downloaded from http://dhamma.digital/

शंख चिप्लेकीरा जस्तै विस्तारै अघि बढ्छ, अर्को कीरा बसी सकेको शंख मात्र खुरु खुरु चलेर बढ्छन् । शंख त्यही हो तर भित्र अर्कै कीरा बसी सकेको शंखमात्र ले शंखको चाल अर्कै भयो । त्यो देखेर मेरो मन दुख्यो किन भने आफ्नो मातृभूमि नेपालमा पनि बुद्धमार्गी भइरहेका सबैको जात र नाम बौद्धमार्गी नै भइरहयो । ती बुद्धमार्गीहरूको मनमा अर्को धर्मको सोचले अव तिनीहरूको चाल नै अर्कै भइसक्यो बुद्धमार्गीहरूको धर्मको मूल नै प्राणीहरूलाई करुणा राख्नु, त्यसको फल शान्ति पद प्राप्त गर्नु हो । अहिलेका बुद्धमार्गी भन्नेहरू प्राणीलाई करुणाले घाँटी रेट्ने त्यसको फल भ्रान्तिको खाडलमा जाकिनु हो । उल्टो सुल्टो भने जस्तै फरक भएको कुरा सम्भिंदा चित्त दुखेर आँखाबाट आँशु झर्‍यो । मनमा विचार उठ्यो "चित्त दुखाएर के गर्ने ? काग कराई रहन्छ पिना सुक्तै गर्छ' भनेको जस्तै यहाँ बसेर रोएर के गर्ने ? त्यतिसम्म तिमीलाई मातृभूमिको माया छ भने कर्तव्य परायण होऊ, म नगरी छोड्दिनँ भन्ने प्रतिज्ञा गर, प्रतिज्ञा पूर्ण गर्नलाई, व्रत परायण होऊ, अनि मात्र तिम्रो आँखामा आँसु आएको नभए पनि होइन भने देखावटी धर्म मात्र देखाएर के गर्ने ? त्यहाँ मैले प्रतिज्ञा गरें "म चाँडै नै ज्ञान प्राप्ति गर्छु, स्वदेशमा गएर बौद्ध धर्म सुधार गर्छु ।"

तत्पश्चात् चैतत्योम्योमा गएर आफनो विहारमा बसें ।

एक समय म 'म्योहाउं' भन्ने जङ्गलमा बसी रहँदा त्यहाँ दुईजना युवक साइकल चढेर आइपुगे । वन्दना गरेर "भन्ते ! हामी नाँज्या विहारबाट आएका हौं, नांज्या विहारका महास्थविर 'लेगिनागिन्दा' भन्तेले हजूरलाई आमन्त्रण गर्नु भएकोले त्यही सूचना हजूरलाई दिन आएका हौं ।"

"नांज्या भनेको कहाँ हो ? कहाँबाट जानुपर्ने ? बाटो कुन ?"

तिनीहरूले यहाँ यहाँ भनी बताएर गए । भोलिपल्ट शासनज्योति साथी लिएर गएँ । बीचबाटोमा बास पर्‍यो, हिन्दूहरूको पसलमा बास बसें । त्यहाँ आएका मुसलमानले मसँग एक दुइवटा प्रश्न गरे । ती मुसलमान बहश्रुत भएका व्यक्ति थिए । उनलाई मैले संप्रदायक सिद्धान्त नलिइकन कर्म प्रधानको सिद्धान्तको कुरा सुनाउँदा अत्यन्त प्रशन्न भए ।

मुसलमान् "भन्ते हजूर फर्किदा यही बाटो भएर फर्किनु होस् भनी अनुरोध गरे ।"

भोलिपल्ट त्यहाँबाट उठेर गएर सूर्यास्त समयमै नांज्या पुगें ।



Downloaded from http://dhamma.digital/

विहारमा पुगेर महास्थविरलाई वन्दना गरें। महास्थविरले सोध्नु भयो "तपाईहरू कहाँवाट आउनु भएको ?"

"भन्ते ! हामीहरू म्योहाउं वनमा वसी रहेका हौ।"

"म्योहाउंबाट आउनु भएको हो ? लौ, ठीक भयो" भन्दै मानिसहरू बोलाएर गाउँमा घोषणा गर्न पठाउनु भयो।

उहाँ महास्थविर अति नै रिस नराम्रो नामी विद्वान् भएकोले पाउँतोमा अभिधर्मको कुरा भएको रिपोर्ट त्यहाँ पुर्‍याई सकेको रहेछ, त्यही रिस फेर्नको लागि मलाई डाकेको रहेछ। उहाँले मलाई भन्नु भयो "आयुष्मान् ! हजूर एक भगवान् बुद्धको जन्मभूमिको, फेरी धूतंगधारी पनि हो, त्यसको लागि यहाँका उपासक उपासिकाहरू जम्मा भएर हजूरलाई निमन्त्रणा गरिएको हो। भोलि यहाँ सबै जम्मा हुन्छन, हजूरको उपदेश सुन्न।"

मैले भनें "भन्ते ! उपदेश गर्ने एकमा क्षमा गरी दिनुहोस्। मैले केही पढेको छैन, सिर्फ सुनेको भरमा आफूले सक्दो जङ्गलमा बसेर आचरण गरी रहेको हुँ, उपदेश गर्न जानेको छैन।"

"पाउंतोमा पनि के के भयो भन्ने सुनें हो ?"

"हो भन्ते ! यस्तो यस्तो भयो" भनेर त्यहाँ भएको सबै कुरा वताएँ"

"उहाँले नदेख्ने गरी खास्टोभित्र औंला ठडयाउनु भयो।

## नेपाली माग्नेको धर्म देशना

भोलिपल्ट नांज्या विहारमा सबै भेला भए, सकेसम्म राम्रो धर्मासन तयार गरियो र साँझ छ बजे महास्थविरले उपासक अध्यक्षलाई बोलाएर "नेपालको माग्नेलाई प्रार्थना गर" भन्यो।

अध्यक्षले मतिर हेरेर वन्दना गरी प्रार्थना गर्‍यो, मैले स्वीकार गरिनँ, अन्तमा महास्थविरले आज्ञा गर्नुभयो। महास्थविरको आज्ञा सुनेर म उठेर धर्मासन बस्न गएँ, त्यति राम्रो धर्मासनमा झुत्रे कपडाको पोको जस्तो नसुहाउने भयो। बसेर, याचकहरूलाई पञ्चशील प्रदान गरें। उपदेश नदिइकन भनें "श्रद्धालु उपासक उपासिकाहरू ! तपाईंहरू सबै मेरो उपदेश सुन्नको लागि भेला हुनुभयो, म उपदेश दिन योग्य छैन, म यहाँ शिक्षाकामी भएर आएको, उपदेश दिन जानेको छैन। सुनको खानीमा बसेकाहरूले माटोको गहना आशा गरेको जस्तै भयो तपाईहरू, त्यत्रा ठूला महास्थविर लेडिनागिन्दासहादो, हुँदा हुँदै म जस्ता केही



Downloaded from http://dhamma.digital/

थाह नभएका संग उपदेश सुन्ने इच्छा गर्नु सुहाउँदैन । उहाँसँग प्रार्थना गर्नुहोस्, म यति भनेर सिध्याउँछु, "यति भन्दै मैले आसन छोडेर उठें"

श्रोतागणहरूले महास्थविर सँग प्रार्थना गर्‍यो, महास्थविर आसनमा बस्नुभयो ।

उहाँले महास्थविरले भगवान्‌को उपदेशमा मिलाएर मेरो विषयमा सुनाउनु भयो । "भगवान् बुद्धले उपदेश गर्नु भएको धर्म तीन भाग "सूत्र, विनय, अभिधर्मको उपदेश गरेको छ, त्यही उपदेशलाई सिकेर जानेर मात्र मार्गफल प्राप्त हुने हो । त्यो त्रिपिटक मध्ये एउटै पिटक जसलाई थाहा छैन त्यही व्यक्ति अर्हन्त भयो भन्यो भने को पत्याउँछ ?" इत्यादि विषयलाई लिएर धेरै लामो उपदेश दिनुभयो ।

चैत्यम्यो भने शहरमा बस्दा खेरि एक पल्ट लोकमा मलाई'अर्हन्त' भनेर प्रपोगाण्डा फैलाएको थियो । त्यही निहुँ बनाएर पाउतोलमा अभिधर्मको कुरा भएको रिस फेर्नु भएको थियो ।

उहाँ महास्थविर आसनबाट उठ्नु भयो । उपासकहरूले मेरो अगाडि आएर भन्न थाले "भन्ते ! यो दोधारमा परेको कुरालाई निर्णय गरि दिनु पर्‍यो । कृपागरी फेरि एक पल्ट उपदेश गर्नु पर्ला, आउनुहोस् भन्ते ! धर्मासनमा बस्नुहोस् ।"

मेरो मनमा पर्‍यो "वहाँ महास्थविरलाई पाउतोको रिपोर्ट पुर्‍याइ सकेको छ आ-आफनो पार्टीमा लाग्ने संसारको स्वभाव नै हो, तैपनि आफ्नो विचार प्रकट गर्नु असल नै हुन्छ भनी उठेर धर्मासनमा बस्न पुगें ।

मैले भनें "श्रद्धालु श्रोतागणहरू ! पूज्य भन्तेले आज्ञा गर्नु भएको कुरा नितान्त सत्य वाक्य हुन् । त्रिपिटकको ज्ञान यथार्थ रूपले नबुझ्‌ेसम्म मार्गफल प्राप्त गर्नु असम्भव छ । मैले त्रिपिटक पढेको पनि छैन, अर्हन्त पनि भएको छैन् । सिर्फ चैत्यम्योको कर्मस्थानाचार्य भन्ने पाल्नु भएर एकदुईवटा कुरा सोध्नु भयो । त्यसमा मैले आफूले जानेको थाहा पाए अनुसार उत्तर दिएँ, तिनीहरूले नै मलाई के के भनी प्रपोगाण्डा फैलाइ दिए, मैले मेरो गुण बर्णन गरेको होइन । बरु के भने अहिले पूज्य भन्तेज्यूले त्रिपिटक विषयलाई लिएर उपदेश गर्नु हुँदा मलाई एउटा शंका भयो । भगवान् बुद्ध सजीव कालमा त्रिपिटक भन्ने नै थिएन, भगवान्‌ले उपदेश गर्नु भएको धर्म र विनय' को मात्रै उपदेश गर्नु भएको हो । उहाँको धर्मोपदेश सुन्दा सुन्दै नै बुझ्‌न सक्ने जतिले मार्ग फल प्राप्त



Downloaded from http://dhamma.digital/

गरे । अहिले त्रिपिटक भएपछि त्रिपिटक अध्ययन गर्नेले मार्गफल प्राप्त भयो भन्ने समाचार सुन्न पाएको छैन । भगवान्‌को पालामा पनि दुइटा धुर छ भनिन्छ "ग्रन्थ र विपस्सा धुर भन्ने, भगवान् निर्वाण भइसकेपछि मात्र पाँचसय अर्हन्तहरू भेला भएर धर्म र विनय संग्रह बनायो भनेर किन भने ? यो कुरा छोडौं भगवान्‌को पालामा चूल्लपन्थ भन्ने भिक्षुलाई चार महिनासम्म गुरुले कोशिश गरेर पढाउँदा पनि श्लोक एउटा पनि सम्झन नसक्ने त्यो कसरी 'रजोहरनं' भन्ने ज्ञान एक टुक्राले अर्हन्त बन्न गयो ?

पुज्य भन्तेले पनि आज्ञा गर्नु भएको उपदेश पनि नभएको होइन त्रिपिटकको ज्ञान नभइकन मार्गफल प्राप्त हुँदैन । त्यो यसरी हो', परियति, पटिपति, पतिवेद भनी भगवान्‌ले आज्ञा गर्नु भएको "परियति परिययेयान्ते, पठिपत्ति भावेतबृंति, पटिबेद बेदितब्वंति ।" भनी

परियति भनेको नै - थाहा पाउनुपर्छ, बुझ्नु पर्छ भनेको हो

पटिपत्ति भनेको नै - आचरण गर्नुपर्छ भनेको हो ।

परिवेद भनेको नै - अनुभव गराइदिनु पर्छ भनेको हो ।

उपमा - सुन्तलाको बर्णन सुनेर थाहापाइराख्ने - सुन्तला भनेको के हो ? कस्तो हुन्छ ? कहाँ हुन्छ ? कस्तो स्वाद ? त्यसको गुण के छ ? इत्यादि थाहा पाउने, सुनेर वा पढेर, यसलाई 'परियति' भनिन्छ ।

सुन्तला खोज्न हिंड्ने, अर्को सबै काम छोडेर पनि सुन्तला खोज्न हिंड्ने त्यो सुन्तलाको लागि कोशिश गरी रहनु पर्ने, कुनैमा पनि लोभ, क्रोध, मोह आदिलाई उपेक्षा गरेर सुन्तला भेटृएर खाने 'पटिपत्ति' हो ।

सुन्तला खाएर त्यसको रस अनुभव गरी मन आनन्द गर्नेलाई 'पतिवेद' हुन । उक्त उपमा जस्तै अध्यात्म ज्ञान सुनेर वा पढेर, अध्यात्म ज्ञानको बर्णन विवेक युक्त विचारले देखेर मनभित्र पस्ने गरी बुझ्ने' परियति' हो ।

चर्या गर्ने, अभ्यास गर्ने, साधना गर्ने भावना गर्ने, धूतंगशील पालना गरी तृष्णा सँग संग्राम गर्ने, धर्मको स्वभावलाई यथार्थ हुने गरी बुझ्ने कोशिश गर्ने 'पटिपत्ति' हो ।

क्लेश निरोध हुने अनुभव, नाम रूपको स्वभाव, धर्मको अनुभव, पुनर्जन्म हुनु नपर्ने अनुभव, मोक्ष निर्वाणको अनुभव हुने 'परिवेद' हो ।

आजभोलि त्रिपिटक पढेर ठूला-ठूला पदवी प्राप्त गरी प्रमाण-पत्र धेरै लिइ राखेका पण्डित भन्तेहरूले परियति एउटा मात्र जानेको देखिन्छ,



Downloaded from http://dhamma.digital/

पटिपत्ति र पतिवेदको लक्षण देखिंदैन ।

परियत्ति एउटैले मात्र शासन थाम्न सक्दैन, तीनवटै हुनपर्छ। पढेलेखेकाहरू, साधकहरू, अनुभवीहरू पनि चाहिन्छ। अनि मात्र शासन थामन सकिन्छ।

भगवान् बुद्धको शासनलाई वाधा यही हो कि -पढेलेखेकाले साधकहरूलाई निन्दा गर्ने, साधकहरूले पढेलेखेकाहरूलाई निन्दा गर्ने। यो पनि शासनको अन्तराय हो कि भिक्षु संघहरूको अनेक पार्टी भएर परस्परमा मेल नहुने। एउटा वाधा यो पनि हो कि बुद्ध धर्मानुयायीहरू मांसाहारी हुने, अर्को हानि यो पनि हो कि भिक्षुहरूले पाली ग्रन्थ अध्ययन नगरी अंग्रेजी अध्ययन गरी मान खोज्ने अर्को हानि सरकारले पनि साधक लाई वास्ता नगरी अध्ययनमा पास भएकालाई मात्र प्रमाण-पत्र दिएर मान गर्ने ।

दुःखले मुक्त हुन चाहनेले दुःखको हेतु खोजेर भेट्टाएर निरोध गर्नुपर्छ अध्ययन गरेर मात्र पुग्दैन। मेरो कुरा यत्ति नै हो। अर्को कथा म भन्न जाँन्दिन, गल्ती भएमा "लेदिनागिन्दा" महास्थविरले क्षमागरी दनै पर्छ। यस पुण्यले सकल प्राणीहरू सुखी होस" भन्दै पुण्यानुमोदन गरी आसनबाट उठी महास्थविरलाई वन्दना गर्न गएँ। महास्थविरले अनुहार नै हेर्नु भएन ।

रातभर त्यहीँ बसें भोलिपल्ट उपासकहरूले जलपान ल्याइदिए, जलपान गरेर शासन ज्योति र म दुबैजना म्योहाउं जङ्गलमा फर्क्यौं। तत्पश्चात् महिना दिन पछि प्रसिद्ध महापण्डित लेदिनागिन्दा महास्थविरले चीवर त्यागेर गए भन्ने खबर सुनें ।

## फेरी म्योहाउं वनमा

म्योहाउं जङ्गलमा पहिले बस्नु भएका रिद्धिवान'ताइसरि' भन्ते हुँदा खेरि जस्तै त्यो विहारमा बस्ने भिक्षुलाई "स्नान मंगल मेला' लाग्ने बेला आयो। त्यो विहार निर्माण गर्ने एकसे एक सर्कारी अफिसरहरू रहेछन । विहार सकेसम्म राम्ररी श्रृंगार गरेर राखे। गाउँ गाउँबाट समूह समूह मिली बाजा बजाएर, राम्राराम्रा बस्त्र पहिरेर, एउटा घडामा पञ्चामृतले भरेर सुन्दर प्रकारले जात्रा गर्दै ल्याए। त्यस विहारको बाहिर बोधिबृक्षको काखमा चौकी एउटा ओछ्याएर, मलाई बसाएर शुभ साइतमा बाजा सहित मंगल सूत्र पाठ गरेर मलाई घडाले स्नान गराए। भोलिपल्ट अर्को



Downloaded from http://dhamma.digital/

गाउँबाट आए, पर्सिपल्ट अर्को गाउँबाट आए, एवं प्रकारले नौ दिनसम्म मेला लाग्यो ।

दशौं दिनमा जङ्गल शून्य हुने गरी मेला समाप्त गरी गए ।

त्यहाँ म, शासन ज्योति भिक्षु, प्रज्ञासार श्रामणेर, लंकाको मैत्तेथ्य भिक्षु, याणतिलक भिक्षु, वंगाली श्रामणेर एक, पण्डित ङफ्यूआउं एक गरी जम्मा सात जना सात ठाउँमा अलग अलग बसेर साधनामा ट्यौं । हामीहरू सात जना साधनामा वाधा हुने गरी विरामी पर्छ कि भनी नित्य एक रस मात्र आहार गरी रह्यौं । शिष्यहरू भेटेर कर्मस्थानको विषयमा छलफल गर्थे ।

एकदिन बेलुका शासनज्योति र म दुबैजना धर्मको कुरामा छलफल गरी रह्यौं त्यस बखत म बसी रहेको निसीदासनको तल 'ताग्राङ, ताग्राङ आवाज आइरह्यो । शासनज्योतिले "यो के आवाज आएको" भनी च्यादर उठाई हेर्दा डरलाग्दो हरियो सर्प देखेर "भन्ते भन्ते ! हजूरको आसन तल एउटा सर्प" भन्यो, म उठेर हेरें, हरियो सर्प, आँखा पहेंलो, चिउँडो डल्लो परेको, टाउको एउटा मात्र बाघको जस्तो देखिने सर्प ।

त्यस सर्पलाई आपद् पर्‍यो किन भने एउटा मुसो निलेको आधि बाहिर त्यस सर्पको दाह्रा पनि रहेछ, मुसाको जीउमा दाह्रा गडेकोले निल्नु न ओकल्नु भएकोले आपद भएर पुच्छर चलाइ रहँदा आसनमा परेर त्यो आवाज आई रहेको रहेछ । त्यहाँ मैले र शासन ज्योतिले सर्पको उपर मैत्री चित्त गरी सर्पलाई सोंसों भावना गर्‍यौं, सर्पले पनि मुख बाउन सके जति मुख बाएर एकै पल्ट बल गर्दा मुसो मुखबाट उछिट्यो, बल्ल आनन्द भयो । शासन ज्योतिले मुसो फयाँकिदियो, त्यो सर्प त्यही आसनको तल बास गर्‍यो, कतै गएन । तीन चार दिनमा बाहिर निस्केर के के खाएर आउँछ, फेरि तीन चार दिन सम्म त्यहीं नै बसी रहन्छ ।

फेरि एकदिन बेलुका शासनज्योति कुरा गर्न आएको थियो । सुत्न जान्छु भनी पिसाब फेर्न चर्पीमा गयो । त्यो चर्पी जाँदा मलाई एउटा यस्तो कल्पना भयो "शासनज्योतिको कोठाको ढोकामा अमनुष्य एकजना उभी रहेको छ ।"

मेरो मनमा "आज शासनज्योतिलाई केही विध्न गर्ला कि ?" भन्ने लाग्यो । शासनज्योति चर्पी गएर आयो, त्यो अमनुष्यले बाटो छोडी दियो, शासनज्योति ढोका खोलेर भित्र पस्यो, भगवानको प्रतिमा अगाडि



Downloaded from http://dhamma.digital/

मैनवत्ती बाल्यो, धूप एउटा पनि बाल्यो । बसेर बुद्ध पूजा गर्‍यो । बुद्ध गुण पढी रहेको सिद्धेको छैन उसले शासनज्योतिलाई समातेर पछारी दियो, शासनज्योति डरायो, डराएर मकहाँ दौडेर आयो । मैले सोधें "किन के भयो ?"

शसनज्योतिले आफूलाई भएको कुरा बतायो ।

मैले भने "आयुष्मान् ! तिमीले केही बिगार गरेको हुनपर्छ, त्यसैले तिमीलाई दु:ख दिन आयो । अररयेंबासी साधक भिक्षुहरूले मैत्री भाव राख्नुपर्छ । तिमीले यो विहार आफ्नै भनेर बस्यौ, यो छोड्नुपर्छ । अररयेंबासी भिक्षुहरूले कुनै पनि बस्तु आफ्नो ठान्नु हुँदैन । नाम रूप समेत आफनो नठानीकन आत्मसमर्पण गरेर साधना गर्नुपर्नेले विहार मेरो हो भन्ठानु हुन्न । तिमीलाई दु:ख दिन आउने यस स्थानका अभिपति हुनुपर्छ । तिमीले यो ममता छोड केही पनि हुँदैन । लौ जाऊ, "इमस्मी अरथ्यें तित्थ देवता सुखी होन्तु, दुक्खा मुच्चन्तु" भनी भावना गर ।

शासनज्योति चुप लागेर कोठमा सुत्न गयो । म आफनो निसीदासनेमा बसेर आफ्नोकर्तव्य पालना गरी रहें । मध्यरातमा ढोका घुरुक्क आवाज आयो, मैले वास्ताद पनि गरिनँ, फेरि आवाज आयो तैपनि वास्ता गरिनँ फेरि आवाज आयो पछि मैले आँखा उघारी हेरें अगाडि सेतो बर्मी पोशाक लाएर लौरो टेकी बूढो उभी रहेको देखें, म डराएर आँखा चिम्लें । फेरि आँखा उघारेर हेरें त्यो बूढा दाँत देखाएर हाँस्यो, त्यसको दाह्रा देखेर म झन तर्सें । मनमा कुरा उठयो "डराएर के गर्ने ? यहाँ कोही साथमा छैन" त्यही बूढालाई भनें "धन्य धन्य ! यहाँ हजूरहरू हुनहुन्छ, हामी डराउनु पर्ने केही छैन, यहाँ केही धर्म साधना गरौं भनेर आयौं, हामीलाई रक्षा गर्नुहोस्, हामीले गरेको धर्मको पुण्यभाग हजूरलाई पनि अर्पण गर्छु ।"

यति भनेपछी बूढा त्यहीं अलप भए । तत्पश्चात् त्यो अरथ्येंमा केही विध्न भएन ।

त्यहाँ एउटा गुफा छ, कस्तो भने, पहाडजस्तै तल ढोकाजस्तै बनाएको छ, फलामको डण्डीको ढोका छ, गल्ली जतिकै लामो भित्र गएर देवता घुमे जस्तै घुम्ने ठाउँ छ ।

ठाउँ ठाउँमा एक्लै बसेर ध्यान गर्न सक्ने कोठाहरू पनि छन् । बरोबर त्यहाँ ध्यान वस्न जाँदा अति नै आनन्द ! भित्र बस्दाखेरि अति



Downloaded from http://dhamma.digital/

थर्किन्छ। हामीहरू त्यहाँ चल्दाखेरी शरीरको बस्त्र घर्षण हुँदा "घुर्लु घुर्लु" शब्द गुन्जिन्छ। त्यो गुफाको सिरान माथि अलिकति चढेर हेर्दा माथि एकतीस वटा बुद्धमूर्ति भएको विहार छ तसर्थ त्यो ठाउँलाई त्यहाँको भाषाले "सुसेतस् च्याउं" भन्दो रहेछ। रुक्खमूल देवताहरू बरोबर देखिन्छ, अनेक प्रकारका जनावरहरू पनि घुम्न आउँछन्, त्यहाँ मैले अनेक प्रकारका सर्प पनि देखें।

एकदिन शासन ज्योति र म दुबैजना भोजन पश्चात् जंगलको पोखरी किनार छेउछेउबाट घुम्न हिंड्यौं। जङ्गल भित्र पोखरी अति विशालको, यत्रो उत्रो र अन्त नभएको, त्यही पोखरीको किनारा हुंदै घुम्न हिंड्यौं। एक ठाउँ पोखरीको किनारामा अति नै आनन्द रमणीय स्थान देखेर दुई गुरु शिष्यबीच कुराकानी भयो "भन्ते ! यो स्थान कति रमणीय देखिन्छ, भावना गर्न यस्तो स्थान चाहिन्छ। एकछिन हामी उचा तल गएर भावनाको रसपान गर्न जाउँ" शासन ज्यातिले भन्यो। हामीहरूको अगाडि नै एउटा रूख बाङ्गोटिङ्गो भएको देखें। त्यही रूखमा मोटो सर्प, सर्प जस्तै नदेखिनेगरी, रूखको बुट्टा जस्तै उभेर हेरी रह्यो। मैले "लौ, त जाऊँ। एकछिन आनन्द लिऊँ" भन्दै दुई जना तल झर्न ठीक गरेको बेला त्यो सर्प रुख चढेर माथि गयो। जमिन मै टेकेर रुखको हांगामा गयो, त्यहाँ पनि उभिएर माथि अर्को हाँगामा गयो, तल पुच्छर सकिएको छैन। मैले भनें "हेर कति ठूलो सर्प, सर्पले रूखमाथि टाउको राखी हामीलाई टुलटुलु हेरी रहयो। मेरो पूरै शरीर जिंग्रिंग भयो। डराएर के गर्नु। भाग्यो भने त्यो सर्पको हकमा के पत्ता? त्यहाँ मैले खण्ड सूत्र तेस्रो पाठ गरेर'जाउँ ! गइ हालौं' भन्दै शासनज्योतिलाई सँगै लिएर गएँ। दिनभर लगाएर पोखरी घुमेर विहारमा फर्के। भोलिपल्ट अरू भिक्षुहरू पनि जम्मा हुँदा त्यही सर्पको प्रसङ्ग निकालें। शासनज्योतिलाई गवाही राखेर "हो, र ? भन्दै कुरा ओकल्न लगाएँ, शासनज्योतिले 'हो' भनेर जवाफ दियो। साथीहरूले शासनज्योतिसँग सोधे "कति मोटो थियो ? भन्ते !" भनेर, शासनज्योतिले उपमा राखेर "त्यो बाँस जत्रो मोटो" भन्यो। उसले त्यसो भन्ने वित्तिकै मलाई थाहा भयो कि "शासनज्योतिको त्रासले आँखा धमिलो भयो" भन्ने। बाँसजत्रो मोटो त के सर्प हेर्न डर मानेर हेर्दै हेरेन जस्तो छ। रुख जत्रो मोटो सर्पलाई बाँस जत्रो मोटो भन्दा उपमा राखेर बस्यो।



Downloaded from http://dhamma.digital/

# एक उपासकको सेवा

एकदिन उपासकहरू आएर ज्ञानको विषयमा छलफल गरेर बसे। सूक्ष्म ज्ञान परमार्थज्ञान, रहस्यपूर्ण ज्ञानको कुरा उठी रहँदा शासन ज्योतिले मलाई भन्यो "भन्ते ! त्यत्रा त्यत्रा ज्ञानको कुरा पनि त्यतिकै दुई पैसाको भटमास दिएको जस्तै बताउनु हुन्छ ?"

मैले भनें "शासनज्योति ! तिमीले के कुरा गरेको ! ज्ञानको कुरा कसैले श्रद्धासाथ सोध्छ भने आफूलाई थाहा भएको कुरा गुप्त नगरी विश्वन्तर राजाले ढुकुटीको ढोका खोलेर सम्पत्ती बाँडी दिए जस्तै मनका ढोका खोलेर सोधेकालाई बताइदिनु पर्छ, कपटी गर्नु हुन्न। पहिले पहिलेको जन्ममा पनि मैले यसरी नै उदार मनले आफुलाई थाहा भएको कुरा गुप्त नगरीकन सोधेकाहरूलाई बताउँदै आएको छु। त्यसैले यस जन्ममा मलाई धर्म थाहा नभएको वा भूल भइरहेका ज्ञानका कुरा सुनाउने गुरुहरू सजिलै सँग प्राप्त भइरहेका छन्। आफूलाई थाहा भएको ज्ञानको कुरा गुप्त गर्ने कपटीलाई थाहा नभएको कुरा बताउनेहरू गुरुहरू भेटिंदैनन्। शासन ज्योति ! त्यस्तो कपटी भएर कुरा नगर।

त्यही अरर्थ्ये बस्दाबस्दै एकपल्ट मलाई कामज्वरो आयो। त्यो काम्ने ज्वरोले मलाई महिनौं महिना दुःख दियो। त्यस्तो बेलामा एकजना उपासक आएर शरीर र गोडा मिचेर सेवा गरी रहे। एकदिन त्यही अरर्ये विहारमा आँखा नदेख्ने बूढी मान्छे आई। त्यो बूढीलाई देखेर मेरो सेवा गरी रहेको उपासकले भन्यो "अहो ! मेरी आमा आउनुभयो भनेर उठेर गएर आमालाई हात समातेर मेरो अगाडि बसाउन ल्यायो।" उपासिकाले छोरालाई भनिन् 'बाबु ! म जस्तो आँखा नदेख्नेलाई एकलै छोडेर तिमी यहाँ के गर्न आएको ? मलाई माया लाग्दैन ? म देखेर दिक्क लागेर छोडेर आएको ? किन बाबु ! यस्तो किन गरेको ?" उपासकले भन्यो "आमा ! म तपाईं देखेर दिक्क लागेर होइन। यहाँ एकपल्ट दर्शन गर्ने इच्छाले आएको यहाँ उहाँ भन्ते काम्ने ज्वरो आएको देखेर उहाँको सेवा गरी बसें। आमालाई एक्लै घरमा छोडेर आएको छु भन्ने" सम्झेको छु तर के गर्ने यहाँ भन्तेको आपद देखेर छोडेर आउन मिलेन। आमाले सोध्नु भयो के याहा भन्तेहरू छन् ? भन्ते ! मैले वन्दना गरें। बिरामी भन्तेको सेवा गरी रहेको भन्ने मलाई थाहा भएन, महिना दिन भयो कुनै खबर छैन, एकपल्ट सूचना दिएर आएको भए खोजेर हिंड्नु पर्ने



Downloaded from http://dhamma.digital/

थिएन, भन्तेको सेवा गरेर बस्यौ ठीकै छ, खबर थाहा नपाएर धन्दा भएर खोजें ।"

छोराले भन्यो "म यहाँ छु भनेर आमालाई कसले भन्यो ? कसले यहाँ लिएर आयो ? आँखा नदेख्ने यस्तो जङ्गलमा कसरी आउनुभयो ? आमा ! आँखा देख्नेलाई गाह्रो छ, बाघ, भालुको डर छ, बाघले खायो भनें के गर्ने ?"

मैले भनैं "उपासक ! तिमीले मलाई उपकार गर्‍यौं, आमालाई दु:ख दियौ । हेर ! त्यस्तो उमेर ढल्की सकेको, त्यसमा पनि आँखा नदेख्ने, कतिमात्र पीर सुर्ता लिई ठेगाना नभएको जोशमा आँखा नदेखेकोले छामछाम छुमछुम गर्दै खोजी हिंडन् होला, भयो जाऊ । अहिले मलाई पनि अलि सन्चो भयो, आमालाई रुवाउनु हुँदैन जाऊ, आमाको पनि सेवा गर, बाटोमा राम्ररी विचार गरेर लानू ।"

आमाले भनिन् "भन्ते ! यो छोरा निस्केको चारदिन देखि खोजी रहेको आज बल्ल भेट्टाएँ । यहाँ छ भन्ने मैले थाहा पाएँ । चाहिन्छ भने राख्नुहोस् भन्ते !"

"होइन भयो ! तपाईंको छोराको दयाले अब मलाई सन्चो भयो, उपासक ! आमालाई खुवाउने केही छ भने खुवाऊ, खुवाएर आमालाइ सँगै लिएर घर जाऊ ।"

आमा र छोरा दुबैजना बिदा लिएर घर फर्के ।

## चीवर मात्र लगाउने वन्दना अयोग्य

एकदिन उपासक उपासिका दम्पत्ती जङ्गलको पोखरीमा डुंगा खियाउँदै आइरहेका थिए । विहार नजिकै डुंगा बाँधेर विहारमा प्रवेश गरे । घरानीपन देखिने दुबैजनाले ढकीमा सुन्तला एउटा राखेर वन्दना गरी एकतिर बसे ।

मैले सोधें "दायकाहरू ! कहाँबाट पाल्नु भएको ?"

"भन्ते ! हामीहरू ऊतिकि्खन्द्रिय भन्तेका शिष्य हौं, हाम्रो गुरुले हजूरको वर्णन गर्नु भएको सुनेको छु । त्यसैले एकपल्ट दर्शन गरौं भनेर आएको, आज अवसर मिलाएर आयौं ।"

"उतिकि्खन्द्रियका शिष्यहरूले अरू भन्ते कसैलाई पनि वन्दना गरेनन्, तपाईंहरूले भने यहाँ वन्दना गर्नु भयो, किन ?"

"भन्ते ! हजूरलाई हामीहरूले अरू भन्तेहरू संग गन्ती गरिंदैन



Downloaded from http://dhamma.digital/

किनभने हजूर चर्यावादी, अरू ग्रन्थबादी । चर्याले नै क्लेश निरोध हुन्छ, ग्रन्थवादीले क्लेश निरोध गर्दैन ।"

मैले भनें "तपाई त्यसो भएन चर्यालाई वन्दना गर्नु भयो मलाई होइन । मैले आशीर्वाद दिएको सित्तैमा गयो ।"

उपासक "भन्ते ! हजूरले चर्या गर्नु भएकोले हजूरलाई वन्दना गर्न योग्य छ ।"

प्र. "तपाईं पनि चर्याकारी नै हुनपर्छ, त्यसैले तपाईंले चर्यालाई उत्तम ठनी कुरा गर्नु भयो, म पनि तपाईंलाई वन्दना गर्छु ।"

उ. "होइन भन्ते ! त्यो त भएन, हजूरसँग चीवर छ, भगवान्को श्रावक संघ हो, हजूरले गृहस्थीहरूलाई वन्दना गर्नु योग्य छैन ।

प्र. "गृहस्थीलाई वन्दना गर्ने होइन चर्यालाई ।"

उ. "चर्या गरे पनि चीवरलाई राखेको भन्तेहरूले गृहस्थीहरूलाई वन्दाना गुर्न योग्य हुँदैन ।

प्र. "फेरि तपाईंले त चर्याभन्दा पनि चीवरलाई उत्तम ठानी कुरा गर्नु भयो । चीवर त्यतिको उत्तम हो भने यो चीवर फुकालेर एक ठाउँमा थुपारी दिउँ त्यो चीवरलाई वन्दना गर्नुहोस् ।"

उपासकले उत्तर दिएन, हाँसी रहयो "चीवर फुकालेर एक ठाउँमा जम्मा गरीदियो भने पनि चीवरलाई वन्दना गर्छन, न चीवर नभएका मानिसलाई वन्दना गर्छनन्, चीवर मनुष्यको शरीरमा धारण गरेमा मात्र गर्ने हो भने प्वाल परेको घैंटोमा पानी भर्ने आशा गर्नु मात्र हो ।"

उ. "होइन भन्ते ! मनुष्यले चीवर धारण गर्छ, चीवर धारण गर्ने भिक्षुले भिक्षुको नियम पालना गरी परिशुद्ध भएर बस्छ तसर्थ वन्दनीय हो सिवाय मनुष्य वन्दनीय पनि होइन, चीवर वन्दनीय पनि होइन, नियमको पुस्तक वन्दनीय पनि होइन । तीन प्रकारले संयुक्त भएर भगवान्को शासन रक्षा हुने भएकोले पनि वन्दनीय भएको हो, भन्ते ।"

"श्यावास ! उपासक ! तिमीले ठीक भन्यौ, त्यसरी नै हो, नरिसाउनुस् है ।"

"यसमा रिसाउनु पर्ने केही छैन भन्ते ! झन् मलाई त श्रावक संघको तत्व यस्तो हो भन्ने थाहा पाएँ, धन्य ! भन्ते । हजूर दर्शनीय हुनुहुन्छ, हजूरलाई दर्शन गर्न आएको लाभै भयो, मंगल पनि भयो ।" भनी सन्तोष भएर बिदा लिई वन्दना गर्दै फर्के ।



Downloaded from http://dhamma.digital/

## श्रामणेर बुद्धरत्नको खबर

एक समयमा एउटा खबर आयो "हजूरको शिष्य बुद्धरत्न बिरामी भएर सिकिस्त अवस्थामा पुगेका छन्, मुख हेर्ने इच्छा भए तुरुन्त आउनुहोस् ।"

बुद्धरत्न श्रामणेर पाटन झातापोल नन्दगोपाल साहुका कान्छा पुत्र ज्ञान गोपाल भन्ने हो । अर्कने चैत्वेम्यो बजारमा ऊचन्द्र महास्थविरकोमा अक्षर पढाउन राखेको सोखिया प्रमाण-पत्र पनि प्राप्त भएका बिरामी रहेछन् ।

म त्यहीं जाऊँ भनेर अरश्ये छोडी जहाजको घाटमा आएँ, टिकट किन्ने पैसा नभएर एक ठाउँमा रूखको छहारीमा बसीरहें । जहाज आएर पनि गइसक्यो, टिकट नपाएकोले म अरथ्येमै फर्के । भोलि फेरि त्यही गएर रूखको छहारीमै बसें । त्यस बखत पुलिस इन्सपेक्टर भइरहेका विहार दायका जंगी पोशाक लगाएर पुलिस फौजका साथ कहाँ खटाएको हो जानलाई परेड खेल्दै आइरहेको इन्सपेक्टरले रुखको छाहारीमा झुत्रेझाम्रे भिक्षु देखेर "त्यो रूखको छाहारीमा बस्ने मेरो गुरु जस्तै छ भनी हेर्दै हेर्दै आए । जब "गुरु नै हो" भन्ने निर्क्योल भएपछि इन्सपेक्टर फौजलाई त्यहीं रोकेर आफनो जंगी पोशाक, पेटी, पगरी, बुट खोलेर खाली मोजा लगाई आदर साथ अगाडि आएर वन्दना गर्‍यो र सोध्यो "भन्ते ! यहाँ किन ?"

मैले भनें "दाय्का ! चैत्वेम्योमा एकजना शिष्यले अन्तिम सास फेरि रहेको छ रे ? भन्ने खबर आयो, म त्यहीं जानको लागी आएको टिकट प्राप्त नभएर यहाँ बसी रहेको हुँ ।"

इन्सपेक्टरले टिकट लिएर आयो, म जहाजमा बसेर चैत्वेम्योमा पुगेर बुद्धरत्नलाई हेर्न गएँ । भाग्यले भन्नु माग्न आएको वैद्यले रोग निको पारी दियो । म पाँच छ दिन बसेर अरथ्यें मै फर्के ।

## भगवान दर्शन

म्योहाउं जङ्गलमा बस्दाबस्दै पहिले कति दुःख सहेर खोजी हिंडेको तर भेट्टाउन नसकेको ज्ञान, कति छलफल गरी बुझ्न नसकेको ज्ञान अहिले त्यही जङ्गलमा अरथ्येंमा बस्दाबस्दै फटाफट भेट्टाँए, बुझें मनमा सन्तोष प्राप्त भयो । तब मेरो मनकामना पूरा भयो । जङ्गल अति नै विशाल भएकोले मनलागेको बेला मनलागेको ठाउँमा जान्थे । जहाँ जहाँ



Downloaded from http://dhamma.digital/

आनन्दको स्थान छ त्यहाँ त्यहाँ ज्ञानको अमृत पान गरी सन्तोष प्राप्त गरें। एकपल्ट मध्यान्हको घाम अलिकति बाँकी हुँदा ध्यान गरी रहँदा टाढैबाट भगवान् बुद्धले आकाश मार्गबाट मतिर हेर्नु भयो। आकाश मार्गवाट पाल्नु भएर म बसेको ठाउँ दायाँ उभिइ रहनु भयो र मलाई हेरी रहनु भयो। उहाँको रूप, लावण्य, आकार अहिलेसम्म म स्पष्ट रूपमा सम्झिन्छु। त्यस बखत मलाई शंका उत्पन्न भएको थियो। "अहो ! यो कसरी, भगवान् बुद्ध परि निर्वाण भइसक्नु भयो, अहिले फेरि कहाँबाट पाल्नु भयो ?" यति शंका गर्दैमा भगवान्को रूप अलप हुनु भयो। मैले बुझें "ए ! यो त मेरो श्रद्धा चित्तको प्रतीक मात्र हो रहेछ भन्ने थाहा पाए। मुर्तिको भक्ती गर्नेले पछि अनन्य श्रद्धा राखी एक चित्त गरी भक्ति गर्‍यौं भने एकाग्रको प्रभावले त्यो मूर्ति प्रकट भएर दर्शन अवश्य नै दिन्छन्। लौकिक सिद्धि पनि दिन्छन, यो सत्य हो। एक चित्तको अनन्य भक्ति गर्नेलाई वरदान पनि दिन्छन तर लोकोत्तर होइन लौकिक मात्र दिन्छन्। भगवान् बुद्धले नै ध्यानमा दर्शन दियो भने लोकोत्तर वरदान दिंदैन, लौकिक सिद्धि अवश्य नै दिन्छ भन्ने विश्वास भयो। लोकोत्तर निर्वाण पदका लागि, तृष्णा र अहंभावलाई निरोध गर्न सक्नुपर्छ, अन्यथा प्रपोगाण्डा मात्रै हो।

## फेरी चैत्वे शहरमा

म्योहाउं जङ्गलमा छोडेर पुन चैत्वेम्योमा गएर आफनो विहारमा बस्न गएँ। जङ्गलमा बसेको बानी विहारमा धेरै उपासक उपासिकाहरू आईरहने भएकोले चित्तमा शान्ति नभएकोले विहारको तल सुरुङ्ग खनेर गुफा बनाएर गुफामै बसें। आफ्नो एउटा "प्रतिज्ञा पूरा नभएसम्म बस्छु" भनेर बसें। गुफामा प्वाल एउटै मात्र भएकोले हावा पास भएन, त्यसैले बत्ती बलेन, बाल्दा खेरि बल्ने विस्तारै निभ्ने। "बत्ती नबल्ने ठाउँमा मनुष्य कसरी बाँच्छन्" भन्ने मनमा शंका उठ्यो, ने सुकै होस् अधिष्ठान गरी सकें, मरे पनि मरोस्" भनी अधिष्ठान गर्न पुगेछु। त्यस बखतमा विहार दायका भइरहेका उमाऊँ को भन्ने दायका आएर प्वालमा बसेर कराइ रह्यो "उपजे ! मेरो घर सत्यानाश भयो, उपजे ! सपरिवार थलापर्‍यो, मपनि बिरामी पर्ने वित्तिकै मोटरमा बसेर आएँ, उपजें ! हजूर एकपल्ट घरमा पाल्नु भई उपकार गरी दिनुहोस् भन्ते !"

"दायकाजी ! म बाहिर आउन मिल्दैन, अधिष्ठान गरी सकें, के गर्ने ?"



Downloaded from http://dhamma.digital/

"त्यसो भन्नु भएन उपजें ! मलाई भरोसा दिने कोही छैन, हजूरले त्यसो भन्नु भएन, उपजें !! त्यसो भन्नु भएन ।"

"दायकाजी ! आफ्नै कुरामा मात्र ढिपी नगर्नुहोस्, म उपाय बताउँछु, सुन परित्राणको विधि अनुसारले नियम पालना गरी राखेकोहरूले, करुणा भएका धर्म चित्तहरू खोजेर ल्याएर तीन दिनसम्म परित्राण पाठ गराउनू, घरमा भइरहेको विध्न हटेर जान्छ ।"

"परित्राण विधि नियम तीन प्रकारले के के ? "

"त्यो नियम यस्तो हो-व्रम्हचर्य हुनु पर्ने, मांसाहारी हुनु हुँदैन, द्रव्यको लोभ गर्नु हुन्न, यो तीनवटा नियम पालना गर्ने भिक्षु वा गृहस्थलाई निमन्त्रणा दिई विधि अनुसार पाठ गर्न लगाउनू विघ्न हटेर जान्छ ।"

अर्कन देशमा मांसाहारी दुर्लभ नभएकोले ऊमाउंफो हैरान भयो । अन्तमा उसको छापाखानामा आफनै भान्जा काम गरी रहेको थियो । ऊ ध्यानी पनि हो, भेष मात्र गृहस्थी विवाह नगरी व्रम्हचर्य पालन गरी रहेको थियो । ध्यानी हुनाले मांसाहारी पनि होइन द्रव्यको लोभ पनि थिएन । मुनिजी भन्ने भिनाजुको छोराले नै नियम पालना गरी रहेकोले चूलासेंलि उमाउंफोवले पनि भिनाजुको छोरालाई आवश्यक सामान व्यवस्था गरी दियो ।

नयाँ माटोको घडामा पानी भरेर त्यसमाथि पञ्चरङ्गी-सेतो, पहेंलो, रातो, नीलो, कालो एक एक टुक्रा कपडा घडामाथि राखेर त्यसमाथि सुन, चाँदी, तामा, पित्तल, फलामको भाव राखी मुनिजीले परित्राण पाठ गरी दिनु भयो, दुई दिन पाठ गर्दा मात्र जुवाइँको मृत्यु भयो बाँकी सबै बाँच्यो । तीन दिनसम्म पाठ गरी परित्राणको जल सबैलाई वितरण गरी त्यही जल घरभरि छरेर फेरि टिपेर ल्याएको जस्तो गरी घडामै राखी चार दोबाटोमा फयाँकी वस्त्र सहित स्नान गरी, वस्त्र फेरेर, भिजेको वस्त्र फयाँकेर फर्कियो । घरमा पुग्नासाथ ऊमाउंफोले भान्जालाई दक्षिणा दियो, भान्जाले नलिइकन "मामा ! यसरी दक्षिणा लियो भने परित्राणको प्रभाव लाग्दैन । किनभने परित्राण पाठ गर्ने हरूले रोगी उपर करुणा राखी पाठ गर्नु पर्छ । दक्षिणाको आशगरी परित्राण गर्‍यो भने, आशाले चित्त शुद्ध नहुने, अशुद्ध चित्तले पाठ गर्‍यो भने गुणकारक हुँदैन" भन्दै एक पैसा लिएन ।

त्यो गुफामा बसेर आफनो काम सिध्याएर निस्केको दिन अति



Downloaded from http://dhamma.digital/

धेरै लश्कर जम्मा भइरहयो, सबैले अभिवादन गर्दै दान प्रदान गरे। भगवान्‌को विषयलाई लिई सानो उपदेश दिई सभा विसर्जन गरें। त्यो दिनदेखि परित्राणको जल लिन आउनेहरू बढ्न थाले, ध्याम्पोमा पानी भरेर परित्राण गर्नु पर्ने भयो।

एकदिन ध्यानीहरूको समूह जम्मा भई एक कर्मस्थानाचार्य पाल्नु भएर कर्मस्थानको विषयमा प्रश्न गर्नु भयो। "उपजें! हामीहरूले केही कुरा सोध्ने इच्छा गरेर आएका छौं, हजूरलाई दिक्क हुन्छ कि?"

"सोध्नुहोस् न के कुरा हो, शास्त्रको कुरा सोध्ने हो भने मैले विद्या अध्ययन गरेको छैन, सिर्फ अनुभवको आधारमा मात्रै कुरा गर्ने हो।"

"हामीले सोध्ने पनि अनुभवकै हो शास्त्रको होइन।"

"हुन्छ, सोध्नुहोस् मलाई थाहा भएको बताउँछु, थाहा नभएको भए थाहा छैन भन्छु।"

"अरू होइन उपजें! यो मन भन्ने कहाँ उत्पन्न हुन्छ?"

"मन भनेको इन्द्रिय र विषय स्पर्श भएपछि उत्पन्न हुने हो।"

"इन्द्रिय बन्द गरी राख्दा पनि मन चुप लागेर बस्दैन।"

"इन्द्रिय बन्द गरी राख्दा पनि मनले देखिरहेको सबै हेर्न, सुन्न, सुँध्न, सक्ने, खाइ सकेको, छोइसकेको मात्र देखिरहनु सिवाय इन्द्रिय अनुभव गर्न नपाएको उत्पन्न हुँदैन।"

यति भनी सकेपछि तिनीहरूले अर्को प्रश्न गरेन्। एकछिन चुप लाग्यो, पछि बिदा मागेर उठेर गए। विहारबाट निस्केर तिनीहरू परस्पर कुरा गर्दै गए "अति नै कोशिश गर्ने मान्छे हो।"

## निर्वाणको अर्थ

तत्पश्चात् अनेक प्रकारले परमार्थको विषयमा प्रश्न गर्नेहरू आएर छलफल गर्न थाले। एक जनाले प्रश्न गर्‍यो "उपजें! मलाई एउटा ठूलो शंका भइरह्यो कि" निर्वाण प्राप्त गर्नेहरू फर्केर आउनु भएन, निर्वाणमा नपुगेकाहरूलाई निर्वाण कस्तो छ थाहा छैन। निर्वाण यस्तो छ भनेर थाहा नपाईकन त्यहाँ पुग्ने आशा कस्तो हुन्छ? यहाँको आरम्मण कसरी लिन्छन्।"

"उपासक! तिमीले भनेको कुरा सत्य हो। पुगेकाहरू नफर्कने, नपुग्नेलाई थाहा छैन। अब म तपाईंलाई एउटा सोध्छु "तपाईंलाई दुःख मन पर्छ कि पर्दैन?" "मन पर्दैन" मन नपर्ने दुःख किन भयो?" "धर्म



Downloaded from http://dhamma.digital/

गरेको कर्मको विपाकले र कर्मको फलले" यो कर्मको फल यस्तो भोग गर्नुपर्छ भन्ने थाहा पाएर आफूलाई मन नपर्ने फल भोग गर्न नपर्ने गरी कर्म सुधार गर्न सकूँ। राम्रो गरेमा सुख फल, नराम्रो गरेमा दुःखफल, राम्रो पनि होइन नराम्रो पनि होइन कर्म गर्‍यो भने सुख पनि होइन दुःख पनि नभएको फल भोग गर्नु पर्ने हुन्छ।" "सुख पनि होइन दुःख पनि नभएको फल कस्तो हुन्छ ?"

प्रश्न "उपजें ! राम्रो कर्म केलाई भनिन्छ ? नराम्रो कर्म केलाई भनिन्छ ? न राम्रो, नराम्रो त्यो कस्तो कर्मलाई भनिन्छ ?"

उत्तर "उपासक ! पर प्राणीलाई विगार्ने, दुःख दिने, प्राण घात गर्ने इत्यादि आफ्नो चित्त नराम्रो पारी परलाई दुःख दिने यो नराम्रो कर्म हो। आफनो चित्त राम्रो गरी कसैलाई, अन्याय नगर्ने, दुःख नदिने, नबिगार्ने, प्राणघात नगर्ने सकेसम्म परोपकार गर्नु नै राम्रो कर्म हो।

चतुरार्य सत्यको ज्ञान बुझेर प्रत्युत्समुत्पादको भावना, विदर्शन भावना, तत्व मात्रको भावना, अराग अद्वेष अमोहको भावना आदि लोकोत्तर कर्म न कुशल, न अकुशल अव्यागत धर्म भनिन्छ। यो लोकोत्तर भावनाले पर्नजन्म निरोध हुन्छ। उपासक ! निरोधको भावनाले लौकिकको संस्कार बनेन भने जन्म हुन्छ र ? 'हुँदैन' जन्म हुनु नपर्ने लाई के भनिन्छ ? "निर्वाण भनिन्छ" "अनि निर्वाणको कुरा थाहा पाउन तिमीले निर्वाण भइसकेका फर्केर आएर बताउनु आउनु पर्छ ?" बुझें उपजें ! साधु ! साधु ! अति नै ठूलो कुरा बुझाइ दिनु भयो।

## ग्रन्थधुर र विपस्सनाधुरको भिन्नता

एकदिन हातखुट्टा नचल्ने पक्षघात भएकी जसरी राख्यो त्यसरी नै बसी रहने, कोल्टे फेर्न नसक्ने एउटी आइमाइलाई गाडीमा राखेर ल्याए, विहारमा पुगेपछि सबैले हारगुहार गरी माथि ल्याए, मेरो अगाडि ओछ्यान मिलाएर सुताइ दिए। आफन्तहरू सबै ती आईमाईलाई घेरेर हेरी रहे। ती बिरामीले कुरा गर्दा कसैले बुझेनन्। तिनको जिब्रो लर्बरी रहेको थियो। कुरा नबुझेकोले छोरीलाई बोलाएर अगाडि राख्दा छोरीले अनुवाद गरी "परित्राण सुनें भनिन्।"

मैले त्यो आईमाईलाई करुणा राखी आफनो शीलको आधार लिएर 'रत्नसूत्र' र करणीय सूत्रपाठ गरी दिएँ। विरामी खुशी भएर भनिन् 'नानी ! मेरो हातमा भएको चुरा एउटा फुकालेर भन्तेलाई दान देऊ।"



Downloaded from http://dhamma.digital/

छोरीले आफन्तलाई भन्दा आफन्तहरूले "हुन्छ, हुन्छ त्यसको इच्छा पुर्याइ देऊ" भन्दा चुरा फुकालेर दान दिइन् । त्यही चुराबाट एक्लै एक्लै ध्यान गर्ने पाँचवटा गुफा तयार भयो ।

विहारमा शरण आईरहेका चौवीस जना अनागारिकाहरू छन् । मलाई जलपान भोजन तिनीहरूले नै ठीक पारी दिन्छन् । म बसेको विहार र अनागारिकाराम अन्दाजी सय पाइला फरक छन् । विहान तीन वजेदेखिन् बत्ती बालेर हतारिएर फुर्सद नभएको जस्तो देखेर काम गर्ने विहार देखेर एकदिन शील ग्रहण गर्न आउनेहरूलाई सोधें "तपाईंहरू बिहान तीन बजे देखि नै वत्ती बालेर हतारेर किन चलिरहेको ? "जलपान तयार गरेको भन्ते ।"

"जलपान तयार गर्नलाई के त्यति समयदेखिन फुर्सदै नभएको जस्तो गरी चली रहनु पर्छ र ?"

भोज पकाएको जस्तै अनेक प्रकारका स्वादिष्ट खाद्य तयार गर्छन् । मेरो मनमा यस्तो लाग्यो, यी अनागारिकाहरू सात दिनमा एकपल्ट भिक्षा लिन जान्छन्, चामल पैसा धेरै छन्, खान नसकिने चामल बेचेर पैसा जम्मा गरेर दामी दामी वस्त्र किनेर बाकस भरी कोची राख्छन् । मन लागेको बेलामा मन लागे अनुसार वस्त्र लगायो, मिठो मीठो पकाएर खायो । यिनीहरूले कहाँबाट आश्रव क्षय गर्छन् ? सिर्फ अक्षर पढेर पण्डित भयो, परीक्षणमा पास भएको प्रमाण-पत्र बैठकमा लहरै प्रदर्शन गर्यो, ठूलो बनी मान्न लगाएर राम्रो मीठो खाएर भोज गरेर बस्यो । यस प्रकारले दिन बिताउनेले मार्गफल प्राप्त गर्न सक्ला र ? आशा पनि छैन । शासनको लागि ग्रन्थधुर पनि चाहिन्छ, विपस्सना धुर पनि, सिर्फ ग्रन्थधुर मात्र बलियो पारेर शासन चिरस्थायी होला जस्तो लागेन । दुःखबाट मुक्त हुनको लागि नै बुद्ध शासन बलियो पार्नु पर्ने, ग्रन्थ अध्ययन गरेर पण्डित भएर भोज गर्नको लागि होइन । यस्तो भयो भने पछि विपस्सनाधुर हराउँदै जान्छ । विपस्सनाधुर बिना शासन लङ्गडा हुन्छ, लङ्गडा भयो भने गन्तव्य स्थान पुग्न सक्दैनौं । यहाँ सरकारले पनि ग्रन्थधुरलाई नै प्रोत्साहन दिएर जाँचमा पास भएकाहरूलाई भारी पुरस्कार, मान दिएकोले नै भिक्षु अनागारिका सबै ग्रन्थतिर मात्र ध्यान दिएर जोड गर्नेथाले । विपस्सनातिर वास्ता गर्ने भएनन् । विपस्सनातिर एक दुईजना देखिए तापनि कसैले वास्ता गरेनन्, लोकले धेरै पढ्ने देखिरहेका छन् ।



Downloaded from http://dhamma.digital/

एक दिन मैले अनागारिकाहरूलाई यस कुराको साथै चतुरार्य सत्यको उपदेश गरी भनें "तपाईंहरूले अध्ययन गर्नु पर्ने अध्ययन गरी हाल्नु भयो, अब अर्थ थाहा भए अनुसार विपस्सनातिर पनि जाऔं ।"

अनागारिकाहरूले भने "भन्ते ! ग्रन्थधुरलाई मात्र मान छ, विपस्सनाधुरलाई त्यति मान छैन ।" "मान मान्यता भएकालाई दुःखबाट मुक्त हुन्छ कि हुँदैन ?"

"दुःखले मुक्त हुनलाई जन्म नै नभए मात्र हो ।"

"अनि जन्म मरण चक्रबाट मुक्त हुन ग्रन्थधुर हो कि विपस्सनाधुरले ?"

"दुःखबाट मुक्त हुन विपस्सनाले मात्रै हो ।"

अनि किन नि विपस्सनातिर वास्ता नगरेको ?"

लोकमा जति बढी कता गयो सबै उतै तिर बढी अघि बढ्छन् ।"

"अरूको कुरा एकातिर राखी आफनो कुरामा विचार गर "आफूलाई दुःख चक्र मन पर्छ कि दुःख मुक्त ? यदि दुःखमुक्त हुन चाहन्छौ भने लोकसित अघि बढ्ने होइन, लोक अघि बढेको धारबाट उल्टो गतिले अघि बढ्न सक्नुपर्छ ।"

"हो, भन्ते ! हामीहरू अहिले भर्खरै झसङ्ग भयौं । हामीहरूको चित्तको धार लोकसित अघि बढीरहेको होसै गरिएन । आफूले बनाएर खाने भएकोले पनि हाम्रो मुख बिग्रो, बानि बिग्रो समय खानैमा बित्यो, एउटा कुरा चामल आदि भिक्षाले जम्मा गर्न जान्यो, जम्म गर्न जानेपछि चित्तमा लोभ बढेर आयो, फेरि एउटा यस जन्ममा मात्र भोजमज्जा गर्ने देखियो । पुनर्जन्ममा सुखवा जन्ममरणको चक्रबाट मुक्त हुने कुरा त सपनामा पनि देखेनौं, हो भन्ते ! अब के गर्ने ? हाम्रो लाइन नै सही स्थानमा परेन यदि हामीहरूले पनि आफूले पकाउन नपर्ने भोजन प्राप्त भएमा विपस्सनातिर काम गर्ने इच्छा छ ।"

"तपाईहरूलाई पनि तयारी नै भिक्षा लिनु हुन्न र ?"

"हुने हो भन्ते ! यहाँ यस्तो चलन छैन, कसले तयारी भिक्षा दिन्छ ?"

यस धर्मोपदेश सुनेर कथा सुन्न आएका उपासक उपासिकाहरू सन्तोष भएर भने "भन्ते ! अनागारिकाहरूले यदि पाकेको भिक्षा ग्रहण गर्‍यो भने, पाकेको भिक्षा हामीहरू प्रदान गर्छौं ।"

"भिक्षा ग्रहण गर्ने र प्रदान गर्ने मिल्यो, राम्रो भयो तर आनागारिकाहरूले पाकेको भिक्षा केमा ग्रहण गर्ने ? पिण्डपात्र चलाउन पाउँदैन ।"



Downloaded from http://dhamma.digital/

एक उपासक उठेर भन्यो "भन्ते ! आल्मुनियमको देक्ची हुन्छ भने अनागारिकाहरू प्रत्येकलाई एक एक वटा दान गर्छु ।"

"साधु ! साधु ! हुन्छ भोलिदेखि नै पाकेको भिक्षा प्रदान गर्ने ।"

चौबीस जना अनागारिकाहरू पंक्तिबद्ध भिक्षाटन गर्न आउनु भएको देखेर उपासकउपासिकाहरू सबै खुशी थिए । टोल टोलका उपासकहरूले "हाम्रो टोलमा सात दिनसम्म भिक्षा लिन आउनुहोस्", हाम्रो टोलमा चार दिनसम्म भिक्षा लिन आउनुहोस ।" यसरी ठाउँठाउँबाट भिक्षाटनको लागि आग्रह गरी रहे । आनागारिकाहरूको पनि आचरण राम्रो हुनथाल्यो, चामल बेचेर पैसा जम्मा गर्ने तृष्णा पनि हट्यो । भावना गर्ने समय पनि भयो । भावना गर्दै गएपछि अनागारिकाहरूमा शील स्वभाव पनि अति राम्रो भएर आयो । चौबीस जनामा परस्पर प्रेम भाव बढेर पहिले जस्तो आरिस(सहन नसक्ने) द्वेष, कलह शान्त भयो । पाकेको भिक्षाले गर्दा पैसा नभएर बस्त्र किन्न सकेनन्, बस्त्र पुरानो भएको देखेर उपासिकाहरूमा दया उत्पन्न भई अनागारिकाहरूलाई वस्त्र दान दिने चलन पनि भयो ।

त्यही शहरमा 'मासेमी' नामको गृहस्थी आइमाई पनि थिइन् । तिनमा धर्ममा पटक्कै आस्था थिएन, भिक्षुहरूको विहारमा कहिल्यै जाँदैनथिन्, अनागारिकाहरू देख्यो भने मुरमुरिन्थिन्, त्यस आईमाईले अनागारिकाहरूले पंक्तिबद्ध भई भिक्षाटन गरेको देखेर श्रद्धा चित्त उत्पन्न भई अनागारिकाहरूलाई भोजन दान दिई वन्दना गरेर श्रद्धा गरिन् ।

तत्पश्चात् त्यस आइमाईले सक्कली बत्तु किनेर ल्याएर पहेंलो धागो, बत्तु टाँसेर आफैले कपडा बुनेर चीवर सिलाई राम्ररी पट्याएर किस्तीमा राखी त्यसमाथि दुई वटा मैनबत्ती र एकएक वटा फूलको हाँगा राखी राम्रा राम्रा बस्त्र पहिरी सपरिवार विहारमा आएर त्यो चीवर मलाई ओढाएर वन्दना गरिन, शील प्रार्थना गरी शील ग्रहण गरी भनिन् "उपजें फया ! म मिथ्या दृष्टि भएर बसेको पापी आजदेखि बुद्धको शरणमा आएको छु, मलाई क्षमा गरी दिनुहोस् ।"

"किन उपासिका ! जुन उपासिकाले 'स्वेतेंगा' (सुवर्ण चीवर) दान गरी शीलप्रार्थना गर्‍यो, त्यो उपासिका कसरी पापी हुन्छ ?"

"उपजें ! भन्ते ! म अति नै पापी हुँ" भनी आफनो पहिलेको मिथ्या दृष्टि भएको कुरा बताएर क्षमा प्रार्थना गरिन ।

"दायिका मासेमी ! त्यस्तो मिथ्या दृष्टि भइरहेको मासेमी, अब कसरी सम्यक् दृष्टि भयो ?"



Downloaded from http://dhamma.digital/

"उपजें ! यहाँ बसी रहनु भएका अनागारिकाहरू पंक्तिबद्ध भई भिक्षाटन गर्नु भएको देखेर मेरो मिथ्या दृष्टि एकैपल्ट परिवर्तन भयो। यो भिक्षाटन गर्नुपर्ने ज्ञानको कुरा मैले बुझें, यो सबै हजूरको कृपा हो मैले बुझें उपजें ! साधु ! साधु ! भन्दै साधुवाद गर्नु भयो। क्रमशः मासेमी अनागारिका भएर कर्मस्थान भावना साधनारत भएर जीवन सार भयो।

## विवाह गर्न लागेकाहरूको त्याग

त्यही विहारमा दिउँसो दुई बज्यो कि एकजना आइमाई श्रृंगार पट्टार गरी चुरोट तान्दै विहारको बगैंचामा घुम्न आउँथिन्। त्यो आइमाईको आँखा मेरो झ्यालमा बरोबर हेर्ने लक्षण राम्रो लाग्दैनथ्यो। तिनले मलाई कुदृष्टिले हेर्थिन्, म तिनलाई मैत्री भावले हेर्दाहेर्दै "तिमीलाई म सद्धर्मोपदेशद्वारा कुदृष्टि हटाएर अनागारिका वनाउन सकूँ" भन्ने आशिका गरी रहें। धर्ममा श्रद्धा नभएको, कहिल्यै दान प्रदानको नाममा एक गेडा तिल पनि खर्च नगर्ने, एकदिन म भिक्षा लिन जाँदा एउटा कचौरामा भात, एउटा कचौरामा दाल राखेर ढोकामा उभी रहिन्। म ढोका अगाडि पुग्नासाथ त्यो आइमाईले बाटोमा आएर भात भुईमा राखेर वन्दना गरिन्। मैले मनमनै ती उपासिकालाई "यस पूण्यले तिमीले छिट्टै धर्म बुझेर अनागारिका हुन सकोस्" भन्ने आशीर्वाद दिएँ। दिउँसो विहारमा कथा सुन्न आइन्। मैले त्यही उपासिकाको लागि उपदेश दिएर कथा सिध्याएँ।

मेरो दायाँबायाँ बसेकालाई सोधें "त्यो सबैभन्दा पछाडि बस्ने उपासिकाको नाम के हो ?"

"उपजें ! त्यो उपासिकाको नाम 'मादोसें' हो।"

मैले त्यस उपासिकाको नाम लिएर बोलाएँ, तिनले फया : भने प्रत्युत्तर दिइन् "मादोसे ! तपाईंले मलाई टुलुटुलु मात्र हेरी रहने आज त मलाई भोजन भिक्षा पनि दिनुभयो, तपाईंको मनमा पनि धर्म पसेको जस्तो छ। मैले तपाईंलाई आशीर्वाद दिएँ कि "आज यस भोजन दान दिएको पुण्यले संसारको मायाजालबाट मुक्त भएर अनागारिका हुन सकोस" भन्ने यस्तो आशीर्वाद मनपर्छ ?"

"उपजें फया ! मैले पनि भोजन दान गर्दा 'यसरी नै आशिका गरें कि" सबैले धर्ममा श्रद्धा राखेर दान प्रदान गर्दै शील पालना गर्ने, म एकजनालाई मात्र के भयो, धर्ममा अलिकति पनि श्रद्धा गएन। मैले पनि



Downloaded from http://dhamma.digital/

हजूरको उपदेश अनुसार धर्म गर्न सकूँ भन्ने आशिका गरें ।"

यसरी ती मादोसेंको उदार चित्त भएको देखेर कथा सुन्न आउने श्रोतागणहरूले "साधु ! साधु ! साधु !" भनेर अनुमोदन गरे । त्यति भनेर एक हप्ता नबित्दै मादोसें विहारमा आएर अनागारिका बन्ने प्रार्थना गर्न आईन् ।

मैले भने "मादोसे ! यति चाँडै तपाईंको मन बदल्यो ? साधु ! साधु ! तपाईंको मन धर्मतिर ढल्क्यो, धन्य ! उत्पन्न भई सकेको श्रद्धा नहराउनू, बरोबर विहारमा आउने गर्नुस, विस्तारै इच्छा पूरा हुन्छ ।"

माादोसे "उपजें फया ! म फर्किन्नँ, मैले अधिष्ठान गरी आईसकें ।"

"त्यसरी हतारिनु पर्ने किन ?"

"उपजें फया ! उत्पन्न भइसकेको श्रद्धा विस्तार भएपछि के हुन्छ भन्न सकिन्न आजसम्म त मेरो जीवनमा आफनो स्वतन्त्र छ, भोलिपर्सि के हुन्छ भन्न सकिन्न उपजें ! मलाई फर्काउने कुरा नगर्नुहोस्, मलाई आजै प्रवज्या गरी दिनुहोस् ।"

"मादोसें ! त्यसो भए तपाईको आमा बुबा, दाजुभाइहरू बोलाएर ल्याऊ तिनीहरू संग एकपल्ट सोधी हेरौं ।"

"उपजें फया ! यदि तिनीहरूले अनुमति दिनु भएन भने के म निराश हुनु पर्ने हो, कि ?"

"निराशा हुन पर्दैन मादोसें ! म कुरा गर्छु ।"

"म त घर जान्न उपजें ! हजूरले नै कुनै एकजना मानिसलाई बोलाउन पठाउनुहोस् ।"

मादोसेंको घरमा एकजना मान्छे पठाएर बोलाउन पठाएँ। खबर थाहा पाएर आमा बुबा आइपुगे ।

"तिनीहरूलाई सोधें "दायकाहरू ! यहाँ तपाईंको पुत्री मादोसें पाल्नु भई अनागारिका बन्ने प्रार्थना गर्नुभयो, तपाईंहरूले अनुमति दिनु भयो भने उहाँको इच्छा पूरा गरी दिन्छु ।"

आमाबाबु "उपजें ! मादोसेंको बिहे हुन लागेको छ, तिनी अनागारिका हुनलागिन् भन्ने बरबाद हुन्छ, तिनीलाई अनागारिका बनाउनु हुँदैन ।"

मादोसें अगाडि आएर भनी "पिताजी ! मेरो विवाह हुँदैन, मैले संसारको व्यवहारलाई, पहिले राम्रो लागिरहेथ्यो, अब मैले थाहा पाएँ संसारको व्यवहारमा शान्ति कहिल्यै हुँदैन, फेरि संसारमा बसेर नर रत्न कहिल्यै सार लगाउन सक्दैन, त्यसैले म बिहे गर्दिनँ ।



Downloaded from http://dhamma.digital/

बुबा "तिमीले बिहे गर्नै पर्छ, मादोसें !"

"मेरो बिहे हुँदैन, पिताजी । एक हुँदैन, दुई हुँदैन, तीन हुँदैन, हुँदैन, हुँदैन ।"

बुबा "त्यसो भए म बाँचीरहेको बेकार हुन्छ । जमान् गरी सके, फेरि म कसरी कुरा फेरूँ, तिनीहरूले मलाई के भन्छन् ?"

"पिताजी ! यसमा तपाईलाई अप्ठयारो पार्दिन, उहाँहरूलाई तपाईंले यति भनी दिनुहोस् "बिहेको बारेमा, बिहे गर्नेहरू दुई जनाको मन मिल्नु पर्छ, आमाबाबुले मात्र कुरा गरेर पुग्दैन, परस्पर दुई जना सँग कुरा गरी हेर्नुहोस्" भनी यहाँ पठाइ दिनुहोस, म आवश्यक कुरा गर्छु, तपाईंलाई दोष लाग्दैन ।"

बुबा चाहिंले त्यसरी नै भनेर बिहे गर्नेलाई विहारमा पठाई दियो, विहारमा आएर श्रीमानश्रीमती हुनेहरू दुईजनाले छलफल गरे । मादोसैंले पर्दाले छेकेर अनुहार नदेखाई भनिन् "सज्जनवर्ग यहाँ पाल्नुभएको समूहमा बिहे गर्ने सज्जन पनि पाल्नु भएको छ कि ?"

"उहाँ पनि पाल्नु भएको छ" बिहे गर्नेले भन्यो ।

"बिहे गर्नेहरूसंग म क्षमा माग्छु, पिताजीले मसँग नसोधीकन कुरा मिलाउनुभो, तर मलाई बिहे गर्ने इच्छा छैन ।"

"नानी ! किन ? हामीहरू गरीब देख्यौ कि, घरानिया जस्तो लागेन कि, हाम्रा छोरा मात्र नराम्रो लाग्यो कि ? किन, के भयो ?"

"त्यस्तो कुनै कुरा होइन, मलाई सांसारिक विषयमा इच्छा छैन ।"

"किन के भयो ? संसार सर्वसाधारण जनहरू व्यवहार गरेर जीवन यापन गरी रहेका छन्, नानीहरूले देखेका छौं, नानीको के विचारले त्यसो भनेको हो ?"

"विचार अरू केही होइन, संसार मायाजालमा बसी रहनेलाई जीवनभर प्रेम टेकी रहन्छ कि रहँदैन ?"

यति मादोसेंले प्रश्न गर्दा आगन्तुकको बोली बन्द भयो, जवाफ दिन सकेनन् ।

"मैले सोधेको जवाफ आएन । यदि श्रीमती मृत्यु भएर श्रीमान् रुनु पर्ने, श्रीमान् मृत्यु हुँदा श्रीमती रुनु पर्ने त्यो प्रेम हुनुभन्दा नहुनु नै सुख । फेरि अर्को बिहे गर्ने सज्जन यहाँ पाल्नु भएको भए उहाँले यस कुरामा एकपल्ट विचार गरेर हेर्नुहोस् यदि संसारमा प्रिय सँग विछोड भएर बस्नु पर्ने, मन नपर्ने सँग जीवन बिताउनु पर्ने, इच्छानुसारले सन्तोष हुनेहरू



Downloaded from http://dhamma.digital/

कोही नभएको सत्य हो भने, बत्ती बालेर दुःख खोज्न जाने नै किन ? तसर्थ क्षमा गरी दिनुहोस् म अनागारिका बन्छु भनेर यस विहारमा आइसकें, म घर फर्किन्न । आगन्तुकहरू नाजवाफ भएर फर्के । फर्किने क्रममा बिहे गर्न नपाएको दुलाहा शिर झुकाई केही नबोली गइरहँदा बाबु चाहिंले भन्यो "किन बाबु तिमीले चित्त दुखाएको ? केटी भनेका त्यही एउटी मात्र हुन्छ र ? अरू हुँदैन र, त्यो भन्दा राम्री हेरेर विहे गरी दिउँला डराउनु पर्छ ?"

"होइन पिताजी ! ती केटीले भनेको कुराले मेरो पर्दा खुल्यो, आँखा खुल्यो ती केटीले भनेको सत्य हो भएकै कुरा गरी, संसारमा मायाजालमा फँसेकाहरू मध्ये कोही पनि यस्तो देखिन्नँ कि रूनु नपर्ने, दुःखमा बस्नु नपर्ने, पश्चाताप गर्नु नपर्ने कोही देखिन्नँ । संसारमा सबैलाई त्यस्तो अग्निदाह गरी रहेको देखेर पनि बोध नभएकालाई आँखा नभएका भने पनि फरक पर्दैन, म त बिहे गर्दिनँ, मलाई बुहारी हेर्नु पर्दैन ।"

"के नचाहिंदो कुरा गर्छौ, वडा महात्मा भएछौ ।

"पिताजी ! बिहे नगर्दैमा महात्मा हुने हो भने पिताजीले मलाई महात्मा भन्नु भएको ठीकै छ, म महात्मा भएँ । बिहे नगरेको महात्मा भन्न जान्नेले आफनो पुत्र महात्मा बनेको मन पर्दैन र ?"

"तिमीले यदि बिहे गरेनौ भने, तिमी मेरो छोरा नै होइन ।"

"ठीक हो । म तपाईंको छोरा होइन, म भगवान बुद्धको छोरा हुँ । एक आईमाई जातले भगवान बुद्धको उपदेश सुनेर दुःख हुने कारणलाई त्यागेर सुख शान्तिको मार्ग ब्रम्हचर्य पालन गर्ने करार गरिन् भने म लोग्ने मानिस भएर पनि नार्मद भएर दुःखको खाडलमा जाकेर बस्ने त ? पिताजी ! तपाईंले मलाई मनमा आए जस्तो भन्नुहोस्, म बिहे गर्दिन, म भगवान् बुद्धको शरणमा, धर्मको शरणमा र संघको शरणमा भन्दै त्यही बाटोमा घुँडाले टेकेर तीन पल्ट वन्दना गरेरं, पिताजीको चरणमा दण्डवत् गरी हिंड्यो । सुवर्ण चैत्य महाविहारमा पुगेर प्रवजित भयो । मादोसैं एकजना मेरै विहारमा प्रवजित भइन् ।

## एक ख्रिस्तानको मन बदलियो

एकदिन विहारमा कथा सुन्न आउने उपासकहरू मा कुरा चल्न थाल्यो । एक जनाले भन्यो "के गर्ने लौं ! यस्तो अवसरमा उपदेश सुन्न नि पाइएन, भाग्य नभएको केटो, के गर्ने ?"



Downloaded from http://dhamma.digital/

त्यो कराइरहेको सुनेर उपासिकालाई सोधें "किन उपासिका ! तपाईंको छोरो कहाँ जानु भयो नि ?"

"के गर्ने ! उपजें ! भिक्षुहरूसँग विरोध गरेर खिस्तान भएर गयो ।"

"अब घरमा आउँछ कि आउँदैन ?"

"घर त आउँछ, सिर्फ भगवान बुद्धको धर्म मानेन ।"

"एकपल्ट यहाँ बोलाएमा आउँछ, कि ? भनी सोधें ।"

"हुन्छ त, आएमा एकपल्ट बोलाएर ल्याउनू, के भएको हो, म एकपल्ट सोधेर हेर्छु ।" भोलिपल्ट आमाले सँगै लिएर आउनु भयो । आमाले वन्दना गर्नु भयो छोराले गरेन, नमस्कार समेत नभनी झ्यालको तल पलेटी कसेर बस्यो ।

मैले भनें "उपासक ! तपाईंले यो धर्म छोडेर खिस्तान धर्म मान्न जानुभयो भन्ने सुनें हो र ?"

"म खिस्तान धर्ममा गएर के भयो ?"

"केही भएको छैन उपासक ! यहाँभन्दा पनि राम्रो, उत्तम यथार्थको ज्ञान उता देख्नु भयो होला नि । यताउति नहेरी कन उता जानु भएको होला, उता तिरको ज्ञान एकपल्ट म पनि सुन्छु, यदि यहाँको राम्रो ज्ञान भए राम्रो ज्ञान मन नपराउने को छ र, म पनि यता छोडि दिन्छु ।"

"उपजें । हजूरले मेरो फलाम जस्तो कडा मनलाई ध्यू जतिकै नरम बोलीले कुरा गर्नु भयो । म खिस्तान धर्ममा राम्रो ज्ञान देखेर गएको होइन, म उता गएको अरू केही कारण होइन । यो ढुंगा तातेर आएकोले बस्न नसकेर अर्को ढुंगामा उफ्रेर गएको हुँ सिंवाय त्यस ढुंगाको गुण केही राम्रो देखेर गएको होइन ।"

"किन उपासक । यो ढुंगा तातेर आउनुको अर्थ के ?"

"अर्थ यही हो उपजे ! मलाई यहाँका भिक्षुहरूले देखी सहेनन्, अति नराम्रो नाम राखी दिए ।"

"कस्तो नाम राखी दिए ?"

"भोप्पु गुल्पा ( घोप्टयाइएको पिण्डपात्र) भन्ने ।"

"किन, त्यसो भनेको ?

त्यस बखत त्यस उपासकको बायाँ गालामा केही टाँसिएको देखेर, म उठेर आफनो रुमालले पुछिदिएँ, त्यति गर्नाले उपासको मन ध्यू पग्ल्याजस्तो पग्ल्यो र भन्यो "उपजें ! हजूरको प्रेम कस्तो, यहाँका भिक्षुका प्रेम कस्ता आकाश पाताल जतिकै फरक छन् । यहाँका भिक्षुहरूको



Downloaded from http://dhamma.digital/

क्रोध बढी हजूरको प्रेम बढी ! उपजें ! मलाई एउटा शंका भइरह्यो, त्यो शंका निवारण गर्नको लागि भिक्षुहरूसंग प्रश्न गरेको, मेरो प्रश्नको उत्तर नदिइकन "कहाँको भोपु गुल्या आयो" भन्दै "निस्की हाल, यहाँ नआऊ" भन्दै रिसले चूर हुने ।

"तपाईले कस्तो प्रश्न गर्नु भयो ? जुन प्रश्नले भिक्षुहरू रिसाउनु भयो ?"

अरू केही होइन, उपजें ! मेरो प्रश्न यो हो कि भगवान् बुद्धले उपदेश गर्नु भएको त्यही अष्टाङ्ग मार्ग आठवटा मात्रै अरू छैन र ?" भनी सोधेको, मैले यो कुरा सोध्ने वित्तिकै झरङ्ग रिस निकाली हाल्ने नरम स्वभाव, शान्ति स्वभाव भनेको रतिमात्र पनि छैन । गएजति ठाउँमा त्यही स्वभाव, "यस्ता क्रोधी भिक्षुहरूलाई घुँडा टेकेर वन्दना गर्नु बेकार नै" भन्दै उनीहरूको मेख मार्न, घमण्ड तोड्न यता छोडेर उता गएर देखाएको हुँ ।

"भगवान्ले बताउनु भएको त्यही आठमार्गमात्र हो । तपाईंलाई कतिवटा छ जस्तो लाग्छ ।"

"उपजें ! मेरो विचारमा त सोह्र प्रकार हुनु पर्ने हो ।"

"त्यो कुरा साँचो पनि हो, सुल्टोबाट आठ उल्टोबाट आठ जम्मा सोह्र प्रकार हो । भगवानले बताउनु भएको माथिको हो । तलको आठ त्यसको उल्टो बाट जस्तै "सम्यक, संकल्प, सम्यक दृष्टि, सम्यक वाक्य, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति, सम्यक समाधि आठ प्रकारको माथिको ।

मिथ्या दृष्टि, मिथ्या संकल्प, मिथ्या वाक्य, मिथ्या कर्मान्त, मिथ्या आजीविका, मिथ्या व्यायाम, मिथ्या स्मृति, मिथ्या समाधि । यो आठ प्रकार तलको दुर्गतिगामी हुन् । यस प्रकारले गरी सोह्र प्रकार हुनु पर्ने हो ।"

"बस ! उपजें ! त्यति नै यहाँका भिक्षुहरूले विचारै नगरी खालि पुस्तकमा भएको मात्रै लिएर केही बिचार नै नगरी रिस देखाउने भिक्षुहरूलाई ढोगेर वन्दना गर्न श्रद्धा ममा भएन । उनीहरूकै मेख मार्न म खिस्तान बन्न गएँ ।"

"उपासक ! त्यति कुराले भगवान् बुद्धको धर्म छोडेर खिस्तान धर्ममा जाने योग्य जस्तो लाग्दैन । यदि तपाईं रिस नराम्रो भएकाहरू कहाँ जाने इच्छा नभए नजाने, धर्म नै छोड्नु ठीक हुँदैन । किन भने खिस्तान धर्ममा प्रवेश गर्न तिनीहरूले गिर्जाघरमा लगेर नारायण, शिव,



Downloaded from http://dhamma.digital/

बुद्ध इत्यादिको मूर्ति माथि टेक्न लगाई प्रतिज्ञा गरेपछि मात्र खिस्तान धर्ममा प्रवेश गराउँछ, तपाईंले त्यो पनि गरी सक्नु भयो हो ?" "हो"

"भिक्षुहरूको रिसले तपाईंले बुद्ध भगवान्को मूर्तिमा कुल्चिनु हुन्छ ? तपाईंले यो एउटा ठूलो भूल गर्नु भयो, यो पापबाट कसरी छुटकारा पाउने ।"

"उपासकले अनुहार जिल्ल पार्नुभयो "उपजें । मलाई क्षमा गर्नुहोस्, मैले अति ठूलै भूल गरें, अब के गर्ने ?"

"तपाईंले यसलाई भूल सम्झेर सच्चिनु भयो भने भगवान्ले आज्ञा गर्नु भएको छ कि "कोही व्यक्ति भूलमा परेर पछि सच्चियो भने बादलबाट निस्केको चन्द्रमा जस्तै लोकमा शीतल हुन्छ ।"

उपासकले त्यहीं अष्टशील प्रार्थना गरी अष्टशील पालना गर्‍यो स्वगृह नगइकन विहारमै बसेर भावना गर्ने प्रयासमा संलग्न भएर अभ्यास गरी रह्यो ।

एक मध्यरातमा म बसी रहेको ठाउँबाट रश्मि उत्पन्न भइरहेको त्यस उपासकले देख्यो । भोलिपल्ट म उठेर आउँदा उपासकले वन्दना गर्दै भन्यो "उपजें ! ममा कस्तो भाग्यउदय भयो, म जन्मेको सार भयो, आज मध्यरातमा मैले हजूरसँग रश्मि उत्पन्न भएको दर्शन प्राप्त गरें । लोकले भनुन्जेल मैले पत्याइएन, आज पत्याएँ ।"

"किन उपासक ? लोकले के भन्यो ?"

"यहाँ हजूरको दर्शन गर्न आएका, दान दिन आउने, परित्राणको जल लिन आउने सबैले हजूरलाई 'अर्हन्त' भन्दै आएका हुन् । बाहिर लोकजनहरूले हजूरलाई 'अर्हन्त' भन्ने गरेको मैले सुनेको छु, आज मैले आफ्नै आँखाले देखें ।"

"उपासक ! रश्मि बलेको देख्दैमा अर्हन्त हुन सक्दैन । किनभने देख्ने यदि ध्यानी हो भने त्यो रश्मि आफनै चित्त एकाग्र भएर हुन सक्छ । विश्वास नभएमा तपाईंलाई म देखाउँछु हेर्नुहोस् ।" भन्दै उपासकको अगाडि कालो रुमाल राखी, त्यसमाथि सेतो सिमी एउटा राखेर "लौ उपासक ! त्यस सिमिलाई आँखा बन्द नगरीकन एक चित्तले हेर्नुहोस्, यसमा के हुन्छ ? मलाई बताउनुहोस् ।"

उपासकले एक चित्त गरी आँखा नचिम्लीकन दुई घण्टासम्म हेरी रहँदा अभ्यास भएकोले छिट्टै नै आफूले बसी रहेको महासुती (कपडा) किनारमा निर्मल ज्योति बल्न थाल्यो । त्यो कुरा मलाई बतायो । मैले भने



Downloaded from http://dhamma.digital/

"उपासक ! त्यो रश्मि ओछ्यानको हो कि, तपाईंको एकाग्र चित्तको ?" सोधें। उपासक आश्चर्य मानी रह्यो। मैले भनें "उपासक ! म अर्हन्त पनि होइन, मलाई अर्हन्त हुने इच्छा त छ"

"उपजें ! हजूर यदि अर्हन्त होइन भने हजूरलाई 'अर्हन्त' भनेर दिन ल्याएको दान हजूरले ग्रहण गर्न मिल्दैन।"

त्यहाँ मैले उपासक उपासिकाहरूलाई बोलाएर छलफल गरें। "मलाई अर्हन्त भनी प्रपोगाण्डा चलाउने को हो ? म अर्हन्त नभएकोलाई 'अर्हन्त' भनी प्रपोगाण्डा चलाउनु उत्तम होला ?"

एकजना उपासकले भन्यो "उपजें फया ! लोकजनको मनमा यदि हजूरलाई 'अर्हन्त' भन्ने विश्वास भयो भने त्यो के अनर्थ हुनजान्छ र ?"

"दायकाजी ! सत्यलाई हो भनी विश्वास गर्नु र असत्यलाई होइन भनी विश्वास गर्नु त्यो सम्यक् दृष्टि हो। यदि "असत्यलाई सत्य, सत्यलाई असत्य" भन्ने विश्वास भयो भने भगवान् बुद्धले त्यसलाई सम्यक् दृष्टि भन्नु भएको छैन्। तपाईहरू सम्यक् दृष्टि हुन मनपर्छ कि मिथ्या दृष्टि ?"

दायकाहरूको मुख बन्द भयो।

एकजना उपासक उठेर भन्यो "कर्मस्थानाचार्यहरूले नै हजूरलाई अर्हन्त भनी स्वीकार गरेको के असत्य हो। ?"

"भो उपासक ! उहाँ कर्मस्थानाचार्य अर्हन्त हो त ? उहाँ नै अर्हन्त होइन भने उहाँले नै अर्हन्त कसरी थाहा पाउँछन् ?"

"कर्मस्थानाचार्यहरूले हजूर सँगै प्रज्ञा ज्ञानको कुरा छलफल गरेर हेरेर मात्रै निर्णय गरेको हो।"

"जसले जे भने पनि मेरो विचार म सँगै छ, म अर्हन्त निश्चय नै होइन"

त्यस अवसरमा त्यस परियति विहारमा नेपालबाट पाल्नु भएका उपासिकाहरू पनि थिए। लक्ष्मी नानी, दानमाया, शीलप्रभा, ज्ञानदेवी। यिनीहरू पछि अनागारिका भए। लक्ष्मी नानी धर्मचारी अनागारिकाको नाम भयो, दानमायाको विशाख नाम भयो ज्ञानदेवीको सुचिता नाम भयो, शीलप्रभा एकजना गृहस्थी भइन् !

## क्याउतो जङ्गलमा नाङ्गाहरूसँग

तत्पश्चात् म चैत्वेम्योमा नबसी उठेर गएँ। शासन ज्योति एकजनालाई जङ्गल मनपर्ने भएकोले म्योहाउं जङ्गलमै राखी, म जहाजमा



Downloaded from http://dhamma.digital/

चढेर क्याउतो भन्ने जङ्गलमा गएँ। च्यैत्वेका उपासिका अनागारिका जम्मा आठजना मेरो पछि पछि लागेर आए। जहाज क्याउतोमा रोक्यो। म जहाजबाट झरेर डुङ्गामा बसी जङ्गल पसें। पछि लागेर आउनेहरू पनि त्यही जङ्गलभित्र पसे। क्याउतो जङ्गल पहाड भएको जङ्गल हो। त्यहाँ एउटा गुफा छ, कस्तो भने हात्तीको टाउको जस्तो बान्की परेको पहाड एउटै ढुङ्गै ढुङ्गा भएको ! ठीक हात्तीको मुख जस्तो बान्की परेको एउटा सुरुङ्ग पनि छ। त्यो सुरुङ्ग भित्र एउटा ढुङ्गामा बुद्ध मूर्ति बनाएका तेह्रवटा मूर्ति छन्। मानौ अन्तबाट बनाएर ल्याएर यहाँ स्थापना गरी राखेको जस्तो छ। त्यही सुरुङ्गमा म बसें, चैत्वेम्योबाट पछि लागेर आउनेहरू पनि आइपुगे। तिनीहरूले सकेसम्म फर्काएर लाने कोशिश गरें। मैलै वास्ता नै नगरी चुप लागेर बसें। घाम अस्तायो तिनीहरू त्यस सुरुङ्ग भित्र बस्ने आँट गरेनन्, बाहिर खुल्ला ठाउँमा आगो बालेर बसे। भोलिपल्ट जलपान तयार गरेर ल्याए, जलपान अर्पण गरेर फर्काएर लाने नै कोशिश गरी रहे, मैलै त्यतिकै वास्ता नगरी बसी रहें। दिनभर कराएर बसे, केही सीप नलागे पछि रिसाएर जुरुक्क उठेर आफ्नो सामान सम्हालेर समुन्द्रको किनारमा गई माझीहरूलाई बोलाए। आठैजना डुङ्गामा बसे, डुङ्गा घाटबाट छुटयो पनि डुब्यो पनि ! तिनीहरू आठजना पानीमा भात पकाउँदा भात छड्किंदा चामल जस्तै माथि आउने फेरि डुब्ने भइरहयो। अरू माझीहरूले देखेर हतपत्त माथि आउने वित्तिकै समातेर डुङ्गामा हाली छ जनालाई बचाए, दुईजना भेट्टाउन सकेन, अँध्यारो भयो छ जनालाई क्याउतो बजारमा राखेर दुईजनालाई खोजे भेट्टाउन सकेन। त्यो हल्ला फैलियो, चैत्वेका धेरै जनताहरू जहाजबाट आउन थाले। चार दिनपछि ती दुई जना दुईकोश तल लाश भेट्टाएर बाँधेर डुङ्गामा तानेर ल्याए। लश्करै जम्मा भए। मृतकका लाश म बसी रहेको स्थानतिर समुद्रको किनारमा मस्तिझपन गर्‍यो (दाहासंस्कार)। त्यहाँ मैले "अनिच्चावत संखारा" पढेर कथा सुनाएर विसर्जन गरें।

त्यो गुफामा बसेको पाचौं दिनमा नांगाहरू दुई जना आएर मलाई सोधे "तिमीहरूको भाषा फरक छ, मसँग अर्कन भाषाले कुरा गर्‍यो। ती दुईजना मध्ये एकजनाले अर्कन् भाषा जानेको रहेछ। वनको माल शहरमा, शहरको माल वनमा लगेर माल साट्ने पैकारी व्यापारी भएकोले अर्कन भाषा जानेको रहेछ। दुवैजनासँग लंगौटी पनी थिएन। व्यापारी हुँदा खेरि अफनो ठाउँ छोडेर कालो लंगौटी बाँधेर जाने। अगाडि पनि



Downloaded from http://dhamma.digital/

लंगौटी लामो भएकोले भुइँ छुने पछाडि पनितिनीहरूले मलाई सोधे" उपजें फया ! हजूर कहाँवाट पाल्नु भएको, हजूरको देश कुन हो ?

"अहिले म चैत्वम्यो बाट आएको हुँ, मेरो देश नेपाल हो ।"

"नेपाल भनेको कहाँ हो, टाढा छ ?"

"टाढा, भगवान बुद्ध जन्मेको देश । नांगाहरूलाई धर्मकर्ममा कुनै वास्ता छैन । तिनीहरूको आफनो लिपी (अक्षर) भन्ने पनि छैन सिर्फ गाउँ गाउँमा घुम्ने भएकोले अरूले भगवान् बुद्ध मानेको थाहा छ ।"

"उपजे ! हजूर यहाँ कति दिन बस्नु हुन्छ ?"

"म यहाँ कति बस्छु भन्ने ठेगाना छैन, मन लागुञ्जेल बस्ने हो ।"

"हजूर महिनौं महिना बस्ने हो भने हामीहरूले बस्ने ठाउँ बनाइदिन्छौं ।"

"पर्दैन, मलाई यहाँ ठाउँ बनाउनु पर्दैन, मलाई भनेर ठाउँ बनायो भने म यहीं बस्नु पर्ने कर लाग्छ, म यहाँ मन लागुञ्जेल बस्छु, मन लागेन भने हिंड्ने भएकोले ठाउँ बनाउन दुःख गरी रहनु पर्दैन भो ।"

"होइन, उपजें ! यहाँ यो गुफा ढुङ्गाको भएकोले शरीरलाई राम्रो गर्दैन ।"

"होइन, मलाई ठाउँ बनाउनु पर्दैन, दुःख नगर्नुहोस् ।"

नाङ्गा दुईजना फर्के । फेरि भोलिपल्ट आएर भने "उपजें ! हजूरलाई हामी ठाउँ बनाइ दिन्छौ, हजूर मन लागुञ्जेल बस्नुहोस्, हामीले कर गर्दैनौ ।"

"त्यसो भए तपाईहरूले हेरेर, कर नगर्ने भए म बस्छु ।"

भोलिपल्ट नै लोग्ने मान्छे र स्वास्नी मान्छेहरू सबै आएर जङ्गल फाँडेर बाँसको एक तल्ले घर बनाइ दिए साथै बुद्ध मूर्ति राख्ने दराज, पानी घडा राख्ने ठाउँ र हावा खाने मञ्च, आवश्यक सबै बाँसको बनाएर हस्तान्तरण गरे ।

तिनीहरूले बनाई दिएको घरमा म आरामले बसेपछि तिनीहरूले भन्यो "उपजें ! यो हामीहरूले हजूरलाई बनाइ दिएको कारण के हो भने माथिको गुफामा बस्नु हुन्नँ, जन्तु बस्ने ठाउँ हो । त्यसैले हजूरलाई त्यहाँ विध्न हुन सक्छ । अब यहाँ त्यस्तो कुनै भय छैन । जन्तुहरू आए पनि यहाँ तल खुल्ला छ, आफ्नो वाटो लाग्छन् । बेलुकी यहाँ हजूर बाहिर ननिस्कनु भए हुन्छ । दिसा पिसाब गर्नु छ भने भित्रै गर्नुहोस् बाहिर ननिस्कनु होस् । यति भनेर तिनीहरू फर्के ।



Downloaded from http://dhamma.digital/

मैले मांस सेवन नगरेकोले तिनीहरूले मांस खुवाउन अनेक प्रयत्न गरे तर केही सीप लागेन, अनि तिनीहरूले कण्दमूल ल्याएर खुवाउन थाले ।

एकदिन तिनीहरू गाउँभरिका जम्मा भएर मकहाँ आएर रहर बाजी गर्न आए । जङ्गल फाँडेर दाउरा जम्मा गरे, बाँसको गौंडा गौंडा काटे । चामल भिजाएर बाँसमा भरे बुजोले प्वाल टाले । आगो बालेर ती बाँसका टुक्रा आगोमा हाले । बाँस पडकिंदा निकालेर बाँस चिरेर बाँसभित्रको भात केराको पातमा खन्याए । सबै बाँसमा भएको भात निकाली सकेपछि त्यो भातमा तिलको धुलो, नरिवलको धुलो नूनको धुलो माथि छरेर पहिले मलाई राखेर अर्पण गरे । तिनीहरू हर्षपूर्वक रमाउँदै ठूलोठूलो स्वरले कुरा गर्दै खान थाले ।

स्वास्नीमान्छे र लोग्ने मान्छे निर्वस्त्र भए पनि तिनीहरूको आफ्‌नो परम्परा भएकोले पशु व्यवहार छैन । बरु तिनीहरूको वर्ग बाहिरसँग पशु विचार छन्, त्यसैले लोग्ने मान्छेहरूको हात हातमा चुपी बोकी हिंडने चलन छ । कोही कसैले तिनीहरूको स्त्री उपर कुदृष्टि राखेमा नबोलीकन चुपीले मारी दिन्थे । ती मानिसहरूको रूप र आकृति अति राम्रा थिए, कयो(कचौरा) को बनौट जस्तै सुन्दर, त्यसैले अन्यवर्गका पुरुष जातिले नांगा आइमाईहरू देखेमा मन सम्हाल्न गाह्रो पर्थ्यो । राजाहरू पनि त्यहाँ शिकार खेल्न जाँदा नांगा आइमाईहरूलाई समातेर लगेर महारानी समेत बनाउँथे । एक दिन मैले तिनीहरूलाई वस्त्रको विषयमा उपदेश दिएँ । तिनीहरूले भने “पंजाफरा ! हाम्रो समाजमा वस्त्र लाउनु हुँदैन, वस्त्र लगायो भने हाम्रा नांगा समाज उठेर पिटेरै मार्छन् ।”

“त्यसो किन ? वस्त्र लाउन नहुने किन ?”

“खोइ किन हो किन, वस्त्र लाउनु हुन्नँ भन्छन ।”

अर्को एकजनाले भन्यो “वस्त्र लगाउने वित्तिकै पराधीन हुन्छौ, तसर्थ वस्त्र विरुद्ध भएर नांगै बसेका हौं । हाम्रा नांगाहरू मध्ये एकजना अंग्रेजहरूले समातेर लगेर मीठो खाने, राम्रो लगाउने, काम गरेर कमाउन सक्ने शिक्षा दिएर फर्काइ दियो । त्यो नांगोले राम्रो लाएर मीठो खाएर फुर्ति गरेर हामीलाई उपदेश दिन आयो । त्यो नांगोलाई हाम्रो नांगा समाजले “तिमी मात्र पराधीनमा बसेर पुगेनौ हामीलाई पनि पराधीन गर्ने विचारले उपदेश दिन्छौ ? तिमी फर्किन्छौ कि हाम्रो नियम मान्छौ ?”



Downloaded from http://dhamma.digital/

उपदेशक नांगोले भन्यो कि "हेर साथीहरू ! मैले तिमीहरूलाई नचाहिंदो उपदेश दिन आएको होइन, संसारमा शिक्षितहरूले कस्तो चैन गरी रहेका छन्, हामीहरू मात्र किन जङ्गली भएर बस्ने ? हामीहरू पनि सुधिने अवस्था आयो, लै आऊ । साथीहरू ! हामीहरू पनि अंग्रेजी शिक्षा लिन जाऔं ।"

"तिमी एक्लै सुधेर बस, हामीहरू जङ्गली भएर बस्छौं तर कसैको अधीनमा बस्दैनौं, तिमी फर्किन्छौ कि फर्किदैंनौ ? हैन भने तिमीलाई यही समाप्त गरी दिन्छु" भनी चुपी लिएर तर्साए पछि त्यो उपदेशक फर्क्यो । पछि अंग्रेजहरूले हामीलाई पक्रन आए पक्रिन आउने जतिलाई मारी दियौं । आजसम्म अंग्रेजहरूले हामीलाई अधिनमा रख्न सकेका छैनन् ।

त्यो कुरा सुनेपछि मैले तिनीहरूलाई बस्त्रको बारेमा कर गरिनं । तैपनि मैले भनें "तिमीहरूको नियममा मिल्दैन भने म कर गर्दिन्न, तैपनि यहाँ आउँदा आइमाईहरूले एक एक टुक्रा बस्त्र धारण गरेमा असल हुन्छ, म तिमीहरूलाई मन आनन्द हुने ज्ञान बताउँछु । मलाई तिमीहरूले खुवाइ राख्यौ, मैले पनि तिमीहरूलाई गुण गर्नु पर्छ । यो कुरा पनि तिमीहरूको समाजमा सल्लाह गरेर मात्र, होइन भने म यहाँ बस्दिनँ, तिमीहरूलाई म कर गर्दिन्नँ ।" तत्पश्चात् तिनीहरू विहारमा आउन सेतो वस्त्र एक टुक्रा लाएर आउँथे र बाहिर निस्कने वितिकै फुकाल्थे । एक दिन मैले तिमीहरूलाई भनें "उपासकहरू ! मैले तिमीहरूलाई मन आनन्द हुने एउटा कुरा बताउँछु यदि तिमीहरूलाई त्यस्तो कुरा सुन्न मन लागेमा एउटा नियम पालना गर्नुपर्छ ।"

"पंजा फरा ! नियम भनेको के हो ?"

"नियम भनेको अर्को होइन, यो संसारमा "रं सतवा, कौं सतवा, कांसतवा" भनेर तीन प्रकारका प्राणीहरू मध्ये एक प्रकारको प्राणीको मांस खान छोडनु पर्छ । रं सतवा = जलचर, कौं सतवा = स्थलचर, कां सतवर = आकाशचर । तीन मध्ये एक छोडे पनि दुई प्रकाराके त खानु हुन्छ नि, एउटा छोड्न कति पनि गाह्रो छैन् ।

तिनीहरू राजी भए, छोडेको तीन दिनमा तिनीहरूलाई मैले भगवान्को मूर्ति ध्यान गर्ने विधि वताएर मूर्ति ध्यान गर्ने अभ्यास गराउँदै लगें । पन्ध्र दिन पुग्दा तिनीहरूलाई बडो आनन्द भएको अनुभव गरे । साह्रै नै खुशी भए । फेरि मैले भनें "उपासकहरू ! तीन प्रकारको



Downloaded from http://dhamma.digital/

प्राणीहरू मध्ये फेरि एउटा छोड्यो भने अर्को फेरी आनन्द अनुभव हुने कुरा बताउँछु, यदि मनपर्छ भने "मैले भनेको नियम एउटा पालना गर्ने कबुल गर।"

तिनीहरूले "पंजाफरा ! एक एकवटा कुरा सुन्नलाई एक एक वटा नियम पालना गर्नुपर्छ, नगरे हुन्न र ?"

"भो उपासकहरू ! त्यो नियम पालना गर्नु पर्ने किन भने जस्तो कि हामीले कुनै बस्तु राख्न भाँडो खाली छैन भने भाँडो खाली नगरीकन त्यो वस्तु राख्ने ठाउँ हुन्छ त ? त्यसरी नै एक एक आनन्दलाई रोकी राख्ने विषय हुनसक्छ, त्यो विषयलाई छोड्न सके आनन्द अनुभव हुने काम गर्न सक्छौं।"

नांगाहरू राजी भयो फेरि एउटा छोड्ने कबुल गरे।

मैले बताएँ "उपासकहरू ! हाम्रा साथीहरूले एकले अर्कोलाई प्रेम गर्‍यो भनें परस्परको प्रेम सुख हुन्छ कि दुःख ?

"सुख हुन्छ पंजांफरा !"

"त्यसरी नै अरू प्राणीलाई पनि हामीले प्रेम गर्‍यौं भने तिनीहरूले पनि हामीलाई प्रेम गर्छन् कि गर्दैन् ?"

"तिनीहरूले पनि प्रेम गर्छन् पंजा फरा।"

"सबैले प्रेम गर्ने सुख होकि सबै नै बैरी हुने सुख ?"

"पंजाफरा ! सबैलाई प्रेम गर्ने सुख, सबैले प्रेम गर्ने पनि सुख।" जुन व्यक्ति अहिंसक र प्रेम भएका हुन्छ त्यो व्यक्ति देखेर कोही त्रसित हुँदैन र बैरी पनि हुँदैन। त्यसको लागि तिमीहरूले जुन निरामिष आहार गर्ने शील प्रार्थना गर्‍यौ त्यो शीलले आफूलाई पनि परलाई पनि सुख हुने हो। निरामिष आहार गर्ने जुनसुकै जङ्गलमा जाँदा कुनै पनि जन्तुले केही गर्दैनन्। बरू जन्तुहरूकै शरण गत स्थल भने जस्तै, अहिंसक व्यक्ति जन्तुहरूको लागि शरण जाने ठाउँ हुन्छ। त्यो अहिंसकलाई जस्तो आपद् परे पनि जन्तुहरूले आफूले सक्दो सहायता गर्छन्, बरू तिमीहरू सक्छौ भने यो मांसाहार कहिल्यै नगरेमा असल हुन्छ।"

"पंजांफरा ! मांस खान छोडेर के खाएर बाँच्ने ?"

"भो उपासकहरू ! जङ्गलमा यति धेरै फलफलादि खाने पदार्थहरू छन् त्यो खानु हुँदैन र ? फलफूल भोजन गर्नेहरूको रगत सफा हुन्छ, रगत सफा हुने वित्तिकै निरोगी हुन्छ, निरोगी हुने पनि सुख होइन र ?"

"हो, पंजांफरा ! यस नियमले जीवन झन स्वतन्त्र हुन्छ, सुख



Downloaded from http://dhamma.digital/

पनि हुन्छ । चुपी बनाउने नकर्मीको खुसामद पनि गर्नु पर्दैन, जङ्गलमा गएर जन्तुहरू मार्नु परेन, जन्तुहरूले हामीहरूलाई केही गर्छ भन्ने भय पनि भएन, निकै नै राम्रो नियम हो, पंजांफरा ! यो नियम पालना गर्ने कोशिश हामीले गर्ने भयौं ।"

यस प्रकारले क्याउतो जङ्गलमा बस्दा बस्दै एक मध्यरातको समयमा दुईजना मान्छे गन गन गर्दै आएको शव्द सुने । मेरो मनमा "मध्यरातमा यी मान्छेहरू कहाँबाट आए ? दिउँसो पनि कोही आउन गाह्रो मान्ने ठाउँमा मध्यरातमा के गर्न आएको होला ? तिनीहरूको अवाज झन नजिक सुनें, नजिकिँदै म बसेको ठाउँमा पुग्यो । "खोइ कोही पनि छैन" भन्दै म बसेको झोपडी एक चक्कर लगायो, म नबोलीकन बसी रहें, तिनीहरू घुमेर कुरा गर्दै गए । पछि मैले खोकें तैपनि तिनीहरू फर्केर आएनन्, सरासर गए । मेरो मनमा "यिनीहरूको हुन्" भन्दै विचार गरी रहें, जति गरे पनि थाहा पाउन सकिएन ।

भोलिपल्ट मध्यान्ह तिर दुइटा शिकारी कुकुर स्यांस्यां गर्दै आए । कुकुरहरूले मलाई सुँघेर दुईजना दुईतिर बसे । पछि जङ्गल पारिका भन्ते आठ दश जना युवक साथी लिएर प्रत्येकले एक एक लठ्ठी बोकेर पाल्नु भयो । भन्तेलाई आसन ग्रहण गर्न लगाएर वन्दना गरेर भने "भन्ते ! आज कहाँ पाल्नु भएको ?"

"आयुष्मान् ! आज युवाहरू साथी पाएकोले तपाईंलाई एक पल्ट भेटौं भनेर आएको ।"

"साधु ! साधु ! भन्ते ! म उपर दया राख्नु भयो ।"

भन्तेले भने "आयुष्मान् ! तपाईं त उतातिर भिक्षाटन गर्न आउनु भएन, के खाएर बाँच्नु भयो ?"

"भन्ते ! यहाँ मलाई नांगाहरूले खुवाई राख्यो । कहिले काही नांगाहरू नआउँदा यहाँ खाने फलफूल धेरै छन्, भुईंकटहर, अम्बा, आँप, नास्पाती, केरा, कटहर, कुरिलो, तरुल धेरै छन्, भोकै बस्नु पर्दैन भन्ते ! बरु के भने भिक्षुको नियमानुसार आफैले लिएर खान नहुने भएकोले धेरै भएर के गर्नु अर्पण गरी दिने नभइ हुँदैन, जङ्गलमा बस्न ऋषि भए मात्र हुने रहेछ ।"

"आयुष्मान् ! मध्यरातमा डर लाग्दैन र ?"

"मन त डराउँछ, तैपनि कसैले केही गर्न आएको छैन । जन्तु त आउँछन्, टुलुटुलु हेरेर आफ्नो बाटो लाग्छ । बरु हिजो मध्यरातमा यहाँ



Downloaded from http://dhamma.digital/

को हो कुन्नि गनगन गर्दै दुईजना आए‘कोही छैन’ भन्दै एक चक्कर लाएर गए ।”

“तिनीहरूलाई तपाईंले बोल्नु भएन र ?”

“मैले ढोका खोलेर हेरिन्न, अवाज दिएँ, तिनीहरूले वास्ता नगरी फर्के ।”

“आयुष्मान् ! हजूरले स्वर्ण मौका चुकाउनु भयो । यस जङ्गलमा सिद्ध भएका तिनीहरू ! तिनीहरूले कति योगीहरूलाई कस्ता कस्ता सिद्धि दिइसके, हजूरले मौका चुकाउनु भयो ।”

“भन्ते ! त्यसो हो भने मैले तिनीहरूलाई नभेटेको ठीक भयो ।”

“किन ? आयुष्मान् ! ऋद्धिसिद्धि भन्ने मन पर्दैन र ?”

“भन्ते ! ऋद्धि सिद्धि भएकालाई लोकले मान्छन्, लोकले मानेका ‘संसार असार’ भन्ने थाहा पाएनौं भने लौकिक ऋद्धिसिद्धि निर्वाण वाधक हुनसक्छ, कोही योगीले संसार साकार निराकार, अध्यात्म बाह्ययात्म, जडचेतन भइरहँदा पनि असार भनी यथार्थ वोध भइहाल्छ त्यो योगीलाई लौकिक ऋषि सिद्धि तृणवत् भावनाले तुच्छ सम्झिनु सिवाय प्रशंसा गरिंदैन ।

भन्ते चुप लाग्नु भयो, एक छिन बसेर फर्किनु भयो ।

एक पल्ट मलाई सन्चो नहुँदा भन्तेले पनि आफनो बिहारमा लगेर हेर विचार गर्नु भयो । अर्को एक आगन्तुक भिक्षु पनि बिरामी भइरहेको थियो । उहाँ आगन्तुक भिक्षु लोकमा अनित्य हुनुभयो । विहार नायक भन्तेले त्यो भिक्षुको मृतक शरीरलाई बाकस एउटा बनाएर त्यसमा खरानी राखेर मृत शरीर राखी बन्द गरी विहार बाहिर रुखमाथि राखी दिनु भयो । त्यो मृतक शरीर संस्कार गर्न भन्तेले यताउति मान्छे पठाएर चन्दा उठाउन लगाउनु भयो । म सन्चो भएपछि फर्के । त्यस मृतक शरिर एक ठुला ज्ञानी महास्थबीर भएकोले त्यहाँ ठूलो योजना बन्यो । चन्दा उठाउँदा आठ नौ महिना ढिला भयो । त्यहाँ ठूला महास्थविर एक जना परलोक हुँदा अति नै ठुलो योजना बनाई तीन चार लक्ष खर्च गरी संस्कार गर्ने रहेछ । हेर्दा खेरि अति नै राम्रो तर त्यो कार्यक्रमको व्यय अतिनै धेरै नै लागेकोले त्यसको बर्णन मैले यहाँ उल्लेख गरिनँ । तीन दिन सम्म धूमधाम मेला लाग्यो, तीन दिनमा रूखमा राखिएको मृतकको शरीर भएको बाकस निकाली खोली हेर्दा मृतकको केश, हाड र नङ्ग मात्र बाँकी अरू सबै कुहियर पानी भएर खरानी हिलो भई भिजी रहयो



Downloaded from http://dhamma.digital/

त्यो सबै बाकसमा त्यत्तिकै राखेर स्मशान मन्दिर बनाइराखेकोमा राखेर आगो राखी जलाई दिए ।

यस्तो मृत्यु संस्कार कार्य अतिनै खर्च गरी उत्ताउलो तरिकाले उत्सव मान्ने रहेछन् ।

## एकाग्र चित्तको लाभ

एकदिन म त्यही जङ्गलमा उत्तर हेरेर रूखको तल ध्यान गरी रहँदा ध्यान सिध्याएर आँखा खोल्दा उत्तरतिर भगवान् बुद्ध आकाश मार्गमा पाल्नु भएथ्यो ।

म अलि अग्लो पर्वतमा वसी रहेकोले अरू पर्वत सबै ससानो होचा जस्तो भएर आकाश छयांङ्गै भएकोले भगावन् बुद्ध वायाँ हातमा पिण्डपात्र समाई दायाँ हातमात्र त्यतिकै छोडेर सीधा शरीर पारेर मतिर हेरी रहनु भएको थियो । सीधा मकहाँ आउन भई मेरो दायाँ उभी रहनु भयो । उहाँको करण दृष्टिले मलाई हेरी रहनु भएको अहिले सम्मन् मेरो मनमा स्पष्टसँग देख्न सकिन्छ । त्यसवेला मेरा मनमा "यो कसरी भयो ? भगवान् बुद्ध कुशीनगरमा त्यो बेला नै महापरिनिर्वाण भइसक्नु भयो, यहाँ अहिले कसरी पाल्नुभयो ?" भन्ने शंका भयो, हुने वित्तिक्कै उहाँ त्यहीं अलप हुनुभयो । यो कसरी भयो ? विचार गरी हेरें, यो सबै मनको एकाग्रताको फल हो । जतातिर श्रद्धा प्रवल हुन्छ त्यसमा एकाग्र चित्त हुनासाथ दर्शन प्राप्त हुने रहेछ । जब एकाग्र चित्त भंग भयो तब रूप पनि अन्तरध्यान भयो ।

यदि त्यही रूपमा दृढ विश्वास भएको भए, त्यो रूपले वाणी पनि प्रकाशं गरी दिनु हुने निश्चय, उहाँले आज्ञा गर्नु भएको भूत, भविष्य, वर्तमानको कुरा यथार्थ हुने गरी आज्ञा गर्नु हुन्थ्यो ।

भगवान् बुद्ध नै भए पनि ध्यानमा प्रकट भएको मूर्ति लौकिक नै मात्र आज्ञा गर्नुहुन्छ लोकोत्तर होइन । भगवान् बुद्ध वरदाता होइन, तैपनि ध्यान प्रकट भएर पाल्नु भएका भगवान्ले लौकिक वरदान पनि दिनुहुन्छ । लौकिक सिद्धि पनि दिनुहुन्छ । यो सबै उहाँको महिमा होइन आफनो परिशुद्धाचरण युक्तको एकाग्र ध्यानले प्रकट हुने आफ्नै शुद्धश्रद्धा र ध्यानको महिमा हो ।

लोकोत्तर मार्गको फलको लागि बैराग, निक्लेश र स्वभाव धर्मको ज्ञाता भइरहेको प्रज्ञा नभई हुँदैन । लौकिक पहिले प्राप्त गरेकोले लोकोत्तर



Downloaded from http://dhamma.digital/

मार्ग फल प्राप्त गर्न सम्भव छैन । सबभन्दा पहिले मार्ग फल प्राप्त भएपछि ऋद्धि भएकोलाई लौकिक सम्बन्ध हुँदैन ।

लोकजनहरू भने ज्ञानचक्षु बताउन सक्दैन्, मंसचक्षु सत्यलाई नै प्रशंसा गरी रहन्छ, मंसचक्षुले लोकोत्तर मार्ग फललाई देख्दैन, लौकिक मात्र देखिरहन्छ ।

## गुरुको इच्छा

तत्पश्चात् मैले शासनज्योतिलाई लिएर पुनः चैत्वेम्योमा पुगें । पुराना उपासकहरू सबै जम्मा भए, कुशल वार्ता भयो । सकल उपासकउपासिकाहरूलाई भनें "उपासकहरू ! मेरो एउटा इच्छा पूरा भएको छैन त्यो इच्छा पूर्ण गर्न तपाईहरू सबैले हारगुहार गर्नु भयो भने पूरा हुन्छ ।"

"हुन्छ, उपजे ! भन्नुहोस्, हामीलाई पनि पुण्य हुन्छ ।"

त्यहाँ सबै सँग सहयोग लिएर अति नै राम्रो धर्मासन बताएँ, सहायता दिने सहित सकल उपासक उपासिकाहरूलाई आह्वन गरी आसन उद्घाटन गरेर गुरूलाई चढाएँ । सबै दर्शकहरू आसन हेरेर सन्तोष मानी रहे । गुरूसँग प्रार्थना गरें ।"

"गुरूदेव ! यति धेरै दर्शकहरू उपस्थित भइरहयो, गुरु एकपल्ट यो धर्मासनमा बस्नु भएमा सकल दर्शकहरूको इच्छा पूर्ण हुन्छ, गुरुदेव अनुग्रह राखी एकपल्ट धर्माशनमा बस्नुहोस् ।"

गुरुले "मलाई तपाईहरूले गुरु भनी श्रद्धा राखी, बहुमूल्य धर्मासन निर्माण गरी दान दिनुभयो, म सन्तोष भएँ, म नै बस्नु पर्छ भन्ने के छ र ?"

"गुरुदेव ! हजूरलाई विराजमान गराउने नै भनेर हामीले यति श्रद्धापूर्वक धर्मासन बनायौं, एकपल्ट आसनमा बस्नु भयो भने सबै दर्शकहरू खुसी भएर गरेको पुण्य सार्थक भयो भनी सन्तोष मान्छौं । गुरु ! एक पल्ट अनुकम्पा राख्नुहोस् !"

"होइन, आयुष्मान् ! तिमीहरूले दान दियौ, दान अनुसार तिमीहरूलाई पुण्य हुन्छ, म नै बस्नु पर्छ भन्ने छैन ।"

दर्शकहरूले पनि धर्मासनमा बस्नुहोस् भन्ने प्रार्थना गरे ।

गुरुले "भो आयुष्मान् ! किन कर गरेको ? म यस्तो धर्मासनमा वस्न योग्य भएको छैन, म त्यतिको योग्य होइन, यस्तो धर्मासनमा बस्न ।"



Downloaded from http://dhamma.digital/

"गुरुदेव ! यदि गुरू यस्तो धर्मासनमा बस्न योग्य नभएको हो भने हजूरलाई धर्मासन प्राप्त हुँदैन । योग्य भएर नै प्राप्त भएको हो ।"

कर गरे पछि गुरुले आफनो शील स्मृति गर्नु भई, विदर्शन ज्ञान धारण गर्नु भई, स्वभाव धर्मको भावनाले युक्त हुनु भई धर्मासनमा बस्नु हुँदा गुरुको पहिलेको रूप नभई, अर्कै रूप भइ शान्त रूपी ज्ञान कान्ति भएर सकल दर्शकलाई दर्शन दिनु भयो । सकल दर्शकले "साधु ! साधु ! साधु !" भन्दै साधुवाद गर्दै प्रार्थना गरे । गुरु त्यो धर्मासनमा बस्नु भएर सप्तबोध्यङ्गको उपदेश दिंदै भन्नु भयो" मैले आयुष्मान् महाप्रज्ञालाई किताव हेरेर उपदेश गरें, महाप्रज्ञाले मेरो उपदेश अनुसार चर्या गरी त्यस चर्याद्वारा प्राप्त रस मलाई नै पान गराउने यस्ता तपस्वीलाई शिष्य नभनी गुरु भन्नु पर्ला जस्तो छ । आज फेरि मलाई धर्मासनको औजारले मेरो सीधा हुन नसकेको मनलाई यस प्रकारले सीधा पारी दियो कि ' असम्भव मनलाई सम्भव गरी दियो, महाप्रज्ञा नाम जस्तै काम पनि गरेर देखायो । ' धन्य धन्य' भन्नु भयो ।

पछि एकदिन गुरुले मलाई भन्नुभयो "आयुष्मान् ! म एउटा कुरा माग्छु दिन्छौ ?"

"गुरुदेव ! हजूरलाई सुहाउने मसँग के देख्नु भयो ? मसँग भएको वा मैले दिन सक्ने भए गुरु म चढाउँछु ।"

"तपाईसँग भएको, दिएमा दिन सक्ने पनि हो ।"

"त्यो के हो भन्नुहोस्, मैले दिन सक्ने भए चढाउँछु ।

"अरू केही होइन आयुष्मान् ! तपाईको जीवनमा अन्तिम अवस्थामा मलाई सेवा गर्ने इच्छा छ, त्यसको लागि हजूर चारिका गर्दै अन्तिम अवस्थामा पुग्दा यहाँ पाल्नुहोस्, यति मेरो आशा ।"

"गुरुदेव ! हजूरको आज्ञा पालना गरी रहेकै हुँ, गर्ने श्रद्धा पनि नभएको होइन । तर मेरो अन्तिम अवस्था मलाई थाहा भए मात्र हाजीर हुनसक्छु नभएमा क्षमा ! थाहा नै भएपनि यदि टाढा ठाउँमा परें भने, अर्थाभाव भयो भने क्षमा माग्छु । फेरि म यहाँ आउँदा गुरु नै पाल्नु भएन भने मैले आफनो प्रतिज्ञा पूरा गर्न सक्दिनँ, यसमा पनि क्षमा माग्छु । फेरि संसार अनित्य भएकोले मेरो अन्तिमसम्ममा यो स्थान पनि नहुन सक्छ, त्यसको लागि यो प्रतिज्ञा पूरा गर्न असम्भव जस्तो लाग्छ गुरुदेव ! कसो गुरु ?"

गुरुले केही जवाफ दिनु भएन मौन भएर अनुहार मात्र टुलुटुलु हेरी रहनु भयो ।



Downloaded from http://dhamma.digital/

# चटगाउँ (बंगलादेश) भ्रमण

तत्पश्चात् गुरुसंग विदा मागेर शासनज्योति र लंकाका मैतेथ्य भिक्षु सँगै चारिका गर्नको लागि जहाजमा बसेर चटगाऊँतिर गएँ। शासनज्योतिको मनमा अरथ्यैं मात्र सम्झयो म सँग राम्ररी कुरा गरेन। चटगाउंमा गएर "कानाइ मदारी" भन्ने गाउँमा प्रज्ञालोक महास्थविरको विहारमा वसें। त्यहां बसी रहँदा विभिन्न स्थानवाट समूह समूहमा भन्ते र उपासकउपासिकाहरू भेट्न आए।

एकदिन 'योगेन्द्रलाल बरुआ' भन्ने उपासकले निमन्त्रणा गरी 'पहार्तली' भन्ने विहारमा लगेर राख्यो। त्यहाँ पनि चटगाऊँका धेरै भन्तेहरू जम्मा भए, उपासक उपासिकाहरू पनि आइरहे, जलपान र भोजन पनि योग्य प्रकारले प्रवन्ध गरेका थिए। एउटा महान् मेला जस्तै लागेथ्यो। क्रमशः त्यही विहारका महास्थविर भिक्षुको कपाल दुख्यो "म यति ठूला महापण्डित भई रहेका भिक्षुको यस्तो मान कहिल्यै गरेनन, आज नेपालबाट आउने भिक्षुहरूको कत्रो मान, एक महिना हुन लाग्यो त्यस प्रकारले मान्छेहरू आइरहे गइरहे" भनेर हामीलाई भित्र कोठामा स्थान दिएर आराम गराई राख्यो, आफू बाहिर बसेर भेट्न आएका मान्छेहरूलाई "नेपाली भन्ते आराम गरी रहनु भएको छ, अहिले भेट्दैन, महिना दिन हुन लाग्यो तिमीहरूले उहाँलाई आराम नै दिएनौ, एक दुई दिन आराम गर्न देऊ जाऊ फर्क, जाऊ" भनी फर्काइ राख्यो। योगेन्द्र लाल बरुआं आउँदा खेरि पनि अति नै आदर मान दिएको जस्तो गरी भेट्न दिएन। योगेन्द्र लाल बरुआले त्यो भिक्षुको अभिप्राय थाहा पाएर फर्केर दुई चार जना उपासकहरूलाई बोलाउन पठाएर सल्लाह गर्‍यो "हाम्रो भन्तेले पनि नेपाली भन्तेलाई ट्रिक खेलेको जस्तो छ, अब के गर्नु पर्ला ?"

अर्को ले "मलाई पनि त्यस्तै शंका भयो, हामीहरूले यहाँका भन्तेहरूलाई यति राम्रो आदरपूर्वक मान कहिल्यै गरेनौं, त्यसैले उहाँहरूको मनमा सुख भएन होला ?"

"त्यसरी सुख नमानी हुन्छ र ?" उहाँ नेपाली भन्ते विदेशी, फेरि भगवान्को जन्म भूमिका भिक्षु हो, त्यति मात्र होइन, उहाँ एक अर्कै धर्मावलम्बीको आज यो स्थविरवादमा दीक्षित हुनु भएको भिक्षु हुनुहुन्छ, त्यसमाथि पनि उहाँको धर्मोपदेश गर्ने तरिका नै भिन्नै, जस्तो सुकै



Downloaded from http://dhamma.digital/

व्यक्तिले पनि बुझ्न सक्नुपर्छ, मनभित्रै गड्ने किसिमले बताउनु हुने उहाँलाई मान्यता दिएको अति भएन ठीकै छ ।"

योगेन्द्र लालले भन्यो "त्यसो होइन, यस महामुनिलाई मेलामा उहाँलाई प्रवचन दिने योजना बनाऔं, मनडाहा गर्नेलाई डाह गर्न दिऊँ ।" भनी पांप्लेट छापेर वितरण गर्‍यो । त्यो पांप्लेट म बसेको विहारको महास्थविरले थाहा पायो, उसलाई झन् मन डाह भयो । त्यस महास्थविरले अरू मान्छेहरू पठाएर मलाई सोधे "भन्ते ! हजूरको प्रवचन छ भन्यो रे हो ?"

"अहँ थाहा छैन बा ! मलाई त केही थाहा छैन ।"

"हजूरलाई कस्तो थाहा नभएको, पंप्लेटमा छापेर मेलामा बाँडी रहयो, यो हो त ?"

कुरा गरी रहेको ठाउँमा योगेन्द्रलाल बरुआले "भन्ते ! आज बेलुकी हजूरको प्रवचन छ" भन्यो ।

महास्थविरका जासूसीहरूले सोध्यो "भन्ते ! भरे हजूरले के विषयमा बताउने ? भनेर सोध्यो ।"

"दान, शील, भावनाको विषयमा बताउनु पर्ला" भनें ।

"दान, शील, भावनाको कथा कति सुन्ने । जो भन्ते पनि कथा सुनाउँदा दान, शील, भावना मात्रै सुनाउँछन्, त्यही मात्र कति सुनौं" भने ।

योगेन्द्रलालले आफनै खर्चमा अद्वितीय भव्य किसिमको धर्मासन एउटा बनाइ राख्यो । धर्मासन अति भव्य भएकोले धेरै दर्शक र श्रोतागण एकत्र भए । बेलुका योगेन्द्रलाल बरुआले तिनीहरूको देशको सांस्कृतिक बाजा वजाएर लिन आयो, धर्मासनमा बसाएर उपस्थित वर्गले पञ्चशील याचना गर्‍यो । पञ्चशील दिएर धर्मोपदेश प्रारम्भ गरें ।

"दान, शील र भावना हुनुपर्छ, शीलमा दान र भावना युक्त हुनपर्छ, भावनाले दान र शील पूर्ण हुनुपर्छ" भन्ने विषयमा बताउँदै गएँ । कथाको अवसानमा श्रोतागणले "यस्तो प्रकारले सन्तोष भएर" "साधु ! साधु ! भन्ते ! आजको जस्तो दान, शील, भावना तीनवटैमा तीन वटै संगठित भएको कुरा आजमात्र थाहा पाएँ । हुन पनि हो दान भन्ने नै स्वभाव राम्रो भएर शीलयुक्त हुन्छ । फेरि दान प्रदान गर्नु नै भाव थाहापाउनु भावना लोकोत्तर दुइटा मध्ये प्रार्थनानुसारले फल दायक हो भन्ने भाव थाहा पाउनु भावना हो । शीलले प्राणीहरूलाई दुःख नहोस्



Downloaded from http://dhamma.digital/

भनी शील पालना गर्नु नै अभय दान भयो । अभय दानले युक्त व्यक्तिमा परिशुद्ध स्वभाव हुनु नै शील, शीलमा तीन प्रकारको अंग पूर्ण भइरहेको देख्नु नै भावना भनिन्छ। भावना भनेका मनलाई शुद्ध गर्नको लागि अकुशल जति त्याग गर्नु, प्राणीहरूलाई कल्याण हुने दान, भावना भएको व्यक्तिको स्वभाव राम्रो हुने शील, चित्त शुद्ध गर्नको लागि कुशल चित्त हुने कार्य भावना यो कुरा धार्मिक वर्गहरूले सिकेर थाहा पाउने र तद् अनुसार चर्या गर्न आवश्यक छ । भन्ते ! हजूरले हामीलाई साँच्चिकै बत्ति बालेर देखाएर जस्तै छर्लङ्ग स्पष्ट रूपमा उपदेश गर्नु भयो ।"

तत्पश्चात् चटगाउँको जहाँ गए पनि उपासक उपासिकाहरू भीडका भीड पछि पछि लाग्न छोडेन्। छलफल गर्नेहरू पनि त्यतिकै आउन थाले, भगवान्को प्रसाद दिने श्रोतागण सबै सन्तोष भएर गइरहे ।

एउटा स्कूलमा दुई तीन दिन बस्नु पर्‍यो। त्यहाँका प्रोफेसर एकजनाले म उपर दया राखेर सहायता गर्नुभयो। त्यो प्रोफेसर पनि निकै तर्कवादी मिलिन्द राजा जस्तै थिए। त्यस इलाकाका भिक्षुहरूलाई कायल गरी सके। त्यही प्रोफेसरल गोडा धोएर स्वागत गरी भित्रयायो बस्ने स्थान सुविस्ता साथ प्रबन्ध गरी दियो ।

त्यहाँ प्रोफेसरले इलाका भरी मात्र होइन बाहिर पनि खबर फैलाइ दियो। "यदि कसैलाई बुद्ध भगवान्को धर्ममा शंका भए आउनुहोस् पाल्नुहोस् शंका निवारण गर्नुहोस् ।"

प्रश्नकारहरू आइरहे, गइरहे, दर्शकहरू पनि त्यतिकै आईरहे। मध्यान्ह त्यहाँका मान्यवरहरू, विद्वान् भिक्षुहरू पाल्नुभयो, उहाँहरूले प्रश्न गर्नु भयो"

"आयुष्मान् ! परियत्ति केलाई भनिन्छ ?"

उहाँहरूले थाहा नभएर सोधेको होइन, मलाई परीक्षा लिएको हो। मैले भनें "भन्ते ! परियति, पतिपत्ति पतिबेद भन्ने थाहा पाउनुलाई परियत्ति भनिन्छ ?"

"यस तीनवटाको अर्थ ?"

"परियति = थाहा पाउनु पर्ने, पतिपत्ति = काम गर्नु पर्ने, पतिवेद = कामको रस थाहा पाउने ।"

"आयुष्मान् ! केलाई थाहा पाउनु पर्ने, केलाई काम गर्नु पर्ने, केलाई कामको रस थाहा पाउने हो ?"

"भन्ते ! दुःखको रूपलाई थाहा पाउनुपर्छ, दुःखको हेतुलाई थाहा



Downloaded from http://dhamma.digital/

पाउनु पर्छ हेतु निरोध भएमा दुःख पनि निरोध हुने भन्ने थाहा पाउनु पर्छ।" दुःख निरोध हुने काम गरेमा मात्र दुःख निरोध हुन्छ भन्ने थाहा पाउनु पर्छ।

गर्नु पर्ने काम यो हो कि जीवनमा अँध्यारो लागिरहेको अकुशल हटाउने काम गर्नुपर्छ, कुशल बृद्धि हुने काम गर्नुपर्छ, प्रमाद हुन्छ भन्ने भय लिएर अप्रमादी हुनुपर्छ, अध्यात्म नाम रूपको बोध भएर जन्म मरणको हेतु निरोध गर्नुपर्छ।

त्यो कामको प्रतिफल अँध्यारो हट्दै गएपछि उज्यालोको आनन्द बुझ्नुपर्छ। अकुशल हट्दै गएपछि कुशल आनन्द बुझ्नु पर्छ, त्याग भएर गए पछि नभएको मा आनन्द हुने बुझ्नु पर्छ अहंभाव र तृष्णा नभएपछि हेतु निरोध हुने र त्यहाँको अवस्था कहिले दुःख हुदैन जन्म मरणको चक्रले मुक्त भयो भन्ने बुझनु हो "भन्ते ! कुनै भूल देखेमा आज्ञा होस्।"

त्यहाँ भन्तेहरूले हो पनि भनेनन्, होइन पनि भनेन्न, उहाँहरू परस्पर मुखामुख हेरेर बसे।

पुनः एक प्रश्न गर्नु भयो "आयुष्मान् ! संसारमा जन्म भयो कि नाम रूपद्वारा छ इन्दिीय भएर विषय स्पर्श हुने स्वभाव हो, स्पर्शद्वारा सुख दुःखादि अनुभव हुन्छ, त्यसैले तृष्णा उत्पन्न भएर कुशलाकुशल हुन्छ, कुशलाकुशलको विपाक भएर त्यो विपाक पुनःजन्म हुन्छ, जन्म भयो कि छ इन्द्रिय स्पर्श भएर वेदना तृष्णा उपादान भई नै रहने, यस्तो संसार चत्रबाट कसरी मुक्त हुन्छ ?"

"भन्ते ! हजूर स्वयं विद्वान् भएर पनि मलाई प्रश्न गरी रहनु भएको किन ? मैले त कुनै पनि ग्रन्थ अध्ययन गरेको छैन, सिर्फ मैले आफनो भावनामय विचारले देखेको जस्तो कुरा गरी रहेको हुँ।"

"होइन, आयुष्मान् ! ग्रन्थ अध्ययन गर्नु पर्ने जति हामीले गरी सक्यौं तर यो विचिकिन्छ। हामी सँग बाँकी छ, संसारमा राम्रो र नराम्रो कर्मको फल भइ नै रहन्छ, राम्रो कर्मको फल सुख विपाक, नराम्रो कर्मको फल दुःख विपाक, अनि यसबाट कसरी छुटकारा मिल्छ, यो कुरा लेखिएको हामीहरूले निर्णय गर्न नसकेर यो कुराको निर्णय तपाईंले गर्नु हुन्छ भन्ने सुनेर, त्यसैले यो प्रश्न गरेको हुँ।"

"भन्ते ! हजूरहरू पण्डितले पूर्ण भएकाहरू भावना गर्नु भएन होला, अनि कसरी विचिकिन्छा निर्णय हुन्छ।"



Downloaded from http://dhamma.digital/

"भावना गर्नेले लेखिराखेको वा वताइ रहेको कुरा अध्ययन गरेर विचिकिन्छा निर्णय भएन, यो कसरी ?"

"भन्ते ! हजूरहरूलाई म एउटा उपमा दिन्छु, सायद उपमानद्वारा कुरा बुझेर जस्तो कि म बर्मा गएर बर्मामा 'दुयन्दि' भन्ने फल खाएँ, त्यो फल मीठो भएको बयान मैले सक्दो वर्णन गर्छु, त्यो वर्णनद्वारा हजूरहद्वको मुखमा दुयन्दिको स्वाद आउँछ ? आउँदैन" किन स्वाद नआएको ? खान नपाएकोले । मैले त्यत्रो विधि स्वादको वर्णन गरे पनि हजूरहरूको मनमा "त्यो दुयन्दि फल एकपल्ट खान पाए हुन्थ्यो" भन्ने इच्छा भएन र ? 'आउँछ" "त्यो दुयन्दि खाने इच्छा भए जस्तै ग्रन्थमा लेखी राखेको कर्मस्थान भावनाको वर्णन पढेर पनि यसरी बसेर पनि त्यो कर्मस्थान भावना एकपल्ट गरी हेर्नु पर्‌यो भन्ने इच्छा हुन्छ कि हुँदैन ? भन्ते !" ' हुदैन" कसरी नि भन्ते ! दुयन्दि फल खाने इच्छा भए जस्तै "धर्मग्रन्थमा लेखेको अनुसार एकपल्ट भावना गरी हेरौं" भन्ने श्रद्धा उत्पन्न न भएको के भएर ? भन्ते भावना गर्न इन्द्रिय संवर शील परिशुद्ध प्रकारले पालना गरेर, पञ्च काम गुणलाई हटाउनु पर्छ, तत्पश्चात् संसार र विपले भरेको विषय देखेर भय लिए पो संसार चक्रबाट मुक्त हुने श्रद्धा उत्पन्न भएर भावना गर्ने श्रद्धा उत्पन्न हुन्छ । निर्लोभी, निर भिमानी, मैत्री विहीर, क्षान्तवादी र बैरागी हुनुपर्छ भन्ते ! शुद्ध वैरागले निर्मल हुन्छ, प्रज्ञा भावनाले अनित्य दु:ख अनात्मलाई यथार्थ हुने गरी देखेर तत्वको स्वभाव अनुसारले चली रहेको भन्ने थाहा पाएर, थाहा पाएको ज्ञान पनि जीवितेन्द्रिय चली रहेसम्म मात्र हुने, जीवितेन्द्रिय नचले पछि स्पर्शलाई अनुभव गरी रहने ज्ञाता पनि निरोध हुन्छ, ज्ञाताको आधारमा सिकीरहेको ज्ञान पनि अन्तरध्यान भएर जान्छ । नाम रूप पनि अनित्य दु:ख अनात्मा भन्ने यथार्थ बोध भएको, नामरूपको निबृत्ति अवस्था नै अनिर्मित निर्वाण हो भन्ने साक्षात्कार भएपछि पुनर्जन्म हुँदैन् । पुनर्जन्म नभएपछि कर्मफलका भोक्ता पनि सकियो, पहिला प्रज्ञा ज्ञान प्राप्त हुनुअघि भवांगको विपाक भोग गर्नु पर्दैन, पचिन्छ, जस्तो कि मेरो हातको प्रतिविम्ब भित्तामा छ, त्यो प्रतिविम्ब ठूलो पनि हुनसक्छ सानो पनि हुन सक्छ, त्यो प्रतिविम्ब नआऊ भन्न पनि मिल्दैन, चुपी, लठ्ठी देखाएर तर्साए पनि हुँदैन, सँगसँगै अर्थात् पछि पछि लागेकै हुन्छन्, जन्म नै भएन भने त्यो विपाकले केलाई फल दिन्छ ? त्यो पनि निरोध भएर जान्छ ।"



Downloaded from http://dhamma.digital/

यति भनेपछि भन्तेहरू चुप लागेर बस्नुभयो । त्यहाँ त्यस प्रोफेसरले जोश निकाल्दै भन्यो "लौ ! सुन्नुहोस, के भन्नु भयो?" प्रश्नकार भन्तेहरू चुप लागेर फर्कनु भयो ।

## चटगाउँको ज्येष्ठ भन्ते

चटगाउँमा भिक्षुहरूमध्ये सबैभन्दा ज्येष्ठ, अति शिष्य भएका महास्थविर एकजना छन् रे ? मैले त अर्कै सुने, उहाँको आँखाले काम गरेन, तर धुरन्धर विद्वान् रे ! उहाँले मेरो अवस्था थाहा पाएर उपासकहरूलाई भने रे "त्यो नेपाली भिक्षु एकपल्ट भेट्न पाए हुन्थ्यो रे ; तिमीहरू गएर एकपल्ट यहाँ ल्याई दिएमा उहाँलाई रत्न प्रदान गर्छु, चौध प्रकार लक्षणले युक्तले मात्र लोकजनहरू चित्त बुझ्ने गरी कुरा बताउन सक्छ, लौ जाऊ, भिक्षुले हुन्छ कि उपासकहरूले हुन्छ, उहाँलाई एकपल्ट यहाँ बोलाएर ल्याउनु पर्‍यो ।"

मलाई लिएर जान्छु भनेर तिनीहरूले धेरै कोशिश गरे, मानिसहरूले अलमल मात्र गरी राखेकोले मैले महास्थविरको दर्शन गर्ने सौभाग्य प्राप्त गर्न सकिन । बोलाउनु आउनेहरूले नै मलाई सोधे "चौध प्रकारको लक्षण भनेको के हो ?"

"हाम्रा महास्थविरले हजूर चौध लक्षण युक्त हुनु हुन्छ मलाई एक पल्ट भेट गराऊ भन्नु भयो । चौध प्रकारको लक्षण भनेको मैले त सुनेको छैन । के हो मलाई थाहा छैन भनें ।, एकपल्ट त्यहाँ पाल्नु भएमा महास्थविर अत्यन्त खुशी हुनु हुन्छ ।"

'त्यो चौध लक्षण भनेको मलाई पनि थाहा छैन, तैपनि उहाँ महास्थविरलाई एकपल्ट मैले पनि दर्शन गर्न पाए हुने, खोइ यो अलमलले कहिले पुग्ने हो । अन्तमा म त्यहाँ पुग्न नै सकिन ।

चटगाउँको विभिन्न गाउं स्थानको निमन्त्रण स्वीकार गर्दै घुम्दै अन्तमा'कनाइमदारी' भन्ने विहारमा बस्ने भएँ । प्रज्ञालोक महास्थविरले निर्माण गेरे विहारमा बसें ।

यस कनाइमदारी विहारमा सात महिना बसें । त्यहाँ बस्दाबस्दै तेह्रजना उपासिकाहरू ध्यान वस्ने भए । त्यहाँ आइमाईहरूले ध्यान गरेको सहन नसकेर अनेक जनले अनेक प्रकारले निन्दा चर्चा गर्न थाले । एकदिन एकजना बंगाली आएर ध्यान गरी रहेका उपासिकाहरूलाई भन्यो "तिमीहरू आइमाई जात भएर ध्यान गरेर के गर्छौ ? आइमाई



Downloaded from http://dhamma.digital/

जातले निर्वाण पद प्राप्त गर्न सक्दैन, बरु तिमीहरूले लोग्ने मान्छे बन्ने प्रार्थना गरेर पुण्यबृद्धि गर्ने तिर लाग ।"

तिनीहरूलाई मैले भनें "महाशय ! तपाईहरूले भन्नु भएको कुरा अलि मिलेन जस्तो छ । आइमाईहरूले निर्वाण पद प्राप्त गर्न सक्दैनन् भनेको होइन किन भने यदि त्यो कुरा नै हो भन्ने हो भने भगवान्को पालामा कति आइमाईहरूले माार्ग फल प्राप्त गरेको कुरा त्रिपिटकमा उल्लेख गरिएको छ, त्यो कुरा सबै असत्य हो त ? बरू के भने आइमाई जातले बुद्ध पद प्राप्त गर्न सक्दैन । निर्वाण पद प्राप्त गर्न सक्दैन भनेको होइन त्यो बंगाली चुप लागेर फर्क्यो ।

## अस्वीकार गरेको निमन्त्रण

शासनज्योति भिक्षु ध्यानी भएकोले उनी जनताको समूहमा बस्ने इच्छा गर्दैनथे, त्यसैले उहाँलाई ध्यानीकुटीको बन्दोबस्त गरी राखी दिएँ । शासनज्योतिले मलाई पनि आवश्यक सेवा गर्दै बसे । नित्य गर्नु पर्ने व्रत सिध्याएर ध्यानकुटीमा पुगी ध्यान गर्थे ।

त्यहाँ बरूआ एकजना मसँग साथ मिल्थ्यो । त्यो बरूआ धर्म ज्ञानबाट मिलेको होइन, केबल मैत्री भावले मात्र हो । त्यस बखत मैले गृहस्थीहरूको गृहमा प्रवेश नगर्ने नियम पालना गरी रहेको थिएँ तसर्थ कसैको गृह निमन्त्रणामा गइन । एकदिन साथी बरूआले भन्यो "भन्ते ! मेरो विवाहमा हजूरले मंगल सुत्त पाठ गर्नुपर्छ, हजूरले गृहस्थी को गृहमा जान्न भन्नुहुन्छ, मेरो विवाहमा त हजूर पाल्नै पर्छ नेपाली हुँदैन, लहै मैले पहिले देखि नै भनी राखेको छु ।"

"चटगाउँमा के भिक्षु भनेको नै म एकजना मात्रै, अरू कोही छैन ?"

"अरू पनि छन् भन्ते ! भएर के गर्नु, हाम्रो गाउँको भिक्षु हजूर नै हुनुहुन्छ, यहाँ भिक्षु हुँदाहुँदै अरू भिक्षुहरू कोही पनि आउनु हुन्न ।"

"अहिले नै एकजना भिक्षुलाई भनी राख कि" हामीहरू कहाँको भिक्षु गृहस्थीको गृहमा प्रवेश गर्नु हुन्नं, त्यसैले हजूर पाल्नुहोस्" भनेर ।

"होइन, भन्ते ! यस्तो कुरा नगर्नुहोस्, मेरो विहेमा तपाईं नै पाल्नु पर्छ ।" यस प्रकारले त्यो बरूआले भनी रहन्थ्यो, जति भने पनि मैले अस्वीकार नै गरी राख्ने हो । त्यो बरूआको मनमा "मसँग यस्तो मिल्ने उपासकलाई भन्तेले कसरी धोका दिन्छ भन्ने विचारले ढुक्क भएर



Downloaded from http://dhamma.digital/

बस्यो । कराएको सुन्दै बिहे आइपुग्यो, दुई दिन अगाडि आएर भन्न आयो अस्वीकार गरेर पठाएँ ।"

"होइन, हेर्नुहोस् भन्ते ! म अरूलाई भन्न जान्न, हजूर नै पाल्नुहोस्" भनेर गयो ।

दुलही ल्याएर लगन गाँठो कस्ने बेला भयो, मंगलसूत्र पाठ गर्नलाई भिक्षु चाहियो "लौ, लौ विहारमा गएर भिक्षुलाई लिएर आउनू" भन्यो । तिनीहरूको परम्परा अनुसार बाजा बजाएर मेण्टोल बालेर मलाई लिन आयो, म ध्यान बसी रहेको थिएँ । लिन आउनेहरूले म ध्यान बसीरहेको थाहा पाएर शासनज्योतिकहाँ गएर भने "भन्ते ! ठूला भन्ते ध्यानमा बस्नु भएको छ, कहिले उठ्नु हुन्छ ?"

"उहाँ भन्ते ध्यानबाट उठ्नु हुँदा ढिलो हुन्छ" शासनज्योतिले भन्यो ।

"नभए हजूर भए पनि पाल्नुहोस् न भन्ते ।" भन्दै शासनज्योतिलाई भन्यो ।

"भन्तेले जाऊ नभनीकन जानु भिक्षुको नियम होइन, दायका ! भन्ते उठ्नु भयो भने भन्तेको नै पाल्नु हुन्छ कि भन्ते ध्यान बारे सोध्नु हुन्न, के गर्ने हो ?"

उपासकहरू एकछिन अलमलिए, तत्पश्चात् फर्के । बिहे गर्ने घरमा गएर "भन्तेहरू ध्यान गर्दै हुनुहुन्छ, कतिबेर कुरें भन्ते उठ्नु भएन के गर्ने ?"

"भन्तेलाई मैले दुई महिना अघिदेखि नै प्रत्येक भेटमा भन्दा भन्दै पनि अन्त्यमा धोका दिइ हाल्यो, भैगो "उत्तर ज्वाहारा" गएर त्यहाँका भन्तेलाई डाकेर ल्याउनू" भन्दै मैन्टोल एउटा दिएर दुईजना मान्छेलाई पठायो । कानाइमदारी 'र' उत्तर ज्वाहारा दुई कोश फरक छ । दुई जना केटा मैन्टोल बोक्दै, उत्तर ज्वाहार पुगेर भन्तेको कोठाको ढोका ढकढक्यायो । भित्रबाट भन्तेले "त्यहाँ को" भनेर सोध्नुभयो ।

बाहिर उनीहरूलो "हामी हौं भन्ते ! ढोका खोल्नुहोस भने ।"

भन्तेले ढोका खोल्नु भयो जानेहरूले कारण देखाएर निमंत्रण गरे ।

"कनाइमदारीमा भिक्षु हुँदा हुँदै हामी जान्नौं, "त्यसमध्येमा । महाप्रज्ञा हाम्रा गुरू हुन् उहाँको अनुमतिविना म आउँदिनं" भन्नु भयो । बल्लबल्ल सम्झाएर ल्याउनु भयो, रातको एक बजिसक्यो, भन्तेले मंगलसूत्र पढेर दुईजनाको लगनगाँठो कसी दियो, विवाह कार्य सम्पन्न



Downloaded from http://dhamma.digital/

भयो। भन्तेलाई एक रूपैयाँ चौबीस पैसा दस्तुर दिएर तिनीहरूको कार्य पूरा गरे। त्यो भिक्षु विहारमा आउनु भयो, हामी सुती रहेका ले हामीलाई उठाउन नसकेर कोठा बाहिर ढोकाको तल सुकुलविना चीवर ओढेर सुत्नुभयो।

भोलिपल्ट म उठेर ढोका खेली हेर्दा ढोकामै चीवर ओढेर लम्पसार परेर भिक्षु सुती रहेको देखेर "यो को हँ ?" भनें। त्यो भिक्षु जुरुक्क उठेर वन्दना गऱ्यो। उत्तरज्वारको विमलानन्द भिक्षु रहेछ। "अरे। तपाईं ? यसरी किन ?" भनेर सोधें।

"भन्ते ! हिजो यस विहारमा आएको" भन्दै सब कुरा बतायो।

"अनि यहाँ आएपछि मलाई उठाउनु पर्दैन ? भिक्षु भएर चीवर धूलोलाग्ने गरी भुइँमा सुत्नु हुन्छ ?" भनें।

"के गर्ने भन्ते ! मध्यरात भइसक्यो, भन्तेलाई उठाउन लाज लागेर नउठाएको।"

विहान जलपान गरेर बिमलानन्द फर्कनु भयो। विहे गरेको उपासक आएर भन्यो "भन्तेले मलाई त्यतिकै धोका दिनु भयो।"

"मैले तपाईंलाई पहिलेदेखि नै भनी रहेको होइन" म गृहस्थीको गृह प्रवेश गर्दिन्न" भनेर।

"म त भन्तेको मिल्ने विश्वासी हुँ, मेरो बिहेमा अवश्य पनि आउनु हुन्छ भन्ने विश्वास गरेको थिएँ।"

"उपासक ! भिक्षुहरूले आफनो नियमलाई ज्यान भन्दा प्यारो गर्छन्, गृहस्थाश्रम नै त्यागेर बसेकाले मिल्ने विश्वासी हुँदैमा आफनो नियम तोड्दैन।"

"भन्ते ! मेरो विवाहमा हजूरले नै मंगल सूत्र पाठ गर्नुपर्छ भन्ने विश्वास छ, अरूले गरे पनि मेरो चित्त बुझ्केको छैन।"

"त्यसो भए तपाईंहरू यहाँ पाल्नुहोस्, म पाठ गरी दिन्छु।" भनें।

"उपासक घर गएर नव दुलही लिएर विहारमा आए। दुबैजना अगाडि राखेर मंगलसूत्र पाठ गरी दिएँ, उपासक उपासिका दुबैले दक्षिणा दान गरे।" त्यो दक्षिणा म लिन्नँ, परित्राण पाठ गरेको ज्याला लिनु हुँदैन। भिक्षु भनेर दान दिएको भए नाइँ भन्दिन, परित्राण पाठ गरेको ज्याला म लिन्नँ, म भिक्षु हुँ, पुरोहित होइन" भनें।

"भन्ते ! हजूर साह्रै कडा, यस्तो कडा बन्नु हुन्छ ?"

"म कडा होइन, उपासक ! भगवानले बनाएको नियम कडा !



Downloaded from http://dhamma.digital/

भिक्षुहरू दान लिनेहरू हुन्, दक्षिणा भनेर ज्याला दिने होइन।" "दानै हो, भन्ते ! यो मैले ज्याला दिएको होइन" भन्दै टेबुलमै छोडेर गए।

## भिक्षु शासनज्योतिको आत्म समर्पण

एकदिन भिक्षु शासनज्योतिले मलाई सोध्यो "भन्ते ! म हजूरकोमा आत्मसर्पण गर्ने इच्छा छ, यदि हजूरले अनुकम्पा गर्नुहुन्छ भने।"

"साधु ! साधु ! आयुष्मान् ! तिमीले ठूलै विचार गर्‍यौ। तर आत्मसमर्पण गर्ने भन्ने कुरा सजिलो छैन, अति नै गाह्रो छ।"

"के के गर्नु पर्छ ? भन्ते !"

आत्मसमर्पण गर्ने शिष्यले गुरूको वन्दना गर्दै, श्रद्धासन गर्दै, विन्ति गर्दै, यस्तो भन्नु पर्छ "भन्ते ! आचरियस्स सन्तिके इमं अतभावं परिचाजामी, दुतियंपि, ततियंपि यति भनेर वन्दना गर्ने।"

"भन्ते ! एकपल्ट यसको अर्थको आज्ञा गर्नुहोस्।"

यसको अर्थ "मैले यो आत्मा (आफु) भावले (भन्ने) आचरियस्स=गुरुको, सन्तिके=अगाडि, परिचाजामी=परित्याग गर्ने, दोस्रो पटक, तोस्रोपटक। यति भनेर जे गर्नु परे पनि खाने लगाउने जति बस्ने सुत्ने इत्यादि गुरुले भने जस्तो गर्नुपर्छ, आफ्नो इच्छाले केही पनि गर्नु हुँदैन।"

"भन्ते ! म हजूरको आज्ञा अनुसारले तेह्र प्रकारको धूतंग मध्ये बाह्र वटा मैले पूरा गरी सकें, त्यो जस्तै यो पनि मैले गर्न सकूँला भन्ने आशा छ, त्यसको नियम एकपल्ट आज्ञा होस्।"

त्यसको नियम यस्तो छ "बिहान सबेरै उठेर गुरुकहाँ गएर वन्दना गर्दै "भन्ते ! मैले आज के के गर्ने हो ?"

गुरु हुने पनि यस्तो हुनपर्छ कि "शिष्यलाई राम्ररी आफ्नो अधीनमा नराखीकन आवश्यक अनुसार शिष्यलाई नियमको बन्धनमा राख्ने हुनुपर्छ। जस्तो कि गुरु हुनेले "आज तिमी कतै जानुपर्छ कि ?" "छ भन्ते ! उपासक एकजनाले बोलाएको छ।"

"त्यहाँ तिमीलाई कति समयसम्म काम छ ?"

"दुई घण्टा समय लाग्छ भन्ते !"

"अन्त कहाँ जानुपर्छ ?"

"अन्त कहीं जानु पर्दैन, भन्ते !"

"जून ठाउँमा नगई नहुने छ त्यो ठाउँ बाहेक अन्त नजाऊ, त्यहाँ एक दुई घण्टा भन्दा बढी नबस्ने। यहाँ तिमीलाई कोही भेट्न आउने छ कि ?"



Downloaded from http://dhamma.digital/

"छैन भन्ते !"

"छैन भनेर अधिष्ठान गर्दा कोही भेट्न आयो भने भेट्नु हुँदैन ।"

"आज तिमीलाई के खाने इच्छा छ ?"

"आज मलाई लावा खाने इच्छा छ, भन्ते !"

"कसैले लावा दिन ल्याएमा मात्र खाने, अरू केही पनि खानु हुँदैन ।"

"भरे बेलुकी तिमी कति बजे लसुत्छौ ?"

"एघार बजेदेखि तीन बजेसम्म सुत्छु भन्ते !"

"त्यहाँ भन्दा बढी सुत्यो भने तिम्रो अधिष्ठान विग्रिन्छ ।"

यस प्रकारले दिन दिनको लागि दिनदिनै अधिष्ठान गर्नु पर्छ । जुन जतिखेर अधिष्ठान गरेको हो, त्यो त्यसरी नै गर्ने आफनो इच्छा अनुसार केही नगर्ने । केही कुनै अधिष्ठान गर्न बिर्स्यो भने त्यो काम जतिसुकै आवश्यक भए पनि नगर्ने ।

यस प्रकारले शसनज्योति भिक्षुले नित्य गुरुसँग प्रार्थना गर्दै दिन भरलाई आबश्यक अधिष्ठान गर्दे आत्मसमर्पण नियम पालना गर्दै गए । पूर्णिमाको दिनमा शासनज्योति गुरुकहाँ अधिष्ठान गर्छु, भनेर आए । त्यो दिन पूर्णिमा भएकोले एका बिहानदेखि नै उपासकउपासिकाहरू विहार भरी आइरहेको देखेर शासनज्योतिले अधिष्ठान नगरी चुपचाप फर्केर कोठामै बसे । उपासकउपासिकाहरू फर्किंदा बाह्र बज्यो । तिनीहरू गइसकेपछि शासनज्योति आएर अधिष्ठान गर्‍यो । बर्षावास भरि अधिष्ठानपूर्वक नियम पालना गरी पवारण दिनमा शासनज्योतिले भन्यो "भन्ते ! मेरो नियम पूर्ण भयो ।"

"शासनज्योति ! तिम्रो नियम अपूर्णे छ ।"

"किन भन्ते ! मेरो नियममा के बिग्र्यो ?"

"तिमीले पूर्णिमामा बिहान एकपल्ट अधिष्ठान नगरी एघार बजे आएर अधिष्ठान गर्‍यौ ।"

"भन्ते ! त्यो दिन मैले अधिष्ठान नगरेको हुनाले केही पनि नगरीकन बसें ।"

"केही पनि गरेनौ, अनि अस्ति तिमीले अधिष्ठान नगरी फर्केको तिम्रो आफनो विचारले हो कि गुरुको अनुमतिले ?"

शासनज्योतिमा होस आयो "भन्ते ! अब के गर्ने ? अधिष्ठान पूरा नभएको मा दोष केही छ कि ?"



Downloaded from http://dhamma.digital/

दोष अर्को होइन आयुष्मान् ! अधिष्ठानमा सिद्धि हुन पर्ने हुँदैन । अधिष्ठान बिग्रेकोसम्ममा एक टुक्रा भयो, तत्पश्चात् पछिको नबिगारीकन पालना गर्न सक्यौ भने फेरि हुन्छ ।

त्यहाँ देखि शासनज्योति सचेत भएर अखण्ड होस राखेर अधिष्ठाअनुसार नियम पालना गर्दै लग्यो ।

## नवंग शील उपदेश

एकदिन त्यही विहारमा बस्दा बस्दै उपासक उपासिकाहरूलाई नवंग शील पालना गर्ने उपदेश दिदैं गएं । आठवटा अष्टशील नै भयो, एउटा मांसाहार त्यागपूर्वक शाकाहारी हुने हो । यसको पाली बाक्य "मंस भोजन पटि खिप्पामी, पत फलफूलादिकंग समादियामी ।"

यस नवंग शीलको उपदेशको विषयमा चटगाउँका भिक्षुहरू पाल्नुभई, मसँग आलोचना गर्नुभयो । "आयुष्मान् ! हजूरले नवंगशीलको उपदेश गर्नु भयो रे हो ?"

"हो भन्ते !"

"बुद्ध शासनमा नभएको शील बनाएर उपदेश गर्नु हुन्छ ?"

"भन्ते ! यो पाली वाक्य कहाँबाट आयो, नवंग शील भन्ने प्रचलित नभएको होइन, तैपनि यो वाक्य "मैत्ता सहगतन चित्तरस सब्बा प्राण भूतेसु परित्वः मंस भोजन पटि खिप्पामी पत्त फलमूलादि कंग समादियामी ।"

"यो शव्द शासनभित्र पर्छ कि पर्दैन ?"

"त्यो वाकय त्रिपिटकमा छ, तैपनि त्यो शीलमा गनिंदैन, भावनाको वाक्य हो ।"

"भन्ते ! शील भावना, भावनाले शील संलग्न हुनुपर्छ कि पर्दैन ?"

"त्यो लामो कुरा हामीलाई थाहा छैन, आजसम्म नभएको परम्परा बनाउनु हुँदैन ।"

"अनि के यो नवंग शील दिने र लिने पनि नर्कमै जान्छ र ?"

"नर्कमा किन जाने, नभएको परम्परा बनाउनु हुँदैन ।"

"भन्ते ! नर्क आदि दुर्गतिबाट बच्ने र तृष्णा आदि कलेश निरोध गरेर जन्म मरणको चक्रबाट मुक्त हुनको लागि बुद्धशासन हो कि परम्परा मान्नको लागि ? ।"

"अब कुनै शासन मान्नु पर्ने परम्परा केही काम नलाग्ने भयो त ?"



Downloaded from http://dhamma.digital/

"काम नलाग्ने परम्परा शासन तथागतले बनाउनु हुन्न, प्राणी उद्धारका लागि आवश्यक भएको नै शास्ताले परम्परा बसाल्नु भयो होला नै ! हामीले पनि सक्नेले सक्दो परोपकार गर्ने, सकेसम्म आचार शुद्ध गर्ने, मन शुद्ध हुने उपदेश दिने तृष्णा आदि क्लेश निरोधार्य उपदेश र सदाचार गर्ने जन्म र मरणको चक्रबाट मुक्त हुने ज्ञान र चर्यामा बृद्धि गर्ने, यहीहो बुद्धको अमृतवाणी ! परम्पराभन्दा पनि भगवान् बुद्धले विचारलाई श्रेय दिनु भएको छ । यदि निर्वाणको कामना गर्ने हो भने इन्द्रिय संवर अवश्य नै हुनुपर्छ । इन्द्रियसंवर हुने साधकले स्वाद भुल्न सक्दैन, स्वादमा नभुल्नेले मांसाहारको लागि नाना प्रकारका कुरा बनाउँदैन । भन्ते ! मैले निर्वाण मार्गमा बाधा पार्ने काम गरेको होइन क्षमा गर्नुहोस् ।

यो कुरा थाहा पाएर विनयघर पदवी प्राप्त गर्ने महास्थविर आर्यवंश भन्ते पाल्नु भई कर्ताला विहारका महास्थविर वंशदीपलाई सम्झाउनु भयो "भन्ते ! भगवान्का श्रावक संघहरूले भगवान्को शासनलाई बृद्धि गर्ने तिर लाग्ने कि बिगार्नेतिर लाग्ने ?"

"हामीहरू के भगवान्का शासन बिगार्ने जस्तो देख्नु भयो ?"

"आबेशमा आउनु भएन भन्ते ! तपाईंकोभन्दा पनि हाम्रो कम छैन, आवेशले भगवान्को शासन चीरस्थायी हुँदैन, ज्ञान र विचारले मात्र हुन्छ । भगवानको धर्म आफनो समूहको स्वार्थ पूरा गर्नको लागि होइन, प्राणी मात्रको उद्धारको लागि हो । मांसाहार भएर शासनमा कति हानि भइरहयो त्यो कुवाको भ्यागुतोलाई थाहा छैन, देश देशावर घुमिरहेकोलाई मात्र थाहा छ । लोकले के भन्छन् थाहा छ ?" भगवान् बुद्ध महात्यागी, महायोगी, महाप्रज्ञा, महाकारुणिक, महाविचारवन्त शास्ताका शिष्यहरू मांसाहारी कसरी भए ? यदि भगवान् बुद्ध नै मांसाहारी हो भने भगवान् बुद्ध महाकारूणिक हुनु हुन्न, यदि यो मांसाहारी भिक्षुहरूको नै कुरा हो भने यी भिक्षुहरूले आफनो शिर आफैले छेदन गरि रहेको भयो" भनिरहेको थाहा छ" भनेर आर्यबंश भन्तले वंशदीप भन्तेलाई कडा शब्दमा भन्नुभयो ।

## उपासिका सुचारुको ध्यान भावना

त्यही कानाइमदारी विहारमा आएर शील, समाधि, प्रज्ञाको धर्माचरण गर्ने उपासिका ' सुचारु' भन्ने एकजना धूतंगधारी भएर निस्किन् । त्यो त्यहीँकी चेली रहिछिन् । तिनको बिहे भइसकेकी हुनाले माइतीले कुनै



Downloaded from http://dhamma.digital/

पनि काम अह्राउन नमिल्ने परम्परा भएकोले तिनलाई फुर्सद थियो। दिनको एक समयमा विहार आई मसँग छलफल गर्थिन्। शिक्षित, भर्खरीकी सुन्दरी भएकोले माइतीमा पूरा स्वतन्त्रता दिएर राखेको श्रीमान् जागिर खाएर बर्मा जानको लागि माईतीमा छोडेर गएको थियो।

धम्मपद नित्य पाठ गर्थिन्, त्यसको भावार्य मलाई सोध्थिन्, मैले आफूले जाने जस्तो बताउँथें, उनी सुचारुले धर्म जति बुझ्यो उति उति काम गर्ने भइन्। परिशुद्ध प्रकारले शील पालना गर्दै जाँदा चित्त चञ्चल भएन, ध्यान गर्ने शक्ति बुद्धि भयो। ध्यानी हुँदै गएपछि स्वभाव राम्रो भई शान्ति चरित्र हुन गयो। राम्ररी बस्त्र लाउन छोडिन्, अधैर्य भइनन्, सदा एकै प्रकारको गतिले पाइला चालिन्, आँखा अचञ्चली, कार्य स्थिर शीली, वाचा संवरी, अकर्कशी, मात्राहारी, मात्राभाषी, गुरुभक्ति हुँदै आइन्।

एकदिन आमाचाहिं आएर भनी "भन्ते ! हाम्री सुचारूलाई के भयो कुन्निं बहुलाही त भइनन् ?"

"किन, के भयो ?" मध्यरातमा सधैं शरीर सीधा राखी बस्छिन्, कहिल्यै पल्टेको, सुतेको देख्दिनँ, के हुन गयो खोइ, भन्ते !"

फेरि एकदिन फुपूचाहिं आएर "भन्ते ! हाम्री सुचारु यहाँ आउँन्न र ?" सोधें।

मैले भोजन ग्रहण पश्चात् मध्यान्हमा एकछिन आसनमा बसेर आँखा चिम्ली बस्दा सुचारु आएर मेरो धम्मपद लिएर गएको मलाई थाहा भएन, विहार पछाडि धम्मपद पढी रही। "यहाँ त आएकी छैन भनें।"

"भन्ते ! आज सुचारुले केही पनि खाएकी छैन, घरमा पनि छैन, कहाँ गई होली भनी हेर्न आएको, खोइ यहाँ पनि छैन ?" फुपूको स्वर सुनी विस्तारै अगाडि आइन्।

"हो र ? सुचारु ! आज तिमीले केही पनि खाएकी छैनौ रे, किन ?" भनी सोधें। सुचारु नबोलीकन बसी रहिन्। फुपूले भन्नु भयो "भन्ते ! सुचारुको खाने थाल हरायो, त्यही थालमा मात्र खान्थिन्, त्यो थाल छैन, खोइ कसले लग्यो थाहा छैन।"

"ए ! मार आएको, हराउँदैन्" सुचारुको अधिष्ठान कति बलियो छ" भनी मारले परीक्षा गरी हेरेको हुनपर्छ" भनें, साँच्चै त्यो थाल हराएको होइन, भेटियो"



Downloaded from http://dhamma.digital/

मैले ती सुचारुलाई शिक्षा दिएको पनि होइन, मेरो अगाडि बसेर अधिष्ठान गरेको पनि होइन, तिनले सोधेको प्रश्नको प्रत्युत्तर मात्र दिएको हुँ। तिनी त एक तपस्वी साधक भएर आइन्।

एकदिन सुचारु आँसु पुछ्दै आइन्, किन के भयो भनेर सोधें, झन बेसरी रोइन्, एकछिन पछि फुपू पनि आइपुग्नु भयो, सुचारुतिर हेर्दै भन्नु भयो "यहाँ आई रोएर देखाएर भन्तेजीले के गर्नु हुन्छ ? जाउँ ! घर जाउँ ! भन्नु भयो।"

"किन के भयो ?" भनेर सोधें।

फुपूले भन्नु भयो "हिजो यसको श्रीमान्‌ले मामाको हातमा एउटा चिठी पठाउनु भयो। चिठीमा "तिमी मैले पठाएको मामा सँग अविलम्ब फर्क" भनी लेखेर पठाएको चिठी हेरेंदेखि सुचारुको आँसु थामिएको छैन" भन्नासाथ सुचारु झन बिशव्द(ठूलो स्वरले) रुन थालिन्।

"अहिले रोएर केगर्ने ? पराधीनमा परेका नारी जातिले रोएर पनि के गर्ने ? जानु पर्ने गएर दम्पती जीवन राम्ररी यापन गरेर पापबाट जीवन सुधार गर्ने, यति नै हो अरू के गर्ने, नरोऊ जाऊ, घर जाऊ। घरमै पठाई दिएँ। भोलिपल्ट सुचारु आएर सोधिन्" भन्ते ! म वर्मा गएँ भने मेरो अधिष्ठान बिग्रने भयो म के गरुँ ?

"अब के गर्ने उपासिका ! पराधीनमा परेकाहरू आफूले भने जस्तो हुँदैन, विषयमा तृष्णा आफैले नगर्नू, पुरूषले इच्छा गरेमा केही न केही गर्नुहुन्छ। तिम्रो जीवन तिम्रो अधीनमा छैन, संसारमा व्यवहार गरेर पराधीनमा पर्छन, त्यागी भएमा प्रकृतिको अधीन, यस्तो पराधीनबाट मुक्त हुन केहीमा पनि तृष्णा नगरीकन जीवन यापन गर्न तिर लाग। के गर्ने नगइ हुन्नँ कर लागिरहेको छ, जानु नै पर्छ, जाऊ।"

चिठी आइपुगे देखि आँसु झारेर वर्माका श्रीमान्‌को घर पुगि। माइतीमा सुचारु सँग मिल्ने दयामा भन्ने केटी छिन्। "सुचारु मन नपराइकन रुँदै गइन् भनी तिनी पनि गहभरि आँसु पारी भनिन्" सुचारुलाई मार आएको हो। सुचारुले धर्म गरेको देख्न नसकेर टोलबासीले श्रीमान्‌लाई चिठी पठाएकोले लिन पठाएको हो।"

श्रीमान्‌को घर पुगेपछि सुचारूको निसी धूतंग भङ्ग भयो। निसी धूतंगभङ्ग भएकोमा सुचारूको मनमा अफसोच मानी धेरै झुलेर बस्ने भई। तैपनि दिनमा एकपटक भिक्षुलाई दान नगरीकन आफूले खाँदैथिन्। आफना स्वामीलाई खुवाएर काममा पठाउँथिन्, भिक्षुहरूलाई दान दिनको



Downloaded from http://dhamma.digital/

लागि झयालमा बसेर हेरी रहन्छिन्, भिक्षुहरू भिक्षाटन गर्न आएको देखेपछि, छुटयाइराखेको भोजन दान दिई तत्पश्चात् आफू पनि भोजन गर्थिन्। पराधीनले गरेर एकदिन श्रीमान्‌ले आफनो अधीनमा राख्न खोज्दा दु:ख मानेर झुले वसिन, भिक्षु पाल्नुभएको देखेर भिक्षुलाई भिक्षा दान गरी भिक्षुकै पछि लागिन्। भिक्षुलाई त्यो केटी पछि लागेको थाहा भएन, सुचारुलाई पनि वंगाली जातको परम्परा अनुसार बुर्का लाएको हुनाले भिक्षु कता तिर पाल्नु भयो थाहा भएन। सुचारु अपरिचित बटोमा हिंडिरहेकोले के गरू, कसोगरुँ भएर एउटा घरभित्र पसेको त रेलवे अफिसभित्र पसिछे। त्यहाँ अरू अफिसका बंगालीहरू देखेर झन् अपठयारो मानी दायाँ कुनामा गएर मुख छोपेर बसिन्। अफिसम बसेको बंगालीहरूले "यो को हो ? किन यहाँ कुनामा लुकेर बसिन ?"भनी परस्पर कुराकानी भयो, सोध्यो जबाफ नै दिइनन्, बाहिरबाट आउनेले चिनेर "यी केटी त कांडो गल्लीको 'माउंमाउं' को जहान हो' भन्यो। आइमाईहरूले उसको घरमा पुर्‍याइ दिए, घर पुगे देखि कसैसित पनि बोलिनन्, आँखा चिम्लेर कायगतानु स्मृति भावना गरेर बस्ने भइन्। श्रीमान्‌ले "के भयो टाउको दुख्यो कि, ज्वरो आयो कि, के दुख्यो भनी कति सोध्यो बोलेकै होइन्। श्रीमान्‌लाई एक दुई पल्ट पिटौं कि भन्ने विचार उठयो तर" विनाकसूर कसरी पिटौङ" पिट्न सकेन। मध्यरातमा पनि बसी नै रहने, एक छाक बाहेक खान्न राम्रो लगाउन्न, घरको आवश्यक काम गर्न पनि गर्छिन्, केही बोल्दिनन्।

माउंमाउं को मनमा "यो ध्यानी भइ सकी, फेरि शील पनि भङ्ग नहुने गरी पालना गरी रहने, यस्ती शलवान ध्यानीलाई मैले दासी बनाई राख्नु योग्य भएन" भनेर आफैले ससुरालीमा पुर्‍याउन गयो।

एकदिन म त्रिशुली भन्ने गाउँमा निमन्त्रणामा पुगें, भोजन पश्चात् बाहिर आएर हेर्दा नदीको घाटमा डुङ्गाबाट तारीरहेको देखे, मैले सोधे "उता पारिबाट कहाँ जानेबाटो आउँछ" भनी उपासकलाई सोधें। उपासक भन्यो "भन्ते ! उता पारी कानाइमदारी पुग्छ, त्यहाँबाट उता अन्त जाने बाटोहरू पनि छन्" भन्यो।

मेरो मनमा "सुचारु दम्पत्ति आइरहेका छन्। सुचारुको श्रीमान् मैले चिनेको छैन, त्यो पनि एकपल्ट चिनूँ, सुचारुको हाल कस्तो छ एकपल्ट सोधूँ भनी डुङ्गामा चढेर घाट तरी कानइमदारी विहारमा पुगें। विहारमा एकजना भिक्षु थिए पहिले उत्तरज्वारा भन्ने गाउँको, त्यो



Downloaded from http://dhamma.digital/

भिक्षुले आदरपूर्वक ओछयान लाएर वन्दना गर्नुभयो, कुशल वार्ता भयो । उपासकहरू कोही भेटिएन, म पनि आज त्रिशुली गाउँमा निमन्त्रण मान्न आएको, जाऊँ है ? भनेर उठें । विहारका भिक्षुले "एक दुई दिन बसेर जानुहोस् न भन्ते ! भन्यो" म भोलि पर्सि आउँला नि" भनी फर्कें । खेतै खेत गइरहँदा गाउँका वरुआंहरू हुतुतुतुतु दौडेर आए, केही गर्ने जस्तै मेरो अगाडि सबैले बन्दना गरेर भने "भन्ते ! कति भयो दर्शन प्राप्त नभएको, आज बल्ल भेट भयो हामीलाई थाहै नदिइकन जान लाग्नुभयो, त्यस्तो किन भन्ते ! हामी देखि रिसाउनु भएको हो कि ? एकपल्ट विहारमै पाल्नुहोस्" भने ।

"आजलाई भयो, म यहाँ त्रिशुलीमा निमन्त्रणामा आएको, यहाँ कानाइमदारी नजिक भनेकोले एकपल्ट पसेको ! त्रिशुलीको काम सिध्याएर आउँछु भनेर फर्कें ।" उता कानाइमदारी विहारमा सबै उपासकहरू भिक्षुकोमा गएर भन्न थाले" यहाँ नेपाली भिक्षु पाल्नु हुँदा पनि हामीलाई खबर गर्नु पर्दैन ! कि एक दुई दिन बस्नुहोस् भनेर रोकी राख्नु पर्छ ।"

"म के गरुँ ? त्यहाँ खबर गर्नु त कहाँ कहाँ, चिया एकपल्ट पिउनु भएर ' जान लागें' भनेर उठ्नु भयो । त्रिशुलीको काम सिध्याएर म पुनः 'कानाइमदारी' विहारमा पुगें । विहारमा एक जना बरुआ आएर वन्दना गर्‍यो, कुनामा गएर तमाखु भरेर तान्यो । सुचारुकी आमा आइपुग्नु भयो, वन्दना गरेर मलाई सोध्नु भयो"भन्ते मेरो जुवाईं चिन्नु हुन्छ ?"

"अहँ, चिन्दिनँ भनें ।"

सुचारुको आमाले "उहाँ हुनुहुन्छ" भनी औंलाले देखाउनु भयो ।

"ओहो ! माउंमाउं भनेको तपाई नै हुनुहुन्छ ?" भनी सोधें ।

"हो, भन्ते ! भन्यो ।"

"लौ माउं माउं मलाई क्षमा गर्नुहोस्, मैले तिम्रो जहानलाई ध्यान भावनाको शिक्षा दिएकोले तिम्री जहानको मगज गडबड भयो रे । तपाईं ले मलाई कति सराप्नु भयोहोला । होइन भन्ते मगज गडबड भएको होइन, म त्यसमा मूर्ख भएँ, तिनी ध्यानी भन्ने थाहा थिएन, थाहा नभएर नै मलाई पाप लाग्यो, मलाई क्षमा गर्नुहोस् भन्ते ! हजूरको दयाले सुचारु देवी बनिन्, त्यस्तो शीलवतीलाई मैले आफ्नो जहान भन्न पनि योग्य भएन भन्ते ! हजूरले मनुष्यलाई पनि देवता बनाइ दिनु भयो, धन्य ! धन्य ! हजूरको गुणलाई बारम्बार वन्दना" भन्दै पुनः वन्दना गर्नुभयो । सासु पनि दुई हात जोडी मुसुमुसु हाँसी रहनु भयो । त्यस अवस्थामा



Downloaded from http://dhamma.digital/

सुचारु पानी थाप्न गएकी पानीको गाग्री भुइँमा राखी आमाको पछाडि बसी बन्दना गरिन् श्रीमान् देखेर लाजले भागिन् ।

भोलिपल्ट सुचारुको साथी दयामां भन्ने केटी साथमा लिएर आइन, आएर वन्दना गर्दै भन्ते ! एकान्तमा एउटा कुरा गर्नु छ" भनिन् । "त्यसो भए विहारको पछाडि एउटा आसन ठीक गर" भनें । दयामाले आसन ठीक गरेर भनिन् "भन्ते ! आसन ठीक भयो ।" म आसनमा गएर बसें । दयामांले यस्तो भनिन् "भन्ते ! एउटा अद्‌भुतको कुरा भयो, त्यो यस्तो हो "हिजो मध्यान्हमा सुचारु पानी थापेर फर्किदा कानमा यस्तो शव्द गुञ्जियो कि "आमा म तिम्रो गर्भमा आएँ" बडो आश्चर्य भन्ते ! यो के भएको हो ?"

मेरो विचारमा मैले भने "दयामां ! मैले हेर्दाखेरि यस कुरामा निश्चय पनि लक्षण देखाएको हो, सुचारु गर्भवती भइन् । सुचारुलाई भनी दिनु, तिमीलाई सन्ता प्राप्त हुन्छ, यदि छोरा भए मलाई अर्पण गर्नुपर्छ, यदि छोरी भएमा राम्ररी पढाऊ, यो बच्चो साधारण होइन । राम्ररी विचार गरेर राख" भन ।

तत्पश्चात् एक दुई दिन बसेर बिदा लिई म चारिका गर्न पुगें । तत्पश्चात् चारिया गर्दा गर्दै चटग्राम शहरको बीचमा एक विहार थियो । त्यो विहारमा धर्मबंश भन्ने महास्थविरको दर्शन गरी कुशल वार्ता गरी रहँदा पहातेली को पहिले मलाई स्वागत गर्ने योगेन्द्र लाल बरुआ आइपुग्नु भयो । उहा आइपुग्नु हुँदा महास्थविरलाई के गरुँ, के गरुँ भएर आफुले ओढ्ने सिरक नै पट्याएर ओछयाउनु भयो । उहाँ बरुआ बस्नुभयो । मैले आश्चर्य मानें "भिक्षुहरूले गृहस्थीहरूलाई आदर राख्ने काम गर्नु हुँदैन जुन भिक्षुले गृहस्थीहरूलाई आदर मान राख्ने काम गर्छन् त्यो भिक्षुमा तृष्णा हुन्छ" भनी भगवान्‌ले विनयले आज्ञा गर्नु भएको छ ।

एकछिन बसेर केही कुरा नगरेपछि महास्थविरले मतिर हरेर भन्नु भयो "आयुष्मान् ! कहाँ पाल्नु भएको हो ?"

"भन्ते म नेपालबाट आएको हुँ, नेपालमा पनि बुद्ध शासन छ तर अर्कै ढङ्गको छ । त्यो अलि मलाई चित्त नबुझेर ज्ञान खोजी रहेको छु" भने ।

"कस्तो उल्लु रहेछौ, भगवान् बुद्ध जन्मेको देशको भएर आमाको काखदेखि हुन्छ हुन्न भन्ने शव्द सुनी रहेको मनुष्य भिक्षु भएर पनि यो पापी देशमा ज्ञान खोज्न आएको ! भगवान् बुद्ध हुने बोधिसत्वले जन्म



Downloaded from http://dhamma.digital/

लिएको देशका व्यक्तिहरू मा यदि बिचार ज्ञान र धर्म कर्म थाहा नभएको भए त्यस्तो ठाउमा बोधिसत्वले जन्म लिँदैन । बच्चाहरूले कीरा मार्न खोज्यो भने आमाबुवाहरूले" ए ! हुन्न ! पाप लाग्छ" भनी गाली गर्ने देशकाहरूले यस्तो प्रकारले दया राखेर शिक्षादीक्षा दिएर दिनदिनै हजारौं माछा मारी पाप गर्ने देशमा ज्ञान खोज्न आएको, कति उल्टो भन्दै महास्थविर हाँसी रहनु भयो ।

त्यहाँ योगेन्द्रलाल बरुआले मलाई भन्यो । "भन्ते ! हजूर यही विहारमा वस्नुहोस्, मलाई हजूरको संगतगर्न पुगेको छैन, बस्नलाई यहीं बस्नुहोस्, भोजन मात्र मेरो घरमा गर्न आउनुहोस् ।"

"तपाईंको गाउँको घर मात्र थाहा छ, यस शहरको घर मलाई थाहा छैन ।"

"अहिले नै सँगै जाऊँ, मेरो घर पत्ता लगाएर जानुहोस् भन्दै सँगै लिएर गए" म त्यस घरमा सर्वत पिइ रहँदा भन्ते र उपासकहरू छ जना जति आइपुग्नु भयो । आएर किताव निकालेर देखाउनु भयो "बंगला अक्षरले त्रिपिटक छाप्न चन्दा माग्न आएको रहेछ । योगेन्द्रलालले भन्यो" यदि हाम्रो अक्षरले त्रिपिटक छाप्ने हो भने साह्रै आनन्दको कुरा हुन्छ" भन्दै दशहजार एकचालीस रूपैयां र एक पैसा राखेर जलधारा बहाई पुण्यानुमोदन गरी दिनुभयो ।

त्यो दिन देखि म धर्मबंश विहारमा बसें, भोजन गर्नलाई मात्र योगेन्द्रलालको घर पुगेर भोजन पश्चात् उपदेश गरी विहारमा फर्कन्थें ।

## अर्कनमा कर्मशीलको उपसमादा

धर्म्मबंश भन्तेको विहारमा बस्दाखेरि अर्कनबाट एक पत्र आयो, म अर्कनमा जानुपर्‍यो । लंकाको मैंतथ्य भिक्षु, शासनज्योति दुईजना सँगै लिएर पुनः अर्कनमा पुगें ।

चिठी पठाउने महास्थविरले उमानवायाको विहारमा पुग्यौं । महास्थविरले कर्मशीललाई बोलाउनुभो, कर्मशील श्रामणेर अगाडि आएर वन्दना गरेर बस्यो । महास्थाविरले भन्नुभयो "यस श्रामणेरको उपसम्पदा हुने भयो, हामीले सोध्यौं" तिम्रो अगाडिको गुरु को ?" भनी । श्रामणेरले तपाईंको नाम लिनु भयो त्यसैले हजूरलाई खवर पठाएका हौं । कर्मशीललाई उपसम्पदा गर्नमा हजूरको के विचार छ ?"

"भन्ते ! कर्मशील श्रामणेरलाई उपसम्पदा गर्नमा म राजी छु ?" भनें ।



Downloaded from http://dhamma.digital/

महास्थाविरले "राजी भएमा हजूर नै उपाध्याय भइ दिनुहोस् ।"
म उपाध्याय भएर कर्मशीलको नाम "प्रज्ञानन्द भिक्षु" भनी आफ्नो नाम जोडेर नामाकरण गरी दिएँ ।"

## लंकाका मैतथ्य भिक्षु भएको

शासनज्योति म्योहाउं जङ्गलमै फर्किनु भयो। संघराज सुन्दर महास्थविरको विहारमा मैंतथ्यको पनि उपसम्पदा भएको थियो ।

मैंतथ्यलाई भेटे धम्म तिलक भन्तेको विहारमा जाँदाखेरि त्यहाँ मैतथ्य व्रम्हचारी को भेषमा कम्बल ओढेर बस्यो । धर्म तिलक भन्तेसँग सोधें "भन्ते ! त्यो को हो ?" भन्तेले भन्नु भयो" यो लंकाको मैतथ्य व्रम्हचारी हुन् । भारततिर बौद्ध तीर्थ भ्रमण गरेर आईसक्नु भयो । मैले मैतथ्यलाई सोधें आयुष्मान् ! व्रम्हचारी भएर के शीलपालना गर्‍यौ ?"

"अष्टशील भन्ते ।"

"तिमीले शीललाई कहाँ राखेर पालना गर्‍यौ ?"

"त्यसो त म भन्न सक्तिन भन्ते ! हजूरले भन्नुहोस् ।"

"शील राख्ने ठाउँ बताएर बुझ्दैनौ, भावना नै गर्नुपर्छ, भावना गर्न मन लाग्छ भने म बसेको जङ्गलमा आऊ ।"

मसँगै जङ्गलमा आएर ध्यानज्ञानद्धारा मनलाई सन्तोष भएपछि श्रामणेर भयो । तत्पश्चात् उपम्पन्न पनि भएर मसँग तीनबर्ष सत्संगत गरेपछि आफनो देश फर्क्यो ।

मैतथ्य शीललाई आफनो प्राणभन्दा प्यारो गरी पालना गर्ने भयो। अधिष्ठान अति नै बलियो ! लंका देशमा नामले प्रसिद्ध भयो । मैतथ्य अर्हन्त हुने प्रार्थना नगरीकन लंकामा त्रिनिकायको कलंक निदाएर सिर्फ एउटै मात्र बुद्ध निकाय स्थापना गर्न सकोस्, तत्पश्चात् आश्रवक्षय गरी निर्वाण पद प्राप्त गरेर जन्म मरणको चक्रबाट मुक्त हुन सकूँ भन्ने मैतथ्यको आशिका हो। लंकाको भन्तेहरूमा प्रायः गरेर ऐश आराम गर्ने लालच छ, मैतथ्यं एकजनाले आफ्नो आशिका पूर्ण गर्नको लागि जसले जे भने पनि शीलशुद्धितिर ध्यान दिदांदिदै आफ्नो शरीर सदाको लागि छोडेर जानुभयो ।

## उतिखिन्द्रिय सँग ज्ञानको छलफल

उतिखिन्द्रिय ऋषि बर्मामा विख्यात थिए, उहाँपनि पहिले भिक्षु नै थिए पछि भिक्षुचर्या छोडेर ऋषि चर्या लिनुभयो। तैपनि चीवर र



Downloaded from http://dhamma.digital/

पिण्डपात्र धारण गरी रहनु भयो ।

मैले ओदात कसिना भावनाको अभ्यास गर्दै जाँदा बीचमा शंका भएको धेरै कुरा कर्मस्थानाचार्यहरू कहाँ गएर छलफल गरें, कसैले पनि मेरो शंकालाई भेटाई दिन सकेन उहाँ उतिखिन्द्रियसँग एकपल्ट भेट्न पाए उहाँले मेरो शंकालाई मेटाई दिनुहुन्छ भने विश्वासले उहाँलाई खोजी हिंडेको हु संयोगले उहाँलाई अर्कनको चैत्वम्योमा भेट भयो ।

उहाँलाई निमन्त्रणा गर्नु अति नै गाह्रो छ । उहाँ गृहस्थीको गृहमा प्रबेश नगर्ने साधारण नै भयो, भिक्षुहरू बसेको विहारमा पनि बस्नु हुन्न । कोही वसेको ठाउँमा पनि पाल्नु हुन्न, उहाँ बास बसेको ठाउँमा कोही पनि वास बस्नु हुन्न । उहाँकै नाममा पूजा गरेर राख्नु पर्ने साथै उहाँलाई निमन्त्रण गर्न दुईजनालाई यातायात, हवाईजहाजको खर्च पहिले नै पठाई दिनु पर्थ्यो ।

एकपल्ट चैत्वेका उपासक उपासिकाहरू मिलेर उतिखिन्द्रियलाई निमन्त्रणा गर्ने योजना बनाए । सबैभन्दा पहिले उहाँलाई बसाउन एउटा ठाउँ बनाएर ठीक पारे । तत्पश्चात् धर्मोपदेश गर्ने स्थान, र धर्माशन ठीक गरे । तत्पश्चात् उहाँ उतिखिन्द्रियलाई कप्पियकारक समेत दुई जनालाई हवाइजहाज टिकटको खर्च पठाइदिए । उतिखिन्द्रिय हवाइजहाजबाट आइपुग्नु भयो । सकल उपासक उपासिकाहरूले स्वागत गर्दै बाटो बाटोमा तोप पड्काई बढाइं गर्दै भित्रयाए । भोलिपल्ट देखि धर्मोपदेश प्रारम्भ भयो । श्रोतागणका लागि पुरुष र स्त्री आधा आधा बस्नको लागि अलग्ग अलग्ग स्थान प्रवन्ध गरियो । हजारौंहजार खर्च गरी धर्माशन बनाइ राखे । म पनि धर्मोपदेश सुन्न गएँ । श्रोतागण निशव्द भएर उपदेश श्रवणार्थ आसनतिर ध्यान केन्द्रित थिए । उतिखिन्द्रिय धर्मासनमा आसन ग्रहण गर्ने वित्तिकै बन्दुक पड्काइयो । उहाँले धर्मोपदेश गर्नु हुने जातक कथा होइन सिर्फ अध्यात्म तत्वको विषयमा छलफल र अध्ययन गराउने रहेछ, तरिका राम्रो छ । जस्तै "आफ्नो शरीरमा केही चीजले छोयो, छोएपछि थाहा भयों, छुनाले थाहा भयो, थाहा पाएपछि मनपर्ने, नपर्ने कलेश उत्पन्न भयो, कलेशले संस्कार भई पुनर्जन्म हुनुपर्ने र सुखदुःख भोग गर्नुपर्ने हुन्छ । त्यसैले हामीले थाहा पाएको अवस्थामा ज्ञान जागृत भएर अप्रमादीद्वारा कलेश उत्पन्न नभइकन स्मृति राखी राख्न सक्यो भने पुनर्जन्मको हेतु शून्य हुन्छ, त्यहाँ जन्म मरणको चक्रबाट मुक्ति हुने त्यही प्रकारले बारंबार दोहर्‍याएर श्रोतागणहरूले



Downloaded from http://dhamma.digital/

पनि भन्न सक्ने उपदेश गर्नु हुँदो रहेछ। उपदेशको शैली राम्रो छ। श्रोतागणहरू पनि चित्त बुझ्दो छ।

भोलिपल्ट भोजनपश्चात् म उतिखिन्द्रियकोमा गएँ। त्यहाँ उहाँ सकल उपासक उपासिकाहरूलाई उपदेश दिइ रहनु भएको थियो। म देख्ने वित्तिकै उहाँले "यता पाल्नुहोस्" भन्नु भयो। उहाँको आसन तल चकटी एउटा विछयाइ दिए, उहाँ पनि तल नै बस्नु भयो र सोध्नु भयो "तपाई श्रामणेर हो कि उपसम्पन्न ?"

"मैले उपसम्पन्न हुँ" भनें।

"तपाईं कहाँबाट पाल्नु भएको ?"

"म नेपालबाट आएको हुँ। मेरा मातापिता बौद्ध होइनन्, म एकजना धर्मअन्वेषण गर्दागर्दै बौद्ध धर्ममा पुगें, यसमा अलि विश्वास गड्यो। कुशीनगरका चन्द्रमणि महास्थविरको कृपाले रंगुनमा गएर क्याउंम्याउं विहारमा उकेशरा महास्थविरको उपाध्यायत्वमा म र शासनज्योति उपसम्पदा भयौं। अहिले फेरि यस परियत्ति विहारमा वसेर भावना गरी रहेछु, ओदात कसिनाको भावना गरी रहेकोले एउटा अद्‌भुत निमित्त उत्पन्न भयो। त्यो निमित्त यस्तो छ" म भावना गरी रहेको कोठाभित्र, म बसीरहेको कोठाको अगाडि मेरो बाँयापट्टि माथि सूर्य उदायो, अत्यन्त तेजले जाज्वल्यमान भएको, त्यो सूर्य उदाएदेखि मेरो मनले आफनो काम छोडेर त्यो उदाएको सूर्यतिर गयो, मन उता जाने वित्तिकै मेरो भावना टुटयो। भावना टुटिने बित्तिकै सूर्य पनि बिलायो, यो के भएको हो ?" मैले केही भन्न सकिन, जान्ने सुन्ने जतिकोमा गएर सोधें, बताउनेको कुरा मिल्दैन, कसैले यो भन्यो कसैले त्यो भन्यो, कसैको कुरा नमिलेकोले मनमा भ्रान्ति भइरहेको छ, यस भ्रान्तिलाई सुल्झाइ दिने भेटिएन, हजूरको नाम सुनेदेखि एकपल्ट भेटौं भन्ने श्रद्धा उत्पन्न भयो आज संजोगले भेट्ने सौभाग्य प्राप्त भयो। आज मेरो भ्रान्ति सुल्झिने आशाले हजूरलाई भेट्न आएको छु।"

त्यहाँ भएका उपासक उपासिकाहरूले मानौं तुषिता भुवनमा श्वेतकेतु वोधिसत्वको सामने प्रार्थना गरी रहेको जस्तो गरी मउपर करुणा राखी प्रार्थना गरी दिनु भयो। उहाँ उतिखिन्द्रियले आज्ञा गर्नुभयो "उपजें ! तपाईंको भ्रान्ति सुल्झाउन तपाईले मेरा कुरा सुन्नु पर्छ, सुन्ने हो त ?"

मेरो मन साह्रै नै खुशी भयो "अब मेरो भ्रान्ति सुल्झिने भयो"



Downloaded from http://dhamma.digital/

भनेर । "सुन्छु" मैले भनें ।

"यदि मेरो कुरा सुन्ने हो भने हजूरले मैले दिएको भावनामा जानुपर्छ, त्यो भ्रान्ति भएको छाड्नुस्" भन्नु भयो ।

"यदि गरी रहेको काम छोड्ने हो भने प्रश्न गर्नु आवश्यक नै छैन । जुन भई रहेको भ्रान्तिलाई बुझ्ने कोशिश गरी रहेको छु, त्यो छोड्नु पर्‍यो भने भ्रान्ति सुल्झिंदैनं ।"

"त्यो भ्रान्ति सुल्झाउनको लागि नै मैले भनेको हो कि त्यो समय भावनाले निर्वाण पद प्राप्त गर्ने होइन, प्रज्ञा भावना गर्नुपर्छ, प्रज्ञा भावनाले मात्र आश्रवछयय गर्न सकिंदैन त्यसको लागि त्यो छोड्नु भनेको हु ।"

"अनि समयविना मन एकाग्र हुँदैन, मन एकाग्र नभइकन विदर्शन कसरी देख्न सकिन्छ ?"

"समय भनेको लौकिक हो, लौकिक भावनाले निर्वाण प्राप्त गर्न सकिंदैन" भन्नु भयो ।

"सोपान (भर्‍याङ्ग) भनेको मार्ग मात्रै हो, बैठक होइन, भनी सोपानको आरोहण नगरी बैठकमा कसरी पुग्छन्" भनी मैले सोधे ।

उहाँको चलाखी दाउ यो छ कि "आफनो कुरा तल पर्नलाग्यो कि ही कसरी बुझ्नु नभएको ?" भन्ने एउटा उपमा राख्ने जस्तो गरी अर्को कुराको सिलसिला ल्याएर उहाँको कुरा तल पर्न लागेको कुरा छोड्न खोज्छन् मैले भनें "त्यो कुरा हो, तर मेरो प्रश्न अन्तै पर्‍यो, अर्कै कुरा हुन गयो ।"

"अझै बुझ्नु भएको छैन, अलि राम्ररी विचार गर्नुहोस् । बुझ्नु 'हुन्छ' भन्नु भयो ।

उपासकहरूले उहाँसँग प्रार्थना गरे "भन्ते ! उहाँ ज्ञानको आशले नेपालदेखि आउनु भएको हो, करुणा राखी बुझ्ने गरी बताउनुहोस् न" भनी प्रार्थना गरे । उहाँ उतिखिन्द्रियले त्यसको शंका निवारण गर्न सक्नु भएन, त्यो भावना छोड्न लगाएर अर्कै गराउने कोशिश गर्नु भयो" हेर्नुहोस् उपजें संसारमा मैले भन्ने नभएकोले मैले भनेको भाव लिइरहेकोले सुखदुःख आदि भोग गरी रहनु परेको हो, त्यही मैले भन्ने नभएकोलाई बनाई राखेको भ्रमलाई छोड्न भावना गर्नुहोस्, हुदैन र ?

मेरो मनमा "यहाँले समया भावना गर्नु भएको छैन, त्यसैले त्यो कुरालाई अल्मल्याउने कोशिश माात्र गरी रहनुभो । मैले सोधे "समया



Downloaded from http://dhamma.digital/

भावनाको महत्व छैन र ?"

"समय भावना लौकिक हो, लोकोत्तर होइन । हजूरलाई लौकिक चाहिएको कि लोकोत्तर ?"

"चाहिएको लोकोत्तर हो, अनि लोकोत्तरलाई महत्व नदिइकन समय लगाएर भगवान्ले किन उपदेश दिनु भयो त ?"

उहाँले सिर्फ विदर्शन तिर नै ढाल्ने विचार गर्नु भयो, मैले आफ्नै कुरामा अडिग भएर प्रश्न गरी रहें । उपस्थित उपासक उपासिकाहरूले भने "उपजें ! ठूला गुरूहरूसँग आफनो कुरामा मात्र जिद्धि गर्नु अनादर हुन्छ, गुरुहरूको कुरा पनि सुन्नुपर्छ ।"

मैले जिद्धि गर्न छोडें, उहाँले अनात्माको उपदेश दिनुभयो । मैले भने यदि आत्मा भनेको छैन भने भगवान्ले यति धेरै उपदेश दिनुभएको सुन्ने को हो ? दान दिने को ? दान लिने को ? ध्यान गर्ने को ? त्यागी हुने को ? निर्वाण पद प्राप्त गर्ने को ?" "मेरो मनमा" उहाँ कोही बसेको घरमा पनि नबस्ने, उहाँ बसीसकेको घरमा कोही बस्न नहुने, हवाईजहाजको खर्च व्यहोरेमा मात्र पाल्नु हुने, मैले भन्न नहुने भए, त्यो नियम बनाउने को, त्यो नियम पालना गर्ने को ?" "यस विचारले अगाडि बसेर उहाँलाई आदर गर्ने राख्ने कुरा पनि अन्तै पर्‍यो, भन्न जान्ने गर्न जान्दैन भन्ने मनमा लागेर उहाँसँग छलफल भयो । उपस्थित वर्गहरूको मनमा त्यति ठूला गुरुलाई आदर नगरी सवाल जवाफ गरी कराएर बस्यो, कस्ता मूर्ख भन्ने लागि रहेथ्यो ।

मेरो समस्याको शंका निवारण गरि दिनु भएन अनात्मा शुरुदेखि न नवताइकन एकपल्ट "मैले भन्ने केही छैन" भन्ने कुरा मै जोड गर्नु भएकोले उहाँले चलाखी दाउ सिकेर ठूला भइरहेका मात्र हुन्, फेरि उहाँले बताउने कुरा किताबको भरमा मात्रै हो, आफूले अनुभव गरेर बताउनु हुन्न । उहाँको चलाखी के हो भने उहाँले बताएको कुरा बुझ्केकालाई श्रोतापन्न, कसैलाई सकृतागामी कसैलाई अनागामी, कसैलाई अर्हन्त भयो भनेर दर्जा दिएर मानिसहरूलाई भुलाएर राखेका थिए र कुरा नबुझ्नेहरू भुलेर बसेका थिए ।

कुरा बताउने राम्रो छ, धेरै पढेका तर आफूले काम नगरेकोले मेरो मनमा उव्जेको शंका मेटाउन सक्नु भएन, मैले पनि कुरा लामो गरिनँ । उहाँले "संसारमा कुनै पदार्थ पनि अनित्य भएर बसेको हुनाले अनित्य, भय भएकोले नै दुःख असारको लागि अनात्माको विषयमा उपदेश दिनु भयो ।"



Downloaded from http://dhamma.digital/

"अनित्य पनि हो, दुःख पनि हो, अनात्मा एउटा मैले राम्ररी देख्न सकेको छैन" भने ।

उहाँले अनात्माको अर्थ असारतालाई देखाउनु भयो। मैले भनें "असार पनि हो, असार भनेर थाहा पाउने को ?"

"असार भनी थाहा पाउने ज्ञानले"

"ज्ञान भनी थाहा पाउने को हो ?"

"अति नै बुझाउन गाह्रो" भन्दै, त्यो नबुझेको कुरालाई बुझाउने बहना बनाई उपमा भनी एउटा कथा सुनाउने, त्यो कथा लामो पारेर मुख्य कुरो छुटाउन खोज्दो रहेछ। म भने आफ्नो कुरा नछुटाइकन बसी रहने "मेरो प्रश्नको उत्तर बताउनु भएन" भन्ने । उहाँले कति मात्र बुझाउन गाह्रो उपजें भन्ने उपासकहरूले पनि "करुणा राख्नुहोस् न भन्ते" भन्दै प्रार्थना गरिदिने ।

बल्लतल्ल प्रश्नको मिल्दो जवाफ निस्क्यो "नभएकोमा म छु। भन्ने भाव भइरहयो, मलाई मन नपराइकन दुःख भयो किन भनेर खोजी हेरेमा दुःखको कारण भेट्टाउछ। दुःखको कारण भेन्ताएर त्याग गर्दै गएमा दुःख निरोध हुन्छ, दुःख निरोध हुनुलाई निर्वाण भनिन्छ। दुःखको मूल हेतु नै म भाव भएकोले हो। म भएर नै स्वार्थी भयो, स्वार्थ पूर्ण गर्न तृष्णा भयो, तृष्णाको कारणले कर्माकर्म गऱ्यो, कर्माकर्मको विपाकले सुख दुःख भयो। सुकर्मभन्दा पनि अकर्म बढी भएकोले संसारमा दुःख मात्रै बढी भयो ।

"मैले भन्ने आत्मा भएर नै कर्माकर्म भयो, भनी हजूरले भन्नु भयो, हजूरले नै फेरि "मैले भन्नु पर्दा आत्मा छैन भन्ने" यो कसरी मैले बुझ्न सकिएन ।

उहाँले अनत लक्षण सूत्रको अर्थ बताउनु भयो, स्पष्ट बुझन सक्ने गरी भन्न सक्नु भएन, मैले कुरा लामो गरिनँ, उहाँले भन्या जस्तो हाँमा हाँ मिलाएर बसें। मैले कुरा लामो नगरेको हुनाले उहाँले सोच्नुभयो "अब त बुझेको जस्तो छ।"

"बुझयौ त ?" भन्दा 'बुझें' भनें ।

"थाहा पायौ त ?" भन्दा "थाहा पाएँ" भनें ।

"शंका छ कि भन्यो ?" "छैन" भनें

"बिर्सिन्छ कि यो कुरा ?" "बिर्सिदैंन" भनें

भगवान्ले धर्मचक्र सूत्रमा पञ्च वर्गीयहरूलाई भन्नु भएको जस्तै



Downloaded from http://dhamma.digital/

उहँले पनि मलाई "दित्थ धम्मो, पत धम्मो विदित धम्मो, परियोगाल धम्मो, पत धम्मो तिन्नाविचि किच्छौ" भनी कोण्डथ्यलाई भगवान्ले भन्नु भएको जस्तै उहाँले पनि मलाई मार्गफल को दर्जा दिनुभयो, उपासकउपासिकाहरूले सकललले "साधु ! साधु ! भने ।

बडा, विख्यात, धुरन्धर भन्ने कर्मस्थानाचार्यहरूको तरिका बुझें "यस्तो तरिकाले लोकमा नाम ठूलो हुन्छ, निर्वाण पद प्राप्त हुँदैन" भन्ने विचार गर्दै त्यहाँवाट बिदा लिएर चुपचाप उठेर आएँ ।

## ओदात कसिना

मेरो समस्या भावनाको शंका मसँगै बाँकी रह्यो । त्यो शंकाले गरेर अनेक प्रकारका विद्वान र कर्मस्थानाचार्यहरू सँग संगत भयो तर शंका मेटेन । पछि एकदिन फेरि जङ्गलमा बस्दा खेरि फेरि पनि ओदात कसिना को भावना गरी रहँदा पुनः त्यसरी नै सूर्य उदय भयो । हेरी रहें, कसिन भन्दा पनि अधिक तेज भएकोले मेरो आँखा उतैतिर, भावना भङ्ग भयो, भावना भङ्ग हुने वित्तिकै सूर्य पनि बिलायो । पुनः ओदात कसिनातिर हेरें ध्यान गरें, जब दृष्टि स्थिर हुन्छ पुनः सूर्य उदय हुन्छ, बराबर त्यसै भइरहयो । पछि मैले त्यो सूर्य उदय हुने बास्ता नै नगरीकन कसिना मात्रै हेरें ध्यान गरी रहे । जति जति कसिनातिर एकाग्र भईहें त्यति त्यति नै सूर्य उदय हुँदै आएकोले ज्योति चम्क्यो । त्यतिखेर भैले बुझिं "कोठाभित्र सूर्य उदय भएको होइन, मेरो मन एकाग्र भएर मेरो मस्तिष्कको बायाँतिर तेज निस्केको हो"

पहिले ओदात कसिना हेर्ने आरम्भ गरेदेखि हेर्दा हेर्दै आँखा पिरो भएर हेर्न सकिएन, हेर्न नसकेर छोडें, भोलिपल्ट पुनः कसिना हेरें, आँखा पिरो भएकोले छोडें, पर्सिपल्ट पनि ! एवं प्रकारले गर्दागर्दै, आँखाबाट आँसु झर्न थाल्यो, आँखाबाट आँसु झरे पनि दिनको एकपल्ट कसिना हेर्ने साधना गर्दै आएपछि ओदात्त कसिना घडिको बाल चक्का घुमे जस्तै चल्न थालेपछि सूर्य रत्न जतिकै चम्किन थाल्यो । चम्किन थालेपछि मन त्यसैमा एक चित्त हुनगयो । उसैमा साधनागर्दा गर्दै त्यो कसिनाको आकार मेरो मनमा गडयो । म जहाँ गए पनि त्यो ओदात कसिना मेरो अगाडि अगाडि मोटरको हेडलाइट मोटरको अगाडि अगाडि बलेजस्तै मेरो अगाडि कसिनाको आकार बढ्ने भयो । मध्यरातमा ध्यानबाट उठ्दा अँध्यारो छैन राम्ररी सबै देख्छु । कोही कसैसंग कुरा गरी रहँदा त्यो मान्छेको अनुहार देखिंदैन, त्यही कसिनाको आकारले रोकी राख्ने भयो ।



Downloaded from http://dhamma.digital/

# अर्कनमा चन्द्रमणि गुरुसँग

शासनज्योतिलाई जङ्गलमै छोडेर म एकपल्ट देशतिर आउने काम पर्‍यो ।

कुशीनगरका चन्द्रमणि गुरु अर्कनमा आउनु भयो, उमानवा विहारमा बस्नुभयो । म त्यहाँ चन्द्रमणि गुरु दर्शनार्थ पुगेर वन्दना गरी एकातिर बसें । गुरुले "शासनज्योति खोइ ?" सोध्नु भयो ।

"भन्ते ! शासनज्योति यहाँ छैन म्योहाउं जङ्गलमा बसी रहेको छ ।"

"तिम्रो साथमा आउने जतिलाई सिर्फ आँखा बन्द गरेर चुप लागेर मात्रै बस्ने शिक्षा दिएर बिगारी सक्यौ, विद्या अध्ययन गराउनु पर्नेलाई त्यसरी जङ्गलमा राखी राख्नु हुन्छ" भन्नु भयो मैले कुनै उत्तर दिइनँ । गुरुले "अहिले तुरुन्तै चिठीलेखेर, झिकाउनू त्यसै जङ्गलमा राखी राख्नु हुन्न भन्नुभयो ।

"गुरुले लेख्नु भयो भने शासनज्योति तुरुन्तै आउँछन् भन्ते !" भनें ।

गुरुले नै चिठी लेख्नु भयो, मैले पोष्ट अफिसमा लगेर खसालें । पर्सिपल्ट प्रज्ञानन्द (कर्मशील) लाई बोलएर भने "प्रज्ञानन्द ! आज शासनज्योति आइपुग्छन्, तपाई बाटोमा हेर्नजानुस्" ।

कर्मशीलले बुद्धरत्नलाई बोलाएर शासनज्योतिको बाटो हेर्न गयो । म आफ्नै विहारमा ओदात कसिना भावना गरी रहें, कसिना भावना गर्दागर्दै त्यही ओदात कसिनाको चक्कामा सिनेमा जस्तै नेखिन थाल्यो "जहाज स्टेशन घाटमा धेरै लश्कर जम्मा भईरहयो । जहाज पनि आईपुग्यो र रोक्यो । जहाजले भर्‍याङ्ग झार्‍यो पेसेन्जरहरू ओर्लन थाले, त्यही भीडमा शासनज्योति बाकस बोकेर भर्‍याङ्गबाट झर्न नसकेर अलमल पर्‍यो । शासनज्योतिको पछाडि दुईजना भिक्षु थिए एकजना ३० र अर्को ६२ वर्षको, मैले पठाएको कर्मशील र बुद्धरत्न । ति दुईजना तल बसेर शासनज्योतिलाई हेरी रहे । शासनज्योति बल्लबल्ल जहाजबाट झर्‍यो । मेरो मनमा "मैले यो ध्यानमा देखिरहेको साँचो हो कि झुटो ? हुन त यहीं आउने हो भरे सोधौंला" भनी मनमा राखी राखें । तिनीहरू विहारमा आईपुगे, शासनज्योतिलाई गुरु चन्द्रमणिकहाँ पठाई दिएँ ।

शासनज्योति गुरुकोमा पुगेर वन्दना गरी एकातिर बस्यो । गुरुले आज्ञा गर्नु भयो "तिमी अध्ययन नगरी के जङ्गलमै ध्यान गरेर बस्ने ?



Downloaded from http://dhamma.digital/

महाप्रज्ञासँग लाग्नेहरूलाई विद्या अध्ययन गराउने वास्ता नगरी सिर्फ आँखा चिम्लेर बस्ने शिक्षा दिएर सर्वनाश गरी सक्यो" भनी नाराज हुनुभयो ।

शासनज्योति नबोलीकन श्रद्धासन गरी बाँया हात भुइँमा टेकी दाँयाहात काखमा राखी निहुरेर बस्यो ।

गुरुले "अवदेखि यस विहारमा बसेर विद्या अध्ययन गर, जङ्गलमा गएर ध्यान गरी समय सित्तैमा नफाल" भन्नु भयो । शासनज्योति केही नबोली चुपचाप उठेर जङ्गलमै गएर बस्यो ।

## बुद्ध शासनको स्थिरता

बुद्ध शासनमा ग्रन्थधुर र विपस्सनाधुर पनि चाहिन्छ, एउटा मात्र धुर ले शासन चल्दैन । पण्डितै मात्र भएर बस्यो भने परमार्थ रस अनुभव गर्ने हुँदैन, ध्यानी मात्रै भयो भने भगवान्ले उपदेश गरी राखेको सूत्र विनय अभिधर्म लोप भएर जान्छन् । ग्रन्थधुर र विपस्सनाधुर यो दुइटै निर्वाण दायक बुद्ध शासनको आयु हो । आजभोलि ग्रन्थधुर नै मात्र बृद्धि भइरहेकोले विपस्सनाधुर लोप हुँदै गयो के भएर ग्रन्थधुर मात्रै बृद्धि भयो ? यो कसरी ? ग्रन्थ अध्ययन गर्नेलाई लोकले जान्ने सुन्ने, विद्वान् पण्डित भनेर मान्यो, पूजा गर्‍यो, विहार बनाई दियो, मोटरकार किनी दियो, ध्यानशीलहरूलाई वास्ता भएन । ग्रन्थधुरलाई राजाले पनि मान दिनु भयो तसर्थ अभिनव प्रब्रजितहरू धेरै नै मानतिर मात्रै ढल्क्यो, ध्यान शीलतिर ढल्किने भएनन् ।

ध्यानीलाई ठूलो मान्छे बन्ने भाव हुँदैन, पण्डितहरूमा सानो हुने भाव हुँदैन । ध्यानीहरू वाचा गर्दैनन, पण्डितहरू चुप लागेर बस्न सक्दैनन् । पण्डितहरूलाई द्रव्य नभई हुँदैन, ध्यानीहरूलाई द्रब्य काम छैन । ध्यानी पण्डितलाई लोकले बडा मान्छन्, गरीब भिक्षु र पण्डित नै भएपनि कसैले वास्ता गर्दैन । धनीको चित्त शुद्ध हुन गाह्रो छ, चित्त शुद्ध हुनेहरूको धन हुन गाह्रो छ । शान्तिरसको अभिलाषा भएकोले मानलाई प्रशंसा गर्दैन, मानको अभिलाषा भएकोले चित्तलाई शुद्ध गर्न सक्दैन् । मानको अभिलाषा भएकोले षडयन्त्रको रचना गर्छन्, शान्तिको अभिलाषा भएकोले मानलाई विष समान देख्छ । ध्यानीले उपदेश सुनेर ज्ञानलाई बुझेर अमृतपान गरी जीवन सुधार्छ बताउन चाहनेले उपदेश बताएर धर्मकथित भएर ठूलो मान्छे बनी म पण्डित" भन्ने अभिमान



Downloaded from http://dhamma.digital/

गरी अमूल्य जीवनलाई बरबाद हुने गरी मानलाई प्यारो गरी लौकिक सुखमा डुबिरहन्छन्। साँच्चै नै बुद्धशासन बृद्धि गर्ने इच्छा भएका पण्डितले ग्रन्थ र विपस्सना दुईटै नै प्रशंसा गर्छन्। पण्डित भनेको पसले जस्तै हो, विपस्सना भनेको किनेर खाने हुन। किनेर खानेहरूले पसलेको गुणगान गर्छन्, पसलेले आफनो पसलमा भएको पदार्थ किनेर खाएकोले रसानुभूति गर्नेहरूको प्रशंसा गर्छन, त्यसरी नै पण्डितले ध्यानीहरूको प्रशंसा गर्छन। ध्यानीहरूले पण्डितहरूको प्रशंसा गर्छन्। त्यहाँ दुईटा मिलेर बुद्ध शासनको बृद्धि हुन्छ। यस प्रकारले हुनुपर्ने अब त पण्डितहरूले ध्यानीको निन्दा, ध्यानीहरूले पण्डितको निन्दा, यस प्रकारले मनमा दु:ख राखी म पनि आफनो विहारमा फर्कें।

## कसिना भावना र विदर्शन ज्ञान

जङ्गलमा आएर चन्द्रमणि गुरुलाई भेटेर बेलुकी म बसेको विहारमा आएर बास बस्नुभयो। बेलुकि म, कर्मशील, शासनज्योति र बुद्धरत्न चारजना त्यतिकै बस्यौं, त्यहाँ मैले प्रश्न गरें ? शासनज्योति जहाजबाट आउँदा खेरि तिमीसँगै अरू दुईजना भिक्षु पनि छन्, एकजना यस्तो अर्को यस्तो, तिनीहरू कहाँका हुन् ?"

शासनज्योतिले भन्यो "भन्ते ! उहाँहरू यहींकै 'ङ्प्योदो विहार' का भिक्षुहरू हुनुहुन्छ, उहाँहरू नभएको भए आज म यहाँ पुग्दिनँ थिएँ "किन ?" म टिकट नलिकन जहाज मा बसेर आएँ, टिकट जाँच्दा मसँग टिकट छैन "टिकट बिना चढ्न पाइँदैन" भन्यो। मैले भनें" हामीहरूले पैसा छुन नहुने भएकोले हामी सँग पैसा छैन, त्यसैले टिकट लिन भएन। त्यसले भन्यो" अरू भिक्षुहरूले पैसा छुनु हुने, तिमीले मात्र छुन नहुने किन ?" मैले भनें "अरूको कुरा मलाई थाहा छैन, मेरो गुरुले मलाई "पैसा" छुनु हुन्न भन्ने नियम बनाई राख्नुभयो।"

त्यो जहाजको टिकटवालाले अरू भिक्षुलाई सोधे, भिक्षुहरूले "भयो, उहाँसग पैसा नभए हामीले राखी दिन्छु" भनी दुईजना भिक्षु मिलेर पैसा राखेर नपुग टिकटवालाले नै राखी मलाई एउटा टिकट दियो।

मैले सोधें "कर्मशील र बुद्धरत्नले जहाजको घाटमा बसेर शासनज्योतिलाई हेरी राखेको हो ?"

कर्मशीलले भन्यो "भन्ते ! जहाजको घाटमा बसेर शासनज्योतिलाई हेरी राखेको हो" कर्मशीलले भन्यो "भन्ते ! जहाजको घाटमा म मात्रै



Downloaded from http://dhamma.digital/

छु, बुद्धरत्न आएनन् ।"

"बुद्धरत्न किन आएन ?"

"बुद्धरत्न उमानवा विहारमै अल्मलियो त्यसैले म एकजना मात्र गएँ" भन्यो ।

मेरो मनमा "अरू सबै मिल्यो, बुद्धरत्नमात्र मैले देखेको मिलेन यो कसरी भयो ! मेरो ध्यानमा अवश्य पनि केही अलिकति अशुद्ध भयो कि" भन्ने विचार आयो ।

समथा भावनाले अवश्य नै ऋद्धि प्राप्त हुन्छ तर ऋद्धि लौकिक हुन्छ, सबभन्दा पहिले मार्ग प्राप्त भएपछि ऋद्धि प्राप्त भए मात्र ऋद्धि लौकिकमा पर्दैन, पहिले ऋद्धि प्राप्त भयो भने योगी मार्गफलमा पर्न गाह्रो हुन्छ । किनभने ऋद्धि प्राप्त व्यक्तिलाई लोकमा ठुलै मान प्राप्त हुन्छ, मान प्राप्त भएकोलाई वैराग हुँदैन, रागीलाई मार्गफल प्राप्त हुँदैन यो चिश्चय नै हो भनी थाहा पाएर मैले समथा भावना छोडेर विदर्शना भावनातिर ढल्कें ।

विदर्शन ज्ञान भनेको अनित्य दुःख अनात्मा हो । यस विदर्शन भन्ने ज्ञानलाई नै प्रज्ञा पनि भनिन्छ । विदर्शन ज्ञान भनेको बडो आश्चर्यको ज्ञान हो, जसरी बलियो टाँसिएको विषय जस्तै तृष्णालाई पनि उप्काएर उप्किने सारज्ञान हो । तसर्थ चञ्चल मन सम्हाल्न अलि अलि समय भावना गर्नु पर्ने भएकोले ऋद्धिलाई पछाडी फयाँकेर विदर्शनतिर ढल्किएको हुँ ।

## पुनः चटगाउँमै

शासनज्योतिले म्योहाउं जङ्गलमा बसेर समथ भावना गर्दागर्दै साधारण ऋद्धि प्राप्त गर्‍यो । जस्तै "आज यहाँ यस्तो व्यक्तिले यस्तो कुरा लिएर आउँदैछन् अथवा यस्तो पदार्थ दान गर्छ । इत्यादि, भिक्षाटन गर्न जानुहुँदा । "यता गयो भने यस्तो दान प्राप्त हुन्छ, उता गयो भने उस्तो, फेरि यस घरमा यस्तो प्राप्त हुन्छ इत्यादि मामुली ऋद्धि प्राप्त भयो ।

शासनज्योतिलाई म्योहाउं जङ्गल छोडेर लंकाको मैतथ्य लिएर पुनः म चटगाउँमा गएँ । चटगाउँको त्यही योगेन्द्र लाल बरुआले धम्मबंश महास्थविरको विहारमा बस्ने बन्दोवस्त मिलाई दिनु भयो । भोजनचाहिं मात्र योगेन्द लालको घरमै प्रवन्ध गर्‍यो । जलपान मलाई आवश्यक



Downloaded from http://dhamma.digital/

छैन। भोजन गर्न घर गएर भोजनपश्चात् कथा सुनाउने परम्परा नै बन्यो।

एकदिन धम्मबंश महास्थविरको विहारमा लंकाको भन्ते एक, वर्माको भन्ते एक र चटगाउंको भन्ते सँगै तीनजना भन्तेहरू पालिपाठ शुद्धाशुद्धि बारे छलफल गरिरहे। तीनजना भन्ते आ-आफनो देशमा गरिने पाठ नै शुद्ध भनी परस्पर एकले अर्कोलाई तिमीहरूको अशुद्ध भने, फैसला हुन सकेन। छलफल भइरहेको सुनेर म पनि हेर्न गएँ। म देख्ने वित्तिकै लंकाको भन्ते "लौ ! महाप्रज्ञा पाल्नु भयो, उहाँले हाम्रो कुराको फैसला गर्नुहुन्छ" भन्नु भयो।

मैले सोधे किन के भयो ?

तिनीहरू ले भएको कुरा बताए मैले भनें। तपाईंहरू तिनै जना अशुद्ध मेरो शुद्ध। तिमीहरू तिनजनाबाट चार जना भयौं। चारै जना वादी अब फैसला कसले गर्ने गर्छ।

मैले सोधें "फैसला कसले गर्छ, व्याकरणले गर्छ।"

"कसरी ?"

"यसरी पाली व्याकरणमा अक्षरको मात्रा छुँदैछन्, अ, इ, उ एक मात्र बाँकी सबै दुई मात्रा भनेर। एक मात्रा=एक चुटकी भर, दुईमात्रा = दुई चुटकी भर हो कि होइन ?" "हो" "हो भने अब हजूरहरूले नै भन्नुहोस् कि लंकामा भन्तेहरूले पाठ गर्दा खेरि ह्रश्वदीर्घ वास्ता नगरी राग लिएर सबै अक्षरहरूलाई दीर्घ वनाइ पाठ गर्छन् हो कि होइन् ?" लंकाको भन्ते चुप लागेर बस्नु भयो। वर्माको भन्तेलाई भनें "वर्मामा पनि भन्तेहरूले गुलुलुलु (एकैनास) पाठ गर्छ, ह्रश्वादि वास्ता गर्दैन् सबैले अक्षरलाई ह्रश्वनाई पाठ गर्छ हो कि होइन ?" वर्माको भन्तेले पनि बोल्नु भएन। तत्पश्चात् चटगाउँको भन्तेलाई भने "चटगाउँका भन्तेहरूले पाठ गर्नु हुँदा पनि ह्रस्व दीर्घलाई वास्ता नगरी मन लागे जस्तो उच्चारण गरी ह्रश्वलाई दीर्घ, दीर्घलाई ह्रस्व गरी पाठ गर्नु हुन्छ हो कि होइन ?"

"होइन, हामी पाठ गर्दा खेरि बिल्कुलै ह्रस्वदीर्घ मिलाएर पाठ गर्ने परम्परा छ।"

"लौ त, एकपल्ट पाठ गर्नुहोस्।"

"अनिच्चा वट संखारा उपदाय व्य धमिन्ने।"

मैले भनें "त्यति पठामै अशुद्ध देखियो" "उप्पाद वय् धमिन्नां"



Downloaded from http://dhamma.digital/

हुनुपर्ने होइन भने किताव हेर्नुहोस् ।

किताव लिएर, किताव हेरि पाठ गर्नु भयो, अशुद्ध नै पाठ गर्‍यो । लंका र वर्माको भिक्षु गललल हाँस्नु भयो । मात्रा उल्टो सुल्टो भएको याद भयो । पाठ गर्नेले आफ्नो जुन बानी छ त्यसैलाई नै सदर गर्ने कोशिश गर्नुभयो । मैले भन्न नपर्ने गरी दुबै भन्ते मेरो पक्षमा लागेर "महाप्रज्ञाले भन्नु भएको यथार्थ हो अ, इ, उ' एक मात्र बाँकी सबै २ मात्र, एक मात्रमा (I) यो चिन्ह हो, दुई मात्रामा (S) यो चिन्ह हो जस्तै

| | | | | |
|---|---|---|---|---|
| SSS | IS | SS | IIS | |
| IIS | SSIS | | | |
| एवमे | सुत | एक | समय | |
| भगवा | सावत्थिय | | | |
| I I I I | S I I S | I S I S I S I | | S |
| S S | | | | |
| विहरति | जेतवने | | अनाथपिण्डिकस्स | |
| आरामे | | | | |

यस प्रकारले मात्रानुसारले एक मात्रा एक चुटकी भर समयसम्म उच्चारण गर्ने, दुई मात्रामा दुइ चुटकीभर समयसम्म उच्चारण गर्ने । हामीहरू तीनै जना नै स्पष्ट रूपमा अशुद्ध भएको देखाइदिनु भयो, महाप्रज्ञा साधु ! अबदेखि हामीहरू मात्रानुसारले उच्चारण गरेर पाठ गर्ने भयौं ।

## चटगाउँबाट कलकत्ता कालिम्पोङ

चटगाउँमा बस्दा बस्दै मैंतथ्यलाई औलो लाग्यो । योगेन्द्र लाल बरुआलाइ भनें "दयाकाजी, म यहाँ बसेको तीन महिना बिती सक्यो, अब म जान लागें, मलाई बिदा दिनुहोस् ।"

योगेन्द्र "भन्ते ! किन, हामीहरूले सेवा गरेकोमा केही त्रुटि भयो कि ?"

"होइन दायका ! एकै ठाउँमा महिनौं महिना भयो भने मन पनि अमिलो हुन्छ, अर्को मैंतथ्यलाई पनि सन्चो भएन ।"

"त्यसो भए मैंतथ्य भन्तेलाई उपचार गर्नु पर्‍यो, जानलाई हतार नगर्नुहोला ।"

"होइन, दायकाजी ! मलाई नरोक्नुहोस्, म महिनौं महिना एक



Downloaded from http://dhamma.digital/

ठाऊमा बस्न सक्दिन ।"

कुरा गर्दा गर्दै अति नै घरानिया आठजना बरुआहरू आएर बंगला लिपिबाट त्रिपिटक छाप्ने योजना बताए, यसमा तपाइं पनि पुण्य प्राप्ती को लागि भाग लिईदिनु भएमा कार्य चाँडै सिद्ध हुन्छ" भने ।

योगेन्द्रलाल "अति नै खुशीको समाचार सुनाउनु भयो धन्य, कतिखर्चलाग्छ ?"

"दशहजार जति लाग्छ ।"

"त्यसो भए ! कसैलाई भन्नु पर्दैन, त्रिपिटक छाप्ने खर्च जति मेरो भयो, अहिलेलाई यति लिएर जानुहोस्, पुगेन भने जति नपुगेको हो पछि म दिन्छु" भनेर रु.दशहजार एकचालिस र एक पैसा राखेर पुण्यानुमोदन गर्नु भयो । छापिएको प्रत्येक त्रिपिटक पुस्तकमा योगेन्द्रलाल दम्पत्तिको फोटो राखेर कृतज्ञता ज्ञापन गरी राखेको थियो ।

मैले विदा माग्दा विदा नदिइकन कुरा लामो गरेर बस्यो । मैले ढिपी गर्न थालेपछि उहाँले भन्नु भयो "भन्ते ! म हजूरलाई कर त गर्दिनँ, सिर्फ हजूरको उपदेश सुनी रहँदा मैले स्वर्गानूभूति आनन्दको महसुस गरी रहें, त्यसैले मेरो चित्तले हजूरलाई छोड्ने इच्छा भएन ।"

"दायकाजी ! तपाईलाई आनन्द भए जस्तै मैले बताएको उपदेश सुनेंको जतिलाई पनि आनन्द भयो, तपाईकहाँ मात्र वसेर मेरो कार्य समाप्त हुँदैन, म स्थान बदली हिंड्नु पर्ने तसर्थ मलाई बिदा दिनुहोस्, यदि बिदा नदिए पनि म जाने पक्का भएँ, नरिसाउनु होला ।"

योगेन्द्रलाल हाँस्दै भन्यो "भन्ते ! मैले खर्च दिइन भने कसरी पाल्नु हुन्छ ?"

"ए ! त्यसो पो ! कति देश घुमिसकें, पैसा नै नपर्ने घुमें, अब तपाईंको पैसाले रोक्यो ?" यति भनी जुरुक्क उठेर विहारमा गएर ज्वरो आएका लंकाको भिक्षु मैतथ्यलाई बेस्सरी समातेर स्टेशनतिर लागें । बाटोमा हिंडी रहँदा योगेन्द्रलाल कहाँको प्रोफेसर दौडेर आएर सोध्यो "भन्ते ! साँच्ची कै जान लाग्नु भएको ?" मैले यस प्रोफेसरलाई केही उत्तर नदिइकन फटाफट गइरहें, प्रोफेसर हड्बडाउँदै दगुरेर योगेन्द्रलाललाई सूचना दिन गयो, योगेन्द्रलाल हतारिदै घोडा गाडीमा बसेर बाटोमा भेट्टाउन आयो र भन्यो, "भन्ते ! क्षमा गर्नुहोस् मैले हजूरलाइ अयोग्य बचन बोल्न पुगें, हजूर कलकत्ता पुग्नु भएपछि उहाँ मैतथ्या भन्तेलाई महाबोधि सोसाइटीमा जिम्मा दिई, हजूर यतै फर्कनुहोस्



Downloaded from http://dhamma.digital/

भनी मेरो झोलामा अलि खर्च राखी दिनुभयो प्रोफेसरलाइ 'बोलाएर' तपाईं स्टेशनसम्म गएर दुवै जनालाई कलकत्ता सम्मको टिकट काटेर रेलमा राखी दिनुहोस्" भनी योगेन्द्रलाल त्यही वग्गीमा बसी फर्क्यों। हामीहरू स्टेशन पुग्यौं, प्रोफेसरले टिकट काटेर हामीलाइ रेलमा बसायो आफू पनि एक ठाउँमा बसेर आँसु पुछ्यो। मैले भनें "किन प्रोफेसर बाबु, के भयो ? आँखामा धूलो पस्यो कि ?" प्रोफेसर ह्वांह्वां रोएर भन्नु भयो "भन्ते ! म पनि सँगै आउँछु, मलाई छोडेर नजानुहोस्" भन्दै दुइटै पाउ समाएर प्रार्थना गर्‍यो। मैले भनें "प्रोफेसर बाबु धर्ममा श्रद्धा उत्पन्न भएको अति नै राम्रो, हतारिनु हुँदैन विचार गर, मेरो ठेगान छैन कहाँ पुग्छु भन्न सकिन्न, मेरो ठेगाना भयो भने त्यहाँ आए हुन्छ" भन्दै सम्झाएर छोडेर आएँ रेल अगाडि बढयो। चटगाउंको सिमाना जहाज तरेर कलकत्ता पुगें। मैंतथ्यलाई महाबोधि सोसाइटीमा छोडें मलाई त्यहाँ ठाउँ दिएन। त्यहाँबाट धर्माकुर विहारमा पुगें, त्यहा पनि म रोगी देखेकोले बस्न दिएन। अब म कता जाउँ भनी सडकमै बसी रहें, नेपालका साथी लालबहादुर रन्जितकारको सम्झना आयो त्यो साथी चित्पुर रोड्मा बसीरहेको छ घरमा पुगें, म देख्ने बित्तिकै साथी को श्रीमती अधैर्यएपुर्वक रोइन्। रोइरहेकीलाई म के सोधू, तिनी रोउँञ्जेल म वरण्डामा अडेस लाएर छक्क परेर बसे। रोइसकेपछि मलाई "भित्र पाल्नुहोस्" भनेर चकटी ओछ्याइदिइन, भित्र गएर बसें "किन रुनु भएको ?" भनी सोधें।

उपासिकाले भनी "हजूरको साथीले देह त्याग गर्नु भयो, आजले पाँच दिन भयो" भन्दै फेरि छाती पिट्दै रून थालिन्। उपासिकालाई संसार अनित्य असार, आफूले भन्ने जस्तो हुँदैन विषयलाई लिएर उपदेश दिई धैर्य धारणा गर्न लगाएँ।

उपासिकाले भनी "भन्ते ! हजूर साथीको घःसू ( बाह्रदिने कार्य) सम्म बस्नुहोस्। भनी कोठा एउटा सफा गरी बन्दोबस्त मिलाई दिइन्। मेरो अनुहार हेर्दै उपासिकाले भनिन् "हजूरलाई पनि शरीरमा आराम छैन र ? शरीर पनि निकै गल्नु भयो, मुख पनि नीलो देखिन्छ, किन के भयो ?"

मैले भनें "के गर्ने उपासिकाज्यू ? शरीर बोकी हिंडेपछि संसारमा जनम र मरण को चक्र वदली रहेसम्म शरीरमा के हुन्छ, कसो हुन्छ भन्न सकिन्न, यो हुँदैन, त्यो हुँदैन भन्न पनि सकिन्नँ। उपासिका !



Downloaded from http://dhamma.digital/

चटगाउँदेखि नै म र लंकाका मैंतथ्य भिक्षु दुबैजना औलो ज्वरो लागेकोले मैंतथ्यलाई महाबोधि सोसाइटीमा छोडेर आएँ, म एक्लै कहाँ जाउँ, कहाँ बसौं भनी खोजी हिंडें, तपाईंले मलाई यहाँ ठाउँ दिनु भएकोमा धन्यवाद ! त्यहाँ उहाँले काम्ने ज्वरोको उपचार पनि गरी दिनुभयो। त्यसलाई पनि धन्यवाद ! साथीको बाह्रदिने कार्य सकियो मेरो काम्ने ज्वरो निको भएको थिएन, मनमा विचार उठयो "अब म कहाँ जाऊँ ?" झलक्क कालिम्पोङको सम्झना आयो "कालिम्पोङ" भन्ने ठाउँ पनि हावापानीको लागी राम्रो ठाउँ हो, धेरै गर्मी पनि होइन, धेरै जाडो पनि होइन, त्यहीं गएमा ठीक होला कि ?" यही बिचारले बिदा लिएर गएँ। श्यालदह स्टेशनमा गएर रेलमा बसी रहँदा तीन चार जना नेवारहरू आएर भने तपाई कलकत्ता आई पुग्नु भएको थाहा नै पाईएन थाहा नै नदिकन। "तपाई कलकत्ताबाट जानलाग्नु भयो, किन हामीलाई एकपल्ट सूचना दिएर पाल्नु हुन्न र ?" भन्दै कत्तिले लेमोनेट पिउन दियो कसैले सुन्तला दियो। रेल को सिठी बज्यो सबैले नमस्कार गर्दै रेलबाट झरे, रेल चल्यो। भोलिपल्ट दुई बजेतिर दिउँसो म कालिम्पोङ पुगें। यो भयो सन् १९३४ सालको कुरा !!

## कालिमपोंङमा उपदेशको फल

कालिमपोंङमा पुगें। म पाहुना सुकुलमा सुत्ने भएकीले चीवर हेर्न नहुने भएको थियो भने औंलाले गर्दा रूप पनि बिग्रिरहेकोले मलाई कसैले वास्तै गरेनन्। गुह्यकोठीका भाजुरत्न साहुले मलाई देख्ने बित्तिकै करुणा राखी बोलाएर सोध्नु भयो "हजुर कहाँबाट पाल्नु भएको हो।"

मैले भनें अहिले बर्माबाट आएको हुँ। पहिले म यहीं बसीरहेको थिएँ। गुरु छेरिंनोर्क सँगै ल्हासा पुगेर त्यहाँबाट फर्की यहीं नै बस्न आएको हूँ, तपाईंले नै मलाई पालन पोषण गरी राख्नु भएको हो।

साहु - "हजुर, महाप्रज्ञा हुनुहुन्छ ?"

"हो साहुजी, महाप्रज्ञा हुँ।"

साहु - "भोजन गर्नु भयो ?"

मैले "आजलाई भोजन गरे पनि नगरे पनि सिद्धियो। बाह्रबज्नु अघि प्राप्त भएमा भोजन ग्रहण गर्थें, बाह्र बजे पछि भएन।" साहुजीको कारखानामा ठाउँ खाली भएकोले त्यहाँ बस्न दिंदा म त्यहीं बसें।

भोलिपल्ट साहुजीले भोजन ग्रहण गर्न निमन्त्रणा दिनु भयो। म



Downloaded from http://dhamma.digital/

गएर आसनमा बसें। साहुजीले भोजन ल्याएर अलग्ग राखेर -"गुरु बाजे! खानुहोस्" भन्नुभयो। मैले हुन्छ भनें। साहुजीले भोजन थप्न आउनु हुँदा भोजन जहाँको तहीं थियो। साहुजीले -"गुरु बाजेले त भोजन गर्नु भएन किन नि?" भनेर सोध्नु भयो।

मैले भनें -"के गर्नु साहुजी। बर्मामा मलाई उपसम्पदा पद दिई राखेकोले हातमै अर्पण नगरेसम्म खानु हुन्न त्यसैले नखाएको। साहुनीले -"ल! अब के गर्ने होला?" त्यो दिन त्यत्तिकै बित्यो। भोलिपल्ट साहुनीले आफना कन्या(छोरी) लाई फकाएर भोजन अर्पण गर्न लगाइन्।

पर्सिपल्ट भोजन गर्ने समयमा मलाई भोजन अर्पण गरिदिनु पर्ला भनेर साहुजीका कन्याहरू छलेर भागे। भोजन अर्पण गरि दिने कोही नपाउँदा त्यो दिन एक जना भोटेलाई बोलाएर भोजन अर्पण गर्न लगाइयो। भोलिपल्ट न भोटे नै छ, न कन्याहरू छन् तर समय भने छैन। भोजन अर्पण गराउन कोही नपाएर के गरुँ, कसो गरुँ भई घरि बाहिर घरि भित्र हेर्न थाल्नु भयो। म एक्लै नबोलिकन बसिरहँदा हाँस्न मनलाग्यो। जातभात, कुरीतिमा विश्वास गर्ने साहुनीले आफैंले भोजन अर्पण गर्नु भयो। साहुनीको मनमा गर्न नहुने काम गर्न पुगें सोच्दै साबुन पानीले धारामा हात धुन पुग्नुभयो। एक दिन साहुनीलाई यस कुराको जवाफ दिने मौका पाएँ।

चतुर्मासमा कथा बाचन गर्न लगाउँदा त्यही अवसरमा मैले सो प्रसङ्ग मिलाएँ। "कथा"

"शरीरले गरेको पुण्यले पाप नाशिन्छ - शरीर शुद्धि हुन्छ, बचनले सत्य भाषण, प्रिय वाक्यले र पाठको पुण्यले पाप नाशिन्छ। ध्यान गरेको पुण्यले मनको पाप नाशिन्छ" भन्ने धर्मशास्त्रमा लेखिएको छ। समाजले निर्माण गरेको जातपातको कुरामा विश्वास गरी दान दिएको पूण्यले शरीरिक पाप नाशिन्छ भन्ने डरले हत्पताउँदै साबुन पानीले हात धोएर दान गरेको पुण्यलाई पानीले पखाल्नु परेको छ। बचनले पाठ गरेको पुण्यले पनि कुल्ला गरी धुनुपर्छ। मनले ध्यान गरेको पुण्यलाई पनि साबुन दलेर धुनु पर्‍यो। यस जातिपातिको धर्मको निर्माण गरेका आचार्यले साँच्चिकै युक्तितै युक्तिको जाल बनाएर, जालभित्र सुख शान्तिको मार्गमा बाधा खडा गरीदिए। यो जातीय धर्म भनेको हिन्दु धर्ममा मात्रै छ, अरू कुनै धर्ममा छैन। हिन्दू धर्म भनेको हिन्दुस्तानमा मात्रै छन्, अरू स्थानमा छैन। यदि छ भने हिन्दुस्तानको अधीनमा परेकाहरूले जातीय



Downloaded from http://dhamma.digital/

धर्म मात्र कर गरेकोले मानेको हो। जातीय धर्म भनेको परस्पर मेल नहुने कुतन्त्र हुन्। एक जाति भेदले ब्राम्हणलाई उच्च स्थान दिएको छ। बर्तमानमा मनुष्य जातिहरूले केही बिचारै नगरीकन जाती धर्म नै मूल ठानेर जातलाई आफनो प्राण भन्दा ठूलै, भोक, भोकै मर्नु परे पनि जात जान्छ भनेर डराएर बसेका छन्। यो जातीय धर्म भनेको सामाजिक धर्म ठानी करैले मान्नु पर्ने भएकोले मानसिक शुद्धि हुन नसकेर अशान्ति भएर कर्म शुद्धिको बाधा भई राखेको छ। जातपातले गरेर सबैलाई देख्न सकेनन्। जातपातले गरेर मेल हुन सकेनन्। जातपातले गरेर कलह बृद्धि भइरहेका छन्। तसर्थ धर्मीहरूले आफूलाई शान्ति र मैत्री भावद्वारा चित्त शुद्ध गर्नु पर्नेले जातपात मान्नु नितान्त भूल हो।

यस कथाले श्रीमती भाजुरत्नलाई के गरुँ, कसो गरुँ ? भई, कथा सिद्धिना साथ सबै उठेर गए तर साहुनी झोक्रिएर बसी रहिन्। मैले सोधें "साहुनीलाई निद्रा लाग्यो कि ?"

साहुनी - झसङ्ग भए जस्तै भई, दुई हात जोडेर बन्दना गर्दै -"गुरु बाजे ! मलाई क्षमा गर्नुहोस्, हजुरलाई हामीहरूले अन्याय गरयौं क्षमा गर्नुहोस्।"

" अब के गर्ने साहुनी ! यो अन्याय तपाईंले गरेको होइन समाजले गरेको हो, तपाईलाइ केही दोष छैन।"

"अबदेखि म हजुरलाई हेला गर्दिनँ। हामीलाई अति आवश्यक शिक्षा दिनु होस् जस्बाट हामीलाई ज्ञान मिलोस्।"

त्यस दिनदेखि नै भाजुरत्न कंसकारका परिवारहरूले भिक्षुहरूलाई सादर वन्दना र भोजनको प्रवन्ध गर्न थाल्यो। दिनहुँ मकहाँ आएर पञ्चशील याचना गर्दै शील पालन गर्ने भए।

त्यो घरमा यस्तोसम्म भयो कि आमा बुबाले व्यापार गर्दा झुटो बोलेमा छोराछोरीहरूले यसो भन्नु हुन्न भनेर आमाबुवालाई लाजमर्दो बनाई दिन्थे। एकदिन सानो छोरा देब ज्योतिले झुटो कुरा गर्दा आमाचाहिंले "हेर हेर देवले पनि झूठो बोल्यो" भन्ने बित्तिक्कै लजाएर भाग्यो। भोलिपल्ट मकहाँ शील ग्रहण गर्न आउँदा देबज्योति लाजले अगाडि नआइकन थाममा लुकेर बस्यो। आमाको साथ सम्पूर्ण परिवारले शील प्रार्थना गर्दा उसले पनि लुकेर प्रार्थना गर्‍यो र "पार्णाति पाता वेरमणि ..... आदि पञ्चशील प्रार्थना गर्दै जाँदा मुसाबाद भन्नु पर्नेमा देवज्योतिले" म मात्र होइन वेरमणी सिक्खापद समादि यामी "भन्दा



Downloaded from http://dhamma.digital/

आमा र दिदीहरू खितिति् हाँसेर भने "चण्डाल ! कति मिल्ने गरी भनेको, गुरु बाजे ! हिजो देवले भुट कुरा बोल्यो, त्यही डरले अगाडि आउन डर मानेर थामले छेकेर शील प्रार्थना गर्‍यो । शुरु देखि त राम्ररी नै प्रार्थना गर्‍यो, मुसावाद भन्नु पर्ने ठाऊँमा "म मात्र होइन वेरमणी सिक्खापदं समादि यामी" भनी प्रार्थना गर्‍यो ।

मैले सोधें "हो र ? देव ज्योति !" देव ज्योति भाग्यो । मैले साहुनीलाई भनें देवज्योति ज्ञानी छ, अलिकति शील प्रार्थना बिग्रने बित्तिकै डरायो भने क्रमश ज्ञान छैन भन्न मिल्दैन, पछि पाप गर्न डराउँछन् । क्रमशः केटाकेटीहरूलाई मातापिताको गुण स्मरण गराउँदै दिनहुँ मातापिताको चरणमा प्रणाम गर्नु पर्ने शिक्षा दिंदै गएँ । केटाकेटीहरूले पनि शिक्षा सम्पादन गर्दै गए ।

एकदिन बुवा वाहिर जानु भयो । खाना खाने बेला भइसक्दा पनि साहु फर्कनु भएन, भोकले रन्थनिएर केटाकेटीहरूको अनुहार अँध्यारो हुँदा आमाले भन्नु भयो "लौ केटाकेटीहरू तिमीहरू भात खाऊ । बुबा कतिखेर फर्कनुहुन्छ, अत्तोपत्तो छैन ।"

देवज्योतिले भन्यो "बुवालाई ढोगेको छैन ।"

आमा -"तिमीहरूको बुबा दिनभर नआएमा, दिनभरि केही नखाइकन बस्न सक्छौ ?"

देबज्योति -"अनि गुरु बाजेले दिनु भएको शिक्षा बिग्रे पनि हुन्छ ?"

"पर्दैन ! बिगार्नु पर्दैन !! आज बुबा बाहिर जानु भएकोले मात्र भनेको, बिगार्नु भन्या होइन ।"

"आज एकदिन शहेर बसौंला ।" उत्निखेरै बुबाचाहिं आउनु भयो, "किन, के भयो भनेर !" सोध्नु भयो ।

साहुनी "केही भएको छैन । तपाई बाहिर निस्कनु भयो समयमै फर्कनु भएन, बुबालाई नढोगी खान्न भनी भोकाएर बसे, खाऊ भनी कति कर गरे पनि खाएनन् ।"

देवज्योतिले बुबालाई देख्नासाथ दुइटै पाउमा ढोगे । यो देखेर पिता पुत्र स्नेहले म्वाई खाँदै व्याकुल भई, रोऊँ कि हासौं भई छोरालाई काखमा राखी म्वाई खाँदै भन्यो "मेरो छोरा कति ज्ञानी भइसक्यो, बुबालाई नढोगी खाँदैन" भन्दै फेरी म्वाइ खाए ।

त्यस पछि मतिर अर्थात, शीलतिर अलिकति ढल्केको महसुस गरे । एक दिन शील विषयमा छलफल भयो ।



Downloaded from http://dhamma.digital/

"गुरु बाजेसँग मलाई एउटा कुरा सुन्न मन लागेको छ, त्यो सोध्नु हुन्छ ?" "हुन्छ सोध्नुहोस्, सोध्नेहरू भए म धेरै खुसी हुन्छु, के सोध्न खोज्नु भएको हो ? सोध्नुहोस्" गरी हिँड्दा तृष्णाको बसमा अल्भिरहयो भने स्वर्गमा पुग्ला र पञ्चशील ग्रहण ।

अरू केही होइन हजूरहरूले शील प्रदान गर्नुहुन्छ, त्यो पञ्चशील, अष्टन्शील ? फेरी शील ग्रहण गरी शील पालन गर्न सकिएन भने झन् पापलाग्छ रे, तसर्थ शील ग्रहण गर्नु भन्दा नगर्नु राम्रो, शील ग्रहण नगरेमा पापलाग्दैन भन्ने मैले सुनें ।

कुरा त्यस्तो होइन साहु । संसारमा शील ग्रहण नगरेकोले गर्नु हुने नहुने केही बिचारै नगरीकन आफुलाई मन नपर्ने दुःख भोग्नु परीरहेको छ । तपाई ले नै भन्नु भयो शील बिग्रो भने नर्कमा परिन्छ, शील ग्रहण नगरेमा अर्थात, मनपरि ग्रहण गर्दा एक शील बिग्रो भन्दैमा पाँचबटै बिग्रने होइनन्, एउटा विग्र्यो भने नबिग्रे को चार वटा सुद्ध भएर बसेकै छ । १ रूपैयाँ खोटो पर्‍यो भने ५ रूपैयाँ के त्यत्तिकै खेर जाला ? जाँदैन, त्यसरी नै हो । लगाम नभएको घोडा, इष्टेरिङ्ग नभएको मोटर जस्तै शील नभएका मनुष्य त्यो त्यस्तै हो भन्ने बभ्रुनुहोस् ।

साहु भाजुरत्न कंसाकारले शीलको महत्व बुझे "मलाई पनि शील प्रदान गरी दिनुहोस् ।"

शील प्रार्थना गर्न नजानेको हुनाले मैले भन्दै सिकाइ दिएँ । साहुजीले दश सुचरित्र शील ग्रहण गर्नु भयो । दश सुचरित्र शीलको अर्थ बताई दिएँ ।

शरीरले गर्ने पाप ३ किसिमका छन् । प्राणी हिंसा, परबस्तु नदिइकनै लिने, व्यभिचार ।

बचनले गर्ने पाप ४ किसिमका छन् झुट बाक्य, चुक्ली, कडाबचन र काम नलाग्ने वकवास ।

मनमनले गर्ने पाप ३ किसिमका छन् ।

(१) प्राणी हिंसा नगर्ने ( )

(२) पर वस्तु नदिइकनै लिने ( ) यति शरीरले गर्ने

(३) व्यभिचार नगर्ने ( )

(४) मिथ्या कुरा नगर्ने ( )

(५) चुक्ली नगर्ने ( ) यति बचनले गर्ने

(६) कडाबोली नबोल्ने ( )



Downloaded from http://dhamma.digital/

(७) बकवास नगर्ने ( )

(८) पर धनमा लोभ चित्त नगर्ने ( )

(९) द्वेष भाव मनमा नराख्ने ( ) यति मन मनले गर्ने

(१०) कर्म बिपाक अन्धविश्वास नगर्ने

## प्रज्ञा चैत्य महाविहारको स्थापना

श्री साहु भाजुरत्नले यही दश सुचरित्र शील पालन गर्नु भयो। पसलको बाहिर तराजु झुण्ड्याई गोल जोखे। गोल जोख्दा गोल व्यापारीले बेइमान गरेको देखेर गोल व्यापारीको कठालो समातेर पिट्नलाई मुठी कस्दा शीलको सम्झना भयो, हात झार्दै नपिटीकन गोल फकाई दिए।

साहु भाजुरत्न जमानैमा महसुर, नेपालको केलटोलमा मापाको मान्छे नामले प्रसिद्ध, व्यक्ति ! त्यसैले उहाँलाई तुरुन्तै रिस उठ्थ्यो। तर शीलको प्रभावले झनक्क रिंस उठे पनि आफूलाई सम्हाल्न सक्ने भयो। साहुले मन मनैले आफनो चरित्र सम्हाल्न सकेकोमा बडो आनन्द माने। त्यहाँ देखि साहु भाजुरत्नले कालिम्पोङमा पाल्नु भएका भिक्षुहरूलाई स्वागत गर्दै, आवश्यक प्रबन्ध गरी उपदेश सुन्न थाले। त्रिपाई पर्वतमा विहार निर्माण गरेर मलाई बास दिए। त्यस विहारको नाम "प्रज्ञा चैत्य महाविहार" राखियो।

प्रज्ञा चैत्य महाविहारको पूर्वतिर भालुखोप भन्ने ठाऊँमा एउटा विशाल शिलाको मुनि गुफा बनाएर "शान्तिमय गुफा" नामाकरण गरियो। त्यहाँ सिमेन्टको बुद्ध मूर्ति स्थापना गरेदेखि भक्तजनहरू शान्ति प्राप्त गर्न आउने थाले।

चटगाउँमा ध्यान भावनाको उपदेशले कर्मस्थानाचार्य भएको कुरा त्यही विहारमा बसिरहँदा चटगाउँमा सुरेन्द्रनाथ भन्ने बरुआ बंगालीले निमन्त्रणा दियो। म चटगाउँमा पुगेँ। चटगाउँको केली शहर भन्ने ठाउँमा देश बाहिर एउटा बिहार थियो। त्यही विहारमा मलाई बस्न स्थान दियो।

केली शहरको अरञ्ञ भन्ने जङ्गलमा धरै हात्तीहरू थिए। त्यही जङ्गलमा आनन्द मित्र नामको भिक्षु तपस्या गरी रहेका थिए। उनी महाविद्वान पण्डित पनि थिए। उही आनन्द मित्र भिक्षु कितावको भरमा त्यहाँ बसेर भावना गरी रहनु भएको थियो। भावनाले अनेक प्रकारको अनुभव भयो। आफूले निर्णय गर्न नसक्दा सुरेन्द्र बरुआ एम.ए.द्धारा



Downloaded from http://dhamma.digital/

मलाई निमन्त्रणा गर्नु भएको रहेछ । उहाँ आनन्द मित्र विहान ९:०० बजे जङ्गलबाट बाहिर निस्कनु भएर गाउँमा भिक्षाटन गर्न जानु हुन्थ्यो । भिक्षाटन पश्चात् म बसेको विहारमा पाल्नु भई भिक्षाटन गरेको भोजन दुई भाग गरी, एक भाग मलाई दिई अर्को भाग भोजन ग्रहण गर्नु हुन्थ्यो । भोजनपश्चात् ध्यान भावनाको विषयलाई लिएर छलफल गर्थ्यौं । एक दुई घडी छलफल गरेर ऊहाँ आनन्द मित्र जङ्गल भित्र प्रस्थान गर्नु हुन्थ्यो । भोलिपल्ट भिक्षाटनको लागि विहान ९:०० बजे जङ्गलबाट निस्कनु हुन्थ्यो । म त्यहाँ तीन महिना बस्दा एक दिन सुरेन्द्रनाथ बरुआले भन्नु भयो -"भन्ते ! मेरा गृहका परिवारहरूलाई पनि भावना एक कृपा राखिदिनु पर्‍यो ।" मैले भनें "हुन्छ ! कहिले आउनु हुन्छ, आउनुहोस् ।"

"आजै बेलुकी भोजन गरीसकेपछि आउँला भन्ते ?"

हुन्छ, आउनुहोस् ।"

बेलुका आमाबुबा, छोराछोरी सबै बेलुकीको खाना खाइसकेपछि विहारमा आउनु भयो । गाउँबाट अलग्गैको आनन्दमय ठाउँमा विहार निर्माण गरी राखेकोले अति नै विवेक युक्त थियो ।

सुरेन्द्रनाथ वरुआका परिवार आइपुग्नु भयो । छोरीचाहिँ अति सुन्दररूप भएकीले तिनीमा रूपको अभिमान् झल्किन्थ्यो । सुरेन्द्रनाथले मसित मुख फोर्न सकेनन्, उनको मनमा लागिरहेको थियो । "छोरीको अभिमान् तोड्न पाए हुन्थ्यो ।"

त्यस सुन्दरीलाई सुहाउँदो मैले उनीहरूलाई भावनाको कार्यक्रम प्रारम्भ गरें ।

(१) पहिलो शीलानुस्मृति भावना, अर्थात् चित्तमा अकुशल भएका सम्पूर्ण भाव हटाएर शुद्ध भावना प्रतिष्ठित गर्ने ।

(२) दोस्रो आसन दृढ गर्ने ।

(३) तेस्रो -आफनो अगाडि ठुलो ऐना छ भन्ने कल्पना गर्ने, जसमा आफनो अनुहार देखोस् ।

(४) चौँथौ -आफनो शिरमा भएका सम्पूर्ण केश मुण्डन गरेको कल्पना गर्ने । त्यस बेला आफनो रूप कस्तो हुन्छ ? भन्ने बिचार गर्ने ।

"भन्ते ! मलाई लाग्छ म अति राम्री छु, यो राम्री भन्ने अज्ञानले मात्रै हो । विचार गरी हेर्दा राम्रो भन्ने त्यत्तिकै राखेर हेर्दा घिन लाग्दो मात्र नहोस् यति मात्र होइन सम्पूर्ण बिचार गरी हेर्दा केशविहिन शीर, परेला विहिन आँखा, छाला विहिन बङ्गारा र कँकाल शरीर देख्दा अतिनै



Downloaded from http://dhamma.digital/

तर्से भन्ते ! अब मेरो रूपको अभिमान छैन, धन्य हजूरले मलाई ज्ञानको चश्मा लगाई दिएर आँखा खोली दिनुभयो, साधु ! साधु ! साधु !" भन्दै बन्दना गरिन् पिताले पनि साधु ३ भन्दै बन्दना गर्दै फर्के । त्यस पछि सुरेन्द्र नाथ बरुवाले अर्को चौधजना बरुआहलाई कर्मस्थान भाबनाको विषयमा कुरा गरी एक एकान्त स्थानमा मलाई निमन्त्रणा दिएर चौधजना उपासक उपासिकाहरूलाई कर्मस्थान भाबनाको दीक्षा प्रदान गर्न लगाए

अर्को चौधजना बरूआहरूलाइ कर्मस्थान भावनाको विषयमा कुरा गरी एक एकान्त स्थानमा मलाइ निमन्त्रणा दिएर चौधजना उपासक उपासिकाहरूलाई कर्मस्थान भाबनाको दीक्षा गर्न लगायो ।

## भाबना

परस्पर शरीरले नछोइकन बस्ने सक्छ भने बज्रासन नसकेमा पद्मासन गरेर शरीर राख्ने । शिर सीधा राखेर दुइटा हात ध्यान मुद्रा गरेर आफनो अगाडि निर्मल जलले परि पुर्ण भइ रहेको पुष्करणी एक कल्पना गरी आरम्भण लिने त्यो पुष्करणीमा कमल पुष्प फुली रहेको कल्पना गर्ने । त्यसमा एउटा फुल टिपेर भगवानलाई संझेर चढाउने । फेरि त्यही फुल आफैले ढोगेर सुँघ्ने सुँघ्दा साधारण स्वास भन्दा अली लामो स्वास तान्ने । स्वास बाहिर फाल्दा पनि बिस्तारै फाल्ने एकै पल्ट फाल्नु हुन्न । सय पल्ट स्वास तानेर बाहिर फयाँक्नु पर्छ ।

कर्मस्थान भाबना गर्ने कोही उपासकहरूलाई सुँघेको फुलको बास्नाले साँच्चीकै सुगन्ध प्राप्त भयो । त्यसैले सुरेन्द्र नाथ बरुआ एस.ए.पाली माष्टरले दुई पल्ट कर्मस्थान भाबनाको परिक्षा देखेपछि याहा भिक्षुले नया नया तरिकाले कर्मस्थान भाबना संकलन गरी भाबना गरेकाहरूलाई प्रत्यक्ष देखाइ दियो भनेर एउटा कमिटी गठन गरी कमिटीद्वारा मलाई कर्मस्थानाचार्यको प्रमाण पत्र प्रदान गरी(बुराथकियां मेलास घोषणा गरी प्रदर्शन सहित उत्सब गर्‍यो ।

मंसिरमा चटगाऊँ पुगेको तीन महिना पुगेर चार महिनामा लाग्दा । फाल्गुण देखि बिदा लिने कुरा निकालें । उपासक उपासिकाहरूले । हिमाल नजिकैको पर्बतमा जन्मेको हुदा गर्मी ठाउमा बस्न सारै गारो छ । तसर्थ म जान लागें । उपासकहरूले आगामी उपोसथ दिनमा सम्पूर्ण उपासक उपासिकाहरू जम्मा हुन्छन सोही दिनमा मात्रै हजुरलाई बिदा दिन्छौं भने ।



Downloaded from http://dhamma.digital/

उपोसथ दिन पारेर बिहारमा नगरीकन बजारको बीचमा धर्मासन बनाई सभा भयो । मैले पनि केही भगबान्का सदुपदेस सुनायें । अन्तमा एक उपासकले उठेर भन्यो । भन्ते हजुर हिमालय देखि पाल्नु भएर हामीलाई भगबान् बुद्धले दिनु भएको अमृत ज्ञानको रसपान गराउनु भयो। यो गुण जीबनभर कहिल्यै पनि बिर्सन्नौं। आज हजुरूले हामीहरूलाई छोडेर जान लाग्नु भयो । हामीहरूले भनें हजुरको केही सेवा गर्न सकेनौ । यदि हामीले गर्न सक्ने कुनै सेवा छ भने आज्ञा होस् ।

(५) पाचौँ -गालामा भएका छाला निकालेको कल्पना गर्ने । त्यस बेला आफ्नो रूप बर्ण कस्तो हुन्छ ? भन्ने विचार गर्ने ।

(६) छैठौं -आफ्नो आँखाको परेला नभएको कल्पना गर्ने, त्यसबेला आफनो अनुहार कस्तो छ भन्ने विचार गरी हेर्ने ।

(७) सातौं-आफनो शरीरमा छाला नभए कस्तो हुन्छ ? के के देखिन्छ ? विचार चक्षुले सम्पूर्ण हेर्ने ।

मैले भने अनुसार तिनीहरूले कल्पना गर्दै थिए, सातौं भावना कल्पना गर्दा छोरी चाहिंको जीउ सिरिङ्ग भयो, श्रीमतीको अनुहार अँध्यारो भयो बाबुचाहि मुसुमुसु हाँसीरहे ।

"अव पुग्यो" भन्दै आँखा खोल्न लगाएँ ।

"किन नानी ! डर मानेकी ?"

"को देखि डराएकी ? आफैदेखि डराएकी ?"

"हजूर भन्ते ! म डराएँ ।"

"को देखि डराएकी ? आफैदेखि डराएकी ?"

"भन्ते ! मलाई लाग्छ म अति राम्री छु, यो राम्री भन्ने अज्ञानले मात्रै हो । विचार गरी हेर्दा राम्रो भन्ने त्यत्तिकै राखेर हेर्दा घिन लाग्दो मात्र नहोस एती मात्र होइन सम्पुर्ण बिचार गरी हेर्दा केशविहीन शिर, परेला विहीन आँखा, छाला विहीन बङ्गारा र कँकाल शरीर देख्दा अतिनै तर्सें भन्ते ! अब मेरो रूपको अभिमान छैन, धन्य हजूरले मलाई ज्ञानको चश्मा लगाई दिएर आँखा खोली दिनुभयो, साधु ! साधु ! साधु !" भन्दै बन्दना गरिन् पिताले पनि साधु ३ भन्दै बन्दना गर्दै फर्के । त्यस पछि सुरेन्द्र नाथ बरूवाले "उपासकहरू यदि तपाईंहरूले आम सेवाको बारेमा भन्न खोज्नु भएका सत्य हो भने मैले खोजीरहेको पदार्थ अरू होइन मैले संसारमा अज्ञान देखीरहेको छु। दु:खलाई मोचनार्थ एक महायज्ञ( होम) गर्न चाहिरहेको पदार्थ तपाईंहरूसँग माग्न लागीरहेको छु । त्यो हो



Downloaded from http://dhamma.digital/

सबैलाई मननपर्ने, राजदरवारको माकुराको जालो जस्तै शीतल स्थानमा दाहकार अग्नि जस्तै नभए पनि हुन्थ्यो भन्ने इच्छा भइरहेको त्यही शत्रु मैले मागीरहें, दिन सक्नु हुन्छ ?"

"भन्ते ! मन नपर्ने पदार्थ नभएमा हुन्थ्यो भने त्यो पदार्थ कसले मात्र दिंदैन, जसले पनि दिन्छन्, आज्ञा होस् ।"

"भो उपासकहरू ! यदि कसैको शरीरमा काँडाले बिझ्यो भित्रसम्म पस्न लाग्यो भने यो मन पर्छ कि पर्दैन ?"

"मन पर्दैन भन्ते ।"

"त्या काँडा शत्रु कि मित्र ?"

"शत्रु हो भन्ते"

"त्यो काँडा निकाल्न मन पर्छ कि पर्दैन ?"

"मन पर्छ भन्ते ।"

"मन पर्छ भने म निकाली दिन्छु" भनी निकाल्न सियो घोच्दा दुखेको सहन नसकेर पुग्यो ! पुग्यो ! दुख्यो" भनेर काँडा निकाल्न खोज्नेको हात झटारे जस्तै तपाईंहरूलाई दुःख दिइरहेको काँडा निकाल्ने जस्तै दुःखको कारण मैले मागीरहें, तपाईंहरूले दिन गाह्रो नमान्नु होला, के भने जन्मजन्मान्तर दुःख विपाक भोग गर्न नपरोस् भन्न खोज्दा दुःखको कारण भइराख्या छ। माछा मार्न मनलाग्ने एकतृष्णा मागीरहेकोछु, जुनतृष्णालाई लिएर मैले परमार्थ होममा होम गर्छु ।"

उपस्थित उपासकहरू मध्ये कसैले दिनहुं, कसैले महिनाभर, कसैले बर्षदिन कसैले बाह्रबर्षसम्म, एकजनाले जीवनभर निरामिश्र( शाहाकारी) नियम पालन गर्ने प्रतिज्ञा गरे ।

## श्रामणेर प्रज्ञासारसँग

त्यहाँ बसीरहँदा कुशीनगरबाट चन्द्रमणि गुरुले चिठी पठाउनु भयो "महाप्रज्ञा ! अर्कनको तिम्रो शिष्य प्रज्ञासार तिम्रो नाम लिंदै यहाँ आयो बाटो खर्च नभएर यहाँ बसीरहेको छ ।"

चन्द्रमणि गुरुको ठेगनामा प्रज्ञासारलाई खर्च पठाउँदा ऊ कालिम्पोङमा आइपुग्यो ।

प्रज्ञासार श्रामणेर ज्योतिष विद्यामा विशारद थियो । अनुहार मात्रै देखेर पनि नक्षत्र भेट्टाएर ग्रह गति सबै केही फरक नपारी भन्न सक्थ्यो । उही श्रामणेरलाई मार आयो ।



Downloaded from http://dhamma.digital/

क कसले के भने खोइ, मदेखि रिसाएर बस्ने कोठामा सँगै वसिरहँदा पनि अलग्गै खान थाल्यो, भित्र बाहिर गर्दा ढोका ढाङ्गढुङ्ग गरी खोल्ने र बन्द गर्न थाल्दा एकदिन मैले बोलाएर सोधैँ "किन ? आयुष्मान् । मेरो कुनै दोष भएमा मलाई सूचना दिनु उत्तम हुन्छ, मन मनै रिस गर्नाले अशान्ति भई हानिकारक हुन्छ ।"

प्रज्ञासार"किन रिसाउनु पर्‍यो, म रिसाएको छुइनँ ।"

"किन पहिलेको चरित्र कति नरम, अहिलेको चरित्र कडा देखिन्छ ।"

"मेरो स्वभाव नै यस्तो ।"

"आयुष्मान् ! दोष सबैको हुनसक्छ, मनमा रिस राखेर मुखले पटाका जस्तो कुरा गर्नाले न तपाईंलाई शान्ति छ न मलाई, यदि चित्त नबुझेमा छलफल गरी शंका भएको कुराको निर्णय गरी शान्तिसँग बस्न सक्नु पर्छ ।"

जुरुक्क उठेर आफ्नो कोठाको ढोका दँग्रङ्ग खोलेर पस्यो । मेरो मनमा ढयाङ्गो ठोक्यो । "यस श्रामणेरलाई कसैले चुक्ली लायो होला ।" एक व्यक्ति थिए, त्यो कस्तो भने कोधले कडा, जालीमा कृष्ण समानको र शक्तिमा भीमसेन समानको थिए । उसले मलाई एकपल्ट भनेथ्यो । "गुरुबाजे ! मेरो छोराले बिहे गर्ने इच्छा गरेन, गृहस्थीमा बस्नु पर्नेले बिहे नगरी हुन्न, हजूरले एक पल्ट सम्झाइ दिनु भयो भने कुरा सुन्ला कि, एक पल्ट दया राख्नु भए हुन्थ्यो ।"

"उपासक ! म एक ब्रम्हचारी भएर अब्रम्हचर्याको शिक्षा दिनु हुन्छ, ? मैले त जंजालमा फसेर दुःख भोगीरहेकालाई ब्रम्हचर्यको उपदेश दिइरहनेले अब म के तिम्रो छोरालाई अब्रम्हचर्याको उपदेश दिएर बिषयको खाडलमा जाक्ने ज्ञान दिनु हुन्छ ? यो कुरा मलाई नभन्नुहोस् अरूहरूबाट भन्न लगाउनु होस् । त्यसबेला देखिं नै उहाँको चित्त दुःखी रहेको थियो ।

उहाँको मनमा "यस्ताले नै मेरो छोराको विचार परिवर्तन गरी दियो होला भन्ने मनमा शंका उठ्दा उहाँ विरामी नै हुनु भयो ।

उहाँ साहुजीलाई सन्चो नभएको सुनेर भेट्न गएँ । "साहुजीलाई सन्चो छैन भन्ने सुनेको छु हो र ?"

"हो, भित्र पाल्नुहोस् ।"

म भित्र पसें, साहुजी भित्तातिर हेरेर पल्टीरहेको थियो । साहुनी साहुजी सँगै वसेर साहुको खुट्टा मिची रहेको थिइन् । मलाई देख्ने



Downloaded from http://dhamma.digital/

वित्तिक्कै साहुनीले "गुरु बाजे पाल्नु भयो ।" भन्नासाथ साहुजी जुरुक्क उठेर "गुरुबाजे ! सिद्धि भनेको के हो ?" भनेर प्रश्न गर्नु भयो ।

साहुजीलाई मैले ब्रम्हचर्याको बिषयलाई लिएर छोरालाई आदेश दिने कुरामा उहाँको चित्तमा अशान्ति भई सन्चो नभएको रहेछ, त्यो मलाई थाहा भएन । मैले भनें साहुजी ! सिद्धि दुई किसिमको हुन्छ, त्यो दुईवटा मध्येमा कुनचाहिं सोध्नु भएको हो ।"

"दुई वटै बताइ दिनुहोस न !"

"लौकिक सिद्धि र लोकोत्तर सिद्धि" भन्ने दुइटा हुन्छन् । लौकिक भनेको लोकमा मिठासले भरिएको (राम्ररी) कुरा गर्नु, गीत गाउनु, गाथा कविता बाचन गर्नु इत्यादि । त्यसै गरी लोकलाई प्रभाव पार्ने यो पनि लौकिक सिद्धि हो । तन्त्रमन्त्रद्वारा प्राप्त हुने सिद्धि, रूप बदली देखाउन सक्ने, बशीकरणद्वारा लोकजनलाई संग्रह गर्ने सक्ने वायु वा मसानद्वारा सिद्धि प्राप्त हुने यसरी नै लोकमै मात्र मान मर्यादा प्राप्त हुन् लौकिक सिद्धि हुन् ।

लोकोत्तसिद्धि भनेको कार्य सिद्धि हुने सफलता प्राप्त हुने सिद्धि हुन् । "स्वकाय दृष्टि, विचिकित्सा, शीलव्रत परामर्श, यी तीनवटा वाधा हटे पछि श्रोताप्रति प्राप्त हुन्छ भनी राखेकोले सो तीनबटा बाधा हटाउने कोशिश गरी एक एकवटा हटाउँदै लान्छौ । तीनवटै हटाई सक्यो । कार्य सिद्व भई सक्दा पनि सिद्धि हुन्न । त्यसलाई हटाएको हट्यो पछि फेरि उत्पन्न भए तापनि सिद्धि छैन । यदि अहिले हटेको भए वाधातेल सिद्धिएर वत्ती निभ्नु फेरि नबल्ने जस्तै फेरि उत्पन्न हुने हेतु नै नभइकन हटेर गयो भने त्यो सिद्धि प्राप्त भयो भनिन्छ ।" मैले यति भन्ने वित्तिकै साहुजीले आँखा सानो पारेर पल्टनु भयो । त्यसवेला देखि उहाँले मेरो दोष मात्रै खोज्दै हिँड्नु भयो । कुनै कितावमा महाप्रज्ञा नाम देख्ने वित्तिकै रिसाएर दोषारोपण गर्दै कुरा गर्ने रहेछन् । एकपल्ट मैले भनें ।

साहुलाई महाप्रज्ञा भन्ने शब्द पनि मन नपरे पछि तपाईंले दिनदिनै पाठ गर्ने नाम संगितीमा पनि 'महाप्रज्ञा' भन्ने शव्द ठाउँ ठाउँमा छन् त्यो पनि पाठ गर्नु भएन । मैले भन्ने बित्तिकै साहुजी अति रिसाउनु भयो । त्यो दिन देखि द्वेषभाव गर्नुभयो । उहाँले नै यस श्रामणेरको मन बिगारी दिनु भयो होला । श्रामणेरलाई आवश्यकता अनुसार सहायता गरेर आफ्नो पक्षमा पारी, मलाई निल्नु न ओकल्नु भन्ने जस्तै दुःख दिन थाल्यो ।



Downloaded from http://dhamma.digital/

## माङपोको शिष्यलाई स्मृति साधनको उपदेश

अति नै भएपछि मैले एक दिन सबैलाई बोलाएर मिटिङ्ग बोलाएँ। सबै सामेल भए। म देखि रिसाएका साहुजी पनि थिए तर श्रामणेर एकजना थिएन मैले भनें सज्जनबृन्द ! आज तपाईंहरूलाई बोलाउनुको कारण अरूकेही होइन यहाँ सँगैको श्रामणेरको मति के भयो कुन्नि, मसँगै भोजन पनि गर्दैन, बोलेको पनि होइन, अनुहार हेरेको पनि होइन, ढोका लाउँदा खोल्दा ढाङ्गढुङ्ग गर्ने, सोद्दा रिस उठेको छैन भन्ने, यो के कारणले हुन गयो म केही भन्न सक्दिन यो के, कुन हेतुले भयो ? यदि म यहाँ बसेको उपासकहरूलाई मन पर्दैन भने सीधा भन्नुहोस् म आजै निस्कन्छु।"

साहुजी -"श्रामणेर कहाँ गयो ? खोजेर ल्याउँछु।" भन्दै बाहिर निस्कनु भयो। साहुजीले के के कुरा सिकाएर पठाए कुन्नि, श्रामणेर बाहिर देखिनै काम्दै उफ्रँदै भित्र पस्यो। आउने बित्तिक्कै "किन ? यहाँ त मेरो विषयमा मिटिङ्ग भयो रे। मैले के गरेको छु ? मेरो दोष देखेमा बोलाएर भन्ने, यसरी सभा गरेर मेरो बदनाम गर्नु हुन्छ ?"

मैले थाहा पाएँ, "यो उनीहरूले जाल बुनेको कुरा हो !" भन्ने। साहुजीले -"गुरु बाजे ! हामीहरूको कुनै दोष भएमा क्षमा गर्नुहोस, हामी त अज्ञानी मूर्ख हौ, हामीहरूले गल्ती गर्न सक्छौं, हजूर त ज्ञानी धर्मात्मा हुनु हुन्छ, हजूरहरू यसरी रिसाउनु हुन्छ ?" भन्नु भयो।

"यिनीहरूले त मलाई बाहिर एउटा भित्र अर्को कुरा गरेर" बस्न नदिन दुःख दिइरहे। यिनीहरू सँग जवाल सवाल गरी कराइरहनु ठीक होइन, उल्टो विशिद्धि भएर जान्छ" ! भन्ने विचार गरी एउटा गाथा पढें

"अट्ठि नं नगरं कंत मंस लोहित लेपन।
यत्थ जराच मच्चु च मानो मखोच ओहितो ॥

हड्डीको शरीर बनाई मासु टाँसेर, रगत जमाएर, नशा बाँधेर छालाले ओढाएर खडा गरेको शरीर भित्र बृद्ध हुँदा रोग रूपी राक्षस एकजना, मृत्यु हुनुपर्ने काल एक जना, मै हुँ भन्ने अभिमान र आफनो लुकाई राख्ने कपटी एकः यी चारजना राक्षस अदृश्य भई लुकीराखेका छन्। यी चार राक्षसलाई हटाएमा मात्र धर्म हुन्छ। सिवाय ती राक्षसहरूलाई स्वागत गर्नेहरू कहाँ बस्नु हुन्न" यति मात्र धर्म हुन्छ। सिवाय ती राक्षसहरूलाई स्वागत गर्नेहरू कहाँ बस्नु हुन्न" यति भन्दा सवै चूप लागेर बसे, दुई



Downloaded from http://dhamma.digital/

जना व्राम्हण गहभरी आँशु राखेर बसीरहे । म र अमृतानन्द दुई जना ललितविस्तर र आआफ्नो पिण्डपात्र एक एक उठाएँ । "तिमीहरूलाई मन नपरेमा म बस्दिन" भन्दै दुईजना बाहिर निस्केर सुत्न जंङ्गल भित्र पसे । सभासदहरूले बाटोभरी खोज्नु भयो भेट्टाउन सकेनन् । बेलुकी फेरि विहार नजिकै बस्ने सुवेदारको घरमा बास बसें । भोलिपल्ट मोटरमा राखेर माङपो गाउँमा हर्षमान् सर्दारको घरमा पुर्‍याई दियो । त्यहाँ सर्दार साहेब उपदेश शिष्य बने । मैले सोधे -"उपासक ! म यहाँ कति दिन वस्ने ?" सर्दार -"गुरुको इच्छा भए सम्म ।"

"त्यसरी होइन, तपाईंको घरमा मेरो मनोमानी हुँदैन, तपाईंले कुनै दिन तोक्नु होस्, त्यो दिन कटेर नपुगेमा पेरि प्रार्थना गर्न सकिन्छ ।"

सर्दार - "त्यसो भए पन्ध्र दिन बस्नुहोस् ।

पन्ध्र दिनसम्म सर्दारले ' भावना ' दीक्षा लिई स्मृति साधनाको अभ्यास गर्नु भयो ।

भावना गर्नेले पहिले खान, बान, मान, थान चार प्रकारको अभ्यास गर्नुपर्छ ।

खान - खानेकुरामा सन्तोष र यस्तै चाहिन्छ भन्न छोडने, आहारको मात्रा ज्ञान, मत्स्य, मांस नखाने । मद, धूम्रपान, पान, सुपारीको खानेबानी छोड्ने ।

वान - बस्त्र भएकोमा सन्तोष र यस्तै नै चाहिन्छ भन्न छोड्ने ।

मान - मानको इच्छा नगर्ने, अपमानले दुःख नठान्ने, सकेसम्म तलै बस्ने, पर (अरू)लाई आदर मान राख्ने ।

थान - स्थान जहाँसुकैको होस् रात काट्न सक्नुपर्छ, राम्रो नराम्रो, सुख दुःख होस् यस्तो नै स्थान चाहियो भन्न छोडने ।

पञ्चशील त नभइ नहुने नै भयो ।

चुक्ली नगर्ने, कडा बचन नबोल्ने, निरर्थक काम नलाग्ने कुरा नगर्ने, बीचमा कुरा नकाट्ने, आवश्यक कुरा मात्र गर्ने, सोधेको मात्र जवाफ दिने, थप नगर्ने ।

धेरै हाँस्ने बानी छोड्ने मुख हेरेर कुरा नगर्ने, ध्यान दृष्टिको अभ्यास गर्ने । मनको बशमा नजाने मनलाई अफनो बशमा राख्ने, सकुन्जेल मनलाई रोकेर राख्ने ।

तृकाय परिशुद्ध गर्नको लागि गर्न सकेसम्म गरी चित्त शुद्धि गर्ने । त्यसपछि मात्र भावना छिट्टै सफल हुन्छ ।



Downloaded from http://dhamma.digital/

सर्दारले उक्तानुसार शील परिशुद्ध भएर आनापानाको भावना साधना गर्दै लग्यो ।

दशैं आउनै लाग्यो । सर्दारका छोराहरूले खसी किनेर ल्याए । सर्दारलाई अप्ठ्यारो भयो । म बसीरहेको पनि चौध दिन पुग्यो ।

सर्दारलाई भनें -"सर्दार साहेव ! म यहाँ बसीरहेको भोलि प्रन्ध दिन पुग्छ, म भोलि नै जान लागें, तपाईंले आफनो कर्तव्य पालन गर्नुस्, जसबाट मनुष्यको जीवन सार हुन्छ ।

सर्दार -"भन्ते ! हजूरको विचार ज्ञानलाई बारम्बार नमस्कार ! यदि मैले भन्ने जस्तै हजूर यहीं लामो समयसम्म बस्नु भएको भए म अति फसादमा पर्थें, छोराहरू दशै चाड मान्छन्, यहाँ हजूर विराजमान भइरहनु भएको कुरा छोराहरूले विचार गर्दैनन्, पल्टनमा अफिसर भइराखेकाहरू, काटमार केही होइन, यहाँ गुरू बसीरहनु भएको चौध दिन भयो, एक पटक पनि प्रणाम गर्न आएको होइन, यस्तासँग बसीरहनु पर्‍यो, यस्तो लोकको तरिका मिल्ने गरी विचार गर, भक्तजनहरूको प्रार्थना स्वीकार गरेर पाल्नु भएकोमा धन्य हजूर को विचारलाई बारम्बार नमस्कार ।

## दार्जिलिङतिर

सर्दारले नोकरहरूलाई बोलाएर बासेमा ओछ्यान राख्न पठायो । मांगपुकमानबाट दार्जिलिङ्गतिर जान जङ्गलै जङ्गल भएर जानु पर्छ । बाटोमा धेरै जुगा लाग्छन् । बीचमा एक ठाऊँमा बास बस्नु पर्छ । जङ्गलको बीचमा पनि सर्दारले घर बनाई राखेको छ । जङ्गलमा भएको घरसम्म सर्दार आफैले पुर्‍याउन आउनुभयो । सर्दारले घोडाल्याई दिएको थियो, हामीहरूले घोडा नचढेको हुनाले सर्दार पनि घोडा नचढीकन हामी सँगै पदैल हिडनु भयो । सर्दारले जङ्गलको समस्या सबै थाहा पाएको हुनाले एक टुक्रा कपडामा अलिकति नुन पोको पारेर एउटा लठ्ठीमा बाँधेर आउनु भएथ्यो । जङ्गलमा अति जुगा लाग्यो । काखी र तिघ्रामा जुगा भुण्डिदा सर्दारले नुनको पोको पानीमा चोपलेर जुगा भुण्डिएको ठाउँमा छुवाउँदा जुगाहरू भर्थे । फेरि अरू जुगाहरू भुण्डी हाल्थे । बासें पुग्यौ, एक रात त्यहाँ बसेर भोलिपल्ट जङ्गल पार गरेर दार्जिलिङ्ग जाने बाटो ३ मेल भन्ने बजारमा पुग्यौं । त्यहाँ चिया पसल भित्र बसे । बसीरहेको ठाउँमा मेरो र अमृतानन्दको खुट्टामा रगत बगीरहेको देखेर चियापसलेले "गुरुजी हजूरहरूलाई जुगाले टोक्यो जस्तो छ हेर्नुस् !



Downloaded from http://dhamma.digital/

खुट्टावाट रगत बगीरहेको छ। "भन्यो।

हामी दुबैजना उठेर घर पछाडि गई हेर्दा तिघ्रामा झुण्ड का झुण्ड जुगाहरू झुण्डिरहेको देखेर सुर्तीको रस राखी दिँदा सबै जुगाहरू झरे, रगतको टाटा देखिएको ठाउँमा पुछें। एक एक कप चिया पिएर दार्जिलिङ्गतिर हेर्दै अघि बढें। दार्जिलिङ्गमा पुग्यौं, बजार घुमेर हेर्‍यौं।

## ललित विस्तर प्रकाशन गर्ने योजना

तत्पश्चात् हामी दुवै जना खार्साङ जाने रेलमै बस्यौं। खार्साङ पुगेपछि लामालाई भनेर गुम्बामा बसें। बस्दा बस्दै लामासँग एउटा अलग्गै कोठा मागें। लामाले दिनुभयो, हामी दबैजना कोठामा बस्यौं। त्यहाँ बसेर मैले भगवान बुद्धको जीवनी "पाली भाषानुसार ललित विस्तर अनुवाद गरें। अमृतानन्द भिक्षाटन गरी भोजन बनाउने र आवश्यक काम गर्थ्यो।


ललित विस्तरको अनुवाद गर्दा ११०० पृष्ठ पुग्यो। त्यो गुम्बा छोडेर घुम पहाडमा कुलमुनि साहुजीकोमा पुग्यौं। हामी दुईजनालाई त्यहीं गास र बास पनि मिल्यो। त्यहाँ वस्दा बस्दै बुद्ध धर्मको प्रचार गर्न थालें। दार्जिलिङ्ग बजारमा पनि प्रचार गरें। हरिदास हन्ताले नारायण प्रसाद भन्ने टोपी कारखानाको मालिक, हिरावीर सिंह मसलावाला, वर्तमान् गुद्री बजारको लक्ष्मी भण्डारको पिताजी उहाँहरूले धर्म प्रचार गर्नमा मलाई धेरै सहायता गर्नु भयो।

ललित विस्तर छाप्ने विचारले प्रेसमा गएर सोद्धा रु.६०००।- लाग्छ भन्यो। मसँग त्यतिको रकम छैन। कोसँग चन्दा माग्ने ? आफूसँग आँट पनि छैन, त्यतिकै बोकेर हिंडें।

"यो पुस्तक नछापी छोड्दिनँ, पुस्तक छाप्ने कुनै उपाय भेटिएन, पैसा जम्मा गर्न सकिएन, कसै सँग माग्न पनि नसकी मेरो समस्या बुझिदिने कोही छैन, अन्तमा प्रेस आफैले बनाई पुस्तक छाप्ने विचार गरें।" त्यस दिनदेखि प्रेस निर्माण गर्ने तरिका विचार गर्दै गएँ। "खाना खाइसकेपछि सुत्ने बहाना बनाएर ओछ्यानमा पल्टेर आँखा बन्द गरेर मन मनैले प्रेस निर्माण ( खोल्नें तरिका विचार गरें। कम्पोज यसरी गर्छु फर्मा यस तरिकाले ढाल्छु, कागत यसरी राख्छु, मसी पोत्ने यसरी बनाउँछु यतातिर पेल्ने राख्ने, इम्प्रेशन गर्ने यस प्रकारले बनाउँछु।" आदि इत्यादि तीन् दिन ध्यान बस्दा एउटा जुक्ति फुर्‍यो। जुन चित्र यस प्रकारको छ।



Downloaded from http://dhamma.digital/




यस प्रकारले प्रेस निर्माण गरी ललित विस्तर छाप्न लागें। कलकत्तावाट टाइप झिकाएँ। सबभन्दा पहिले बोल आइपुग्यो। एक मन टाइपको लागि रु. ६०।- का दरले बोल अनुसार रकम तिरेर बोल किनें। महिनौं बित्यो टाइप आइ पुगेन। माल आइपुग्यो कि भनी दिन दिनै स्टेशनमा हेर्न जान्थें।

त्यति बेला भोजपुरको साहु (सबैले सार्खिचर भन्ने गर्थे) दार्जिलिङ्गमा बिक्री गर्न आएको सँग भेट भयो। उहाँले हामीलाई भोजपुर जान आग्रह गर्नुभयो। "मैले समय मै टाइप नआएकोले अड्की रहें, टाइप आउने बित्तिकै म रेलबाट आउँछु, अहीलेलाई अमृतानन्दलाई लिएर जानुहोस्" भने। अमृतानन्द जी तबहादुर सँगै इलामतिर पहाडको बाटो घुम्दै पुगे।

एक महिना बित्दा पनि बोल अनुसार माल आइपुगेन। मनमा कुरा खेल्न थाल्यो। रकम तिरिसकेको बिल फिर्ता पठाएर "म यो बील फिर्ता पठाउँदैछु, मैले मागेको मालसामान पाउँन सकिन बीलले किताव छाप्न सकिंदैन, दया तपाईंहरू कै हरे, मालसमान पठाउने नपठाउने तपाईंहरूको धर्म हो।"



Downloaded from http://dhamma.digital/

मेरो खबर प्राप्त हुनसाथ कम्पनीले पोष्ट अफिसमा दर्खास्त राख्यो। पोष्ट अफिसले खोजी गर्दा "घूम स्टेशनमा नपुर्याईकन धुम स्टेशन आछाममा पुर्याई दिएको रहेछ। GHUM लेख्नु पर्नेमा DHUM लेखेको रहेछ। यो कुरा पत्ता लागे पछि कम्पनीले मलाई खबर पठायो।

"भिक्षुजी ! माफ गर्नु होला। हामीले समयमै माल पठाएका थियौं, ठेगाना लेख्नेले एउटा अक्षर गल्ती गरेकाले घूमको ठाऊमा धूम लेखेकोले माल अछाम स्टेशनमा पुग्यो। त्यो हामीले लिएर हजूरलाई अर्को पार्सल गरी पठाउँछु, माल हातमा परेपछि प्राप्त भयो भने दया राखी खबर पठाउनुहोस्।"

## भोजपुरतिर

बल्ल बल्ल पार्सल आइपुग्यो। त्यो पार्सल कुलमनि साहुको घरमै छोडेर रेलवाट भोजपुर जान्छु भनी गएँ। सिलिगुडीको रेल चढेर कटिहारमा बदलें। त्यहाँवाट जोगबनिको रेलमा बसें। रेलबाट ओर्लेर विराटनगर पुगे। विराटनगरबाट मोटरमा बसेर धरान पुगें। धरानमा पुरोहित (द्योब्रम्हु) को घरमा बसे। उहाँको श्रीमतीले श्रद्धा पूर्वक सेवा गर्नु भयो। भोजपुरवासीहरू घर फर्किन लागेकाहरूले खोजेर मलाई उनीहरूसँगै जानको लागि व्यवस्था मिलाई दिनु भयो। उहाँ गुरुमाले मलाई भन्नु भयो भोजपुरेहरू जातीयतामा अति कट्टर छन्। त्यसैले त्यहाँ तपाईंले कसैको हातको खाना नखाइकन आफैले पकाएर खानुहोस्, नत्र धर्म प्रचार गर्न सकिंदैन।"बाटोमा खानको लागि मोहन भोग बनाई दिन्छु भन्दै मोहन भोग बनाएर ल्याइ दिनुभयो। त्यही मोहन भोग बोकेर भोजपुर जानलागेकाहरू सँगै हिंडें। धरानबाट बाहिरिने बित्तिकै उकालो चढ्नु पर्‍यो। उकालोमाथि रातभर बास बसेर भोलिपल्ट दिनभर ओह्रालो लागें। तमर कट्टि सकेपछि बास बस्यौं। त्यहाँ दुईटा बाटो थियो। एउटा धनकुटा जाने अर्को ! भोलिपल्ट भोजपुर जानेतिर उकालो चढ्दै माथि गयौं। उकालो चढ्दैं अलिकति ओरालो लागेर ब्राम्हण गाउँमा वास बस्यौं। भोलिपल्ट ओरालो सकिने बित्तिकै सात कोशीको वगरै वगर हुँदै डुंगामा चढेर पारि पुग्यौं। फेर पिखुआ नदी तर्‍यौं। ढुंगाको वगरमा नागबेली झरीरहेको नदी दुवैतिर पर्वत बीचमा नदी बगीरहेकोले चिसो सहन गाह्रो थियो। बेगले बगेको नदीको धार थाम्न गाह्रो थियो। नागवेली लिंदै नदी बगेको हुनाले २, २ पल्ट तर्नुपर्‍यो।



Downloaded from http://dhamma.digital/

त्यही वगरमा रातभर वास बस्नु पर्‍यो । चोरको भय थिएन तर पानी र हावाको भय थियो । मुश्किलले रात काटयौं । भोलिपल्ट बाँकी भएको पिखुआ तर्दै तर्दै गयौं । नदी तर्न पुग्यो । फेरि नाक नै ठोकिन्छ कि भन्ने जस्तो पहाड् चढयौं । तल बसेकाहरूले माथि हेर्दा पहाड चढी रहेकाहरू गुल्टेर आएको जस्तो देखियो । त्यस्तो उकालो पहाड चढेर पहाड पानी भन्ने ठाउँमा बास बस्यौं । म आएको थाहा पाएर अमृतानन्द श्रामणेरले बाटो हेर्न आउनु भयो । बाटो देखाउँदै लानुभयो । भोजपुरको गाउँमा देववहादुर साहुजीको पसलमा लिएर जानुभयो । देवबहादुर साहुजीलाई मेरो परिचय यसरी दिनुभयो । "उहाँ नै हुनहुन्छ, मैले अस्ति भनेका मेरा गुरु ।" तत्पश्चात् मलाई टक्सारको पाटीमा राख्न लानुभयो । बेलुका अपार भक्तजनहरू जम्मा भए, धर्मको राम्ररी चर्चा भयो ।

त्यस भक्तजनको समूहमा प्रमुख - पुण्य धन्, चैत्यधन, कान्छा, सिद्धिराज, धनराज, गजराज, पुण्यराज आदि हुन् भने भक्तिनीहरू मध्ये विद्यालक्ष्मी, धर्मलक्ष्मी, धनलक्ष्मी, छत्रकुमारी, साँहिली, धर्मप्रभा, वीर्यपारमिता, शीलपारमिता बाँकी सर्वसाधारण हुन् ।

त्यसमा पुण्यधन, चैत्यधन र कान्छा एउटै घरका तीन दाजुभाई थिए । चार जना दाजुभाइमा महिला महादान भिक्षुसँग गृह त्याग गरेर गएका थिए ।

बाँकी जेठा, साहिंला, कान्छा मध्येमा जेठाका दुइटी श्रीमती थिए । साहिंला पनि गृहबन्धनमा परिसक्यो भने कान्छा कुमार थिए !

ती तीनै दाजुभाईले भने "भन्ते ! हजूरले बुद्ध मूर्ति बनाउन जान्नु हुन्छ भन्ने सुनें" । यहाँ हामीले पिताजी छँदै बुद्धको मूर्ति स्थापना गर्छु भन्दा भन्दै उहाँको जीवन अन्त भयो । यदी हजूरले गाह्रो मान्नु भएन हाम्रो इच्छा पूर्ण हुन्छ ।"

"मैले मूर्ति बनाउन जान्छु भन्नु हुन्न । किनभने मसँग कला ज्ञान छैन । सिर्फ भक्ति र श्रद्धा चित्तको बलले ध्यानमा देखिने बुद्धरूप सम्झिदै, नभएसम्म धेरै भए काट्ने, नपुगेको ठाउँमा थप्ने छाँटकाँट ठीक नभए सम्म मेहनत गरेर बनाउनु पर्ने भएकोले म कलाकार होइन । तैपनि सामान जुटाइ दियो भने मैले सक्दो कोशिस गर्छु ।" सम्पूर्ण उपासक उपासिकाहरू जुटेर माटो, कागज, मास, मेथी राखेर साम्ररी मुछि दिए । भूस्पर्श मुद्रामा बसिरहेका दुई हात जतिको श्री शाक्यमुनि बुद्धको मूर्ति बनाउन प्रारम्भ गरें ।



Downloaded from http://dhamma.digital/

हेमन्त ऋतु पौषतिर जाडो समय हात चिसो हुन्छ भनेर उपासकहरूले ठुलो मकलमा गोल बालेर राखे। मूर्ति बनाउँदै थिएँ। सिद्धिराज र चैत्यधन दुई जनाले आफूलाई अप्ठेरो, नबुझेको, थाहा नभएको र नसक्ने धार्मिक विषयको कुरामा छलफल गरीरहेका थिए भने मैले जानेसम्म प्रत्युत्तर दिई रहेको थिएँ। त्यहाँ लालधन भन्ने पुण्यधनको सुपुत्र जुन सुशिक्षित पनि थिए। त्यहाँ अगाडि सप्तदल समाधिको एउटा तस्वीर देखें। त्यस तस्वीरले आगो हम्काउन मिल्ने भएकोले त्यो गट्टा लाएर आगोहम्काएँ। उपासकहरूको मनमा खेद भयो कि "लौ भन्तेले समाधिको तस्वीरले आगो हम्काउनु भयो। यसरी आगो हम्काउने चीज होइन। लौन अब के गर्ने ?" भन्दै एक अर्कोमा मुखामुख गर्न थाले। मलाई केही भन्न सकेनन्। तस्वीर भुइँमा छोड्ने बित्तिकै उपासकहरूले कतै राखी दिने। मलाई भने आगो हम्काउन त्यही गट्टा चाहिने। त्यसैले यहाँको आगो हम्काउने गट्टा कहाँ राख्यो ?" भनें।

उपासक "भन्ते। त्यो गट्टा होइन समाधिको तस्वीर हो। भन्ते ! आगो हम्काउने होइन।"

"कस्तो समाधिको तस्वीर हो, खोइ हेरुँ।" उनीहरूले निकालेर देखाए। मैले भनें "अस्ति नै तपाईहरूले किन नभन्नु भएको ? त्यस्तो हो भन्ने थाहा पाएको भए त्यसले आगो हम्काउने नै थिइन। जे हुनु भइ हाल्यो, मलाई क्षमा गर्नुहोस्। अबदेखि यसले आगो हम्काउँदिन।"

यस तस्वीरको अर्थ एकपल्ट मलाई पनि सुन्न मन लाग्यो, मलाई पनि सुनाउनुहोस् न।

उपासक "भन्ते ! गुरूले कसैलाई पनि सुनाउनु हुन्नँ, भन्नु भएको छ, ल अब के गर्ने ?"

"भयो, त्यस्तो भए मेरो गल्ती क्षमा गरी दिनुहोस्।"

## नित्यकर्म गर्ने बेलामा मन स्थिर भएन रे !

एकपल्ट उनीहरूले प्रश्न गरे "भन्ते ! हामीहरूले नित्यकर्म गर्दा मनलाई स्थिर गर्न सकेनौं, मन स्थिर गर्ने कुनै उपाय छ कि ?"

छ उपासक ! मन स्थिर गर्ने उपाय छ, कस्तो काम गर्दा मन स्थिर गर्नु पर्ने हो ? त्यो काम मलाई बतायौ भने त्यसमा मन स्थिर गर्ने उपाय म बताउँछु। तर तपाईंहरूलाई दिइराखेको दीक्षाको कुरा बताउनु मिल्दैन। न बताइकन मैले त्यसको उपाय कसरी बताउँ ?"



Downloaded from http://dhamma.digital/

"अब के गर्ने भन्ते ! हामीहरू त्यत्तिकै थाहा नपाइकन बसौं त ?"

"म के गरुँ ? मैले दिएको दीक्षाको उपाय मात्र मैले बताउन सक्छु। तपाईंहरूलाई दीक्षा प्रदान गर्ने गुरुसँग सोध्नुहोस् ।"

सम्पूर्ण सपासकहरू गुरू बज्राचार्यकहाँ जम्मा भए। गुरुजीले सोध्नुभयो "जजमानहरू आज यहाँ किन जम्मा हुनु भएको, केही कुरा छ कि ?"

"हो गुरु ! हामीले नित्यकर्म गर्दा मन स्थिर गर्न सकेनैं, मन स्थिर गर्ने कुनै उपाय छ कि छैन ?"

"उपाय त्यही हो, जजमान् ! नित्यकर्म गर्दा एकचित्त गरी नित्यकर्म गर्ने"

"एक चित्त गर्न नसकेर नै तपाईंसँग हामीहरूले यो विन्ति गर्न आएको हो ।"

"मलाई थाहा भए जति मैले तिमीहरूलाई बताइ सकें, मैले थाहा नपाएको मैले के गर्ने ?"

"के गरूँ गुरूज्यू ! हामीहरूको जीवन त्यतिकै थाहै नपाइकन खेर फालौं ?"

"दिनुपर्ने काम दिइसकें, तिमीहरूले पनि लिएको पालना गर्नु पर्ने नियम पालना गरीरहनु भएकोछ, त्यो भन्दा बढी अब के भनुँ ?"

"चित्त ठाउँमा राख्न सकेनौं भने नियम पालन गरेर मात्र के गरुँ गुरु ! चित्त ठाउँमा राख्न सक्ने विधि बताउन सक्नेहरू छन् तर भएर के गरुँ ? उहाँलाई हाम्रो दीक्षाको कुरा बताउनु हुन्न । नवताइकन बताउने मान्छेले बताउँदैनन् के गरुँ ? यसरी बताउन सक्नेलाई हाम्रो दीक्षाको कुरा बताउनु हुन्छ ?

यदि यसरी मन ठाउँमा राख्ने विधि थाहा हुनेलाई बताउन नमिल्ने कुनै कुरा छैन । तै पनि मैले यसो भन्यो भनेर कसैलाई पनि नबताउनू यदि तिमीहरूलाई चित्त ठाउँमा राख्ने बताउन सक्ने छ भने हाम्रो दीक्षा को कुरा बताउनु आवश्यक छ भने बताए हुन्छ। यदि तिमीहरूलाई फाइदा हुन्छ भने ।"

## षडक्षरी मन्त्रको व्याख्या

उपासकहरूले मकहाँ आएर दिक्षाको कुरा खोलेर बताए। षडक्षरी करुणामयको दीक्षा(मन्त्र) "ओं मणि पद्मे हुं हृ" उच्चारण गरेर जपमाला



Downloaded from http://dhamma.digital/

जप्नु नपर्ने रहेछ । मनले गर्नु पर्ने काम यसरी -

ृ(ओं) सेता, (म) हरिया, (णि) पहेंलो(पद) नीलो, (मे) रातो (हुं) धूम्रवर्ण, ( हृ) आलोक, (ओ) सेतो अक्षरले पहेंलो अक्षरले सेतो रस्मि प्रकट भई देव लोकमा पुग्यो देबताहरूलाई आनन्द भयो भन्ने कल्पना गर्ने (म) हरियो अक्षरले हरियो रश्मि प्रकट भई दैत्य लोकमा पुग्यो भन्ने कल्पना गर्ने ।

(णि) पहेँलो रश्मि प्रकट भई मनुष्य लोकमा पुग्यो । ( पद) निलो अक्षरबाट नीलो रश्मि प्रकट भई तीर्यक् लोकमा पुग्यो । ( मे) रातो अक्षरबाट रातो रश्मि प्रकट भई प्रेतलोकमा पुग्यो । (हुं) धूम्रवर्ण अक्षरबाट धूम्रवर्ण रश्मि प्रकट भइ नर्क लोकमा पुग्यो । (ह्री) आलोकबर्णको अक्षरबाट हदय लोकका सम्पूर्ण प्राणीहरू लीन भयो भने कल्पना गर्ने ।

"उपासकहरू ! यस प्रकारले कल्पना गरि रहँदा मन बाहिर जान सक्ला ?" धन्य भन्ते ! छ वटा अक्षरको क्रिया कल्पना गरेको व्याख्यान सुन्दा सुन्दै मन एकाग्र भयो । यस प्रकार कुनै पनि गुरुज्यूहरूले सुनाउनु भएको छैन, आज पूर्ण विवरण सुन्न पाएँ धन्य ! धन्य !!"

धन्य, धन्य भन्ने होइन, बुद्ध शासनमा यदि उपदेश सुनेर कृतार्थ भयौ भने "साधु ! साधु !!" तीन पल्ट भनिन्छ ।

उपासकहरूले "साधु ! साधु !!" भन्दै तीनपल्ट बन्दना गर्‍यो ! उपासकहरू त्यहाँबाट दीक्षा दिनु भएका गुरुज्यूकहाँ पुगेर भने "गुरूज्यू ! दीक्षाको भाव कसरी गर्नु पर्ने हो, त्यसको पूर्ण विवरण अहिले मात्रै बुझें । हजूरले हामीलाई सिर्फ कर मात्र मेट्नु भयो ।" गुरुज्यू नबोलीकन जिल्ल परेर बसे ।

## भोजपुरका गुरुज्यूसँग

उपासकहरू गइ सकेपछि गुरूज्यू मलाई भेट्न आउनु भयो । "भन्ते ! यहाँ सबैलाई दीक्षा दिने मै हुँ । मलाई गुरुले सिकाउनु भएको जति थाहा छ । मैले थाहा नपाएको पनि हजूरको दयाले मेरा शिष्यहरूले थाहा पाए । म गुरु हुनु पर्नेलाई थाहा छैन । दया राखेर मलाई पनि शिक्षा दिनु होस् ! नत्र भने यहाँका जनताहरूले मलाई तिरस्कार गर्छन् । गुरु ! मलाई करुणा राख्नुहोस्" भन्दै बन्दना गर्नु भयो ।

मैले भनें "गुरूज्यू ! सबैलाई बताएँ तपाईंलाई नबताउँला र लौ हात थाप !"



Downloaded from http://dhamma.digital/

गुरूज्यूले दुई हात थाप्नु भयो ।

"त्यसरी होइन ।"

"मैले बुझ्न सकिन भन्ते !"

"हात थाप्न भनेको दीक्षा राख्ने भाँडो थाप भनेको हो ।"

"अझै मैले बुझ्न सकिन भन्ते !"

नबुझेमा सुन, म बताउँछु । "षडक्षरी मन्त्रका देवता करुणामय हुन् । करुणावान् भएर प्राणीहरूमा करूणा राख्नुपर्छ । प्राणीहरू प्रति करूणा राख्ने प्रतिज्ञा गर्नु नै हात थाप्नु हो ।

"अब के गर्ने भन्ते ! पुरोहित्याइँ गर्दै हिंड्नु पर्छ । प्राणी हिंसा गर्न संकल्प गरिदिनु पर्छ । त्यसैले त्यो नियम पालन गर्न गाह्रो छ । भन्ते ! त्यो एउटा चाहिं क्षमा गर्नु पर्ला ।"

"अब के गर्ने गुरुज्यू ! जुन भैषर्यद्वारा गुण लिनु पर्ने हो, त्यही गुणको विपरीत भइरहेको दोषलाई त्याग गर्नु पर्ने, त्याग गर्न अपठ्यारो भएमा हजूरलाई औषधी दिएर के गर्ने ? औषधीले भलो गर्दैन ।"

"भन्ते ! गर्न नसक्ने काम गर्दिनँ, शिष्यहरूलाई त बताउन सक्छु ।"

"गुरूज्यू ! बताउन सक्ने तर गर्न नसक्ने ज्ञान मसँग छैन नरिसाउनु होला है भन्ते ! नक्कल पार्ने ज्ञान छैन, फाइदा लिनलाई हो । कुनबाट कसरी फाइदा लिने हो त्यस्तो विध्नकारक कामलाई छोड्न सकेनौं भने त्यो काम सिक्नु सिकाउनु कुनै मतलव छैन ।"

गुरूज्यू नबोलीकन चूप लागेर बस्नुभयो । त्यो दिनदेखि गुरूज्यू र छोरा विहारमा आएर धेरै सेवा गर्न लागे सेवा मात्र गरेर पुग्दैन नियम नै पालना गर्नुपर्छ । नियम पालन गर्ने प्रतिज्ञा नगरेकोले गुरूज्यूले षडक्षरीको पूर्णाङ्क जान्न पाएन ।

## टक्सारको पहिलो गुरू

टक्सारमा एउटा ढुङ्गे धारो सँगै पाटी छ । त्यहाँ घुमक्कड साधु महात्माहरू आएर बसे । तिनीहरूको रेखदेख साहु देववहादुरले गर्नु हुन्थ्यो । त्यही पाटीमा बस्ने कान्फट्टाले सम्पूर्ण टक्सारवासीहरूलाई तत्व चिन्तामणि ज्ञान सुनाएर भुलाई राखेका थिए । म त्यहाँ पुगेपछि कान्फट्टाकहाँ कोही पनि गएन उनको मन दुखेर सहन सकेन् ।

एकदिन हामी दुईजनालाई सिद्धिराज उपासकले आफनो घरमा निमन्त्रणा दिए । त्यहाँ हामी भोजन ग्रहण गर्दा म बसेको भित्तामा एउटा



Downloaded from http://dhamma.digital/

तस्वीर उल्टो झुण्डयाएर फूलमाला पहिराइ राखेको देखेर यो के हो ? भन्दै उल्टाएर हेरें । सिद्धिराज जीभ्रो टोक्दै तर्स्यो । तिनीहरू परस्पर मुखामुख गर्दै हेर, हेर अब के गर्ने ? भन्दै अनुहार जिल्ल पार्दै बसे ।

"यो तस्वीरमा फूलमाला पहिर्‌याएर गौरव पनि गरी राखे, उल्टो पारेर अगौरव पनि गरी राखे । यो के गरी राखेको हो ? चैत्यधन -"त्यो तस्वीर पहिलेका गुरू र आमाका हुन् । उहाँहरू नै यहाँ पाल्नु भएर हामी पशु समान भइरहेकालाई मनुष्य बन्न सक्ने ज्ञान दिएर, मनुष्य बनाई दिनु भएको हो, उहाँहरू जातमा मानन्धर हुन् ।" ।

" त्यत्रो गुण भएका गुरुको तस्वीरलाई किन उल्टाएर राखेको ?"

"उहाँभन्दा पनि उत्तम गुरु अगाडि पाउँदा त्यो तस्वीर देख्दा के भन्ला भन्ने भयले उल्टाएर राखी दियौं ।"

सिद्धिराजको कुरा सुन्दा निकै ज्ञान प्राप्त गरेको जस्तो लाग्थ्यो तर तस्वीर उल्टाएर राखीदिंदा ज्ञान प्राप्त गरेको जस्तो लाग्दैनथ्यो । तस्वीरमा फूलमाला पहिर्‌याएर राख्दा त कुरा काट्न सकिन्थ्यो । उहाँहरूको गुणले गरेर नै म यस क्षेत्रमा पुगें । मैले त धन्यबाद भन्नु वाहेक मसँग अरू केही छैन । उहाँले तपाईंहरूलाई ज्ञान दिनु भएकोले नै मलाई चिन्न् सक्नु भयो । नत्र भने म को भनेर चिन्ने ? तसर्थ उहाँहरूको गुणले म कृतार्थ भएँ भन्दै तस्वीर सुल्टाई दिएँ । भोजनग्रहण पश्चात् उपदेश दिएर फर्कें ।

## कुरै कुरामा चोर समाते

एकदिन दिउँसो उपासकहरू साथमा घुम्न हिँडे । आजभोलि पार्क निर्माण गरेको ठाऊँमा एकछिन विश्राम गरें । त्यस गाऊँको मुखिया जसको एउटा हात छैन, अगाडि आएर भन्यो ' माहात्माजी ! हामी यस्तो जङ्गल पर्वतमा बसीरहेकाहरूलाई पापधर्म केही थाहा छैन, हामीहरूलाई उपदेश दिनुहोस् ।" धेरै मान्छेहरू भेला भएर हेरी रहेका थिए ।

मैले भने "महाशय ! मैले जे जस्तो बताए तापनि तपाईंले थाहा पाएकै हुन्छ बताउँछु, तपाईंलाई थाहा नभएको बताएर तपाईंले बुझ्न सक्नु हुन्न । आफूलाई थाहा भएको गर्न नहुने काममा संयमित भएर बस्नुहोस् ।"

"हामीहरू यस्तो जङ्गल पर्वमा वस्नेहरू सत् सङ्गतगर्न कोही छैनन्, कसरी हामीहरूले थाहा पाउने ?"



Downloaded from http://dhamma.digital/

"तपाईंलाई थाहा भएको नभएको प्रमाण म दिन्छु, सुन्नुहोस, प्राणी हिंसा गर्नू हुन्छ कि हुन्न ?"

"हुन्न ।"

"किन, हुन्न भन्नु भएको ? पर पदार्थ नदिइकन लिनु हुन्छ कि हुन्न ?"

"हुन्न ।"

"किन हुन्न भन्नु भएको ? पर स्त्री गमन गर्नु हुन्छ कि हुन्न ?" मुखियाले चुँक्व् बोलेनन् । मैले थाहा पाएँ यिनमा पर स्त्री गमन गर्ने वासना छ ।" त्यसैले जवाफ दिन सकेन, अपठ्यारो भयो । मैले लामो कुरा गरिन । मुखियाले अरू नै बिषयको कुरा गरी अलमल गर्‍यो । विहारमा पुग्ने वित्तिकै उपासकहरूले मलाई भने - भन्ते ! हजूरले स्थान, समय व्यक्ति अनुसार कसलाई कस्तो कुरा सुनाउनु पर्छ भनेर सुनाउनु भयो, त्यो तारिफ योग्य छ ? "किन के भयो ? मलाई त थाहा छैन ।"

"अघि हजूरसँग प्रश्न गरिरहने हात नभएको यहाँको मुखिया हो । उसले एउटा गर्न नहुने काम गरेकी रहेछ । कुरा के भने नि, उसले एकजना गरीवको श्रीमतीलाई फकाएर आफनो बनाउन खोज्यो । त्यो आइमाइको श्रीमान् गरीव र सोझो थियो भने तिनी पनि अति राम्री थिइन् । यसरी सोझो गरीब मानिसले केही गर्न सक्दैन भनेर हेपेर मुखियाले उसको श्रीमती लग्यो । त्यस्तोलाई हजूरले कसैलाई केही नभनेको जस्तो सबैकुरा तपाईंलाई थाहा छ, थाहा भए अनुसार पालन गर्न सक्नु पर्छ भन्नु भयो । उसले त्यस्तो गर्न नहुने काम गरेकोले अपठ्यारो मानी अर्को कुरामा अलमल गरेर समय बिताई दियो । धन्य, धन्य ! हजूरको प्रज्ञालाई बन्दना गर्छौं ।

## तत्व ज्ञान बर्णन

मैले बुद्धको मूर्ति बनाइ रहेको थिएँ । उपासक उपासिकाहरू हेरीरहेका थिए ।एक अपरिचित व्यक्ति आएर प्रश्न गर्‍यो "भन्ते हिंसा केलाई भनिन्छ ?" प्रश्न गरेको ढङ्गले ज्ञात भयो कि उसलाई कसैले सोध्न पठाएको हो । मैले सोधें "त्यो प्रश्न तपाईंको आफ्नै विचारले सोधेको हो कि कसैले सोध्न पठाएको हो ?"

त्यो मानिस विस्तारै हाँसी रहेको थियो । मैले भनें "त्यो प्रश्न सोध्न पठाएको नै हिंसा हो" भनीदेउ भनें ।



Downloaded from http://dhamma.digital/

त्यो मानिस सोध्न पठाएको व्यक्तिकहाँ गएर त्यही भन्न गयो। प्रश्न गर्ने व्यक्ति खुशी भएर 'ठीक ' भन्यो।

एकदिन त्यहाँका उपासकहरू सँग वार्तालाप भयो।"तपाईंहरूले सिक्नुभएको तत्व ज्ञान भन्नलाई मात्र सिक्नु भएको हो कि काम पनि गर्न सक्नुहुन्छ ?"

उपासक"भन्ते ! तत्वलाई कुन तरिकाले प्रयोग गर्ने ?"

तत्वले के काम गरिरहेको छ ? त्यसलाई परीक्षा गर्ने। त्यो त हामीले गरेको छैन। कितावमा लेखेको मात्र पढ्यौं, सिंक्यौं।

"परीक्षा गरेर त्यो लेखीराखेको मिल्छ कि मिल्दैन ?"

मैले भनें कि आपोले पृथ्वी निर्माण भयो, बायुले आप (पानी) देखा परेयो, तेजोले वायु देखा परे्यो, पृथ्वीले तेजो देखापर्‍यो, आपोले पृथ्वी देखा पर्‍यो। आपो भएर नै पृथ्वी उत्पत्ति भएको हो। पृथ्वी उत्पत्ति भएर नै तेजो देखा परेको हो, तेजो उत्पत्ति भएर नै वायु देखा परेको हो, वायु उत्पत्ति भएर नै आगो देखा परेको हो।

पानीमा जलकुम्भी उम्रिन्छ। हावाले किनारमा जम्मा गरिदिन्छ। जमकुम्भी उम्रिरहेको हुन्छ। हावाले किनारमा लगेर थुपार्छ। थुप्रिरहेको जलकुम्भी कुहिएर माटो बन्छ। माटो बन्दै जान्छ। माटोमा अनेक प्रकारका तृण पदार्थ उम्रिन्छन्। त्यो पनि सुकेर, कुहिएर माटो बन्छ। माटोको मूल ओज धातुजति जम्माभएर पाषाण बन्छ।

पृथ्वीको कडा स्वभावलाई वायुको प्रकोपले पृथ्वी पृथ्वी रगडिन्छ। त्यसमा तेजो धातु उत्पन्न हुन्छ। तेजो धातु प्रज्वलित हुनासाथ वायु उत्पन्न हुन्छ, वायुको सारमा आपको शक्ति हुन्छ। ॠतुको सहयोगले त्यो आप प्रकट भएर बर्षा हुन्छ। वर्षा भएको आप जम्म भएको ठाउँमा जलकुम्भी उत्पन्न हुन्छ। जलकुम्भीले कुहेर माटो बन्छ। यस प्रकारले अन्यमन्य प्रत्यय भएर प्रकृति सनातन कालदेखि चलिरहेको छ। भन्दै गएँ।

उपासकहरूले "पञ्चतत्व भन्ने गरेकोमा हजूरले अबकाशको वर्णन गर्नु भएन किन हो ?"

"उपासकहरू ! आकाश त अबकाश हो। त्यो कुनै तत्व होइन, जहाँ दुइटा वस्तु हुन्छ, त्यहाँ बीचमा आकाश हुन्छ। जहाँ प्वाल हुन्छ, त्यो प्वालमा पनि आकाश, जहाँ केही छैन त्यसलाई आकाश भनिन्छ, शून्य भनिन्छ, त्यसैले आकाशलाई तत्व मानिंदैन, सिर्फ चतुर्महाभूत



Downloaded from http://dhamma.digital/

बस्ने र चल्ने कामलाग्ने अवकाश मात्र हो। पृथ्वीलाई हल्लाउने वायु हो। वायुको सहयोगले पृथ्वी रगडिएर अग्नि निस्किन्छ, अग्निले वायु लिएर सृष्टि गर्छ, वायुले आप लिएर आउँछन्।, आप जल रूप लिई बर्षा हुन्छ। त्यही चार चतुर्महाभूतलाई के के संयोग भएमा के हुन्छ भन्ने अनुसन्धान गरी नयाँ चीज बनाएर देखायो। बैज्ञानिकले नभएको वस्तु वनाएर देखाएको होइन। भएको पदार्थ अर्थात् चतुर्महाभूतलाई नै अनेक तरीकाले संयोग गरी हेरे। त्यसमा के के भयो त्यो थाहा पाए अनेक प्रकार भौतिक लीला गर्दै बृद्धिको विकास गरेर देखाएरको हो। भौतिकको उन्नति गरेर देखाउने बैज्ञानिक हो भने अध्यात्मको उद्घाटन गर्ने भगवान् बुद्ध हुन्। चतुर्महाभूतकै माध्यमद्वारा चेतन तत्व भएर, सुख दुःखादि राग, द्वेष, मोह उत्पत्ति भएको हो। रागादि क्लेशद्वारा कुशलाकुशल कर्म गरिन्छ, कुशला कुशल अनुसार सुख दःखादि विपाक भोग गर्न स्वयं चर्तुमहाभूत हुन्छ। त्यही अनुभवले तृष्णा उत्पन्न हुन्छ। तृष्णाले गर्दा नै रागादि क्लेश उत्पन्न भएर कुशलाकुशल कर्म गर्छन्।" यो तत्व ज्ञानको कुरा सुनेर उपासकहरू अत्यन्त नै सन्तोष भए।

## अटोमेटिक व्रम्हचर्य

भोजपुरको टक्सारमा धेरैजसो विहे योग्य कन्याहरू आफ्नै घरमा बस्थे। त्यहाँ धेरैजसो आफन्त परेको हुनाले चेलीहरू जाने ठाऊ पनि छैनन्। बुहारी चाहियो भने काम बिशेषले बाहिर जाँदा छोराहरूले मन परेको चाही लिएर आउँथे। छोरीहरू कही जान पर्दैन। आफुले मन पराएको सँग जान पाइँदैनथ्यो। त्यसैले कति विवाह योग्य छोरीहरू लथालिङ्ग भएर बिग्रिन थाले। कतिले त व्रम्हचर्य पालन गरेन। भोजपुरमा लोग्ने मानिस र स्वास्नी मानिस दुवैले भाँडाकुँडा बनाउने काम जान्थे। तसर्थ लोग्ने मानिस र स्वास्नी मानिसहरू आआफ्नै काममा व्यस्त हुने भएकोले कसैलाई फुर्सद छैन। कोही गफ सफ गर्ने समय नै छैन। त्यसैले त्यहाँ चलाखहरू पनी छैन्।

एकदिन कन्याहरूको विषयमा कुरा उठयो, कन्याहरू पनि सुनीरहेका थिए। संसारमा सुख र दुःखको जननी कनक र कामिनी दुई प्रकारका छन्। त्यसमध्ये कनक भनेको द्रव्य हो भने कामिनी भनेको काम भोग, यसमा सुख र दुःख पनि छन्। इच्छा पूर्ण हुने सुख, इच्छा अपूर्ण हुने दुःख। त्यसैले व्रम्हचर्य पालन गर्नेलाई संसारमा भएका दुःख मध्ये आधि



Downloaded from http://dhamma.digital/

दु:खले छुन सक्दैन । बाँकी दु:ख धन द्रव्यबाट हुने दु:ख मात्र रहन्छ । जो ज्ञानीले धन द्रव्य पनि काम छैन साधना गरेर धन द्रव्य त्याग्न सक्छ, त्यसलाई बाँकी दु:ख पनि हुँदैन । यस भोजपुर निवासी महिलाहरूको संस्कार आफूले कोशिशै गर्नै नपर्ने गरी अटोमेटिक व्रम्हचर्य पालना गरिरहेका छन् । यसमा महिलाहरूले ज्ञान प्राप्तगरी विचार गर्नु भयो भने आफैलाई ज्ञात हुन्छ कि "म यस संसारमा गृहस्थाश्रमा वसेर सन्तानको पीर बोकेर जिन्दगीभर अशान्ति भई वसेका दिदी बहिनी मध्ये म एकजना त्यस्तो दु:ख चक्रमा नफँसी मुक्त भएँ" भन्दै आनन्दको अमृतपान गर्दै बस्न सकिन्छ । त्यति विचार गर्न सकिएन भने इन्द्रियले आफनो स्वभाव छोड्दैन । वेहोस परेर बाटो बिरायो कि संसार रूपी समुद्रमा खसेर छटपटेर प्राणन्तसम्म अशान्ति भएर मृत्यु हुन जान्छ ।

यस उपदेशले त्यहाँ उपस्थित सम्पूर्ण कन्याहरूले साधु साधु आवाज गुन्जायमान गरे ।

## स्थविरवादको पहिलो विहार स्थापन ।

क्रमश: उन्नाईस दिन भित्र बुद्धमूर्ति तयार भयो । रंगरोगन गर्न बाँकी छँदा इनामेल रंग खोजीरहँदा भेट्टाउन सकिएन । त्यहाँका महांका गुरुज्यू आएर भन्नु भयो "भन्ते ! रंगरोगन गर्ने काम मलाई दिनुहोस्, म पनि केही पुण्य कमाउन चाहन्छु ।"

हुन्छ भन्दै रंगरोगन कार्यको भार माहांका गुरुज्यूलाई दिएँ । गुरूज्यूले दुई तीनवटा सिलौंटा ल्याएर, दुई तीनजना मान्छेलाई रङ्ग मिलाएर एक ठाउँमा अलिकति लगाई हेर्दा राम्रो देखियो त्यो शरीरभरि लगायो तर सुहाएन । लौ भएन भन्दै मेटेर फेरि अर्को रङ्ग मिलाएर लगायो त्यो पनि भएन, फेरि अर्को रङ्ग मिलाएर लगायो त्यो पनि मिलेन । गुरुज्यू कायल भएर मलाई भन्यो" भन्ते ! रङ्ग मिलेन के गर्ने ।"

"म के भनु ? पर्सि मूर्ति स्थापना गर्नुपर्ने, तपाईंले रंगरोगन कार्यको भार लिनु भएकोले म ढुक्क भएँ, अहिलेसम्म रङ्ग मिलाउन सकेन भन्नु भयो, म के गरुँ"

"यसरी भएन, म चैनपुर गएर त्यहाँ अर्कै राम्रो रङ्ग लिएर आउँछु" भनेर गएको गुरूज्यू फर्केर आउनु भएन । कहीं कतै रङ्ग किन्न पाइएन, अब के गर्ने ? बल्लतल्ल देववहादुर साहुजीको पसलमा टिनको रङ्गको ड्रममा टाँसिएको सुकेको रङ्ग भेट्टियो । त्यो भए पनि लिएर आएँ ।



Downloaded from http://dhamma.digital/

खियालागेको टिनको ड्रमको रङ्ग खुर्केर लिएँ ।वार्नेस राखेर सिलौटामा पिँध्न लगाएँ । माहांका गुरूज्यूलाई दोष दिंदै कुरा गर्दै रङ्ग पिंधिरहेको ठाउँमा श्रामणेर अमृतानन्दले नीलो रङ्ग पिंधेको लोहोरोले सेतो रङ्ग पिंधेको सिलौटामा पिंद्धा रङ्ग नीलो भयो । सम्पूर्ण काम सर्वनाश भयो । त्यस क्षण मेरो मन यस प्रकारले खिन्न भयो कि “गुरूज्यूबाट धोका पाएँ, रङ्ग किन्न नपाउनु, बल्ल तल्ल ड्रममा टाँसिराखेको सुकेको रङ्ग अलिकति भेट्टाएर कति मिहिनेत गरी पिंधेर बनाएँ, त्यो पनि बिगारी दियो । ल, सबै फयाँकि देऊ !” कस्तो अमंगल भएको यो भन्दै घाराधुरु गर्दा फुक्का रातोटीका पनि त्यही सेतो इनामेलमा पर्‍यो । नीलो मिसियो भनेको त रातो पनि मिसियो । अर्को उपासक चित्त दुखाएर लोहोरो चलायो । त्यहाँ भएको सेतो रङ्ग पहिले भन्दा निर्मल सेतो भयो । अभृतानन्द श्रामणेरले देख्नुभयो, खुशी भएर “सेतो भयो, सेतो भयो अझै सफा सेतो भयो, गुरूहरूले विषलाई पनि अमृत गर्न सक्नुहुन्छ भनेको हो रहेछ, आज थाहा भयो, आहा ! सेतो रङ्ग झ्न सफा भयो” भनी खुशी हुनुभयो । मेरो मन पनि खुशी भयो । मैले विष पनि अमृत गर्न जानेको छुइनँ, संयोगले सेतोमा निलो, मिस्यो भनेर खिन्न भएर रिसले सबै धाराधुरु गर्दा पुग्दा रातो रङ्ग उसैमा खस्यो, त्यसलाई चलाई दिंदा नसोचे अनुसार रातोले निलो, निलोले रातो सेतो सफा भयो ।

भोलि स्थापना गर्ने प्रपोगण्डा चलीरहेको थियो । रातारात रङ्ग भरें । दुईजना दुईतिर बसी पंखा हम्काएँ हतपत सुकेन । भोलिपल्ट तल लगेर विधि विधान गर्ने क्रममा नेपालमा चलेको जीवन्यास राख्ने कार्य सम्पन्न गरें । सोही दिनमा मूर्ति खटमा राखी बाजागाजा सहित नगर परिक्रमा गराई श्री शाक्य मुनि निर्माण गरी प्रतिष्ठा गरें । १९९३ सालदेखि भोजपुर खिकामाछ्रा टकसारमा स्थ विरवाद बौद्ध विहार भयो ।

नेपाल अधिराज्यभर स्थविरवादको प्रथम विहार निर्माण भएको यही नै थियो ।

## विहार स्थापना गरेकोमा आरोप

त्यस विहारमा चँदुवा टाग्न पत्करको झल्लर बनाउन प्राङ्गणमा उपासिकाहरू लश्करै बसेर पत्करको माला बनाइ रहेको बेलामा बडा हाकिम घोडा चढेर सिपाहींहरू अघि पछि लाउँदै आइपुग्नु भयो । पत्करको माला उनिरहेको हेर्दै जानु भयो । देव वहादुर साहुको पसलमा



Downloaded from http://dhamma.digital/

पुग्नुभयो । देव बहादुर साहु पसलमा हुनु हुन्थ्यो । माघे सक्रान्तिको दान गर्न विहारमा पाल्नु भएकोथ्यो । वडा हाकिमले "देववहादुर साहु कहाँ जानु भयो ?" भनेर सोध्नु भयो ।

"विहारमा जानु भयो ।"

"बोलाएर ल्याऊ ।"

विहारमा बोलाउन आउनेहरू आइपुगे । मैले साहुजीलाई अष्टादश लक्षणको कथा सुनाइरहेको थिए । कथा सुनिरहनु भएका साहूजीले "आउन लागे भन्नु भयो । फेरि सिपाहीहरू नै आफै बोलाउन आए । साहुजी कथा बीचैमा छोड्न नसकेर "हुन्छ, हुन्छ आउन लागें" भनेर पठाउनु भयो । नगईकन वस्नु भयो । वडा हाकिम आफैं आउनुभयो । "विहार भित्र पस्न जुत्ता लाएर आउनु हुन्छ ?" भनेर सोध्नु भयो 'हुन्न' भनेपछि जुत्ता फुकालेर भित्र पस्नु भयो । बुद्धको मूर्ति हेरेर प्रशँसा गर्नु भयो । "कति सुन्दर मूर्ति, कसले बनाएको ?" भनी प्रश्न गर्नु भयो । उपासकहरू मतिर हेर्दै "उहाँले बनाउनु भएको हो" भने मलाई प्रश्न गर्‍यो "तपाईंको नाम के हो ?"

"मेरो नाम महाप्रज्ञा हो ।"

"घर कहाँ हो ?"

"नेपालमै हो ।"

"नेपालमा पहिले एकपल्ट आठ नौ जना भिक्षुहरूलाई देश निकाला गरेका थाहा छ ? भिक्षुहरूलाई चिन्नु हुन्छ ?"

"किन नचिन्नु, आठ नौ जना होइन, ६ जना हो, त्यसमध्ये म पनि एक हुँ ।" मलाई त्यहाँ समात्छ भन्ने सोचेको पनि थिइनँ । त्यसैले सीधा कुरा गरीरहें । बडा हाकिम तर्स्यो "ए ! यिनीहरू त डरलाग्दो रहेछ ! कुनै भय नलिइकन "त्यस मध्ये म पनि एक हुँ" भन्यो, यिनीहरूको जमात बलियो जस्तै छ, त्यसैले यिनीहरू नडराएको, लौ यहाँ ठाउँ अप्ठयारो छ, तल सुकुल ओछयाउ, तलै बसेर कुरा गरौं ।" भन्यो । विहार बाहिर सुकुल ओछ्याउन लगायो, बडा हाकिम र म बीचमा राखी चौरै तिर कर्मचारीहरूले घेराबन्दी गरी त्यसको बाहिर सिपाहीहरूले घेरेर राखे । सर्वसाधारण रमिते भएर बसे वडा हाकिमले मलाई प्रश्न सोद्धै थियो, मैले भए भरको उत्तर दिंदै थिएँ, विचारीले नोट गरी रहे ।"तिमीलाई यहाँ कसले झिकाएको ?

"म आफै घुम्न आएको ?"



Downloaded from http://dhamma.digital/

"यहाँ तिमीले केके उपदेश गऱ्यौ ?"

"मैले कुनै उत्तर दिइन, उनीहरूले सोद्धा मैले जानेको अनुसार उत्तर दिएँ।"

"उनीहरूले के के सोधे ?"

"त्यो कुरा कसरी सम्झिरहन्छ ?"

"तिमीसँग उपदेश सुन्न आउनेहरू को को हुन् ?"

"तिनीहरूको नाम मलाई थाहा छैन।"

यहाँ यस जमातमा उनीहरू पनि छन् कि ? भनेर सोध्यो। मैले चारैतिर हेर्दा पुण्य धनको भाइ कान्छालाई देखें। उहाँ पनि एक हुनुहुन्छ भनें। वडाहाकिमले उसलाई पनि बसाऊ भन्यो। सिपाहीहरूले पनि कान्छालाई भित्र ल्याएर बसाए। बडा हाकिमले कान्छालाई सोध्नु भयो "तिमीहरू को को यहाँ उपदेश सुन्न आउँछौ ?" कान्छाले आठ दशजना साथीहरूको नाम भन्यो। ती सबैजनालाई समातेर ल्याएर घेराभित्र बस्न लगाए।

देवबहादुर साहुजीलाई डाक्न पठाउँदा उहाँ हाजिर भई दिएको भए यति हतारमा उतिको कडा नहुने। "मजस्ताले डाक्न पठाउँदा पनि अटेरी भएर बसेको है न त" भन्दै आफै आएर धारधुर गर्न आयो। अमृतानन्द सिपाहीहरूको घेराबाहिर चक्कर लगाउँदै कराउन थाल्यो -

(१) नेपालबाट निकाला गरेका व्यक्ति यहाँ प्रवेश गर्नु हुन्न, प्रवेश गरेकोले एक

(२) बौद्ध धर्म प्रचार गर्नु हुन्न भन्दा भन्दै प्रचार गरेको एक।

(३) बौद्ध धर्मको दीक्षा दिएको एक।

(४) जानकारी नदिई बुद्ध मूर्तिको जात्रा गरेको एक।

चारवटा आरोप लगाएर पक्रेर गिरफ्तार गऱ्यो।

अमृतानन्दलाई वास्ता नगरेको हो, उहाँले "एउटै धर्म मानीरहेका कसैलाई समात्ने कसैलाइ नसमात्ने, यो के हो, यस्तो पनि न्याय हो ?" भनी कराउँदै हिंडेकाले बडाहाकिमले "कति पक्राउन चाहेको यो केटो यसलाई पनि पक्रेर राख, उपासिकाहरू बाहेक हामी एघार जनालाई पक्रे। बेलुकी ढिला भएकोले मैन्टोल दुइवटा बालेर कर्मचारी र सिपाहींहरूले घेरेर दुईतिर दुईवटा मैन्टोल बाली बडा हाकिम अघि अघि घोडा चढेर हामीलाई पहाड चढाएर अड्डामा पुऱ्याए। हाम्रो मनमा ज्ञान अपुग भएकोले अति नै रमाइलो लाग्यो। हामीलाई बीचमा



Downloaded from http://dhamma.digital/

राखी वडा हाकिम अघि अघि दुवैतिर दुईटा मैन्टोल बाली कर्मचारी र सिपाहींहरूले घेरा दिएर लग्दा पहाडको दृश्य अति नै राम्रो लाग्यो।

## अड्डाका मानिसहरूसँग

अड्डामा लगेर माल अड्डाको ढुकुटी ढोका अगाडि हामी दुई जनालाई राखे। नौजना उपासकहरूलाई माल अड्डामा बन्द गरे। सिपाहींहरू सधैं झैं जम्मा भएर बसे। हाजिर लिने ठाउँ पनि त्यहीं, ठाउँ ठाउँमा डियुटि खटाउने पनि त्यही अफिसरहरू जम्मा हुने पनि त्यहीं, पल्टनेहरूको तानामाना (सामान) राख्ने बाकसहरू पनि त्यहीं देखें। सरकारी ढुकुटीको ढोका अगाडि बाकसको कापमा हामीलाई राखी राखे। दिउँसो सुवेदार आएर हामीलाई केरफेर गर्दै पालो बस्न थाल्यो। दश किसिमका कुरा घुमाई घुमाई कुरो कुरामा चोर समात्ने युक्ति सोचिरहेको थिए। हाम्रो कुरा भन्ने एउटै सिबाय दुईटा हुन सकेन। सुवेदारले कुरा घुमाए पनि हाम्रो कुरा घुमिएन। सुबेदारले हाम्रो कसूर पत्ता लगाउन सकेन। तैपनि हामीहरूलाई पालो बस्नेहरूले छोडेनन्। दिशा पिसाब गर्न जाँदा पनि सिपाहीहरू पछि पछि लागेर आउँथे।

एक दिन त्यहाँ पल्टनका सिपाहींहरूलाई किस्ता वितरण गर्न राइटरले हिसाव गर्दै थियो। यति जना सिपाहींहरूलाई यतियति हिसाबले यति चाहियो। त्यसमा गयल हुनेहरूको कटाउँदा जम्म यति चाहियो भनी हिसाव गरेर ढुकुटीबाट रकम निकाल्नु पर्ने थियो। त्यहा राइटरले हिसाब मिलाउन सकेन। हिसाब गर्दै जान्छन टोटल पटक्कै मिल्दैन। खुइटथ्या सास फेर्छ, पसिना पुछ्छन् फेरी माथिदेखि हिसाव गर्छन तर टोटल पटक्कै मिल्दैन। हिसाव नमिलेको तीन दिन भईसक्यो। भोलि त किस्ता बाँड्नै पर्छ हिसाव मिलाउन सकेन भने जागीर नै उड्ने भय!

मैले सोधें "राइटर साहेब के भयो ? तपाईं त अहिले निकै परेशान देखिनुहुन्छ ?"

"तपाईंहरूलाई मेरो काममा केको वास्ता ?" भन्दै हैरान भएर बोल्यो।

"तपाईं अति नै परेशान भएको देखेर माया लाग्यो, सक्छ भने सहयोग गरौं भनेर सोधेको हुं। यदि तपाईलाई आफनो जागीरको माया छ भने मैले भनेको कुरामा पनि ध्यान दिनुहोस्।"

"किन तिमीले पनि हिसाव गर्न जान्छौ ?" भनी सोद्धै राइटर नरम



Downloaded from http://dhamma.digital/

भएर कुरा गरे ।

"हिसाव त तपाई पनी नजान्ने होइन, तपाईंले हडबड गर्दै अलमलमा पर्नु भएकोले होस अन्तै परेकोले मात्र हिसाव नमिलेको हो ।"

"किन, तिमीले मैले भूल गरेकी कसरी थाहा पायौ ?"

"लौ फेरी एकपल्ट हिसाव गर्नु होस्त ।" राइटरले फेरि माथि देखि हिसाव गर्दै ल्याउनु भयो । जम्मा गर्‍यो, हातलाग्यो १० लिनु पर्ने ठाउँमा १ लिनु भयो । मैले भनें "तपाईंले हातलाग्यो १० लिनु पर्ने ठाउँमा १ लिनु भयो, अनि तपाईको हिसाब कसरी मिल्छ ?"

"धन्यबाद !" तपाईंको दयाले मेरो जागीर बचाउनु भयो, मेरा केटाकेटीलाई जीवन दिएको जतिकै लाग्यो, धन्यबाद !" भन्दै अति खुशी हुनुभयो ।

## बिगुल बजाउने पनि चलन रहेछ

एकदिनको कुरा- भोजपुरको-नेपालमा बिहान तोप पड्काउँदा बिगुल बजाउँथ्यो । त्यस्तै हामीलाई राखीराखेको ठाउँमा पनि यस्तै गर्थ्यो । मसँग बिजुलीवाल घडी छ । बिगुल बजाउने समय भयो, बिगुल बजाउनेले बिगुल बजाएन ।

मैले त्यस दमाईलाई भने "ए बुढा ! बिगुल बजाउने बेला भयो उठ !"

बुढा-"भएको छैन । अहिले देखि बिगुल बजाउँछ र ?"

त्यहाँ पानी घडी छ, पानी घडीको विश्वास गर्दो रहेछ । यो घडी मानिसको हातले चलाउनु पर्ने रहेछ । ठूलो बाटामा पानी राखेर त्यस पानीमा एउटा कचौरा पींधमा प्वाल पारेर पानीमा राख्दा त्यो प्वालवाट पानी चुहिएर कचौरा भर्‍यो कचौरा पानीमा डुब्दा एक घण्टाको हिसाव हुन्छ । कचौरा पानीमा डुब्ने बित्तिकै मानिसले कचौरा उठाएर पानी खन्याएर फेरि माथि राखि दिनु पर्छ । घडी पालो बसीरहेको सिपाही निदाइ रहेका थिए । पानीमा रहेको कचौरा डुविरहेको थियो । निद्राबाट उठेर हेर्दा कचौरा डुवीरहेको थियो । हत्तपत्त कचौरा निकालेर, पानी खन्याएर माथि राखि दियो । सिपाही नवोलीकन बस्यो । उसले केही पनी भनेन् । पछि उज्यालो हुनथाले पछि दमाई बूढालाई डाकेर लग्यो । बडा हाकिमले "किन बिकुल ढिला बजायौ ?" भनी सोधे । दमाई बूढाले पानी घडीलाई दोष दियो । पानीघडी पालेलाई पनि पक्रेर लग्यो । निदाएर बसेको थाहा पाए पछि पालेको जागीर खोसी दियो ।



Downloaded from http://dhamma.digital/

# नौ दिन थुनेर, तारिखमा राख्दा रु. २४००।- जरिवाना गर्ने योजना

फेरि एक दिन जाडोको समयमा सिपाहीले चीसो पेटी नबाँधी, पगडी नलाइकन राइफल कुनामा तेर्स्याएर दोलाई ओढेर मकल तापेर बस्यो। त्यस सिपाहीलाई मैले भनें ओभाइ ! चपट बस्ने यसरी बसिंदैन। पेटी बाँधेर पगडी लगाएर, राइफल समाएर एटेनशन भएर बस्नु पर्छ, अफिसरले देख्यो भने सजाय गर्छन्।"

सिपाही -"चूप लागेर बस ! थुनुवा भएर हामीलाई अनुशासन सिकाउने ? भनी मलाई हप्कायो, म चूप लागेर बसें। उज्यालो भएपछि ऐटन आइपुग्यो। चपटेको ढङ्ग देखेर "ए ! चपटे बस्ने त्यसरी हो ?" भन्दै बायाँ हातले सिपीको कठालो समाती उठाएर दायाँ हातले जमाएर एक झापड हान्यो। सिपाही रुन न हाँस्नु भएर पगडी लगाएर, पेटी बाँधेर, राइफल समाई एटेनसनमा बस्यो।

एकदिन बेलुकी हामी दुई जनाले बासकको कापमा टाउको देखि खुट्टा सम्म छोपेर पल्टी रह्यौं। खत्री सुबेदारको पालो थियो। सिपाहीहरू सबैलाई पालैपालो बेलुकाको खाना खान पठाए। बेलुकीको खाना खाएर आईसकेपछि सुबेदार नराम्रो बोलीले जिस्किन थाल्यो। "ए फलाना ! खाना खायौ ? "खाएँ हजूर" भन्यो, "रातीको भाग श्रीमतीसँग सुतेर आयौ ?" "नसुतीकन कहाँ छोड्छु हजूर" कतिपल्ट सुत्यौ ? "दुईपल्ट" कतिले त "एक पल्ट" भने। बिगुल बजाउने दमाइ बूढा आई पुग्यो। त्यसलाई पनि सोध्यो "ए बूढा ! तिमी पनि श्रीमती सँग सुत्यौ ?" के गर्ने हजूर ! बुढा भए पनि मन मान्दैन, एक पल्ट सुतेर आएँ।" "बूढासँग पनि तेज हुन्छ त ?" "तेज छैन हजूर ! तैपनि मन मान्दैन, जसोतसो चित्तसम्म बुझाउने हो।" सुबेदारको मनमा के कुरा उठयो कुनि "ए ! ती महात्माहरू निदाए कि हेर !"

मैले ओढ्ने हटाएर भनें "निद्रा आएन हजूर। तपाईंहरूले रामायण पाठ गरीरहनु भएको सुनीरहें" भन्दै व्यङ्ग्य हानें। त्यसपछि तिनीहरूले फोहरी कुरा गरेनन्। सिपाहीहरू खटाउन पर्नेलाई व्याखरी दिएर ठाउँठाउँमा खटाएर पठायो, बाँकी त्यही बसीरहे। माल अड्डामा नौ जना उपासकहरूलाई थुनी राख्याथ्यो। जुन जातपातमा कट्टर नेवारहरू भात पकाएर नखाईकन भटमास साँदेर भटमास च्युरा खाएर खैलाबैला गर्दै



Downloaded from http://dhamma.digital/

कुरा हल्ला गर्न थाले । मैले गीत गाए जस्तै लय हाली "धर्म गर्नेहरूलाई देवताले परीक्षा गर्छ कि, कतिसम्म चित्त बलियो छ भनी, मनले हरेस नखानू, अलिकति मार आउने बित्तिकै मन फर्क्यो भने जाँचमा फेल हुन्छ है । मन दुखाएर नकराउनू । भटमास साँधेर च्युरा खाएकोले आशामदु उपासकको दाँत भाँचियो, यो कुराको हल्ला फैलियो । नौ दिन थुनेर तारिखमा छोड्यो ।

त्यहाँका सिपाहीहरूले तीन महिनाको मात्र किश्ता पाउँछन । नौ महिना घरमै बस्छन् । फेरि तीन महिना भर्ना भएर किस्ता लिन्छन् । त्यस्तालाई नीति, ऐन, नियम केही थाहा छैन । भोलिपल्ट विहान सुवेदारले मलाई सोध्यो "महात्माजी हामीहरू यस्तो जङ्गलको पहाडमा हिंड्दै राजाले दिएको कमाइ खाएर ठूलो मान्छे भएर बस्यौं । के गर्नु हुन्छ के गर्नु हुन्न विचार गरिन्न, अर्काको छोरी बुहारी भनिन्नँ, मनपरी गरी हिँड्यौं, यस्तो अत्याचारको फल कस्तो भोग गर्नु पर्ने होला ?

सुवेदार साहेब ! तपाईंलाई बारम्बार धन्यबाद कर्मफल भोग भोग्नु पर्छ भन्ने ज्ञान हुनु सामान्य होइन "संसारमा कर्मफल भोग्नु पर्छ" भन्ने थाहा पाए जस्तै मन नपर्ने बिपाक भोग गर्नु नपर्ने, गर्न नहुने कर्म पनि नगरी बस्न सक्यो भने अत्यन्त उत्तम हुन्छ । अव तपाईले सोध्नु भएको प्रश्नको उत्तम थाहा पाउनको लागि सबभन्दा पहीले तपाईलाई म एउटा कुरा सोध्न चाहन्छु, तपाईंलाई थाहा भए जतिको उत्तर दिनुहोस् । हामीले जे सुकै काम गर्नु परे पनि, जहाँ जानु परे पनि पहिले मनले कल्पना गर्छौं ? हो ? हो हामीहरू मृत्यु पश्चात् पुनर्जन्म लिन्छौं, यो शरीर हो कि प्राण ? "त्यो हामीलाई थाहा भएन महात्माजी ।"

तृष्णाले गरेर कर्म बनाउँछौं । कर्मानुसार जन्म भएर विपाक भोग गर्छन् । शिकारीले बन्दुकमा गोली भर्छ, त्यो गोली कहाँ लाग्न जान्छ ?"जता ताक्यो उत्तै लाग्छ । त्यसरी नै मनको बन्दुकमा कर्मको गोली भर्छ, तृष्णाले ताकेको तीर यो प्राण उतैतिर लागेको जस्तै जन्म हुन जान्छ । यसरी नै जुन व्यक्तिको इच्छा पर स्त्रीतिर ध्यान लगाइ व्यभिचार गरी हिंड्छ, त्यस व्यक्तिको मन रात दिन युवतीहरूको गुप्त इन्दियतिरै मात्रै लागेको हुन्छ । तसर्थ त्यस्तो व्यक्तिको प्राण स्त्रीहरूको गर्भ गर्भमा फेरीरहनु पर्ने हुन्छ । गर्भमा वसी महिना हुनासाथ जन्म हुन्छ त्यहाँ चाँडै नै मृत्यु भई फेरि अर्को गर्भमा प्रवेश गर्छ । यही प्रकारले कर्मफल नसकेसम्म गर्भ मै घुमिरहनु पर्छ । यति भन्ने वित्तिकै सुवेदार बाकसमाथि उत्तानो पर्ने



Downloaded from http://dhamma.digital/

गरी ड्रगुङ्ग लड्यो। एकछिन बेहोस भएजस्तो गरी बस्यो, जुरुक्क उठेर फटाफट बाहिर निस्के। एघार बजेतिर क्याम्पाभित्र नपसीकन पर्खाल चढेर सिपाहीहरूलाई बोलाएर सोध्यो ती महात्माहरूसँग खानपिन गर्ने छ कि छैन हेर त!" सिपाहीले हामीहरूलाई सोध्यो हामीहरूले भन्यौं "तिमीलाई नै थाहा होला छ कि छैन ?" भएको त्यही सिपाहीले खाइदियो, त्यसैले तिमीलाई थाहा होला भनेको हो। सिपाहीले "छैन हजूर! भन्यो" मेरो घरमा गएर दाल र चामल ल्याइदेऊ" भनेर गए। सिपाही गएर, चामल, दाल र आलु ल्याई दियो।

त्यस दिनदेखि मलाई त्यत्तिको बन्धन कडा गरेन, दिसा पिसाव गर्न जाँदा सिपाहीहरू पछिपछि लागेर आएनन्।

एकदिन राइफल समातेर चपटे भइरहेको सिपाही बसीरहेको ढङ्ग नमिलेको देखेर "चपटे बस्ने यसरी होइन, यसरी बस्नुपर्छ लौ हेर।" भनी सिपाहीको राईफल लिएर म आफै बोकेर छाती फर्काई दायाँ हात अगाडि बढाएर 'लेफ्ट राइट' गरेर अघि पछि बढेर देखाएँ। सिपाही खुशी भएर मसँग भएको राइफल लिएर सिपाहीले पनि त्यसै गऱ्यो।

थुनुवाको हातमा राइफल दिने सिपाही के तालको भन्न मिल्छ, त्यस बेला यदि म राजनीतिको मान्छे भएको भए सकेसम्म विध्न गर्दैन होला र? "थुनुवा महाप्रज्ञा भिक्षुले सबै सिपाहीहरूलाई हातमा लिइसक्यो" भन्ने कुरा बडाहाकिमको कानमा पुऱ्याइयो। बडाहाकिमले "अलिअलि जरिवाना गरी छोड्नु पऱ्यो" भन्ने विचारले देवबहादुर साहुलाई बोलाउन पठाउनु भयो "लौ साहुजी तिमीहरू र तिम्रा गुरूलाई पनि दुःख भयो, यदि मेरो ऋण तिरी दियो भने म तिमीहरूलाई छोडि दिन्छु, धेरै होइन सिर्फ २४००।- रूपैयाँ बलि चढाइ दिउँ कि ?"

मैले भनें "दिनु पर्दैन साहुजी! कानाकौडी पनि दिनु पर्दैन, दोष नभएकाहरूलाई यति दुःख दिनेहरू, घूस दियो भने "यिनीहरू डराए, अवश्य पनि कसूर हुनुपर्छ भन्दै झन् केरफेर गर्छन। बरु त्यसलाई घूस दिने रकम खर्च गरेर नेपालमा जानुहोस। यो कुरा राजाको हजुरीमा जाहेर गर्नुहोस्"।

## देववहादुरको उजूर

देववहादुर साहुजीले त्यसै गर्नुभयो। नेपाल पुगेर देववहादुर साहूजीले सर्दार धर्मादित्य धर्माचार्यकहाँ पुगेर सबै खवर सुनाउनुभयो। धर्मादित्य धर्माचार्य सरकारी कर्मचारी भइ सकेकोले उपकार गर्ने कुरा नगरीकन



Downloaded from http://dhamma.digital/

"देश निकाला गरेकाहरू देशभित्र प्रवेश गरेपछि सरकारी माामलामा पर्दैन र" भन्दै झन् रिसाउनु भयो।

त्यसपछि देववहादुर साहुजीले धेरै बिन्ति गर्दा भोजपुरको बडा हाकिमको अन्याय जाहेरी गर्नु भयो। चन्द्र शम्शेर महाराजले बुझेर हेर है" भनी मकरध्वज कर्णेललाई हुकुम भयो।

भोजपुरको बडा हाकिमको एक जना दाजु मोहन शम्सेरको हजुरिया रहेछ। उसले भाइलाई बचाउन सक्दो कोशिश गर्‍यो। मकर ध्वज कर्णेलले उसको कुरा नसुनी श्री ३ महाराजको हुकुम मानेर काम गर्ने विचार गरी रहनु भयो।

उत्तर भोजपुरमा मैले सिपाहीहरू बसमा लियो भनेर झन् जेल भित्र राखी दियो। अमृतानन्द श्रामणेर एक जना मेरो सेवाको लागि सँगै थियो।

## जेलमा यस्तै हुन्छ !

जेलमा बस्नु र हात्तीसारमा बस्नु उस्तै हो। किनभने कैदीहरू एक जना अलिकति चल्यो कि सिक्री छिर्लिङ्ग छिर्लिङ्ग आवाज आउँथ्यो। त्यसताका हतकडी, गलफरण, सिक्री आदि बाँधिएका कैदीहरू धेरै थिए। उठ्दा, बस्दा, सुत्दा, पाइला चाल्दा सिक्रीकै शव्द सुनिन्थ्यो। सिक्रीले बांधिएको चोर, हतकडी पनि भएको सरकारी मामला बिगार्ने, गलफड पनि भएको ज्यान मारा! त्यसमा क्षेत्री एक जना चोरी आरोपमा परेकोलाई सोधें 'ए' भाइ! तिमीलाई हेर्दा खेरी त भलादमी जस्तो देखिन्छ, मुख पनि राम्रो छ, बदमासजस्तो देखिन्न, तिमी कसरी जेल पर्‍यौ ?

"महात्माजी। म साँच्चिकै को चोर होइन, प्रभु ! म जाल मा परेको चोर हुँ।" "किन कसरी जालमा पर्‍यौ ?

"यस गाउँमा एकजना व्राम्हण थिए। त्यो व्राम्हणले भनेको काम गरी दिएन भने उसले पिट्ने अनि पक्रेर लान्थ्यो।" मेरो घरमा चोर्न आएको चोर भन्दै थानामा बुझाई दिन्थ्यो। थाना र अदालतका हाकिम सबैले त्यस व्राम्हणको कुरा सुन्थ्यो। त्यो व्राम्हण आयो भने जसरी बच्चाहरूको अगाडि आमा देखा पर्दा सबै खुशी हुन्छन् त्यस्तै उसले चिया, रोटी, चुरोट बाँडिदिने भएकोले व्राम्हणको कुरा हाकिमले मान्दो रहेछ। त्यही व्राम्हणले मलाई चोरको आरोप दिंदा यसै जेलमा थुनियो।



Downloaded from http://dhamma.digital/

त्यसैले मलाई 'पटके' भनेर कसैले विश्वास गरेन । मैले आफनो जीवन निर्वाह गर्न सकिन । त्यसैले मेरो मनमा "जेलमै बसेर जीवन बिताउँछु" भनी घरधनीले देख्ने गरी पित्तलको थाल चोरें । धनीले देखेर 'चोर आयो' भनी हल्ला गर्दा सबै जम्मा भएर मलाई समाते, पिटे पनि अनि यस थानामा बुझाए । 'पुरानो पटके चोर' भनी जेलमै राखियो । यहाँ भोकै बस्नु पर्दैन, बाहिर मलाई जीवन निर्वाह गर्न गाह्रो भयो । यसैले म चोर हुन बाध्य भएँ, मेरो मन चोर होइन" मलाई बतायो ।

(२)

फेरि अर्को सन्यासीलाई घुँडा टेकाएर जेलर साहेबले कोर्रा हान्दा मौका मिल्दा त्यो सन्यासीलाई सोधें "भाइ ! तिमीलाई पिटेको देख्दा मेरो मन दुख्यो, किन तपाईंले के अन्याय गर्नु भयो ?"

"खोइ ! गुरु सहाराज ! के भनौं ? संसार मनुष्य जातिको भए पनि पशुगति जस्तै बलियाहरूको संसार, गरीबलाई धनीले दवाएर अदालत, सरकार, टोलबासीहरू पनि धनीकै पक्षमा गरीबको पक्षमा कोही छैनन् । धनवानहरूले गरीब, सोझा, सीधाहरूलाई अत्याचार गर्ने संसारको स्वभाव नै हो कि ? धनवान् बलवान्ले गरीब र निर्बलहरूलाई अन्याय गर्दा सरकारले न्याय दिलाई दिनुपर्ने हो । न्याय दिनु पर्ने सरकारले पनि धनीकै पक्ष लियो भने यस संसारलाई मनुष्यलोक नभनी पशुलोक वा नर्कलोक भने हुन्छ । मलाई के भयो भने मैले बालबच्चाहरूको व्यवहार चलाउन सकिन । मेरो गाउँमा अति धनी टेक प्रसाद भन्ने ब्राम्हण थियो । त्यस ब्राम्हणले हामीलाई बोलाएर भन्यो -"किन भाइ ! तिमीहरूले गर्नु पर्ने कर्तव्य नै नगरी नामर्द भएर बसेको, किन पैसा छैन र ?

"पैसा भएको भए नामर्द हुने थिएन बाजे"

"किन यस गाउँमा तिमीहरूले आधार लिने कोही भेटेनौ ? तिमीहरूले मुखमा दही जमाएर बस्यौ, कहिल्यै यसो आएर दुःखसुखको कुरा गर्नु छैनौ, अनि तिमीहरूले दुःख पाउँदैनौ र । म यहाँ हुँदा पनि तिमीहरूको एउटा दुःख पनि टारिदिएन भने मसँग भएको धन के काम ? कति चाहिन्छ लैजाऊ, बेइमानी नगर्नु होला, चाहिने बेलामा चाहिए जति लगेर काम चलाऊ ।" ।

म अति नै खुशी भएँ, "परमेश्वर नै भेट्टाएँ" भनी त्यो ब्रामहणसित पैसा लिएर सांसारिक व्यवहार चलाउँदै गएँ । बर्ष दिन पुगेपछि ब्राम्हण बाजेले मलाई डाकेर भन्यो "भाइ ! दामको व्याज लाग्छ । सयकडा



Downloaded from http://dhamma.digital/

दशको हिसावले रु. हजारको सय भयो । अव तिमीले सय रूपैयाँ व्याज दिन्छौ कि त्यही साउँमा जोडौं ?"

"म अहिले व्याज तिर्न सक्दिनँ, साउँमै जोडेर राख्नुहोस् ।" भने । "त्यसो भए एक टुक्रा कागजमा लेखेर राखौं । म बितें भने मेरा छोराहरूले थाहा नपाउलान्, कतिले त बढी भन्न बेर छैन । कागज भयो भने कागजमा लेखे जति ठहरिन्छ । बढी भन्न सक्दैन । त्यसैले एउटा कागज गरी राखौं है ।"

"हुन्छ, बाजेले हरेर के गर्नु पर्ने हो, गर्नुहोस् ।" भनें ।

त्यस व्राम्हणले व्याज पनि साउँमा जोडेर व्याज पनि साउँ गरेर कागज लेखी सही गर्न लगायो । मैले सही गरिदिएँ । बर्ष दिनमा व्याजमा व्याज लगाई दियो । अर्को व्याज पनि त्यही साउँमा जोडेर दाम लिन नपाईकन साउँ थप्दै लग्यो । पछि साहु तिर्न नसकेपछि आफ्नो जग्गा जमीन त्यही व्राम्हणलाई बन्धक राखी हामी सपरिवार आछाम तिर गयौ । आछाममा चार बर्ष बसेर केही कमाएर फर्कें । त्यस व्राम्हण संग ऋण लिएको दाम तिरेर जग्गा फिर्ता लिएँ तर कागज च्यातेनन् । मकै छर्ने बेला मकै छरें । बाली भिन्याउने वेला पहरेदार राखीराख्यो, मकै भाँच्न दिएको होइन । मैले सोचें -"आफ्नो जग्गामा आफैले रोपेको मकै भाँच्न केको डर" भनी सपरिवार पुगेर फटाफट मकै भाँच्यौं । त्यस व्राम्हणले थानामा रिपोर्ट गर्‍यो । पुलिस ल्याएर हामी सपरिवारलाई एउटै डोरीमा माला गाँसेको जस्तो बाँधेर ल्यायो । यस थानामा पुगेपछि सिपाहीहरूले हामीलाई कोर्राले हाने । हामीहरूको भूल भयो नभने सम्मन हामीलाई कुटे । थाना पनि त्यही व्राम्हणले किनेको जस्तो छ, अदालत पनि त्यही व्राम्हणले किनीराखेथ्यो । त्यो वाहुनले भनेजस्तै गर्थ्यो । भूल भयो भन्न लगाए पछि हामीलाई हतकडी लगाएर यस जेलमा थुने । अब यहाँ रिहा गर्दा पनि हाम्रो जग्गा हामीलाई पाउँदिन होला" भन्दै रोयो ।

(३)

तत्पश्चात् फेरि ज्यानमारा भन्नेहरूसँग पनि छलफल गरें । तिनीहरू पनि धेरैजसो त्यही व्राम्हणको जालमा परेको रहेछ । गाउँका ग्रामवासीहरू सबै उसैको अधीनमा परिराखेको थियो । उसले भने जस्तो गरेन भने एक एक वटा बहाना बनाई, झगडा गराई पक्राउने । थानामा त्यस व्राम्हणले भनेको सदर गर्ने, भए नभएको साक्षी बकाउनेहरूलाई पनि बाहुनबाटै सदर गरेर साक्षी बकाउने रहेछ । बाहुनदेखि सबै त्राहिमां



Downloaded from http://dhamma.digital/

थिए। त्यसैले त्यो वाहुनले भने जति नै सदर भइरहेकोले गाउँमा त्यो वाहुन राजा समान थियो।

## जेलमा "ओममणि पद्मे हुँ"

जेलमा बसुन्जेल मैले पाली भाषाले पाठ नगरीकन भोटे भाषावाट पाठ गर्ने गर्थे। जेलको अफिसर तामाङ्ग जातको रहेछ। त्यो अफिसरको मनमा श्रद्धा चित्त उत्पत्ति भई एक दिन मेरो अगाडि आएर सोध्नु भयो "तपाईं लामा जस्तो देखिन्छ, हजूरले मणि अर्थ बताउन सक्नु हुन्छ ?"

मैले "लुङ छ ?"

"छ।"

"वाङ पनि छ कि ?"

"छ।"

"लुङ कसले दियो ?"

"फलाना लामाले।"

"वाङ कसले दियो ?"

"फलाना लामाले"

"त्यसो भए एक दिन एउटा दियो, धूप, फूल लिएर आउनुस् भने तपाईलाई म माणिको अर्थ बताउँछु भनें। अफिसर खुशी भएर आफ्नो ड्यूटी लाग्नु भयो।

एकदिन फुर्सत मिलाएर फूल, धूप, दियो लिएर आउनु भयो। उहाँलाई माणेको अर्थ बताइदिएँ।

माणे =मणि = ओं म णि प द्मे हुं, "ह्रि"

(१) ओं - श्वेत वर्ण

(२) म - हरियो वर्ण

(३) णि - पहेंलो बर्ण

(४) पद् - नीलो वर्ण

(५) मे - रातोवर्ण

(६) हुं - धूम्रवर्ण

(७) ह्रि - श्वेत

ओ- देवलोकको करुणा मन्त्र, म- दैत्यलोकको करुणा मन्त्र,, णि -मनुष्यलोकका, पद् - तीर्यलोकको, मे -प्रेतलोको, हुं -नरकालोकको, ह्रि -आफने हृदय।



Downloaded from http://dhamma.digital/

बायां हातले जपमाला समाएर आफनो छातीमा हात राखेर, ओं मणि पदे् हुं ह्रि् जप गर्ने । आफनो हृदय चक्र एक कल्पना गरी छ वटा अक्षर षडाक्षर ह्रिलाई घेरेर राखेको चक्का घुमिरहेको भनी कल्पना गर्ने ।

ओं श्वेत अक्षरले श्वेत ज्योति उत्पन्न भइ देवलोक पुग्यो देवताहरू लाई आनन्द भयो ।

म हरियो अक्षरले हरियो ज्योति उत्पन्न भई दैत्यलोकमा पुग्यो दैत्यहरूलाई आनन्द भयो ।

णि अक्षरले पहेंलो ज्योति उत्पन्न भई मनुष्यलोकमा पुग्यो मनुष्यहरूलाई आनन्द भयो ।

पद् अक्षरले नीलो ज्योति उत्पन्न भई तीर्यक्लोकमा पुग्यो तीर्यक् हरूलाई आनन्द भयो ।

मे अक्षरले रातो ज्योति उत्पन्न भई प्रेत लोकमा पुग्यो प्रेतहरूलाई आनन्द भयो ।

हुं अक्षरले धूम्रवण ज्योति उत्पन्न नर्क लोकमा नर्क लोकलाई आनन्द भयो ।

पछि सकल षट्गतिका प्राणीहरू आफ्नो हृदयमा भएको "ह्रि्" अक्षरमा लीन भएर गए भनी ध्यान समाप्ति गर्ने । इति ।

"पहिले गर्नु पर्ने अर्थात् प्रारम्भ गर्नु पर्ने कुरा दीक्षा दिने गुरुले बताउनु नै भयो होला, मैले बताई रहनु पर्दैन ।" भनी जेलरलाई बताई दिएँ । उहाँ सन्तोष भएर मेरो दुइटा खुट्टा तानेर ढोगेर "हजूर मेरो गुरु" भनी गुरु स्थापना गर्नुभयो ।

## कैदीहरू पनि पल्टेर आए

एक पल्ट त्यहि चोर भनेर बाँधेर ल्याएको सन्यासीलाई घुंडा टेकाएर कोर्रा हानीरहँदा ऊ चिच्याएर रोएको सनेर हेर्न जाँदा मेरो र जेलरको आँखा जुध्यो । जेरल पिट्न छोडेर चूपचाप भित्र पस्नु भयो । एक दुई घण्टा पछि बिस्तारै मसँग बस्न आउनु भयो "के गर्ने ! कैदीहरूलाई एक दुई पल्ट यसरी तर्साएर राखेनौं भने हेप्न आउँछन्, त्यसैले आज सन्यासीलाई पिटेको हो ।" भन्नु भयो ।

मैले "हो सुधार्नको लागि गुरुले शिष्यलाई पिट्नु पर्छ, आमाबाले छोराछोरीलाई तर्साउनु पर्छ, सरकारले प्रजाहरूलाई सजाँय गर्नु पर्छ । त्यसो नगरी मैले जे गरे त्यही ठीक भनी ठूलो बनी, गरीबलाई सताउन



Downloaded from http://dhamma.digital/

खोज्यो भने त्यसको बदला तिर्नुपर्ने हुन्छ ।" भने ।

त्यो दिन देखि जेलरले कैदीलाई सजाँय गरेन । नत्र कैदीहरूको केही कसूर देख्यो कि घुँडा टेकाएर कोर्राले हान्थ्यो ।

त्यसबेलादेखि कैदीहरूले मलाई अति नै मान्न थाले । सेवा गर्न आउन थाले । मैले पनि बेलुकी तिनीहरूलाई नित्य भजन गर्ने प्रथा बनाई दिएँ । भित्रै कैदीहरूले ओछ्याइ राखेको बाखीको छालाको खैंजडी बनाई दिएँ भने बाँसको सितार ! अमृतानन्द श्रामणेरले सितार बजाउँथ्यो भने म खैंजडी ! कैदीहरूले गीत गाउँथे गीतको अर्थ पनि बताइ दिन्थे । क्रमशः धर्मको व्याख्या पनि हुन थाल्यो ।

एक दिन माल अड्डामा बदल्न सुब्बा साहेव आउने थाहा पाएर कस्तो चाहिं आउने हो भन्ने वहाना बनाएर थानाको डिठ्ठा बाहुन जेलभित्र पस्यो । जेलमा पहरा बसेका सिपाहींहरूले सलामी दिए । डिठ्ठा बाजे पस्ने वित्तिकै सबै कैदीहरू हरर दगुरेर रूँदै खुट्टा ढोग्न पुगे । म र अमृतानन्द दुवैले नटेरिकन बस्यौं । डिठ्ठाले हामीलाई क्वारक्वारती हेर्न थाल्यो । हामीहरूले वास्तै नगरीकन उसैलाई "सुखी होस् !" भनी मैत्री राख्दै थियौं । डिठ्ठा त्यहाँका कैदीहरूको आर्तनाद सुन्दै मुसुमुसु हाँस्दै जेलभित्र क्रमशः घुम्दै हामी कहाँ आइपुग्नु भयो । हामीहरूले वास्तै नगरी बस्यौं । डिट्ठा आफैले सोध्नु भयो "महात्माहरूको केही खबर आएन खोइ ?"

मैले -"आइहाल्छ नि, के को हतार ?"

डिट्ठा -"हजूरहरूलाई तकलिफ भयो कि ?"

मैले -"छैन, जहाँ बसेपनि बस्ने नै हो, कुनै काम बित्छ भन्नु पर्दैन, भोकै छु भन्नु परेको छैन, सरकारले नौपैसा खुवाइ राखेकै छ । हतार गर्नु पर्ने किन र ?"

डिट्ठाले हामीलाई खुसामत गराउन कुरा गरीरहेको थियो । हामीले झन् हतार छैन भन्ने कुरा सुनाउँदा डिट्ठा नबोलीकन बाहिर निस्क्यो ।

## कैदीहरूको दुःख हरण

डिट्ठा बाहिर निस्कनासाथ मैले सबै कैदीहरूलाई सम्बोधन गरें । दलानमा उभिएर भाषण गरें "हेर दाजुभाइहरू कृष्णको शरणमा गएका पञ्च पाण्डवहरू नर्कमा गए जस्तै जुन डिट्ठाले हामीलाई जेलमा राख्छन, त्यही डिट्ठा को शरणमा पर्ने तिमीहरू कतिको मूर्ख त्यस्तालाई सक्छ



Downloaded from http://dhamma.digital/

भने हामीहरूले यहाँ भित्र पस्न नदिऔं, त्यस्ता पापीहरू त यस्तो पवित्र तीर्थस्थलमा पस्न योग्य छैन। यो जेल भनेको कस्तो तीर्थस्थल हो तपाईहरूलाई थाहा नै होला। कृष्ण भगवान् जन्म भएको तीर्थ स्थल हो। हाम्रो भक्ति भावनको पुण्यले एक एक बहना बनाई गृहस्थााश्रमको माया जाल छोडेर, कारोवारको झन्झटबाट मुक्त भई एक चित्त गरी भक्ति गर्ने स्थान हो। यस्तो स्थानमा त्यस्ता लोभी, पापी, घमण्डी, अन्यायी, दयामाया नभएका निर्दयीहरूलाई पस्न दिनु हुन्न नितीहरू देखि डराउने किन ? उनीहरूले पक्रेर जेलमा राख्छ भनेर डराउने हो। जेलमा राखीराखेको छ। अब यहाँ भन्दा बढी ज्यान लिन सक्दैन, डराउनु पर्ने किन? कति अन्याय गरीराखेको देख्यौं ? म्याद बिना हामीलाई जेलमै राख्यो कति बसीरहनु पर्ने हो ?" भन्ने कुरा बताएर नित्य विहान एकपल्ट भाव भक्ति गर्ने उपदेश दिई रहें। बिहान भक्ति, पाठपूजा, दिनमा सद्उपदेशको चर्चा, बेलुकी संकीर्तन गर्न लगाएर कैदीहरूको दुःख भुलेर खुशी भएर बसें।

एक दिन माल अड्डामा सुब्बाको बदली हुँदा नयाँ सुब्बालाई डिट्ठाले जेल अवलोकन गराउन ल्यायो। डिठाले "हेर ! कैदीहरू माल अड्डाको नयाँ सुब्बा साहेब। तिमीहरू सबैले सलामी देऊ।" भन्यो।

कैदीहरू सबै उठेर आआफनो लँगौती कस्दै सलाम, सलाम भन्दै सुब्बा साहेब तिर छोप्न हिंड्दा सुब्बा र डिठ्ठा भागे। त्यहा देखि हाकिमहरू जेलभित्र प्रवेश गरेनन्।

## कैदीहरूको विलाप

यो कुरा बडा हाकिमकहाँ पुग्यो। तिनीहरू बिच कुरा हुन थाल्यो, "यस जेलका कैदीहरू पहिले यस्तो थिएन्, अहिले के भएको हो ? अवश्य पनि यहाँ भिक्षुहरूलाई बन्दी बनाउन ल्याएपछि यो सब हुन गयो। मालमा बस्दा सिपाहीहरू हातमा लिए, जेलमा राख्दा पनि कैदीहरू बसमा लिइ, हाकिमहरू भित्र पस्न सकेनन्, अब के गर्ने हो ?"

बडा हाकिमले देवबहादुर साहुजीलाई डाक्न पठाएर भन्यो "साहुजी ! तपाईको गुरूहरूको तोक आइपुग्यो। महाप्रज्ञा र अमृतानन्दलाई जहाँबाट आएको त्यहीं नै अड्डासार गर्दै सिमाना कटाएर बाहिर निकाला गरिदेऊ भंने तोक आयो, तपाईंको केविचार छ ?"

"हजूरको कानूनमा जे छ त्यही गर्नुहोस, हजूरको तजबीजले के गर्नु



Downloaded from http://dhamma.digital/

पर्ने हो गर्नुहोस्, म के भन्नूँ ?"

सन्यासीले भनेको कुरा मिल्यो । एकदिन त्यही दण्ड पाउने सन्यासीले भनेथ्यो "हजूर यस बन्धनमा धेरै बस्नु पर्दैन, चैत महिना सकेर बैशाख लाग्दा यी दुई महिनाको बीचमा बाहिर निस्कनु हुन्छ ।" मैले भनें "यदी यो कुरा साँचो ठहरियो भने तिमीलाई नयाँ धोती दिन्छु ।"

त्यो कुरा मिल्यो, एउटा धोती किनेर राखें । बैशाख संक्रान्तिको तीन दिन अगाडि कुरा निस्क्यो । त्यो दिनदेखि कैदीहरूले दुःख माने, कोही कोही त रुँदै भन्न थाले -"गुरू महाराज ! हजूरको दयाले हामीहरूले यहाँ दुःख बिर्सी रह्यौं, हजूर त यस नर्कबाट मुक्त हुनु हुनेछ, तत्पश्चात् हामीहरू पहिले झैं दुःखी बन्नु पर्ने हुन्छ । पहिले यस जेलरले हामीहरूलाई कति शासना दिने हो, हजूरको दयाले गर्दा हामीलाई शासना गरेनन्, अव फेरि पहिले जत्तिकै शासना (दुःख) दिने भयो ।" भन्दै रुन थाले ।

"अब तिमीहरूलाई शासना दिंदैनन्, यो जेलर भएसम्म तिमीहरू डराउनु पर्दैन, पछि कस्तो आउने हो ? त्यो चाहिं थाहा छैन ।"

## बिर्सन नसकिने बिदा लिएर बाहिर निस्कें

मसान्तको दिन "आज तिमीहरूलाई निकाल्छ" भन्ने खबर ल्यायो । खबर थाहा पाएदेखि न त्यहाँका कैदीहरूले मलाई के दिऊँ, के दिउँ भई, आआफैले प्रेम गरी लाई राखेको रूदाक्ष माला फुकालेर रूँदै रूँदै दान दिएर ढोग्दै, फर्की आँशु पुछ्दै मेरो अनुहार हेरी रहें । जेल बाहिर मैदानमा उत्तरतिर सर्वसाधारण जनता भरिभराउ थिए । दक्षिणतिर पल्टन सहित बडाहाकिम, अफिसर र कर्मचारीहरू भरिभराउ थिए । म भित्र कैदीहरूको स्नेहले अल्मलि रहेको थिएँ । बाहिर थानाका डिट्टा कराई रह्यो "हे भिक्षुहरू छिट्टै बाहिर निस्कनू के गरेर बसीरहेको ! अव तिमीहरू बसीरहनु भएन, छिट्टै बाहिर निस्कनू" भन्दै करायो । भित्र कैदीहरूलाई आशीर्वाद दिएर हामी दुवैजना जेलबाट बाहिर निस्क्यौं । बाहिर लावालश्कर भरिभराउ थियो । दक्षिणतिर हेर्दा पल्टन शोभायमान देखिन्थ्यो । अफिसरहरूलाई दाँयाबाँया राखी कर्मचारीहरूलाई सेवा गर्न लगाई बडा हाकिम उभिरहनु भएको थियो । उत्तरतिर सर्वसाधारण जनताहरू को अवाज गुन्जियो "गुरुजी ! लाज मान्नु पर्दैन, तपाईं चोर, डाँका, बदमास, राजनीति गरेर जेल पर्नु भएको होइन् । धर्म प्रचार गरेकोले जेल पर्नु भएको हो । शिर ठाडो पारी यता हामीलाई दर्शन



Downloaded from http://dhamma.digital/

दिनुहोस् ।" मैले एकपल्ट मुसुमुसु हाँस्दै सर्वसाधारण जनताको अनुहार हेरें, सबैले नमस्कार गरे । बडाहाकिम र थानाको डिट्टा दुईजना फौज छोडेर अगाडि आउनु भयो र मलाई सुनाए । "भिक्षुजी ! हजूरहरू महात्मा हुनुहुन्छ भने भनी रहनु पर्दैन, मैले दुःख दिएको होइन, के गर्ने ? सरकारको निमक खाइरहेको छु, कानून बमोजिम् कारवाही गर्नु नै पर्‍यो, क्षमा गरिदिनुहोस्" भन्नु भयो ।

मैले भनें "हाकिम साहेब ! हामीहरूले कसैलाई दोष दिने धर्म होइन । यो सबै आआफनो कर्मको फल हो । म पनि पहिलेको जन्ममा बडाहाकिम भएर साधु महात्माहरूलाई दुःख दिएँ होला । त्यही कर्मको विपाकले धर्म गरिरहँदा पनि बन्धनको सजाँय भोग्नु पर्‍यो । यस्मा तपाईको दोष छैन ।

बडाहाकिमको छातीमा वाण लाग्यो । शिर निहुर्‍यायो । डिट्टाले दुईजना सिपाहीलाई खटाएर "लौ जाओ ! तिमीहरू दुई जना सँगै गएर यस भिक्षुलाई धनकुटाको अदालतमा जिम्मा दिएर "जिम्मा लिएँ" भन्ने कागजमा सही ठोकेर ल्याउनू भन्दै बिदा दिएर पठायो । सिपाहीहरूको साथमा हामी बाहिरियौं । जेलरले पनि बाटोमा पुर्‍याउन आउनु भयो । रु.तीन दान दिएर "मलाई नविर्सनू" भन्दै जेलरको सपरिवार भएको तस्वीर दिएर ढोगेर फर्कनु भयो । त्यो दिन ढिला भएकोले टक्सार पुगेर श्री शाक्यमुनि विहारमा रात बिताएँ । भोलिपल्ट सबै उपासक उपासिकाहरू भेटन आए, यथा शक्तिः दान दिएर बिदा गरे । दुई जना सिपाहीको साथमा हामीहरू धनकुटा तिर लाग्यौं । बाटोमा हिंड्दा हिंड्दै एउटा यस्तो घटना घट्यो । भिक्षुहरूको अन्तकाष्ट = दायाँ हाततिर खुलेको बायाँ हात पसाएर दाँयाँतिर कोखामा टाँख राख्ने अन्तकाष्ट = बाहुला छाता बोकी राखेको थिंए, छाताको चुच्चोमा एउटा पोको बाँधी राखेको थिएँ । अकस्मात् हुनै नसक्ने घटनाः त्यो लगाई राखेको अन्तकाष्ट कसरी झर्‍यो ? बायाँ हातले छाता समाएँ र पनि पछाडि झुण्ड्याइ राखेको छु । त्यो लगाई राखेको अन्तकाष्ट बायाँ हातले छाता कुममा झुण्डयाएर राख्दा पनि अन्तकाष्ट कसरी झर्‍योहोला ? अद्भुतको घटना भयो । यो राम्रो घटना होइन भन्ने मनमा सका भयो । अरूण नदीमा पुग्यौं । पिखुआ नदी बीच एक ठाउँमा बास बस्यौं । भोलिपल्ट त्यहाँबाट उठेर अरूणघाट तर्‍यौं । जङ्गल हुँदै पहाड चढ्दै जाने क्रममा त्यहाँ मलाई के भयो थाहा पाइन । पाइला बढाउन सकिएन, पूरै जीउ



Downloaded from http://dhamma.digital/

दुख्न थाल्यो, उठेर बस्न पनि सकिएन । सिपाहीहरूलाई सिर्फचार दिनको टायम (समय) थियो, पाचैं दिनमा भोजपुरमा हाजिर हुनु पर्ने भएकोले उनीहरूलाई फसाद पर्‍यो । मलाई होस नै भएन । भोलिपल्ट विहान ममा होस आयो । पहाडको एउटा घरमा दलानमा मलाई सुताई राखेको थियो । अमृतानन्दलाई सोधें "आयुष्मान् ! मलाई के भयो ? यहाँ कसरी आइपुगें ?" सिपाहीहरू दुईजना झोक्राएर बसेका थिए । अमृतानन्दले मलाई "भन्तेलाई हिजो हनहनी ज्वरो आउँदा केही होस भएन, यही सिपाहीहरूले पालैपालो बोकेर यहाँ पुर्‍याए । मध्यरातमा यताउति खोज्दा झाँक्री भेट्टाएर देखाएँ । झाँक्रीले भोजपुरको सिद्धकालीको दोष देखायो, सिद्धकालीको नाममा एक जोर परेवा उडाइ दियो उठ्न खोजें उठ्न सकिएन जिउभरीका प्वालहरू खुला भए जस्तौ लाग्थ्यो । अब के गर्ने ? नगई नहुने, ल जाऔं भन्दै उठें लड्ला, लडला जस्तै भई थुर थुर कामिरहेको थिएं । अमृतानन्दले भन्यो "भन्ते ! सक्दैन, नजानुहोस् नजानुहोस् भन्ते ! नसकीकन किन जानु हुन्छ ? आज एक दिन ढिलो भएर के हुन्छ ?" भन्दै मेरो चीवरको फेरो समाती ह्वां ह्वां रोयो । अमृतानन्द रोएको देखेर माया लाग्यो । बसेर अमृतानन्दलाई फकाएँ - "अमृत ! नरोऊ, यस बाटोमा हामीले ढिला गर्‍यौं भने सिपाहीहरूलाई फसाद हुन्छ, तिनीहरूलाई चार दिनको मात्र टायम छ, दुई दिन लगाएर फर्कनु पर्छ,, आज हामी धनकुटा पुग्यौं भने हामीलाई पनि आनन्द उनीहरूलाई पनि आनन्द, जसरी भए पनि पुगौं ! नरोऊ" भन्दै फकाएँ । अभृतानन्दले मलाई बोकाएर लान भरिया खोज्न हिडे, कोही भेट्टाउन सकेन, नभेटे पछि सिपाहीहरूलाई भन्यो "ए सिपाही दाइ ! हेर मेरा गुरुले तिमीहरूको लागि आफनो शरीरको ख्याल नगरी जबर्दस्ती जाने कोशिश गर्नु भयो, ढलमल गरेको, थुर थुर काम्दै हिंडेको कसरी हेर्नु ? बोक्ने मान्छे कोही भेट्टिएन, हिजो जस्तै तिमीहरूले पालैपालो बोक, तिमीहरूलाई म तीन मोहर दिन्छु, लौ बोक ! धनकुटा पुग्नासाथ तिमीहरूलाई पनि आनन्द हुन्छ सीपाहीहरूले दया गरी बोकी लगे पर्बत देउराली पुग्यौं । ब्राम्हण गाउँमा रोकेर हामी दुई जना र सिपाहीहरूलाई भात पकाउन लगाएँ । भात खाइसकेपछि त्यहाँ देखि उकालो चढ्नु परेन । म पनि बिस्तारै हिड्न थालें । दुई बजे तिर पर्बतको टुप्पोबाट धनकुटा देखियो । सिपाहीहरूले त्यहाँ हो । धनकुटा भन्यो धनकुटा पनि देखियो । म पनि छ्याङ्ग भएर रोग हरायो । आनन्दले पर्वतवाट ओरालो



Downloaded from http://dhamma.digital/

लाग्यौं । घाम पनि डुब्यो हामी धनकुटा बाजारमा पुग्यौं । अड्डा खुलेन त्यही एक ठाउँमा बास बस्यौं ।

## धनकुटा जेलमा

भोलिपल्ट पनि अड्डा खोलेन विदा थियो । सम्पूर्ण कर्मचारीहरू कोटमा उभिरहेका थिए । त्यही गएर सोध्न गयो, चलानी कागज देखायो, हाकिम हेर्न आउनु भयो । हाकिमले "बिदाभर यिनीहरूलाई पठाउन सकिदैन, यिनीहरूलाई एक ठाउमा राखी राख" भन्यो । कहाँ राख्ने, थुनुवालाई त थुने त्यही जेल मात्रै छ, अन्त कतै छैन भनी हामीलाई पनि त्यही जेलभित्र लगेर राख्यो । जेलभित्र बडाबडा बिद्धानहरू, राजनीतिज्ञ, व्राम्हणहरू छन् । तिनीहरूले मलाइ देखेर परस्पर कुरा गरे । "भोजपुरको टक्सारमा बुद्ध मूर्ति बनाउने यही हो" भने ।

"अड्डा नखोलेसम्म यहीं नै बस" भनी छोडर गए, बिदा सिद्धेर पनि अड्डा खोली सक्यो । तैपनि हामीलाई के गर्नु पर्ने हो, गरेनन् ।

जेलभित्र राजनीतिमा लागेका आठजना विद्वान् थिए । ती आठजना मध्ये बेद पारंगत पण्डित एक व्राम्हण पनि थिए । त्यही पण्डित बिस्तारै मकहाँ आएर म सँग सत्सङ्ग गर्न थाल्यो । अध्यात्मज्ञान = परमार्थज्ञानको विषयमा निकै छलफल गर्‍यौं । भान्छे बोलाउन आउँछन् । "भन्छा ठीक भयो" भने पछि भात खाएर फेरि मसँग कुरा गर्न आउँछन् । "महात्माजी यो के भनेको ?" भनी श्लोक पाठ गर्छन् । म भन्छु "मैले संस्कृत पढेको छुइनँ तसर्थ त्यस श्लोकको अर्थ बताउन सक्दिनँ ।"

"अर्थ त मलाई थाहा छ महात्माजी ! हामीलाई अर्थले मात्र पुगेन भावार्थ चाहियो"

"उहाँले संस्कृतको शब्दार्थ व्याख्या गरी सुनाउनु हुन्छ । त्यसको भावार्थ म आफ्नो अध्यात्म मिलाएर बताउँछु, पण्डित अति नै खुशी हुनु भई सन्तोष हुनुहुन्थ्यो ।"

एक दिन मैले भनें "पण्डितजी ! हजूर यतिको धुरन्धर पण्डित हुनुहुन्छ तैपनि मलाई अति नै प्यार गर्नु भयो किन ?"

पण्डितले "म पण्डित हुँ महात्माजी ! सिर्फ शव्दमा पण्डित मात्र भइरहें, शव्दार्थमा पण्डित मात्रले ज्ञान खुल्दैन, हजूरलाई शव्दार्थ थाहा नभए पनि धर्माथ र परमार्थ हजूरले बुझ्ने गरी, हृदयमा गड्ने गरी बताइदिनु हुन्छ त्यसैले हजूरको गुणलाई मैले प्यार गर्दै आएको हुँ ।"



Downloaded from http://dhamma.digital/

# जेलमा गण नायक

एकपल्ट त्यो पण्डितले एक आश्चर्यको कुरा सोध्यो "महात्माजी ! सार संग्रह भनेर श्लोक एउटा लेखेको छ भन्दै श्लोक भट्याउँदै शब्दार्थको अर्थ बतायो । शब्दार्थ = एउटा बोकाको रूप देखाउँदै - बोकाको आठवटा खुट्टाछन्, शिर तीनवटा, आँखा तीनवटा, जिह्वा(जिब्रो) पाँचवटा, कान एउटा, पुच्छर दुइवटा, सिङ्ग तीनवाट, शरीर एकवटा ब्याकृत भइरह्यो ।

भावार्थ - यसरी मैले बताएँ "पण्डितजी ! यसमा खुट्टा भनेको आचर = चर्या गर्ने हो, आठवटा खुट्टा भनेका अष्टाङ्ग पूर्ण को चर्या हो ।

बोका भनेको - विधिपूर्णको धर्म भएता पनि एक जीवित प्राणी जस्तै हो ।

शिर भनेको - धर्मको मूल हो - यथा - शिर - सुसंगत, विचार, परिशुद्ध शील ।

आँखा तीनवटा भनेको - स्वभाव धर्मलाई यथार्थ देख्ने आँखा हो । यथा : विचार चक्षु, ज्ञान चक्षु र प्रज्ञा चक्षु हो ।

जिह्वा दुईवटा भनेको - इन्द्रिय वा विचार ज्ञान रसले थाहा पाउने ।

कान एउटा भनेको - रूपादि विषय रहित अवस्थामा एउटा गुन्जेको ध्वनि सुन्ने ।

दुइटा पुच्छर भनेको - दुई प्रकारको विपाक - मन पर्ने र नपर्ने विपाक ।

तीनवटा सिङ्ग भनेको - सिङ्ग भनेको कलेश हो, यक्षसँग संग्राम गर्ने शस्त्र हो ।

यथा :- जंजाललाई तोडेर विषयलाई टुक्रा पारेर हटाउने हो । त्यो अं:हमभावलाई जरैदेखि उखेलेर फयाँक्नु हो ।

शरीर एक भनेको - सम्पूर्ण विधिको सार अत्यन्तानन्द एक मात्र हो । यस प्रकारले भावार्थ बताएपछि पण्डितले भन्नुभयो "धन्य धन्य धन्य महात्मजी ! हजूरले त यो भावार्थ मात्र होइन परमार्थ नै बताउनु भयो हजूरले यो परमार्थ बताउँदा स्पष्ट हुन्छ कि पूर्व जन्म मात्र होइन, अनेक जन्मदेखि नै अध्यात्मज्ञानको चर्या गर्नु भएको संकेत देखिन्छ । एक जन्मको पुण्यले मात्र यति परमार्थ खुलेर बताउन सक्दैन् धन्य धन्य धन्य !" भन्दै दुई हात जोडी नमस्कार गर्दै भुइँमा प्रणाम गर्नु भयो । फेरि भन्नुभयो "गुरुदेव हजूर एकजना हामीहरू जस्तै महिनौ महिना



Downloaded from http://dhamma.digital/

सम्म बस्नु हुन्न, अड्डा नखुलेर मात्र रोकिनु भएको हो । हजूरको स्मरण हुने कुनै चिन्ह राखेर जानु भए हुन्थ्यो ।

मैले सोधे -“कस्तो चिन्ह चाहियो ?”

पण्डितका साथीले भन्यो “महात्माजी ! हजूरले यदि कृपा गर्नु हुन्छ भने सिद्धिदाता मंगलकर गुरु गणपतिको मूर्ति भए हुन्थ्यो ।

“गणपतिको मूर्ति पूजा गर्नेहरू हिंसा गर्ने बानी छ, म भने हिंसा विरोधी ।” “हजुरले जस्तो नियम बनाउनु हुन्छ, त्यही नियमले पूजा गर्छौं । प्रथम त देवताको भावले हामी ले पूजा गर्ने होइनौं, हजूर एक हामीहरूको गणे = समूह को नेतृत्व कर्ता नायक जस्तै भएकोले हजूर गणनायक भावनाले हजूरलाई पुज्छौं । हजूर हाम्रो लागि आदरणीय व्यक्ति हुनुहुन्छ, ईश्वर जतिकै प्रतिभावना गण + इश = गणेश सम्झेर पूजा गर्छौं । हजूर हामीहरूको सभाको सभापति जस्तै हुनुहुन्छ, हजूर हामीहरूको लागि गणपति पनि हुनुहुन्छ । हजूर सँग धेरै अनुभव परमार्थ ज्ञान भएको हुनाले ठूलो भुँडी भएको भने पनि हुन्छ । हजूर जहाँपनि नाम राख्ने काम गर्नु भएकोले कपाल ठूलो भन्न सुहाउँछ । फेरि शुभ विचार वलियो भएकोले दृष्टि सानो भन्न सुहाँउँछ । त्यतिमात्र होइन दूरदर्शी हुनु भएकोले सूँड ठूलो भन्ने उपमा दिए पनि सुहाउँछ । त्यति मात्र होईन गुरुदेव ! हजूरमा भक्तजनहरूलाई आनन्द दिने ऋद्धि पनि छन् । वाक्य सिद्धि पनि छ । तसर्थ ऋद्धि र सिद्धि दुइटै हजूरको दक्षिणवाहु भएर सेवा गरी रहेको छ । यो हो पार तारिदिने ज्ञान = पारवतीको रस= पुत्र, गुणकारक कुशल चित्तको मार्ग निर्देशक सेनापति हो । यस भावले हामीहरूले हजूरको पूजा गर्छौं । आज हामीहरू राजनीति, पार्टीमा लागेर बन्धनमा परेकाहरूलाई हजूरको करूणाले यो बन्धन जस्तो लागेन, स्वर्गसमान भयो ।” भन्दै त्यस पण्डित वर्गहरूले त्यहीं गुरु स्थापना गरें । मैले पनि मंगल मूर्ति माटोको बनाई स्थापना गरें । पूजाविधि = पञ्चामृत, नैबेद्य, पुष्प र धूपले पूजा गर्ने, मैत्री र करूणाको मन्त्र जप गर्ने विधि वताई दिएँ । मैले बताए अनुसारले र व्राम्हणहरूले पूजा, पाठ, जय गर्ने दीक्षालिएर मंगल मूर्ति, गुरू महाप्रज्ञा भन्दै पूजा गर्न थाल्यो ।

## नेपालको टक नेपालमा चल्दैन

यो कुरा धनकुटाको बडा हाकिमले थाहा पाएर जेलभित्र हेर्न आउनु भयो “आज यहाँ द्यौता बनायो भन्ने सुनें खोइ ?” भनी सोध्नु भयो ।



Downloaded from http://dhamma.digital/

कर्मचारीहरूले देखाइदिए, बडा हाकिमले गणेशको मूर्ति देखेर खुशी हुनुभयो ।" कसले बनाएको हो ? भनेर सोध्नु भयो ।

"उहाँ भिक्षुले बनाउनु भएको" भन्दै मतिर औंलाले देखायो । बडा हाकिमले मेरो अनुहार हेर्दै सोध्नु भयो "ए ! भिक्षु ! यो गणेश कसको हुकुमले बनाएको हो ?

"यहाँका सम्पूर्ण कैदीहरूको हुकुमले बनाएको हुँ" भने ।

"निकै सन्केको भिक्षु जस्तै छ ।"

"यी कैदीहरू यहाँ कैद गरी राखेका अपराधीहरू हुन् । यहाँ यिनीहरूको हुकुम चल्दैन । निकाल, जेलभित्र चैता राख्न हुन्नँ, तुरून्तै निकाल" भन्दै बाहिर निस्कनु भयो । पछि कर्मचारीहरू आए र कराउन थाले "ए भिक्षु ! चैता निकाल, अपराधीहरू बस्ने ठाउँमा चैता राख्नु हुँदैन, निकाल, निकाल ! भने ।

म नबोलीकन चुप लागेर बसे । तिनीहरूले हकारे "ए ! भनेको कुरा नमान्ने ? छिट्टै निकाल । म नबोलीकन बसी रहें, फेरि अर्को आएर कराउन आयो । मैले भनें "स्थापना गरी सकेको चैता निकाल्दिन, तपाईंहरूलाई मन नपरेमा निकाल्नु होस्, हामीलाई निकाल्ने आँट आएन ।"

"तिम्रो मनपरि चल्दैन यहाँ, जसले स्थापना गर्‍यो त्यसैले निकाल्नु पर्छ निकाल" भन्यो ।

"स्थापना गर्नेले नै निकाल्नु पर्छ भन्दैमा निकालिंदैन । कैदीहरू सबैले भनेर नै बनाएर स्थापना गरेको हुँ, यदि मिल्दैन भने निकाली देऊ । हामीहरूले त निकाल्दैनौं" भने । तिनीहरू बाहिर निस्के । भोलिपल्ट हामीलाई बाहिर निकालेर अड्डामा लग्यो । त्यहाँ पुगेपछि "ए भिक्षु ! चैता निकाल्यौ ?" मैले बोलिनँ,

"निकाल, चैता, निकाली देऊ "मैले बोलिनँ ।

"ए ! चैता निकाल्ने होईन ?"

"स्थापना गरीसकेको चैता निकाल्ने दस्तुर छैन ।"

"ए ! यो सरकारी अड्डा हो, डर लाग्दैन ?"

"डर मान्नु पर्ने कुनै कारण छैन, सरकारलाई मान्नु पर्ने हो, मानी रहेको पनि छु" भनें ।

"सरकारलाई मान्ने हो भनें सरकारको कानूनलाई किन नमानेको ?"

मैले भनें" सरकारको कानूनलाई मैले जानाजान कुनै विरुद्धमा गएको छुइन ।



Downloaded from http://dhamma.digital/

"जेलमा द्यौता बनाउनु कानून विरुद्ध हो। निकाल भन्दा पनि ननिकाल्नु विरुद्ध हो।"

"जेलमा द्यौता बनाउन नहुने मलाई थाहा छैन।"

"अब त थाहा भयो होला ?"

"थाहा पाएँ।"

"थाहा पाएपछि निकाल त।"

"स्थापना गरी सकें पछि निकाल्ने आँट ममा आएन" भन्दै डराएको जस्तो गरी पछि हटें।

"डराउनु पर्नेले किन बनायौ ?"

"निकाल भन्छ भनेर थाहा थिएन।"

"निकालदिन, स्थापना गरीसकेको द्यौता निकालदिनँ।"

"सरकारी अड्डामा त्यस्तो कुरा गर्न तिमी किन नडराएको ?"

"नेपाल सरकारको अड्डाले नेपाल सरकारको राष्ट्र् झण्डा सीधा गाड्न नसकेको देखेर म डराउँदिन।"

"ए भिक्षु ! सानो मान्छेले, ठूला कुरा नगर, तिमीले के देख्यौ ? राष्ट्र् झण्डा सिधा नभएको ?"

"यो ठाउँ नेपाल हो कि मुग्लान अर्थात् भारत ?"

"नेपाल !"

"नेपालको राज्य नेपालमा टक चल्दैन, भारतको कम्पनी चल्छ। यही नै मैले देखें। नेपालमा नेपाल अड्डाले नेपालको टक चलाउँदैन यो किन ? म पनि एक नेपाली हुँ। नेपाल राज्यमा नेपालको टक नचलेको देखेर मलाई दुःख लाग्यो। जावो टकचलाउन नसक्नेहरूसँग किन डराउने ?"

"ए खड्गे। यिनीहरूलाई यहाँ नराख लैजा, तिमीहरू दुई जना सँगै गएर विराटनगरमा जिम्मा दिन जाऊ।"

"अहो हाकिम साहेब। मन नपरेकोले तर्साएको ? हामी तर्सिन्नौं, जान पाए त झन खुशी हुन्छौं" मैले भने।

"छिटै लैजा, ए खड्गे।"

## कालिम्पोङ फर्किन लागें

दुईजना सिपाही तयार भए। हामीहरूलाई बाहिर लिएर गए। दुई जना मध्ये एकजना सिपाहीले घरमा एउटा ओढ्ने लिएर आउँछु तिमीहरू



Downloaded from http://dhamma.digital/

जाँदै गर भनेर गएको तमरा पुलमा मात्र भेट्यो । धरान पुग्यो, गाडी बन्दोवस्त गरे । त्यहाँ पनि त्यही अल्छी सिपाहीले 'पेट दुख्यो' भन्दै पछि हट्यो । हामी दुईजना र सिपाही एक जना गाडीमा बसेर बिराटनगर पुग्यौं । विराटनगरमा अड्डा उठिसकेको थियो । सिपाहीले कप्तानको घर पुगेर चलानी कागज र हामी दुई जनालाई अगाडि उपस्थित गराए "कागजमा दुई जना सिपाही लेखिएको छ एकजना खोई ?" भनेर कप्तानले सोध्नुभयो । एकजना बिरामी पर्‍यो । सिपाहीले भन्यो । कप्तानले हामी दुई जनालाई जिम्मा लिएर कागजमा सही गरी दिएर पठाउनु भयो ।

तत्पश्चात् कप्तानले दुई जना सिपाहीहरूलाई बोलाउनु भयो "यी साधुहरूलाई अहिले नै सिमाना कटाएर पठाईदेऊ, किन दुःख दिएर थुनी राख्ने" भन्नु भयो ।

दुईजना सिपाहीले हामीलाई लिएर गए । बाटोमा हिँड्दा हिंड्दै सिपाहीहरूले चुरोट निकालेर "बाबाजी ! दिया सलाई छ ?" भनेर सोधे 'छ' भन्दै दिया सलाई निकालेर दिएँ । सिपाहीले दिया सलाई हेर्दै भन्यो "यो दिया सलाई नेपालमा बनेको हो, नेपालबाट बाहिर लानु हुँदैन ।"

"हो, सिपाही दाई ! नेपालमा बनेको दिया सलाई नेपालबाट बाहिर लानु हुँदैन, नेपालको टकमात्र यहाँ किन नचलेको" भन्दै मैले सोधें सिपाहीहरूले एक अर्काले मुखामुख गरे । मैले भने "बरू तिमीहरूले यो दिया सलाई हामीहरूले माग्छौं ?" भनेको भए हामीले तिमीहरूलाई दिइ हाल्छौं नि ? त्यसरी किन भन्नु पर्‍यो ?" राजा आउँदैन द्यौता बोल्दैन, हामीले जे बोले पनि सदर" भन्नेहरू तिमीहरू जस्तै होला नि ?" भनें । भन्दा भन्दै सिमाना पुग्यो । सिपाहीहरूले "सिमाना यही नै हो, यस पुलबाट उता भारत, यता नेपाल हो अबदेखि तिमीहरू यस पुलबाट यता आउन पाउँदैनौं" भने । सिपाहीहरू पनि जोगबनी स्टेशन सम्म पछि लागेर आए । स्टेशनमा सिलगुडीको टिकट लिएर रेलमा चढयौं । रेल नचलेसम्म सिपाहीहरूले हेरी रहें । हामी दुईजना कटिहार भएर त्यहाँबाट सिलगुडी पुग्यौं । सिलगुडी देखि गाडीमा वसेर कालिम्पोङ पुगेर त्रिपाई डांडास्थित विहारमा पुगेर बस्यौं ।

## प्रज्ञाचैत्य महाविहारमा पनि बुद्ध मूर्ति

भोजपुरमा बुद्धको मूर्ति बनाएर आएको सम्झेर आफनो विहारमा "आफू बसेको ठाउँमा पनि एउटा बुद्ध मूर्ति किन नबनाउने ?" भन्ने



Downloaded from http://dhamma.digital/

मनमा लागेर त्यहा पनि माटोको बुद्धको मूर्ति वनाई स्थापना गरें । दुई हात अग्लो भूस्पर्श, मुद्राको कमलासनमा बसीरहेको बुद्ध बनाइ सकेपछि विचार गरें" मूर्ति भनेको लोकजनको श्रद्धा पात्र हो, लौकिक विधि नगरी कन लोकले मान्दैनन् ।" त्यसैले गुम्वाका लामाहरूबाट विधि गर्न लगाई त्यहाँ देखि खटमा राखी लामाहरूको धुं, ग्यालिं. ङा, लावा झयाम्टा आदि बाजाको साथमा लामाहरूकै ध्वजापताका झिलिमिली गरी पूरै पहाड भर्ने गरी दार्जिलिङ जिल्लाबासी जनताहरू जम्मा भई पुष्पाञ्जली गरी रहें । खटयात्रामा हर्षोल्लासका साथ सहभागी पछिपछि लाग्दै फूल, अबिर, लावा, फिपू( पत्रे चट्टान) आदि छरेर सिन्दूर जात्रा गर्दै बुद्धमूर्ति भित्रयाएर प्रज्ञा चैत्य महाविहारमा प्रतिस्थापना भयो ।

## ललित विस्तर पूरा गर्न

अब बाँकी रहेको काम भने ललित विस्तर छाप्नु प्रेसको लागि एक मन किटको अक्षर घुम पहाडमा बसेर झिकाएँ, अब चाहियो - छाप्ने कल (मेसिन)! कल बनाउने बुद्धि विचार गर्न थालें । कुनै छापाखाना सत्सङ्गत गरेको भए पनि मनमा छिट्टै बुद्धि पलाउँथ्यो कि त्यस्तो सङ्गत पनि छैन ।

मसी फिट्ने शिशाको चक्का एक, कागज राखेर टाँसेर लिने फ्रेम मसी पोत्न रोल र खुट्टाले चलाउने । कागज राखेर फर्मामा छोपें, पेल्ने मात्र हातले गरें । पेल्दा झवाट्ट समाउने कमानी एउटा मिलाउन तीन दिनसम्म सोच्नु पर्‍यो ।

मधेसी सिकर्मी बोलाएर ल्याएर नापेर छाँटकाँट गरेर ठीक गरें । काट्ने, सम्याउने, प्वाल पार्ने आदि आफनो हात नचलेकोले सिकर्मीलाई गर्न लगाएँ ।

सिकर्मीले सोध्यो "गुरुजी के बनाउने हो ? मलाई बताउनु होस, म ठीक गरी दिन्छु, काम गर्नेलाई नबताइकन आफ्नै बुद्धिले कसरी काम बन्छ ?"

मैले भनें -"छाप्ने कल बनाउने ।"

"हजारौ खर्च गरी किन्नु पर्ने कल काठको बनाएर कहिले तयार हुन्छ ।"

फलामले सामान ढालेर कमानी राखेर बनाउनु पर्ने चीजलाई यस प्रकारले काठले बनाएर कल बन्ला ? हुन नसक्ने काम, मत बनाउँदिन



Downloaded from http://dhamma.digital/

जस पाउने काम होइन !"भन्यो ।

मैले "त्यसरी विश्वास नगर्ला भनेर नै मैले नवताएको हुँ, मैले भने जस्तै गरी दिएत भइ हाल्यो नि । मैले जे जे भन्छु तीमी त्यही त्यही गर । दिन बित्यो भने दिनभरको ज्याला लेउ, बिग्रे पनि सप्रे पनि मेरै हुन्छ, तपाईले काम मात्र गरिदिनु होस् ।"

"लौ त्यसो भए गरिदिन्छु" भन्दै काम शुरु गर्‍यो । काठको एउटा टेबुल बनाएँ । त्यसमा अश्याउने पाता फलामको फर्माफ्रेम पनि फलामकै बनाएँ । मसी फिट्न् चक्का सिसा राखेर तान्ने, झुण्डयाउने, घुमाउने फलामको छापी सिक्री मोटरको कमानी मिलाएर कल बनाएँ । कल ठिक्क पारेर छाप्छ भनेर छापी हेरें । ठीक नभएसम्म ठीक गरें । ठीक भईसकेपछि त्यही सिकर्मीलाई बोलाएर ल्याई अक्षर छापेर देखाएँ । सिकर्मी आश्चर्य मानेर हेरी रहेर भन्यो "धन्य गुरुजी ! हजूरको बुद्धि, हजूरलाई मैले पत्याइनँ कुरा काटें क्षमा गर्नुहोस्" भन्दै नमस्कार गर्‍यो ।

कल आफैले तयार गरें, लेखक पनि आफै, कम्पोजिटर पनि आफै, छाप्ने पनि आफै, सिर्फ मलाई पकाएर ख्वाउने 'प्रज्ञारस' श्रामणेर मात्रै छ । सिर्फ एक्लैले सबै काम गर्न पर्‍यो । अमृतानन्द श्रामणेरले ललितविस्तर किताव एक । एक प्रति दिने "भनी उपासक उपासिकाहरू सँग पाँचपाँच रूपैयाँ लिएर मेरो नामले सही गरी रसिद दिइराखेको रहेछ । अमृतानन्द केही नभनी लंका गायो । चन्दादाताहरूले मलाई छोडेन, मैले बंशीलाल मारबाडी संग सहयोग लिई कागज झिकाएर ऋण बोक्न पर्‍यो ।

त्यसमा मैले "पाली भाषानुसार ललित विस्तर" नेपालभाषामा छापेर बाँडी दिएँ "अष्टादश लक्षण र विरागमार्ग भन्ने पुस्तक पनि आफैले सङ्कलन गरेर आफैले छापेर वितरण गरें अर्को बुद्धोपदेश सह भजनमाला नेपाली भाषाले लेखेर छापेर प्रचार गरें । 'स्वचित्त शुद्धिमार्ग' पद्यले मात्र लेखिएको मेरो आफ्नो छापाखाना नभएको हुँदा ' मणि छापाखाना' मा छापेर प्रचार गरें ।

## धर्म गर्दा आएको मार

यसरी कल बनाएर पुस्तक प्रकाशित भएको देखेर 'मणि प्रेस' का मैनेजर पुष्पमणि प्रधान आएर हेर्नु भयो । हेरेर गएपछि शेषमणि, शंखमणि, पुष्पमणि तीन दाजुभाइवीच के कुराकानी भयो कुन्नि । एकदिन



Downloaded from http://dhamma.digital/

तीनैजना आएर हेर्न आए । पुस्तक छापिरहेको देखेर "गुरुजी ! हजूरले त कलकत्तालाई पनि जित्नु भयो । कलकत्तामा बनेको हातले छाप्ने कलमा त दुई जना मान्छे नभई चल्दैन । हजूरको बृद्धि बलले बनेको कल एक्लैले चलाउन सक्छ, धन्य हजूरको बुद्धि !" भन्दै प्रशंसा गर्दै गए । मेरो अगाडि मात्र प्रसंशा गर्दै गए तर तिनीहरूको मुटु जलिरहेको थियो ।" अब गुरुजीले पब्लिकको काम अडर लियो भने हाम्रो काममा धक्का पर्छ" भन्ने सल्लाह गर्दै अदालतमा गएर रिपोर्ट गर्न गए ।" कालिम्पोङमा हामीलाई मात्र प्रेसकानून लाग्छ अरूलाई किन प्रेस कानून लाग्दैन ?" इत्यादि । अदालतले मलाई झिकायो, म हाजिर हुन गएँ ।

अदालतले "गुरुजी ! तिमीसँग प्रेस छ ?

"छ, मसँग प्रेसछ ।"

"तिमीले प्रेसको रजिष्टरी गरका छौ ?"

"रजिष्टरी भनेको नै थाहा छैन ।"

"तिमीले प्रेस राख्न सरकारसँग मञ्जुरी लिएका छौं ?"

"अहँ, मञ्जुरी लिनु पर्छ भन्ने मलाई थाहा छैन ।"

"मञ्जुरी लिएर रजिष्टरी गर्नुपर्छ, रजिष्टरी नगरीकन प्रेस राख्नु हुन्न । जवरजस्ती प्रेस राख्यो भने प्रेस पनि जफत हुन्छ तिमी पनि जेल जानु पर्छ भन्यो । म चूपचाप बाहिर निस्कें, मन बिग्र्यो । "अवश्य पनि कसैको जालमा पर्‍यो होला" भन्ने मनमा कुरा खेलाउँदै बाटोमा हिंडिरहँदा दिमाग बिग्रेको जस्तै भयो । त्यही बाटो मै उभेर म कराइरहें "मलाई नेपालमा पनि धर्म प्रचार गर्‍यो भनी एक महिना आठ दिन जेलमा थुनेर देशबाट निर्वासित गरी देश निकाला गरियो । अब यहाँ पनि धर्म प्रचार गर्नको लागि अक्षर छाप्ने एउटा कल बनाउँदा सरकारले बनाउन दिएन भने संसारमा धर्म पनि गर्नु भएन, धर्म प्रचार गर्न नहुने भएपछि अव म खुकुरी समाई बाटो हिंड्ने जतिलाई छपाछप छपकाउँछु, धर्म जतिको गर्न नहुने भएपछि राम्ररी नै पापी भएर मर्छु" बाटोमा बसेर हावा खुस्केको जस्तै उफ्रीउफ्री कराइ रहँदा मणि प्रेसकाहरू डराए "ओहो ! यस भिक्षुले आफनो ज्यान त्यागेर रिसाएर कराई रहयो, आफनो ज्यानको माया नभएकोले अर्काको ज्यान लिन बाँकी राख्ला ? एकदिन हाम्रो ज्यान लिन पनि बेर छैन" भन्दै यल.डि.ओ. साहेबलाई रिपोर्ट गर्‍यो" हजूर ! यसो" भन्यो । एल.डि.ओ. साहेबले मलाई बोलाउन पठायो म हाजीर हुन गएँ । उहाँले सोध्नु भयो "भिक्षु भएर पनि फेरि



Downloaded from http://dhamma.digital/

प्रेस बनाएर धन कमाउने लोभ बाँकी छ ।"

"हाकिम साहेब ! मैले लोभ चित्तले प्रेस बनाएको होइन, मैले आफूले जानेको थाहा भएको भगवान बुद्धको सदुपदेश प्रचार गर्ने विचारले बनाएको हुँ ।"

"कसैले पुस्तक छापी देऊ भन्यो भने छापी दिन्छ होला नि ?"

"आफनै धर्म बाहेक म कसैको काम लिन्नँ ।"

"बाँडि दिने हो ?"

"आफूलाई विश्वास भएका र सहायता दिनेहरूलाई, फेरि धर्ममा श्रद्धा भएकाहरूलाई बाँडी दिनको लागि हो । मनपरि बाँडी दिनको लागि मसँग सम्पति छैन । कुनै संस्थाले सहयोग पनि गर्दैन । कसैले १/२ पैसा दान दिएको खाईपिई बाँकी भएमा त्यही पैसाले कागज किनेर धर्मका बारेमा केही केही छापेर श्रद्धा भएकालाई वितरण गर्ने हो ।"

"तिम्रो प्रेसमा जे छापे पनि दुई दुई प्रति हामीलाई पनि दिन्छौ ?"

"दिन्छु किन नदिने ?"

"त्यसो भए कसैको अडर नलिनू, राजनीतिको कुरा, राजद्रोहको कुरा नछाप्नू, धार्मिक विषय जे छापे पनि हामीलाई पनि दुई दुई प्रति दिनु पर्छ, मञ्जुर छ ?"

"मञ्जुर छ ।"

"लौ यसमा सही गर ।"

मैले सही गरि दिएँ ।

## राम्रो कामको फल

मैले पछि मात्र थाहा पाएँ । मलाई कानूनको बन्धनमा पारूँ भनेर बरोवर सि.आइ.डि. आएर हेर्न आउने रहेछ । रातपनि नभनी सि.आइ.डि. हरू हेर्न आइरहन्छन । यो पीर पनि मलाई मन परेको होइन फेरि सबै आफैले नै गर्नु पर्ने कोही पनि शिष्यहरूले सिकेका होइनन् । कसैले हार गुहार गरेको पनि होइन, यसले पनि मलाई पीर पर्‍यो, अर्कोतिर कागजको ऋण तिर्नु पर्ने पीर ।

प्रज्ञाचैत्य महाविहार नजिकै जनकलाल तामाङ्गको घर छ । पेन्सन लिएर बसेको सुवेदार पनि उपासक नै हो । एकदिन सुवेदारको ससुरो आएको रहेछ । मध्यरातमा मूत्र त्याग गर्न बाहिर निस्कंदा प्रेसमा अक्षर छापेको आवाज सुन्यो । उसले आफनो जुवाईलाई सोध्यो "उता विहारमा



Downloaded from http://dhamma.digital/

गुरुजी के गरी रहनु भएको हो ? ध्वाद्राङ ध्वाद्राङ शव्द सुनिन्छ ?"

" गुरुजी पुस्तक छापीरहनु भएको छ" जुवाइँले भन्यो । बिहान उज्यालो हुने बित्तिकै उठेर हेर्न आयो । मङपु कमान कुलेन बारीको मालिक भएकोले अलिकति ठूलो मान्छे भई भन्यो "होइन गुरुजी ! हामी गृहस्थीहरूको पो बालबच्चाहरू पलन पोषण गर्नु पर्‍यो त्यसको लागि तृष्णा बढेर काम गर्नु पर्‍यो हजूर त त्यागी भएर पनि कस्तो तृष्ण ? मध्यरात सम्म काम गर्नु हुन्छ सुत्नु पनि पर्दैन ?"

"सर्दार बाबु ! तपाईंहरू श्रीमती, छोराछोरीका मायाले तृष्णा तरी दुःख पाएर काम गरी हिँड्नु हुन्छ, म त सारा संसारको मायाले दिनरात नभनी काम गरी रहेको छु । यो पुस्तक छापेर बेचेर खाने होइन, यो त धर्मप्रति श्रद्धा भएका र बौद्ध शासनमा हारगुहार गरी रहेकाहरूलाई बाँडी दिने हो । तपाईंले हेर्दाखेरि धन कमाएर बसेको जस्तो लाग्यो" भनें ।

"क्षमा गर्नुहोस् ! मैले गल्ती गरेर भन्नं पुगे !" भन्दै हात जोड्दै नमस्कार गरेर गयो । त्यो दिन देखिन सर्दार बूढा दिन दिनै सत्संग गर्न आउन थाल्यो र उपासक बन्यो । सर्दारले "मैले बुझें, यी तामाङ लामाहरूले धर्मको नाममा आफ्नो गुजारा चलाउने उपाय गरी रहेको मात्रै हो, गर्नु पर्ने धर्म अहिले मात्र थाहा पाएँ, धन्य धन्य" भन्दै उपासक बन्यो ।

सुवेदारको ससुरो हर्षमान सर्दारले दीक्षा प्राप्त गर्नु भयो भनेर सुवेदारको मन पोल्यो "म यतिको समय विताएँ यस गुरुको सत्संगतमा लागेर मलाई भनें दीक्षा दिएन । मैले लिएर गएको मेरा ससुरोलाई भने दीक्षा दियो । यस्ता गुरु पक्षपाती । म गरीब भएकोले हेला गर्‍यो, धन हुनेको मात्र अनुहार हेर्ने, यस्ता गुरुलाई म मान्दिनँ" भन्दै रिसाएर बजार गई खसी किनेर ल्यायो । विहारको झ्यालको तलै बाँधेर मलाई सुनाउन ठूलठूलो स्वरले कराउन थाल्यो "लै पानी तताऊ ! कहाँको अहिंसा ! हिंसा नै धर्म हो ! त्यस दापमा भएको खुकुरी निकालेर उजाऊ ! अचानो पनि लिएर आऊ ! लौ तिमीहरूले नै डोरी समाएर अगाडितिर तानेर झुकाई राख ! एक जनाले पछाडि वसेर दुईटा खुट्टा समातिराख ! म मार हान्छु हान्छु" भन्दै मेरो रिस खसी मार हानेर आफै नर्क जाने काम गर्‍यो । सुवेदारसँग यतिसम्म ज्ञान भयो । ससुरो छक्क परेर बस्नु भयो" यहाँ बसी रह्‌यो भने मलाई पनि यस मूर्खले कर गरी मासु खुवाउँछ" भन्दै एउटा बहना बनाएर जेठी छोरीकोमा दिनभरी बसेर आउनु भयो ।



Downloaded from http://dhamma.digital/

# बस्त्र जस्तै मन हुनुपर्छ

अमृतानन्द श्रामणेरले मलाई गर्नुसम्म सहयोग गर्‍यो र दिन सम्म दु:ख पनि दियो ।

अमृतानन्दन श्रामणेर भएर पनि पहिले हिन्दु सन्यासीहरू सँग लिएको सन्यास धर्म पालना गरी रहेकै थियो । एकदिन मैले थाहा पाउँदा अमृतानन्दलाई सोधें "आयुष्मान् ! तिमीले नित्य यो के गरेको ?"

"कुशीनगरमा चन्द्रमणी गुरुले केही विचार नगरी प्रब्रजित गर्नु भयो, गरेर मकहाँ पठाई दिनुभो । "त्यसरी भेष एउटा काम अर्को गरी दान ग्रहण गरी खाएर सार लाग्ला ?" भनें ।

अमृतानन्द "भन्ते ! क्षमा गर्नुहोस्, पहिले म सन्यासीको सङ्गतमा पर्दा लिएको दीक्षा धेरै समय भयो । अहिले यो प्रब्रज्या लिएको आफ्नो जातीय धर्म हो । मलाई यस सन्यास धर्मको रस थाहा पाएकोले यो धर्म नछोडीकन पालना गरी राखेको हुँ ।"

"आयुष्मान् ! यदि तिमीलाई त्यही धर्ममा विश्वास छ भने, चीवर वस्त्र धारण गर्न योग्य छैन किन भने तिमीले चीवर लगाई राखेकोले भने सबैले तिमीलाई 'भिक्षु' ठानेर दान प्रदान गर्दै खुवाई राखे । तर तिम्रो मन भने सन्यासी धर्ममा, जुन धर्ममा विश्वास छ त्यही धर्मको भेष धारणा गर्नु पर्छ ।

"भन्ते ! भेष जे जस्तो भए पनि चाहिएको मन शुद्ध हुनु पर्ने होईन र ?"हो" मुख्य कुरो त मन शुद्ध गर्नु नै हो । अनि मन एउटा भेष अर्को गर्न थाल्यो भने मन शुद्ध हुन्छ त ? सोमा ( जाँड राख्ने माटोको भाँडो) मा दूध राख्न थाल्यो भने लोकले त्यसलाई के भन्ला ?"

"जाँड भन्छन् ।"

"भन्ते ! लोकले भ्रममा परेर 'जाँड' भन्यो होइन र ? खास त्यसमा दूध छ ।"

"भाँडो सोमा भए पनि त्यसभित्र दूध भए पनि शीलमा बसेकोले त्यो दूध पिउँदैन किन भने भाँडोको कारणले धारणा अर्कै हुन्छ । जाँड खानेले जाँड भनेर सोमा लिएर पिउन थाल्यो भने जाँड नहुन सक्छ, पिउने मान्छेलाई चित्त बुझ्ला "बुझ्दैन""ठिक छ ! ऊ जस्तै तिमी 'चीवर धारी' सबैले बुद्ध आरम्भन गरी दान दिन्छन् । तिम्रो भनभित्र सन्यासी छ । सन्यासी भनेर कसैले सोच्दैनन्, तिमीलाई त्यस चीवरले



Downloaded from http://dhamma.digital/

गरेर सन्यासी नभनी भिक्षु नै भनिन्छ। लोकलाई भ्रममा पारेर जीवन यापन गर्नु सीधा भयो त ?"

"सीधा भएको होइन" अब मैले थाहा पाएँ भन्ते ! अब के गर्ने हो ? सन्यासी धर्म लिएर छोड्नु गुरु हत्या गरेको जतिको पाप लाग्छ, लगाइ संकेको चीवर फुकालें भने चीवर प्रदान गर्ने गुरूले के भन्नु हुन्छ, कुन्नि, फेरि लोकले अपमान गर्छन् ।

"आयुष्मान् ! धर्म भनेको मनलाई पवित्र गर्नु हो। मनलाई अन्धकारमा रुमलि रहनुलाई मिथ्या दृष्टि, भनिन्छ। क्लेशलाई नचिन्नु नै मुर्ख भनिन्छ। क्लेशलाई शुद्ध गर्ने काम नै ( धर्म नै शील) हो। शील पालन गर्ने इच्छा नै श्रद्धा हो। लौकिक र लोकोत्तर धर्म, यथार्थ बुझ्केकोलाई प्रज्ञा भनिन्छ। अब यसमा तिमीले बिचार गरी हेर, तिमीले गरिरहेको सन्यासी धर्मले इन्द्रिय सम्हाल्न सकेका छौ ? पञ्चशील नै रक्षा भएको भए एउटा असल काम भयो भन्नु, तिमीले चीवर धारणा गरी लुकी सन्यास धर्म चलाई रहेकोले न मन शुद्ध भयो न पञ्चशील नै रक्षा भयो ? तिमीले आफैले धारणा गरेको चीवरलाई आदर नगरी चीवरको गौरव त्यागेर अर्कै धर्ममा श्रद्धा राखी राख्यो भने तिमी बाहिर देखेको जस्तो भित्र भएन। तिमीलाई जुनमा विश्वास छ, त्यही भेष धारणा गर, त्यो चीवर छोड।"

"भन्ते ! चीवर भनेको वस्त्र मात्र हो। बस्त्र जे सुकै भए पनि के, मुख्य चाहिएको मन शुद्धि हो। वस्त्रमा न धर्म छ न ज्ञान छ, वस्त्र केवल शरीरको आच्छादन मात्र होइन र ? भन्ते !"

"बस्त्र शरीराच्छादन मात्र हो भने जुन वस्त्र लाए पनि हुन्छ। त्यो चीवर नै किन चाहियो ? चीवर लगाई राखेकोले नै तिमीलाई लोकजनहरूले भगवान्का 'श्रावक संघ' भनी बन्दना गर्छन्, 'सुपति पन्नो' भनी दान दिन्छन्, 'उजुपतिपन्नो' भनी श्रद्धा राख्छन्, 'ञाप पति पन्नो' भनी उपदेश सुन्छन्, 'सामोचि पतिपन्नो' भनी सेवा गर्छन्। 'आहुनेयो ' भनी निमन्त्रणा गर्छन्, 'पाहुनेयो' भनी अतिथि सत्कार गर्छन्,'दक्षीणेय' भनी दान गर्छन्,'अञ्जली करणियो' भनी हातजोडी प्रणाम गर्छन्, 'पुण्यक्षत्र' भनी पुण्यार्जन गर्छन्। वस्त्रानुसार आचार बिचार केही मिलेन भने लोकजनले श्रद्धा राखी दिएको सबै तिर्नु पर्ने हुन्छ।

"भन्ते ! साधु ! साधु ! वस्त्रको यस्तो महिमा बारे आज थाहा पाएँ।



Downloaded from http://dhamma.digital/

अवदेखि म त्यो काम गर्दिन, जुन मैले मानी राखेको सन्यासी धर्म, आजदेखि म बौद्ध सिद्वान्त बाहेक अर्को मतको सिद्वान्त मान्दिन, क्षमा गरी दिनुहोस् "भन्दै बन्दना गरे। आफ्नो श्रामणेर नियम ७५ प्रकारको शिक्षापदलाई पालना गर्छु।

## धर्मको नाममा कचिङ्गल (झगडा)

त्यही प्रज्ञा चैत्य महाविहारमा बस्दा खेरि एक समयमा कालिम्पोङ बजारमा प्रेस भएको तीन दाजु भाइ प्रधानहरू शेषमणि, शंखमणि र पुष्पमणि थिए। तिनीहरू तीनजना मध्ये पनि जेष्ठ एकजना थिए। त्यो अति ठुलो नेपालमा भए भरको स्कूल पाठशालामा पढ्नको लागि पुस्तक लेखिदिने पारसमणि प्रधान नामले विख्यात! त्यही पारसमणि प्रधानका भाइहरू बीच परस्पर कुराकानी भयो "भाइहरू! हामी पनि बौद्ध जातिका सन्तान हौं, हाम्रा बुवा पनि नेपालको बन्ध ( बरे) जाति नै हो। वरे भनेको शाक्यहरू हुन्। शाक्य भनेका शाक्यमुनि भगवान् बुद्धका श्रावकहरू हुन भने अहिले मात्रै हामीले थाहा पायौं। हामीहरू त संसारमा यति नामी भएर पनि हामीहरूले सार धर्म थाहै नपाइकन सिर्फ नाम राख्ने र दाम जम्मा गर्ने बाटोमा परिहयौं। संसार अनित्य छ, सधैं बाँचीरहन सक्दैन, मृत्यु हुँदा खेरि हामीले लिएर जाने केही पनि बनाएका छैनौं। यस्तो ज्ञानका कुरा बताएर आँखा देखाइदिने गुरु भिक्षु महाप्रज्ञाको आसपासमा बसेर पनि हामीहरू यही नाम राख्ने र दाम जम्मा गर्ने काममै व्यस्त भएर जीवन व्यर्थमै सिध्याउने ?

भाइ शंखमणिले भन्यो "यो कुरा सत्य हो दाजु! यो कुरा जेष्ठ दाजु पारसमणि सँग पनि एकपल्ट सोध्नु उत्तम हुन्छ।"

कान्छो पुष्प मणिले भन्यो "यदी पारसमणि दाईलाई सोध्ने हो भने त्यो भन्दा पनि ठूला दाजु नन्दमणि नि! उहा सँग पनी एक पल्ट सल्लाहा लिनु पर्ला। शेष मणिले भन्यो। होइन भाई! नन्दमणि दाजुको बुबा अर्कै, हामी चार जनाको बुबा पनि अर्कै, व्यवहारमा हामी सबै एउटै आमाका सन्तान हौं। त्यही एउटै आमाको दूध चुसेर आएकोले दाजु भन्दै आएका हौं। नन्द दाजुको बुबा पनि आमा पनि नेपालका बरेजु नै हो। हामी चार जनाको बुबा त्यही भएता पनि आमा अर्कै कुमालनी हुन्। उसको बाटोमा उही हिंड्छ, हाम्रो बाटोमा हामी नै जाऔं" भनी तीनजना सल्लाह गरी मकहाँ आएर भने-



Downloaded from http://dhamma.digital/

"भन्ते ! हजूरको दयाले बौद्ध जाति र बौद्ध धर्मको कुरा यसरी थाहा पायौं, आजसम्म हामीहरू आफूले आफैलाई हामीहरू बौद्ध हौ भन्ने मनमा नआएकाले अहिले हामीहरू बौद्ध हुने इच्छा भई कृपापूर्वक हजुर ले हामीलाई बुद्ध धर्मको दीक्षा दिनु भएर कृपा पुर्बक बौद्ध गरी दिनुहोस् ।"

मैले उनीहरूलाई साधुवाद गर्दै भनें ।

"साधु ! साधु ! उपासकहरू ! धर्म स्वतन्त्र हुन्छ । जहिले इच्छा हुन्छ तहिले पाल्नु भए हुन्छ । त्यो कुरा आमाले थाहा पाउनु भयो र तीन जना छोराहरूलाई डाकेर भन्नुभयो "तिमी दाजुभाइ तीन जनाको के सल्लाह छ ? निकै कुरा गर्दै हिंड्छौ ?"

"अरू केही होइन् आमा हामी तीनजनाको सल्लाह यो छ कि । हामी बौद्धजातिको सन्तान भएर पनि बौद्ध धर्म के हो ! हामीलाई केही पनि थाहा छैन । मनुष्य भएर जन्म लिएर मनुष्यले गर्नु पर्ने कर्तव्य केही नगरी केवल खाने, लाउने, सन्तान बढाउने र सम्पत्ति जम्मा गर्ने मात्रै भइरह्यो । मृत्युपश्चात् आफ्नो साथमा लैजान सक्ने कुनै काम सकेनौं, मृत्यु हुँदा लान सक्ने पनि हेर्नु पर्‍यो ।"

आमा हाँस्दै भन्नु भयो "बाबु ! तिमीहरूले त्यस्तो कुरा गरेको कहिल्यै पनि, सुन्नु पाएको छैन । आज तिमीहरूले यस्ता कुरा काहाँबाट सीक्यौ । आमा यस्तो कुरा हामीलाई पहिल्यै थाहा भएको थियो, परख्यौं पनि किताव पनि लेखेका छौं । तर त्यस बाटोमा हामीहरू जान सकिरहेका छैनौं । आज गुरु महाप्रज्ञाज्यूको कुरा सुन्दा हाम्रो आँखा खुल्यो । जसले बुद्धको जीवनी कितावमा लेख्ने जानेको छ त्यो व्यक्ति बौद्ध धर्मावलम्बी हो कि होइन ? त्यो व्यक्तिले बुद्धलाई चिन्छ कि चिन्दैन, त्यस पण्डितले बुद्धको उपदेशामृतको रस बुझ्छ या बुझ्दैन ?" त्यो हामीले केही पनि बुझेका छैनौं । आमा, हामीहरूले त पेशाको लागि अनुवाद मात्र गरेर लेखीराखेको हौं । आमा ! जसले परलाई बाटो देखाउँछ, त्यो स्वयं आफू पनि त्यही बाटोमा हिंड्न सक्नु पर्छ । त्यसैले हामी तीनै बौद्ध धर्ममा गईरहनु पर्छ भन्ने सोचेर बौद्ध उपासक बन्न जाँदैछौं आमा !"

आमाले भन्नुभयो "बाबु तिमीहरू यति धेरै अक्षर जानेर पनि त्यस्तो बुद्धि ? तिमीहरू चारजना दाजुभाई जन्म भएदेखि नै सम्पूर्ण कर्मकाण्ड व्राम्हणबाटै चलाएर आयौ । आज तिमीहरू बौद्ध उपासक बन्न गयौ भने व्राम्हणले के भन्ला? उनीहरूले हाम्रो कर्म काण्ड गरी दिन्छ ? व्राम्हणले



Downloaded from http://dhamma.digital/

कर्मकाण्ड गरि दिएन भने के भिक्षुले गरि दिन्छ ? भिक्षु भन्नेहरू एक ठाऊँमा बसीरहँदैनन् । मन लागुञ्जेल यहाँ वस्छन्, मन परेन भने भुरूरू उडेर जान्छन् । त्यस्ता भिक्षुको भरमा परी हाम्रो गृहस्थी धर्म चल्छ ? मूर्ख ।"

"हाम्रो बुबा नै बरे जाति हो भने हामीले किन व्राम्हणलाई पुरोहित गर्ने ? आमा ।"

"लौ त त्यसो भए गुरुसँग सोध्न जानू, त्यो भिक्षुले हाम्रो कर्मकाण्ड चलाई दिन्छ कि दिदैन ?"

शेषमणिले भन्यो"कान्छा ! आमासँग जवाफ सवाल नगर, तिमी चुप लाग" आमाले गहभरी आँसु पारेर भन्नुभयो "हेर बाबु ! तिमीहरू जन्मेदेखि व्राम्हणले कर्मकाण्ड गर्दै आईरहेको छ, आज तिमीहरू बुद्धिष्ट हुन गयो भनें, मैले कसरी व्राम्हणहरूको मुख हेर्नु ? तिनीहरूले सोध्यो भने के म जवाफ दिऊँ ?

शंखमणिले भन्यो "आमा ! छोरा मान्छे भनेको बाबुको कुल थाम्नेहरू हुन । अब बुबा बितिसके पछि आमाले यो कुरा गर्नु भयो यदि बुबा हुनु भएको भए बुबाले आफ्नो जातीय धर्मलाई नै माया गर्नु हुन्थ्यो होला"

आमा रिसाएर भन्नु भयो "तिमीहरूलाई कसले जन्म दियो ए चण्डाल निर्गुणहरू, तिम्रो बुबाले ? आठ नौ महिना गर्भमा राखेर, गुमुत सोरेर, आफनो छाँती चुसाएर हुर्काउने म, आज बिति सकेको बाबुको कुरा अगाडि सारेर मेरो कुरा नसुन्ने कोशिश गरी रहने तिमीहरू ! भन्दै जुरूक्क उठेर गएर चुपी ल्याएर अगाडि राख्दै भन्नु भयो "लौ ! तिमीहरूले मलाई मार अनि तिमीहरूलाई मन परेको धर्म मान्न जाऊ, नत्र भने म बाँचुन्जेल तिमीहरूले व्राम्हण धर्म नै मान्नु पर्छ, भिक्षु धर्म मान्न पाउँदैनौ, मेरो कुरा सुनेनौ भने मेरो शरीर नाघेको जति कै हुन्छ, तिमीहरू भिक्षु धर्ममा गयौ भने म निश्चय मेरो प्राण त्यागछु, लौ तिमीहरूलाई जे गर्न मन छ गर्न जाओ ।

त्यस समयमा जेठो छोरा पारसमणि अगाडि थियो । ऊ मकहाँ आएर घरमा भएको हालखवर बतायो ।

घरमा शेषमणिले भाइहरूलाई भन्यो "भाइ हो ! बूढी भइसकेकी आमाको चित्त दुखाउने कुरा नगरौं । महाप्रज्ञा भन्तेज्यूले भन्नु भएको छ "आमाको गुण पनि अनन्त" अहिलेलाई भयो, नकराऊ चुप लाग !"

उनीहरू मकहाँ आएनन् । मेरो मनमा "उनीहरू पूर्णिमा देखिन



Downloaded from http://dhamma.digital/

आउँछु भनेको आएन्, किन आएन् भनेको त उनीहरूको घरमा त्यस्तो प्रकारले धुमधाम रडको चलेको रहेछ, कहाँ आउनु नि !

## धर्म स्वतन्त्र हो

एक दिन बजार जानुपर्ने भएकोले जाँदा मणिप्रेसका दाजुभाइ तीनै जना बसीरहेको देखें। म त्यहा भित्र पसे। तीनै जना दाजुभाइ उठेर स्वागत पूर्वक प्रणाम गरी आसन ठीक गर्नु भयो। आसन ग्रहण गरें उनीहरूले भने "भन्ते ! अस्ति पूर्णिमाको दिन हामीह विहारमा आउँछौ भनेका आउन सकिएन क्षमा गर्नुहोस्।"

"धर्म स्वतन्त्र हो उपासक ! जतिखेर सकिन्छ त्यत्तिखेर गए हुन्छ, कर छैन, धर्म भनेको स्वच्छ मनले मात्रै हुन्छ करले हुँदैन।

"मन त स्वच्छ नै छ भन्ते ! अलिकति अप्ठ्यारो भएर मात्रै हो" भन्दै घरमा भएको सबै कुरा बताए।

मैले भनें"उपासक आमाले ठीक नै भन्नुभयो, म एक त्यागी भिक्षु हुँ, हामीहरूले गृहस्थीको लोकाचार क्रिया गर्दैनौं, हामी त सिर्फ आफू शुद्ध हुने र प्रार्थकहरूलाई आफूले जानेको उपदेश गर्ने हो, पुरोहित कर्म हामी गर्दैनौं।

तपाईंहरूलाई अपठ्यारो भए पनि आमालाई अपठ्यारो पार्ने काम नगरी दिनुहोस्। सिर्फ कर्म र कर्म फलको विचार बलियो बनाउनु हो। जसबाट मन नपर्ने दुःख हुने हेतुलाई त्यागेर दुःखले मुक्त हुन सक्ने कार्यमा कोशिश गर्नुहोस्। मनमा आनन्द प्राप्ति गर्नु छ भने प्राणीहरू माथि अखण्ड मैत्री बनाउनुहोस्। कर्म शुद्धि गर्नु छ भने प्राणीहरूमाथि करुणा राख्नुपर्छ। सुखी बन्न चाहन्छौ भने आफ्नो बानी सुधार्नु पर्छ, कुबानीलाई त्याग गरेर असल बनाउनु छ भने परोपकार गरेर सज्जन बनाउनु छ भने इमान्दार बन, कसैसँग छलकपट नगर, सत्यवादी बन्न सिक। यस उपदेशलाई विचार गरेर हेर, अरूको लहैलहैमा नलाग, विचार गरेर गरेको निर्णय भए मात्र दृढ विश्वास हुन्छ। दृढ विश्वास भए मात्रै बाटो सीधाहुन्छ, ल त बस है" यति भनेर म त्यहाँबाट बिदा लिएर उठें।

एकपल्ट म त्यहींको प्रज्ञा चैत्य महाविहारमा वसेको बेला "जगत्माता करूणामय"भनेर आठ भुजा(बाहु) भएकी आइमाई करूणामयको तस्वीर कोरें दुई भुजा छातिमा राखी प्राणीहरूको दुःख सम्झेर चित्त दुखाइरहेको,



Downloaded from http://dhamma.digital/

दुई भुजा फैलाएर चार वर्णहरूलाई उपदेश दिइरहेको, दुई भुजाले जलचर र वनचरहरूलाई हेर ! त्यो प्राणीहरू र तिमी व्राम्हणहरूमा के फरक छ ? तिमीहरू जस्तै तिनीहरू पनि दुःख मन पराउने होइन, तिमीहरू जस्तै तिनीहरू पनि मर्न चाँहदैनन्, तिमीहरूजस्तै तिनीहरूको पनि बालबच्चा छन, त्यस्ता निर्दोषी निराधार प्राणीहरूलाई तिमीहरूले प्रहार गरी खाइरहेका छौं । रूखमा बसीरहेको आकाशचर पंक्षी जोडी माया गरीरहेकालाई देखाउनु हुँदै भन्नु भयो "हेर ! तिनीहरू आआफ्नो जीवनमा भोगविलास, प्रेम गरी रहेका दुई जना मिलेर बसेकालाई तिमीहरूले प्रहार गर्दा एउटालाई लाग्छ होला अर्को उडेर जान्छ । प्रहार गर्दा लागेको मर्छ, उडेर जानेको चित्त के भयो होला एकपल्ट विचार गरेर हेर ! तिमीहरू आफ्नो जीवनमा पनि एक पल्ट यस्तो घटना घटेको कल्पना गरी हेर । श्रीमान् श्रीमती राम्ररी सजिएर गहना लगाई भोज जाँदा एकान्त ठाउँमा अमनुष्य(राक्षस) ले लखेट्दा दुवै जना भागे । राक्षसले भेट्टाएर एक जनालाई पक्रेर टुक्राटुक्रा पारेर खाइदियो बाँकी एकजनाको चित्त के भयो होला ? यसरी नै पर प्राणी खाने तिमीहरू राक्षस हौ तिमीहरूलाई खाने तिमीहरूकै शिर माथि नै छ, एकपल्ट माथि हेर ! भन्दै दायाँ हातको चोर औंला देखाइरहिन् ।

व्राम्हणको हातमा पुस्तक छ, क्षत्रीको हातमा वाण, बैश्यको हातमा चुपी, शुद्रको हातमा जाल छ । शुद्र माछा मार्न गएकोलाई सर्पले टोक्न लाग्यो ।

पानी जलचर माछा, हाँस आदि गोचर भइरहे ।

वनचरहरू आआफ्नो तालले जोडी मिलेर आहार खोज्दै खाइ रहे ।

त्यो चार वर्णलाई खाने काल -नङ्ग, दाह्रा, आँखा र जटा पनि रातो, मुख बाउँदै जिब्रोको टुप्पोबाट आगोको ज्वाला निकाल्दै, हातले चिथोर्न ठीक हुँदै चार बर्णलाई समात्न ठीक भइरहेको थियो ।


यस्तो एउटा ठूलो तस्वीर नयाँ कल्पना गर्दै लेखें । मनुष्यहरू हेर्न आउँथे यो के हो ?" भन्दै प्रश्न गर्नेहरूलाई उक्त प्रकारले वताउँदै गएँ । यो कुरा सुनेर मन र आँखा खोल्दै गएकाहरूले प्राणी हिंसा गर्न छोडे, मांसाहारीले मासु खान छोडे ।



Downloaded from http://dhamma.digital/

000392431
mai@123

Downloaded from http://dhamma.digital/



नेपालका एक मात्र प्रथम बौद्ध ऋषि महाप्रज्ञा : अधबैंश अवस्थाको फोटो

Downloaded from http://dhamma.digital/